◆ **सम्पादकीय**

- ज्ञान र अग्रगतिको आधार - २

◆ **राष्ट्रिय राजनीति**

- आठबुँदे सहमतिः परिप्रेक्ष्य, प्रभाव र परिणाम - **प्रदीप ज्ञवाली** - ३

◆ **आवरण**

- प्रतिगमनविरोधी आन्दोलनको इतिवृत्ति – **प्रदीप नेपाल** - ६

◆ **दस्तावेज विशेष**

- आलोचनाका सत्ताइस बुँदा - ८
- राष्ट्रिय समस्याको समाधान र सहमतिसम्बन्धी प्रस्ताव - १०
- अग्रगामी निकासका लागि राष्ट्रिय सहमतिको प्रस्ताव - १५
- सात दल-माओवादी दोस्रो समझदारी - १५
- तेस्रो प्रतिनिधिसभाको विशेष बैठकद्वारा पारित छ प्रस्ताव - १७
- सर्वदलीय बैठकद्वारा जनआन्दोलनलाई सशक्त पार्ने निर्णय - १९
- तेस्रो प्रतिनिधिसभाको दोस्रो विशेष बैठक - २०
- अग्रगामी सुधारसम्बन्धी दृष्टिकोण र कार्यक्रम - २१
- राष्ट्रिय समस्या समाधानका लागि प्रस्ताव - २३
- राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धता - २५
- विघटित तेस्रो प्रतिनिधिसभाको पुनःस्थापना गर्नुपर्दछ - २७
- तेस्रो प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठक - २८
- सात दल-माओवादी आठबुँदे सहमति - २८
- सात दल-माओवादी समझदारी पत्र - ३०
- सात दलको प्रतिबद्धता - ३१
- प्रतिनिधिसभाको घोषणा- २०६३ - ३२
- उच्चस्तरीय सर्वदलीय बैठकको निर्णय - ३३
- परिवर्तित परिस्थितिमा पार्टीको दायित्व - ३४

◆ **परिशिष्ट**

- ०४७ को संविधानमा वाममोर्चाका असहमतिहरू - ३७
- संयुक्त जनमोर्चाका ४० सूत्रीय मागहरू - ३८
- असोज १८ को शाही घोषणा - ३९
- माघ १९ को शाही घोषणा - ४०
- शाही घोषणाको विरोध - ४२
- वैशाख ११ को शाही घोषणा - ४२
- आन्दोलन जारी राख्न माओवादीको अपिल - ४३

◆ **अभियान**

- लोकतान्त्रिक गणतन्त्रका लागि जागरण अभियान - ४४

◆ **प्रतिवाद**

- माओवादी नेतृत्वको असङ्गत अभिव्यक्ति – **विष्णु रिजाल** - ४६

◆ **कृति**

- जीवनको यथार्थ तस्बिर – **गोपीरमण उपाध्याय** - ४८

# ज्ञान र अग्रगतिको आधार

*प्रतिकृयाका कठिन कालमा पनि हामीले पार्टी-कार्यकर्ताको उर्जालाई अग्रता दिन **नवयुग**को प्रकाशनलाई नियमित गरिरहेका छौँ । कतिपय जिल्लाहरु **नवयुग**को खुराकबाट बञ्चित भएका छन् । तर त्यसका लागि शोक प्रकट गर्नबाहेक हामी केही गर्न सकिरहेका छैनौँ । कम्तिमा पनि जिल्ला कमिटीका सदस्यले त पार्टीको राजनीतिक पत्रिका अध्ययन गर्ने कामलाई आफ्नो दायित्वभित्र पार्नु पर्ने हो । जिल्ला कमिटीले समेत पार्टीसाहित्यको अध्ययन गर्ने काममा अल्छिपना ल्याउनु सिङ्गो पार्टीका लागि दुर्भाग्यको विषय हो ।*

*हिजो हामी एक्लै थियौँ । हामी माथिको दक्षिणपन्थी या उग्रवामपन्थी धारको आक्रमण शत्रुवत् मानिन्थ्यो । अहिले परिस्थिति फेरिएको छ । मुलुकको राजनीतिक स्थिति अत्यन्तै तरल छ । आफैँभित्र हामीले वैचारिक द्वन्द सञ्चालन गर्नुपरेको छ । पार्टीका शीर्षस्थ नेताहरुको बोलीमा एकरुपता भएन भनी चिन्ता जाहेर गर्ने स्थानीय कार्यकर्ताले पार्टीको वास्तविक विचार थाहा पाउन भर पर्नुपर्ने सञ्चार माध्यम **नवयुग** मात्रै हो भन्ने प्रष्ट भैसकेको छ । यति प्रष्ट विषयलाई न्यूनतमरुपमा पनि जिल्ला कमिटीका नेताहरुमा लागू गरिनु पर्थ्यो । हामी अनुरोध गर्दछौँ - शून्यमा रहेका जिल्लाहरुले कम्तिमा पनि जिल्ला कमिटीका सदस्यहरुलाई **नवयुग** ग्राहक अनिवार्य गरुन् ।*

*गर्न चाहने हो भने पहाड फुटाउन कुनै गाह्रो छैन भन्ने सत्यलाई हाम्रा जिल्ला कमिटीहरुले विगतमा पुष्टी नै गरिसकेका छन् । नपढी **नवयुग**को आलोचना गर्ने कामलाई राम्रो मान्न सकिँदैन । स्तर भएन - असाध्यै सस्तो वाक्यांस हो यो । स्तर भएन भने स्तर उकास्न के गर्नुपर्छ - आलोचना गर्नेले त्यो पनि भनिदिनु पर्‍यो । स्तर जाँच गर्ने कसी के हो भन्ने थाहा भयो भने हामी विनम्रतापूर्वक त्यसलाई सच्याउन तयार छौँ । स्तरीयता भएन भन्ने हावादारी टिप्पणी हो भने हामी त्यसो गर्न सक्दैनौँ । पार्टीका निर्णयहरुको सार्वजनिकीकरण, तिनको आधिकारिक व्याख्या, मुलुकको तात्कालिक राजनीतिक प्रवृत्ति र त्यसमा हाम्रो अवस्थिति जस्ता सामग्रीहरु हामीले पस्किरहेकै छौँ । मुलुकको कम्युनिस्ट आन्दोलन र यसको गौरवपूर्ण इतिहासलाई हामीले जगैसम्म गएर खोज्ने र प्रकाशित गर्ने काम पनि गरिरहेका छौँ ।*

*यदि यो अपूग भयो भने सुझाव पाउँ, हामी आफूलाई सच्याउन तयार छौँ ।*

*अब बजारमा माओवादीहरु पनि उत्रिने दाउ पर्खिइरहेका छन् । जनताको बहुदलीय जनवादलाई आफूले बोक्ने बेकामे गफ त्यसका नेताहरुले सार्वजनिक गरिरहेका छन् । यस्तो अवस्थामा हाम्रो पार्टीले नेपाली कम्युनिस्ट आन्दोलनको सिद्धान्त भनी अगाडि सारेको जनताको बहुदलीय जनवादको गम्भीर अध्ययन गर्नु अनिवार्य आवश्यकता बनेको छ । त्यो अध्ययनको आधार पनि वर्तमान सन्दर्भमा **नवयुग**कै अध्ययन हो ।*

# आठबुँदे सहमति : परिप्रेक्ष्य, प्रभाव र परिणाम

‘ प्रदीप ज्ञवाली

२०६३ असार २ गते बालुवाटारमा सम्पन्न सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकले बहुचर्चित आठबुँदे सहमति सम्पन्न गरेको छ । यो सहमतिसँगै नेपाली राजनीतिले सङ्क्रमणकालीन नयाँ बाटो अख्तियार गरेको छ । यसले सात दल र नेकपा (माओवादी) बीच सम्बन्ध र सहमतिको नयाँ चरणलाई पनि प्रतिविम्बित गरेको छ । यसका साथै सहमतिले नयाँ सम्भावनाप्रति आशा पनि जगाएको छ र मुलुकको भावी राजनीतिलाई लिएर विभिन्न प्रश्न, अन्योल र आशङ्काहरू पनि सिर्जना गरिदिएको छ । प्रस्तुत आलेखमा उपरोक्त सहमतिको पृष्ठभूमि तथा परिप्रेक्ष्यको चर्चा गर्नुका साथै यसले नेपाली राष्ट्रिय राजनीतिमा पार्न सक्ने प्रभाव र ल्याउन सक्ने परिणामको पनि एकसरो आँकलन गर्ने कोसिस गरिएको छ ।

**पृष्ठभूमि**

गत मङ्सिर ७ गते आन्दोलनकारी सात दल र नेकपा (माओवादी) बीचमा ऐतिहासिक १२ बुँदे समझदारीमा हस्ताक्षर भइसकेपछि नेपाली राजनीतिले नयाँ गति लिएको हो । यो सहमतिले एकातिर निरङ्कुश राजतन्त्रका विरुद्ध रहेका सबै आन्दोलनकारी शक्तिहरूलाई एक ठाउँमा खडा गर्ने काम गरेको थियो भने अर्कोतिर यसले आन्दोलनका मुख्य मुद्दाहरू- लोकतन्त्र र शान्तिलाई एकै ठाउँमा समायोजन गरेर आन्दोलनको सफलताका लागि महत्त्वपूर्ण आधार निर्माण गर्ने काम गरेको थियो । समझदारी निर्माण र हस्ताक्षरको प्रक्रियालाई लिएर तथा समझदारीकै कतिपय बुँदालाई लिएर आन्दोलनकारी दलहरूभित्र केही समय सामान्य मतभिन्नताहरू देखा परे तापनि उक्त समझदारी आन्दोलनको सफलताको एउटा अनिवार्य पूर्वसर्त र यसको महत्त्वपूर्ण प्रस्थानविन्दु थियो भन्ने कुरा पछिल्ला घटनाक्रमहरूले स्पष्ट पारेका छन् । यो समझदारीले आन्दोलनकारी पार्टीहरूलाई संविधानसभाको तहसम्म स्पष्ट ढङ्गले उठाएर उनीहरूका एजेन्डालाई ‘क्रान्तिकारीकरण’ गर्न र नेकपा (माओवादी) लाई आफ्ना कतिपय जड, उग्र र हिंसात्मक मान्यताहरूबाट मुक्त गर्दै ‘लोकतान्त्रीकरण’ गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

१२ बुँदे समझदारीको पृष्ठभूमिले सिर्जना गरेको नयाँ वातावरण, शाहीसत्ता आफ्नै कुकृत्यहरूका कारण जनताबाट निरन्तर तिरस्कृत, बहिष्कृत र आक्रोशको सिकार बनिरहेको स्थिति, आन्दोलनको उठानका निम्ति पार्टीहरूले गरेका निरन्तर प्रयत्नहरू र लोकतन्त्रप्रतिको बढ्दो अन्तर्राष्ट्रिय समर्थनको योगले ऐतिहासिक जनआन्दोलन २०६२/६३ को आधार सिर्जना गऱ्यो । यसै सन्दर्भमा चैतको पहिलो साता सम्पन्न सात दल-माओवादी दोस्रो समझदारी सम्पन्न भयो र चैत २४ गतेबाट ऐतिहासिक जनआन्दोलन प्रारम्भ भयो ।

आफ्नो मौलिकता, जीवन्ततता, व्यापकता र जनसहभागिताका हिसाबले यो जनआन्दोलन नेपालको इतिहासमा एउटा अभूतपूर्व परिघटनाको रूपमा रहेको छ । यसले समकालीन नेपाली राजनीतिमा जबर्जस्त ढङ्गले स्थापित गरेको सर्वाधिक महत्त्वपूर्ण सत्य के हो भने राजनीतिक व्यवस्था परिवर्तनको सबैभन्दा सशक्त, प्रभावकारी र निर्णायक माध्यम जनताको व्यापक सहभागितासहितको जनआन्दोलन नै हो । नेपाली राजनीतिमा विगत एक दशकदेखि व्याप्त एउटा भ्रम- निरङ्कुश सत्ताको अन्त्यका लागि बन्दुक उठाउनु अनिवार्य छ- लाई खण्डित गर्दै जनआन्दोलन २०६२/६३ ले समाज परिवर्तनमा जनताको सङ्गठित शक्तिको सर्वोपरि भूमिकालाई अखण्डीय ढङ्गले स्थापित गरेको छ । त्यसरी नै आन्दोलनले सैनिक बलमा निरङ्कुशतन्त्रलाई लामो समयसम्म टिकाउन सकिन्छ भन्ने राजाको मिथ्या सपनालाई ध्वस्त गर्दै राजतन्त्रलाई ऐतिहासिक विनासको डिलमा लगेर उभ्याइदिएको छ । आन्दोलनले आन्दोलनकारी पार्टीहरू स्वयम्भित्र विद्यमान कतिपय यथास्थितिवादी, सर्वसत्तावादी र तुष्टीकरणका प्रवृत्तिहरूलाई पनि खण्डित गरिदिएको छ र पार्टीहरूको गुमेको जनाधार र साखलाई धेरै हदसम्म पुनःस्थापित गरिदिएको छ । यसरी नै आन्दोलनले विगत डेढ दशकमा उन्नत भएको नेपाली जनताको चेतनालाई जीवन्त ढङ्गले उजागर गर्दै उनीहरू (वैशाख ८ गतेको शाही घोषणालाई समर्थन गर्न विदेशीहरूले दिएको अनुचित दबाबलाई अस्वीकार गर्दै) आफ्नै बलबुतामा आन्दोलनलाई लक्षित विन्दुसम्म पुऱ्याउन सक्षम छन् भन्ने तथ्यलाई पनि पुनःपुष्टि गऱ्यो र यो जनआन्दोलनमा अन्तर्राष्ट्रिय मित्रशक्तिहरूको नैतिक समर्थन रहेको भए पनि यो मूलतः आत्मनिर्भर, मौलिक र नेपाली जनताको विशिष्ट आन्दोलन थियो भन्ने पनि स्पष्ट भयो ।

नृशंस र पाशविक दमन, षड्यन्त्र र जालझेलका आफ्ना सबै योजनाहरू असफल भइसकेपछि र आन्दोलनले स्पष्टतः लोकतान्त्रिक गणतन्त्रको दिशा समात्ने लक्षण देखाइसकेपछि अन्ततः राजा झुक्न बाध्य भए र उनले सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको घोषणा गर्दै आन्दोलनकारी दलहरूको एजेन्डा र मार्गचित्रलाई सम्बोधन गर्न र विघटित प्रतिनिधिसभाको पुनःस्थापना गर्न बाध्य भए । जनआन्दोलनमा अभिव्यक्त जनताका भावनाहरू र आन्दोलनको व्यापक सम्भावनाको सापेक्षतामा वैशाख ११ गतेको घोषणा अपर्याप्त रहेको भए पनि आन्दोलनकारी राजनीतिक दलहरूले अगाडि सारेको माग र नाराको हिसाबले यो आन्दोलनको महत्त्वपूर्ण सफलता थियो र पार्टीहरूले तदनुरूप नै यसलाई स्वीकार्दै अघि बढ्ने नीति अवलम्बन गरे । त्यही हिसाबले नै पुनःस्थापित प्रतिनिधिसभाले आफ्नो प्रारम्भिक बैठकबाटै संविधानसभामा जाने घोषणा गर्ने, आन्दोलनका सहिद र घाइतेहरूको सम्मान, दमनकारीहरूमाथि कारबाहीलगायतका महत्त्वपूर्ण प्रस्तावहरू पारित गर्दै प्रतिनिधिसभाको घोषणा-२०६३ पारित गर्ने बिन्दुसम्म अगाडि बढ्दै गयो । कतिपय सीमा, कसी र ढिलाइहरूका बाबजुद प्रतिनिधिसभा र नवगठित सरकारले देश र जनताको हितमा महत्त्वपूर्ण निर्णयहरू गर्दै आफ्नो भूमिकालाई अगाडि बढाए । तर, वैशाख ११ गतेपछिको परिवर्तित सन्दर्भमा सात दल र नेकपा (माओवादी) बीच आफूहरूबीचको सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गर्दै आपसी तालमेलका साथ अगाडि बढ्नुपर्थ्यो, त्यसो हुन सकेन । एक किसिमले भन्ने हो भने त्यसपछिका घटनाक्रमहरू स्वतन्त्र, असम्बद्ध र समानान्तर ढङ्गले अगाडि बढ्दै गए । प्रतिनिधिसभा र सरकारले आफ्ना कामहरू जुन ढङ्गले अगाडि बढाउँदै लग्यो, ती कामहरू असाध्यै महत्त्वपूर्ण भए पनि यसले माओवादीमा आफूलाई बेवास्ता गर्दै दलहरू अगाडि बढ्न खोजेका हुन् कि भन्ने आशङ्का उत्पन्न गरिदियो भने माओवादीहरूका कतिपय क्रियाकलापले पार्टीहरूमा पनि उनीहरूका बारेमा प्रश्नहरू उत्पन्न गर्ने परिस्थिति सिर्जना गर्दै लग्यो ।

**सरकार-माओवादी वार्ता र शीर्ष नेतृत्वको बैठक**

यसै पृष्ठभूमिमा, जेठ ८ गते विस्तारित मन्त्रिपरिषद्को जेठ ११ गते सम्पन्न बैठकले सरकारी वार्ता टोलीलाई पूर्णता दियो र वार्ता टोलीले भोलिपल्ट जेठ १२ गते नै नेकपा (माओवादी) सँग प्रथम चरणको वार्ता सम्पन्न गऱ्यो । निकै द्रुतताका साथ वार्ता सम्पन्न हुनु र पहिलो बैठकबाटै महत्त्वपूर्ण २५ बुँदे युद्धविराम आचारसंहितामा हस्ताक्षर हुनुले मुलुकमा आशा र उत्साहको नयाँ सञ्चार गऱ्यो ।

तर, आचारसंहिताको कार्यान्वयन र राजनीतिक मुद्दाहरूमा प्रवेश गर्ने क्रममा सरकार-माओवादी वार्तामा केही जटिलताहरू उत्पन्न भए । खासगरी संविधानसभाको निर्वाचन नहुँदासम्म प्रतिनिधिसभा विघटन गर्न नहुने र त्यसो गर्दा उत्पन्न हुन सक्ने राजनीतिक शून्यताबाट प्रतिगामी शक्तिहरूले लाभ उठाउन सक्छन् भन्ने सरकार तथा सम्बद्ध सात राजनीतिक दलको अडान रहनु तर नेकपा (माओवादी) ले चाहिँ वार्ता अगाडि बढाउनका लागि प्रतिनिधिसभा विघटन गर्ने निर्णय हुनु अनिवार्य रहेको र सङ्क्रमणकालका लागि राजनीतिक सम्मेलनलाई नै सर्वाधिकार सम्पन्न बनाइनुपर्ने मागमा जोड दिइरहनुले वार्तामा एकखाले चुनौतीहरू उत्पन्न भए ।

यसले गर्दा राजनीतिक प्रश्नहरूको निरूपणका लागि शीर्ष नेतृत्व तहबाटै पहल हुनुपर्ने आवश्यकता उत्पन्न भयो । यस्तै पृष्ठभूमिमा असार २ गतेको बहुचर्चित बालुवाटार बैठक सम्पन्न भएको थियो ।

**शीर्ष नेतृत्वको बैठक र आठबुँदे सहमति**

शीर्ष नेतृत्वको बैठक आयोजना र त्यसमा प्रस्तुत तथा निरूपण गरिनुपर्ने विषयवस्तुको निर्धारण गरिनुपर्ने विषयमा पर्याप्त गृहकार्य हुन नसकेको र त्यस्तो महत्त्वपूर्ण निर्णयमा पुगिनुपूर्व भित्री पार्टी र अन्तरपार्टी छलफल जुन उचाइबाट हुनुपर्ने थियो, त्यो हुन नसकेको तथ्यलाई गम्भीरतापूर्वक मनन गर्नैपर्छ । यसले गर्दा शीर्ष नेतृत्वको बैठकमा माओवादी मागका सम्बन्धमा सात दलको एकीकृत अवधारणा तथा साझा रणनीति तय गर्ने कुरामा पर्याप्त ध्यान पुग्न सकेन । एक किसिमले शीर्ष बैठकको आयोजना संस्थागत होइन, व्यक्तिगतजस्तो बन्नपुग्यो र गिरिजा-प्रचण्डबीच सम्पन्न पूर्वसमझदारीलाई अनुमोदन गर्ने प्रक्रियाजस्तो बन्न पुग्यो । आगामी दिनहरूमा यस्ता बैठकहरू आयोजना गर्दा र त्यसबाट निश्चित निर्णय गर्नुपर्दा धेरै विषयहरूमा ध्यान पुऱ्याउनुपर्ने महत्त्वपूर्ण शिक्षा यस घटनाक्रमले हामीलाई दिएको छ ।

प्रक्रियागत हिसाबले यस्ता समस्याहरू रहेको भए तापनि अन्तरवस्तुको हिसाबले आठबुँदे सहमति निकै महत्त्वपूर्ण रहेको छ । यसले गर्दा सर्वाधिक महत्त्वपूर्ण निर्णयहरूमा संविधानसभाको निष्पक्ष र विश्वसनीय निर्वाचनका लागि सेना र हतियारको व्यवस्थापनमा सहयोग पुऱ्याउन र त्यो प्रक्रियालाई अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घलाई अनुरोध गर्ने, अन्तरिम संविधानको निर्माण गर्ने, अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको मिति घोषणा गर्ने र सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्नेलगायतका विषयहरू छन् । सबैभन्दा मुख्य विषय आठबुँदे सहमतिले सरकार-माओवादी वार्तामा रहेका मुख्य अवरोधहरूलाई पन्छाएको छ र संविधानसभातिर जाने एउटा स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ । आठबुँदे सहमतिसँगै मुलुक संविधानसभातिर नगएर अन्य कुनै बहानामा यथास्थितिमै अल्झिने हो कि भन्ने प्रश्नलाई पनि किनारा लगाइदिएको छ ।

**उठेका प्रश्न तथा आशङ्काहरू**

सहमतिमा पुग्नुपूर्वको भित्री पार्टीगत, अन्तरपार्टीगत र सार्वभौमसत्ता सम्पन्न घोषित प्रतिनिधिसभासँगको अन्तरसंवादको कमीले गर्दा र स्वयम् सहमतिमा उल्लिखित कतिपय विषयहरूलाई लिएर यतिबेला राजनीतिक वृत्तमा केही गम्भीर प्रश्न तथा आशङ्काहरू उत्पन्न भएका छन् । तिनीहरूलाई उचित र प्रक्रियागत ढङ्गले सम्बोधन गरिनैपर्छ र आगामी दिनमा तिनीहरूलाई सच्याउने प्रतिबद्धता जाहेर गरिनैपर्छ ।

निर्णयका हिसाबले खासगरी दुईवटा महत्त्वपूर्ण बुँदामा केही प्रश्नहरू सिर्जना भएका छन् । तिनमध्ये पहिलो हो- प्रतिनिधिसभा विघटनको प्रश्न । निश्चय नै प्रतिनिधिसभाको पुनःस्थापना आन्दोलनको एउटा महत्त्वपूर्ण सफलता थियो र पुनःस्थापित प्रतिनिधिसभाले ऐतिहासिक महत्त्वका घोषणा तथा कामहरू सम्पन्न गरेको छ । तर, यति हुँदाहुँदै पनि प्रतिनिधिसभालाई अनन्तकालसम्म निरन्तरता दिइनुपर्छ भन्ने म्यान्डेट न जनआन्दोलनको हो, न त यस्तो आशय १२ बुँदे या छबुँदे सहमतिको नै हो । आन्दोलनको लक्ष्य संविधानसभा नै हो र हामीले प्रतिनिधिसभालाई त्यसमा सङ्क्रमण गर्ने एउटा माध्यमका रूपमा, संविधानसभामा जाने घोषणालाई वैधता दिने मञ्चका रूपमा प्रयोग गर्न चाहेका हौं । संविधानसभाको मिति घोषणा भइसकेपछि पनि त्यसलाई निरन्तरता दिइनुपर्छ भन्ने तर्क गर्नु औचित्यपूर्ण हुन सक्दैन ।

हामीले १२ बुँदे सहमति गरिसकेपपछि र आन्दोलनमा नेकपा (माओवादी) को भूमिकालाई स्वीकार गरिसकेपछि उनीहरूका मागहरूलाई सम्पूर्ण रूपमा अस्वीकार गर्नु र आफ्नो प्रतिनिधित्व नभएको प्रतिनिधिसभाको निरन्तरताका पक्षमा तिमीहरू उभिनुपर्छ भन्ने माग गर्नु उपयुक्त हुँदैन । आन्दोलनका हरेक सरोकारवालाले परिवर्तित सन्दर्भमा आफ्नो हिस्सेदारी खोज्नु अस्वाभाविक पनि होइन । यसलाई बेवास्ता गरेर अगाडि बढ्नु सम्भव पनि थिएन ।

अर्को कुरा, राजनीतिक शून्यता उत्पन्न नहोस् भन्नाका खातिर 'अर्को व्यवस्था गर्ने' कुरा गरिएको छ । यसको तात्पर्य हो- सङ्क्रमणकालमा जनताको सार्वभौमसत्ता र राजकीय सत्ता प्रयोग गर्ने तथा अन्तरिम सरकारलाई नियमन र नियन्त्रण गर्ने वैकल्पिक संरचनाको भरपर्दो व्यवस्था र त्यसलाई अन्तरिम संविधानले वैधता प्रदान गरेपछि मात्रै प्रतिनिधिसभा भङ्ग गरिने सहमति भएको छ । यसका अलावा मुख्य निर्णायक विषय प्रतिनिधिसभा होइन, त्यो जनताको जुझारु र सशक्त सजगता, दबाब तथा आन्दोलन नै हो भन्ने तथ्यलाई पनि हामी बिर्सन सक्दैनौं । समयमा संविधानसभाको निर्वाचन हुन नसके के गर्ने जस्ता प्रश्नहरू उठाउनुले स्वयम् हामीभित्र रहेको अविश्वासलाई मात्र जाहेर गर्नेछ । त्यसैले प्रतिनिधिसभा विघटनको नियतमाथि अनावश्यक शङ्का गर्नु र प्रतिनिधिसभाको निरन्तरता भर्सेज विघटनको मुद्दामा राजनीतिक बहसलाई तीव्र पार्नु या राजनीतिलाई ध्रुवीकृत गर्नु न्यायोचित हुन सक्दैन ।

यसबाहेक, माओवादी हतियार व्यवस्थापनको प्रश्न निश्चय नै संवेदनशील र महत्त्वपूर्ण छ र अन्तरिम सरकार गठन गर्नुपूर्व माओवादीहरूले आफ्ना सेना र हतियारहरू संयुक्त राष्ट्रसङ्घको अनुगमनमा राख्न तयार हुनैपर्छ । त्यो काम सम्पन्न नगरी अन्तरिम सरकार निर्माण सम्भव छैन । यतिबेला कतिपय माओवादी नेताहरूले हतियारको व्यवस्थापन त संविधानसभाको निर्वाचन प्रक्रियामा मात्रै गर्ने हो, अथवा यो काम त अन्तरिम सरकारले गर्ने हो, अथवा यो काम त अन्तरिम सरकारले गर्ने हो, त्यसपूर्व हतियारको व्यवस्थापन सम्भव छैन भन्ने ढङ्गले गरिरहेका तर्कहरू अनुचित र गलत मात्रै छैनन्, तिनीहरू सहमतिको आशयविपरीत छन् र तिनीहरूको सहमतिलाई अपव्याख्या गर्ने काम गरेका छन् । निश्चय नै हतियारको अन्तिम टुङ्गो संविधानसभाको निर्वाचनपछि लगाइने कुरामा १२ बुँदे सहमतिमै पनि निर्णय भएको छ तर माओवादीहरूले अन्तरिम सरकारमा सहभागी हुनुपूर्व हतियार बिसाएको विश्वसनीय प्रत्याभूति दिन सक्नैपर्छ ।

**प्रभाव र परिणामहरू**

आठबुँदे सहमतिले यतिबेला राष्ट्रिय राजनीतिमा एउटा नयाँ तरङ्ग सिर्जना गरेको छ र यससँगै नेपाली राजनीति सम्भावना र चुनौतीहरूको जोखिमपूर्ण यात्रामा प्रवेश गरेको छ । सहमतिअनुरूप नै यदि हामीले अन्तरिम संविधानको सही प्रतिपादन गर्न सक्यौं भने माओवादी हतियारको उचित व्यवस्थापनमा सफलता प्राप्त गर्‍यौं भने र लोकतान्त्रिक एकतालाई सुदृढ र सुनिश्चित गर्न सक्यौं भने हामीले संविधानसभामार्फत नयाँ नेपालको निर्माण गर्ने दिन धेरै टाढा रहने छैन । यस दिशामा हाम्रासामु प्रचुर सम्भावनाहरू मौजुद छन् । तर, यदि त्यसो हुन सकेन भने राजनीतिक शक्तिहरूका बीचमा पारस्परिक अविश्वास, आशङ्का र विभाजनको खतरा बढ्नेछ, मुलुकको राजनीति सहमतिको पक्ष र विपक्षमा विभाजित हुने खतरा बढ्नेछ, प्रतिगामी शक्तिहरूले त्यसभित्र खेल्ने मौका पाउनेछन् र राजनीतिक पहलकदमी हाम्रो हातबाट गुम्न सक्नेछ, अहिले देखापरेका सम्भावनाहरू क्षितिजतिर बिलाउनेछन् ।

आन्दोलनकारी सात दलहरूले आफ्नातर्फबाट गर्नुपर्ने अधिकतम योगदान र उत्सर्ग गरिसकेका छन् । दिगो शान्ति र पूर्ण लोकतन्त्रका लागि गरिएको यो उत्सर्गलाई कसैले पनि उनीहरूको कमजोरी या समर्पणका रूपमा लिनुहुँदैन र यसको निम्ति उनीहरू स्वयम्ले पनि बढी प्रतिरक्षात्मक या कमजोर अनुभूत गर्नु जरुरी छैन । किनभने, उनीहरूले इतिहासको यस महत्त्वपूर्ण घडीमा एउटा साहसिक निर्णय गरेका छन् । माओवादीहरू हतियार बिसाउन सैद्धान्तिक रूपमा सहमत हुनु, उनीहरू बहुदलीय प्रतिस्पर्धा र आधारभूत प्रजातन्त्रलाई स्वीकार्दै मूलधारमा आउन तयार हुनु र समस्याको शान्तिपूर्ण समाधानमा सहमत हुनु पार्टीहरूले उठाउँदै आएका पूर्वमान्यताहरूकै जित हो । यसमा उनीहरूले गर्वको अनुभूति गर्नुपर्छ ।

अब 'बल' माओवादी कोर्टमा छ । सात दल र राज्यले अधिकतम उत्सर्ग गर्न तयार भएको यो घडीमा उनीहरू आफूलाई कति जिम्मेवार ढङ्गले प्रस्तुत गर्छन्, स्वीकृत समझदारीको इमानदारीपूर्वक पालना गर्छन् भन्ने कुरामाथि मुलुकको राजनीतिक भविष्य निर्भर गर्नेछ । उनीहरूले आफूलाई हतियार र हिंसाबाट मुक्त गर्दै राजनीतिक मूलप्रवाहमा आउन तयार भए भने, आफूमाथि उठेका आशङ्काहरूलाई व्यवहारबाटै निवारण गर्न सके भने र वचनबद्धताहरूको इमानदारीपूर्वक पालना गरे भने यो उनीहरूकै लागि राम्रो हुनेछ । राजनीतिमा पनि 'एक माघले जाडो जाँदैन' भन्ने उखान चरितार्थ हुन्छ । त्यसैले यस सहमतिलाई कुनै दाउपेचको रूपमा नलिएर इमानदारीपूर्ण कार्यान्वयनमा उनीहरूले आफूलाई उभ्याउनैपर्छ- विशेष गरेर हतियार व्यवस्थापनको पक्षमा ।
अबको सन्दर्भमा हरेक विषयमा प्रतिनिधिसभालाई विश्वासमा लिएर, हरेक राजनीतिलाई त्यसमार्फत वैधता प्रदान गर्दै अगाडि बढ्नुपर्छ र अन्तरिम संविधान पारित गर्नेदेखि लिएर प्रतिनिधिसभाको विघटनको विषयसमेतलाई त्यही प्रक्रियाबाट अगाडि बढाउन ध्यान पुऱ्याउनुपर्छ । ■

# प्रतिगमनविरोधी आन्दोलनको इतिवृत्ति

' **प्रदीप नेपाल**

१. नवयुग साउनको यो अङ्क पाठकहरूका हातमा समयभन्दा केहीपहिले नै पुगेको छ । प्रस्तुत अङ्कलाई हामीले दस्तावेज अङ्क नामकरण गरेका छौँ । यस अङ्कमा हामीले महान् परिवर्तनकारी छलाङ्गसम्म मुलुक कसरी आइपुग्यो भन्ने प्रश्नको जवाफ खोज्ने प्रयत्न गरेका छौँ । चैतको अन्तिम सातामा आरम्भ भएर वैशाखको दोस्रो सातामा समाप्त भएको एक्काइसौँ शताब्दीको वर्तमान नेपाली क्रान्तिको युगान्तकारी महत्त्व रहेको छ । नेपालजस्तो सामन्ती मुलुकमा एउटा पनि गोली नपड्काई नेपालका सात राजनीतिक दलहरूले जनताको शान्तिपूर्ण आन्दोलनको नेतृत्व गरेर मुलुकलाई एक युग अगाडि धकेले । यो जनआन्दोलनको सफलताका पछाडि राजाको निरङ्कुश सत्ता, राजाको नेतृत्वमा गठित अवैधानिक सत्ताले गरेको शासकीय मनपरी, भ्रष्टाचार, अनाचार र दुराचारको पनि भूमिका छ । यो सत्यलाई हामीले बिर्सनु हुँदैन । सँगसँगै सात राजनीतिक दल र नेकपा माओवादीबीच सम्पन्न १२ बुँदे समझदारी शीर्षकको सहमतिपत्रको योगदान पनि यो सफलताभित्र समाहित भएको छ । तर, पहिलो र अन्तिम सत्य के हो भने, जनताको अभूतपूर्व साहस अनि बलिदानी चेतना नै यो क्रान्तिको सफलताको आधार हो । शान्तिप्रतिको प्रतिबद्धता नै यो विजयघोषको मूल पक्ष हो ।

२. हतियाररहितको क्रान्तिकारी परिवर्तन भन्ने शब्द कतिपय राजनेतालाई मन परेको छैन । सात आन्दोलनकारी दलकै एकाध प्रमुख नेताले यो महान् परिवर्तनको श्रेय माओवादीलाई पनि दिनुपर्ने जिकिर गर्नुभएको छ । लोकतन्त्र कसैको हक खोस्दैन । हक खोस्न थाल्यो भने परिवर्तनपछिको प्रणाली लोकतन्त्र हुनै सक्दैन । तर, वर्तमान शान्तिपूर्ण आन्दोलनमा माओवादीको भूमिका कहाँनेर छ भनेर खोज्ने भनेको आन्दोलनमा उपस्थिति र त्यस समयमा भएका/गरिएका लिखत सन्धिसम्झौताहरूकै आधारमा हो । माओवादीको परिचय भनेको बन्दुक हो । यो आन्दोलनमा, आन्दोलनकारीका तर्फबाट एक ठाउँमा पनि बन्दुक पड्काउने काम भएन । निरङ्कुशसत्ताको गोलीको जवाफमा आन्दोलनकारी जनताले खुकुरीसम्म देखाएनन् । सडकका किनारहरूमा भेटिएका ढुङ्गाका टुक्राहरूले बन्दुकका गोलीको प्रतिकार गर्दै जीवनको आहुती दिएर जनताले मुलुकलाई लोकतन्त्रको उपहार दिए । जनआन्दोलन-०६३ मा माओवादीको भूमिका खोज्नेहरूले, यथार्थमा जनताको शान्तिपूर्ण बलिदानी सङ्घर्षको अपमान गरेका छन् । जनताको यो उत्तालतरङ्गको कल्पना सात राजनीतिक दलले पनि गरेका थिएनन् । यो सत्य हो । त्यसैले उनीहरूले चरणबद्ध आन्दोलनको चेतनामा उभिएर चैत २४-२७ को आमहडताल मात्रै आयोजना गरेका थिए । जनताभित्र निरङ्कुशताविरोधी आगो दन्किइरहेको थियो । यो चार दिने आमहडतालले त्यो आगोमा घिउ थप्ने काम गऱ्यो । पछिल्ला दिनहरूका लागि राजनीतिक पार्टीहरूले हडताली योजना बनाएकै थिएनन् । ठेलिँदै गयो आन्दोलन १९ दिनसम्म । सुरुमा सकेसम्म पेलेर, भएन भने मारेरै भए पनि आन्दोलन दबाउने निष्कर्षमा पुगेको राज्यसत्ता वैशाख ८ गते थोरै हल्लियो । केही पार्टीका खुट्टा पनि हल्लिए । तर, जनतालाई राजाको घोषणा स्वीकार्य भएन । आन्दोलन पहिलेभन्दा ठूलो आँधीबेहेरी बोकेर अघि बढ्यो । वैशाख ११ गते राजाका

तर्फबाट घोषणा गरिएको घोषणाको सार यथार्थमा शान्तिपूर्ण आन्दोलनको उद्घोष थियो । त्यसैले आन्दोलन स्थगित भयो १२ गते बिहानै ।

३. सात दलले स्वीकार गरेको घोषणा र प्रतिनिधिसभाको पुनःस्थापना माओवादीका लागि स्वीकार्य भएन । तिनले आन्दोलनलाई निरन्तरता दिने घोषणा गरे । तर, जनताले माओवादीको आह्वानलाई तिरस्कार गरे । वैशाख १२ गते काठमाडौँका एकाध स्थानमा क्षणिक विरोध प्रदर्शन भयो । तर, एक ठाउँमा पनि देखिएन १९ दिनसम्म लगातार देखिएको जनताको महासागर । आन्दोलनमा माओवादीको सहभागिता देख्ने राजनीतिक चेतनालाई यो आफैँमा एउटा राम्रो जवाफ हो ।

१९ दिनमै पनि माओवादी सहभागितालाई प्रदर्शित गर्ने केही आधारहरू छन् । तिनमा पहिलो आधार हो, जनताको बलिदान । जनआन्दोलनका २१ जना सहिदहरूमा कोही माओवादी छैनन् । पाँच हजारभन्दा बढी घाइतेहरूमा कोही माओवादी छैनन् । तीन हजार गिरफ्तारको नामभित्रै कतै माओवादी भेटिँदैन । यसले एउटा सहज र स्वाभाविक प्रश्न उठाउँछ- कतै नभएका माओवादी खै कहाँ छन् ?

तर, जनआन्दोलन ०६३ मा माओवादीको भूमिका छँदैछैन भन्नु पनि तथ्यसङ्गत हुँदैन । उनीहरूको उपस्थितिको धरातल १२ बुँदे समझदारीमा समेटिएको छ । व्यवहारमा भन्ने हो भने उनीहरूले अघिल्लो चरणमा थानकोट र दधीकोट आक्रमण गरेर आन्दोलनलाई सन्त्रासमय बनाएका थिए । तर, पछिल्लो आन्दोलनको घोषणा भएपछि उनीहरूले बन्दुक पड्काएर मान्छेलाई आतङ्कित तुल्याएनन् । गाउँबाट आउन चाहने जनतालाई बाटाबाटामा छेकथुन गरेर दुःख दिएनन् । यी र यस्तै एकाध सहयोगात्मक भूमिका देखाएकै हुन् माओवादीहरूले । उनीहरूलाई यो सहयोगका लागि धन्यवाद दिनैपर्छ । तर, १९ दिनको यो महान् परिवर्तनकारी क्रान्तिका पछिल्तिर मुलुकमा शान्तिपूर्ण आन्दोलनमा समाहित भएका दल तथा शान्तिपूर्ण आन्दोलनमा सहयोग गर्ने घोषणासहित उत्रिएका जनसङ्गठन, पेसागत सङ्गठन, व्यावसायिक एवम् सामुदायिक सङ्गठनहरूकै मूल भूमिका छ ।

४. प्रतिनिधिसभाका कामकारबाही माओवादीलाई मन परिरहेका छैनन् भन्ने जगजाहेर छ । तर, त्यही प्रतिनिधिसभा हो, जसले राजाको निरङ्कुश शासनलाई सदाका लागि विधिसम्मत हिसाबबाट समाप्त गरिदियो । अहिले राजाको भूमिका एउटा नागरिकमा सीमित भएको छ । संविधानसभाको निर्वाचनमा नागरिक राजा कि गणतन्त्र भन्ने बहस हुनसक्छ । यसलाई हामीले स्वाभाविक रूपमा लिनुपर्छ । मुलुकका केही राजनीतिक पार्टीले लोकतान्त्रिक गणतन्त्रलाई संविधानसभाको नारा बनाएका छन् भने केही पार्टीले सम्मानित रूपमा राजाको स्थान पनि हुन्छ भनेर बोलेका छन् । बोल्नै पाइँदैन भन्ने चेतना लोकतान्त्रिक होइन । मानिसलाई बोल्न दिनुपर्छ भन्नु पनि उचित शब्दावली होइन । प्रत्येक मानिसलाई बोल्न प्रेरित गर्नुपर्छ र ती बोलीको सम्मान गर्न राजनीतिक दलहरू सधैं तयार रहनुपर्छ । आलोचना, विरोध र असहमतिका स्वरलाई प्राविधिक रूपमा रोक लगाउने चेतना भएकाहरू कहिल्यै लोकतन्त्रवादी हुन सक्दैनन् ।

प्रतिनिधिसभाले गरेका घोषणाहरू, नेपालको राजनीतिक इतिहासमा युगान्तकारी घोषणाका रूपमा सदा जीवित रहनेछन् । यो घोषणाको महत्त्व बुझेरै मानिसहरूले यसलाई लालीगुराँस क्रान्तिको म्याग्नाकार्टा पनि भनेका हुन् । यो घोषणा कुनै लहडको उपज थिएन भन्ने सत्यलाई यस दस्तावेज अङ्कमा प्रस्तुत गरिएका दस्तावेजहरूले नै पुष्टि गरेका छन् । ०४७ सालको परिवर्तनपछि थाती रहेका राजनीतिक मुद्दाहरूलाई प्रतिनिधिसभा घोषणा-०६३ ले सम्पन्न गरेको छ ।

अर्थात्, यो क्रान्ति फगत १९ दिनको थिएन । यो क्रान्ति ०५९ असोज १८ गतेबाट आरम्भ भएको पनि थिएन । यो क्रान्ति ०४६ सालको आन्दोलनको पूर्णता थियो । यो त्यसैको निरन्तरता थियो । यही सच्चाइलाई बोध गरेर नेपाली विश्लेषकहरूले यसलाई जनआन्दोलन भाग- २ भन्ने सम्बोधन दिएका हुन् । नेपाली राजनीतिको एउटा पुस्ताले ५५ वर्षको लडाईं विजयमा टुङ्ग्याएर आफ्नो ऐतिहासिक दायित्व पूरा गरेको छ ।

५. आन्दोलनको नेतृत्व र अग्रगमनको नेतृत्व दुई फरकफरक मुद्दा हुन् । आन्दोलनको असल सङ्गठक पुनःनिर्माणको पनि अगुवा हुन्छ भन्न सकिँदैन । नेपाली राजनीतिका पछिल्ला दिनहरूमा देखिएका तरङ्गहरूले यसको पुष्टि गरिरहेका छन् । पछिल्ला दिनका राजनीतिक दलका नेताहरूको व्यवहार लोकतन्त्रसम्मत छैन । दल र माओवादीले आचारसंहिता बनाएका छन् । तर, तिनको कार्यान्वय भएकै छैन । मारकाट जारी छ, सैन्य प्रदर्शन जारी छ, चन्दा आतङ्क उस्तै छ । यता सात दलकै बीचमा पनि असन्तुष्टि र अविश्वास बढ्न थालेको छ । काममा पनि नौटङ्कीपना देखिन थालेको छ । बोलीको ठेगान छैन । युद्धविराम सम्झौता भएकै छैन- युद्धविरामको अनुगमन गर्ने टोली बनेको छ । हामीलाई सहजकर्ता, साक्षी केही चाहिँदैन भनेको तीन दिनपछि वार्ता पर्यवेक्षण टोली गठन भएको घोषणा हुन्छ । पन्ध्रै दिनमा एउटा सार्वभौम राष्ट्रको संविधान तयार गर्ने हावादारी घोषणा हुन्छ । घोषणा भएको खबर अखबारमा छापिन पाएको हुँदैन- त्यसमा राम्ररी सोच नपुऱ्याइएको घोषणा हुन्छ । आठ दलका शीर्ष नेताहरू पहिले हस्ताक्षर गर्छन् र बाहिर निस्किएर एकअर्काप्रति दोषारोपण गर्दै आफ्नो असन्तुष्टि जाहेर गर्छन् ।

यी घटनाहरूले के प्रमाणित गर्दछन् भने आन्दोलन व्यवस्थापन र राज्य व्यवस्थापन दुई फरकफरक विषय हुन् । आन्दोलनको असल सङ्गठनकर्ता राज्यको असल प्रधानमन्त्री हुन सक्दैन भन्ने सत्यको उद्बोधन हो यो । ध्वंसपछि निर्माण भन्ने भाषण शब्दमा मीठो सुनिए पनि ध्वंस गर्नेले निर्माण गर्न जान्दैन, निर्माण गर्न सक्दैन भन्ने सच्चाइको बोध हो यो ।

६. 'खोलो तर्ने, लौरो बिर्सिने' रोग नेपाली राजनीतिको स्थायी बिमारी हो । नेताहरू प्रायः मौखिक भाषण गर्छन् । प्रत्येक भाषणमा नयाँ तरङ्ग दिनुपर्ने वाध्यताका कारण उनीहरू आफूले पहिले बोलेका कुराहरू बिर्सने गर्छन् । अहिलेको जनआन्दोलनमा पनि यस्तै भएको छ । फेरि पनि पहुँचवालाहरूकै हैकम सुरु हुन थालेको छ । दलका प्रतिबद्धताहरू हावामा उडेर बिलाएजस्ता भएका छन् ।

ती प्रतिबद्धताहरू बिलाउन नपाउन् भन्ने प्रयत्न हो, नवयुगको दस्तावेज अङ्क ।

अन्तमा,

नेपाली राजनीतिमा जननेता मदन भण्डारीको विशिष्ठ स्थान तय भइसकेको तथ्यलाई हामीले यहाँ पुनःस्मरण गराउने प्रयत्न गरेका छौं । यो कुनै दम्भपूर्ण दाबी होइन । यो हो, इतिहासले हामीलाई दिएको तथ्य । १५ वर्षपछि प्रतिनिधिसभाले तिनै मुद्दाहरूको घोषणा गर्‍यो, जो मदन भण्डारीद्वारा ०४७ सालमै उठाइएका थिए । मदन भण्डारीले अघि सार्नुभएको नेपाली क्रान्तिको कार्यक्रमलाई दक्षिणपन्थी, विसर्जनवादी भन्नेहरूले १२ वर्ष बित्दा-नबित्दै नेपाली क्रान्तिको विशेषता भन्न थालेका छन् । नेपाल कम्युनिस्ट पार्टीको मूलप्रवाहले जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको सिद्धान्तका रूपमा स्वीकार गरिसकेको छ । समकालीन राजनीतिमा भएको शीर्ष व्यक्ति छनोटमा मदन भण्डारी नै शीर्ष स्थानमा उभिनुभएको छ ।

नेकपा एमालेका नेता-कार्यकर्ताका लागि यो गौरवको सन्देश त हो नै । सँगसँगै यो हो, गम्भीर दायित्वबोधको क्षण । बितेको २० वर्षमा मदन भण्डारीको हाराहारीमा उभिनसक्ने कुनै नेता नेपाली राजनीतिमा जन्मिन सकेको छैन । आउने २० वर्षमा पनि उहाँलाई भेट्टाउने कुनै नेता जन्मिने लक्षण अहिलेसम्म देखिएको छैन । त्यसैले अहिलेको हाम्रो पार्टीको दायित्व हो- मदन भण्डारीका विचारहरूको नियमित अध्ययन गर्नु र तिनलाई आफ्नो राजनीतिक व्यवहारमा उतार्नु । सूत्रहरूमा रमाएर जनताको क्रान्ति सम्पन्न गर्न सकिँदैन र सिद्धान्तका लागि जीवनको बलिदान दिन हुँदैन भन्ने मदन भण्डारीको राजनीति र जीवनसँग जोडिएको निष्कर्ष हो । यो निष्कर्षलाई आफ्नो व्यवहारमा उतार्ने दायित्व हाम्रो काँधमा अडिएको छ भन्ने जिम्मेवारीबोध हामी सबैको अग्रगमनको प्रतीक हो ।

■

## मदन भण्डारीद्वारा प्रस्तुत

# आलोचनाका सत्ताइस बुँदा

**नेपाल अधिराज्यको संविधान-२०४७ का सम्बन्धमा तत्कालीन नेकपा (माले) का महासचिव मदन भण्डारीले २०४७ असोज ११ गते प्रस्तुत गर्नुभएका आलोचना र सुझाव निम्नानुसार रहेका छन् :**

१. मस्यौदा संविधानको धारा ३ मा सार्वभौमसत्ता जनतामा निहित रहेको र यसको प्रयोग संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भनिएको छ । यस्तो अस्पष्टता हुनुहुँदैन । यसमा सुस्पष्ट रूपमा जनता र जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा सार्वभौमसत्ताको प्रयोग हुनेछ भनेर लेखिनुपर्छ, नत्र फेरि घुमाउरो ढङ्गले त्यो अधिकार राजाकै हातमा पुग्न सक्छ ।

२. धारा ४ अधिराज्यको (१) मा उल्लेख भएको 'हिन्दु' शब्द हटाइनुपर्छ । राजा हिन्दु धर्मावलम्बी हुनेछन् भन्ने कुरा धारा २७ मा लेखिएको हुनाले यहाँ अधिराज्यको परिभाषामा त्यसलाई राख्नु आवश्यक छैन । त्यसले अधिराज्यको सम्बन्धमा भ्रम खडा गर्न सक्छ । राजा हिन्दु हुनु वर्तमान यथार्थताको तस्बिर मात्र हो । अधिराज्यको सवालमा यस्तो कुनै भ्रम रचिनुहुँदैन ।

३. धारा ६ मा नेपाली भाषालाई राष्ट्रभाषा र देशका सबै मातृभाषाहरूलाई 'राष्ट्रिय भाषा' लेखेको हुनाले पक्षपात गर्न खोजिएको भ्रम उत्पन्न भएको छ । सबै भाषालाई समान ढङ्गले सम्मान गर्नका निमित्त एउटै मात्र शब्दको प्रयोग गरी नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषा मात्र मान्नुपर्छ ।

४. धारा ७ को ३ मा उल्लेख भएको निसाना छाप वर्तमान परिस्थितिअनुरूप फेर्नुपर्छ ।

५. भाग ३ को मौलिक हकसम्बन्धी व्यवस्थामा प्रतिबन्धात्मक उपधाराहरू राखिएका छन् । तिनीहरूमा प्रयोग गरिएको 'राजद्रोह' तथा 'हिंसात्मक कार्य गर्ने' जस्ता शब्दहरू हटाउनुपर्छ । त्यहाँ सुस्पष्ट रूपमा 'राज्यद्रोह' तथा 'हिंसात्मक

कार्य गर्ने' जस्ता शब्द राख्नुपर्छ। नत्र शासकहरूले जहिले पनि विपक्षमाथि यस्तो आरोप लगाएर प्रतिबन्ध लगाउने खतरा रहन्छ। प्रतिबन्धात्मक विषयलाई अत्यन्त आवश्यक भएका ठाउँसम्म मात्र सीमित गर्नुपर्छ। एक हातले मौलिक हक दिएजस्तो गर्ने र अर्को हातले खोस्ने ढङ्गले गरिएको व्यवस्था आपत्तिजनक छ।

६. धारा १७ को सम्पत्तिको हकसम्बन्धी व्यवस्था लोक कल्याणकारी राज्यको अवधारणाअनुरूप हुनुपर्छ। आमूल परिवर्तनकारी भूमिसुधार र अरू आर्थिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने, हदबन्दी निश्चित गर्ने र हदबन्दीभन्दा बढी जग्गालाई कानुन बनाएर अधिग्रहण गर्ने संवैधानिक व्यवस्था हुनुपर्छ। श्रमिकहरूलाई आफ्नो श्रम र श्रमको उत्पादनमाथि पूर्ण स्वामित्व प्रदान गर्ने कुरा उल्लेख गरिनुपर्छ।

७. भाग ५ को 'श्री ५' सम्बन्धी महलमा धारा २७ को २ मा 'श्री ५' लाई नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको प्रतीक भनिएको छ। 'श्री ५' भनेको संविधानअनुसार एउटा व्यक्ति हो र व्यक्ति राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन। यसलाई हटाउनुपर्छ। बहुदलीय प्रजातन्त्र र प्रजातान्त्रिक संविधान मात्र राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्छ।

८. धारा २७ को ३ मा संविधानको संरक्षण श्री ५ बाट गर्ने भनिएको छ। संविधानको संरक्षणकर्ता जनता हुन्, श्री ५ वा कुनै व्यक्ति, राजनीतिक पार्टी वा संस्था हुन सक्दैन। श्री ५, राजनीतिक पार्टी र हरेक व्यक्तिले संविधानको पालना गर्नुपर्छ। सार्वभौम अधिकार भएका जनता मात्र त्यसका संरक्षक हुन सक्छन्।

९. धारा २८ को १ र २ दुवैलाई हटाउनुपर्छ र श्री ५ का वंशजहरूको रित र परम्परा भनेको स्वेच्छाचारी र निरङ्कुशतन्त्री रहँदै आएको छ। अब त्यस्तो स्थिति रहन पाउने छैन। राजा पूर्ण रूपमा संविधानको मातहत हुनुपर्छ। उत्तराधिकारीको क्रमसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार श्री ५ को स्वीकृतमा संसद्मा रहनुपर्छ।

१०. धारा २९ को श्री ५ र राजपरिवारको खर्चसम्बन्धी व्यवस्थामा प्रचलित कानुनमा व्यवस्था भएको खर्च र सुविधा घट्ने गरी कुनै कानुन बनाउन पाइने छैन भन्ने प्रतिबन्धात्मक वाक्यांशलाई हटाउनुपर्छ। यस धारामा उल्लेख गरिएको श्री ५ शब्द पनि हटाउनुपर्छ।

११. धारा ३० मा राजपरिवारको आय वा निजी सम्पत्ति करमुक्त र अनतिक्रम्य हुने व्यवस्था गरिएको छ। यसलाई पूरै हटाउनुपर्छ। श्री ५ र राजपरिवार जमिन, उद्योग, व्यवसाय आदिमा पूरै लाग्न पाउने तर हदबन्दी र नियन्त्रण गर्ने केही पनि हुन नहुने संवैधानिक व्यवस्था हुनुहुँदैन। राजा र राजपरिवारको सम्पत्तिमा पनि नागरिकसरह कर लाग्ने व्यवस्था गरिनुपर्छ।

१२. धारा ३० मा गरिएको स्पष्टीकरणलाई अलग र सिङ्गो धारा बनाएर सुस्पष्ट व्यवस्था गरिनुपर्छ र 'राजपरिवार' भन्नाले के बुझिन्छ भन्ने किटानसाथ उल्लेख हुनुपर्छ।

१३. धारा ३१ मा श्री ५ ले गरेका कुनै कामको सम्बन्धमा कुनै पनि अदालतमा सवाल-जवाफ गर्न नपाइने व्यवस्था गरिएको छ, यसलाई सच्याएर श्री ५ ले संविधानबमोजिम गरेको कामका बारेमा अदालतमा सवाल-जवाफ नहुन सक्छ। संविधान मिचेर काम गरेको भएमा अदालतमा मुद्दा चलाउन र सवाल-जवाफ गर्न पाउनुपर्छ।

१४ . भाग ६ को राजपरिषद्ले गर्ने भनिएको काम संसद्ले नै गर्न सक्ने हुनाले राजपरिषद्को अलग व्यवस्थालाई पूरै हटाउनुपर्छ।

१५. धारा ४० मा उल्लेख गरिएको कार्यकारिणी अधिकारबाट 'श्री ५' लाई हटाउनुपर्छ। यसैको उपधारा (२) लाई पुनर्लेखन गरी 'अन्यथा' शब्दले भन्न खोजेको व्यवस्थालाई प्रस्ट पार्नुपर्छ र बाँकी सबै श्री ५ ले गर्ने काम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट मात्र गर्ने व्यवस्था किटान हुनुपर्छ।

१६. धारा ४१ को (६) मा 'प्रतिनिधिसभामा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा' भन्ने कुरा पनि थप्नुपर्छ।

१७. प्रतिनिधिसभा विघटन भई कार्यवाहक मन्त्रिपरिषद्ले निर्वाचन सम्पन्न गर्ने दायित्व निर्वाह गर्ने क्रममा प्रधानमन्त्रीको निधन भएमा राष्ट्रियसभाको सिफारिसमा श्री ५ बाट अर्को कार्यवाहक मन्त्रिपरिषद्को गठन गरिने कुरा स्पष्ट पारिनुपर्छ।

१८. धारा ६१ को (१) मा 'बहसमा बन्देज' गरिएको कुरा हटाउनुपर्छ। अनुचित आचरण भएको खण्डमा संसद्मा बहस, छलफल गर्न पाउनुपर्छ।

१९. धारा ७३ को (२) मा विधेयकमा संशोधन पेस गर्न श्री ५ को पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थालाई हटाउनुपर्छ।

२०. धारा ७७ को अध्यादेशसम्बन्धी व्यवस्थामा उपधारा १ को 'श्री ५ सन्तुष्ट होइबक्सेमा', 'मौसुफबाट आवश्यक सम्झिबक्सेमा' भन्ने वाक्यांशहरू हटाउनुपर्छ। मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गर्नुपर्ने सुस्पष्ट व्यवस्था गरिनुपर्छ।

२१. धारा ८२ को (१) र धारा ८४ को (१) मा गर्नुपर्ने कामहरू श्री ५ बाट गराउने भन्ने प्रावधान हटाउनुपर्छ। धारा ८६ र ८७ मा 'श्री ५ को स्वविवेक, सन्तुष्टि र स्वीकृति' भन्ने जस्ता वाक्यांशलाई हटाउनुपर्छ। यो मन्त्रिपरिषद्को अधिकार र कर्तव्यको विषय हो।

२२. भाग १८ बमोजिम सङ्कटकालीन स्थिति उत्पन्न भएमा धारा १२२ को (८) अनुसार निलम्बित धाराहरूबाहेक धारा २३ को संवैधानिक उपचारहरू प्राप्त गर्ने हकसमेत निलम्बन गर्नुहुँदैन ।

२३. धारा १२५ मा राष्ट्रिय सुरक्षा समितिको व्यवस्था उल्लेख गर्नु आवश्यक छैन। देशको सेना पूर्ण रूपले मन्त्रिपरिषद्को मातहत हुनुपर्छ। सेनाको परिचालन कार्यकारिणी अधिकार हो र त्यो पूर्ण रूपमा मन्त्रिपरिषद्मा रहनुपर्छ ।

२४. धारा १२९ मा बाधाअड्काउ फुकाउने अधिकारको व्यवस्था गरिएको ठाउँमा प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट आदेश जारी गर्ने कुरा उल्लेख हुनुपर्छ। त्यो आदेशलाई प्रतिनिधिसभाबाट अनुमोदन गराउनुपर्छ। प्रतिनिधिसभाले अनुमोदन नगरे त्यो आदेश अमान्य र खारेज हुनुपर्छ। यो धारा संविधान लागू भएको एक वर्षपछि स्वतः हट्नेछ ।

२५. धारा १३३ मा संविधान लागू भएपछि पनि संविधानसँग बाझिएको भए पनि खारेज वा संशोधन नभएसम्म पुराना कानुनहरू एक वर्षसम्म लागू रहने व्यवस्था गरिएको छ। यसलाई बदल्नुपर्छ र संविधान लागू भएदेखि नै त्यससँग बाझ्ने ऐन/कानुनहरू बाझिएका हदसम्म निष्क्रिय हुने र नबाझिएका कानुनहरू मात्र लागू रहने व्यवस्था गरिनुपर्छ। नत्र संविधान जस्तोसुकै भए पनि जनताको दैनिक जीवनमाथि तानाशाही शासन बदलिएको अनुभव हुन पाउने छैनन् ।

२६. 'श्री ५ को सरकार' मा श्री ५ हटाएर नेपाल सरकार भन्ने व्यवस्था हुनुपर्छ। शाही सेना भनिएको ठाउँमा नेपाली सेना भन्ने व्यवस्था हुनुपर्छ। सरकारी, सार्वजनिक संस्थानहरू र निकायहरूका सबै ठाउँमा रहेको शाही शब्द हटाउनुपर्छ ।

२७. श्री ५ ले संविधानविपरीत काम गरेको खण्डमा महाभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनुपर्छ। यदि यस्तो प्रावधान भएन भने इतिहासमा जस्तै फेरि निरङ्कुशतन्त्र/स्वेच्छाचारिता बढ्दै जानसक्ने खतराबाट जोगिन सकिन्न ।

■

# hgjfbL qmflGtsf] ljlzi6 sfo{qmd

- राजतन्त्र र उसको निर्दलीय पञ्चायती व्यवस्थालाई अन्त गरी जनवादी गणतन्त्र नेपालको स्थापना गर्ने ।
- क्रान्तिकारी जनवादी शासन व्यवस्थाका निम्ति क्रान्तिमा सक्रियतापूर्वक सबै राजनीतिक पार्टीहरू, जनसङ्गठनहरू, मोर्चा सङ्गठनहरू र सैनिक सङ्गठनहरूबाट उचित प्रतिनिधित्व लिँदै आवश्यक देशभक्त, जनवादी व्यक्तित्वहरूलाई समेत सामेल गरेर कुनै उपयुक्त तात्कालिक तथा सरकारसम्बन्धी अस्थायी उपकरण निर्माण गर्ने, एवम् जनताका बीचमा वर्ग, जाति, लिङ्ग, धर्म, सम्प्रदाय, पेसा, ओहदा आदिको कुनै पनि भेदभावबिना स्वतन्त्र, निष्पक्ष, समान, गुप्त र बालिग मताधिकारका आधारमा संविधानसभा ९ऋइल्क्तक्ष्तभ्ल्त ब्ककझ्ःदीथ० को निर्वाचन गर्ने र त्यसद्वारा जनवादी गणतन्त्रको संविधान निर्माण गर्ने ।
- राजतन्त्रको हुकुमी र स्वेच्छाचारी प्रशासनिक ढाँचा र नोकरशाहीयन्त्रलाई पूर्ण रूपमा खारेज गरी संविधानका आधारमा जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप स्थायी जनवादी सरकार र प्रशासनको निर्वाचन र सञ्चालन गर्ने ।
- सामन्तवाद, दलाल-नोकरशाही पुँजीवाद, वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवादका सबै प्रकारका शोषण-उत्पीडन र प्रभुत्वबाट सम्पूर्ण जनता र राष्ट्रलाई मुक्त पार्ने ।
- सामन्त वर्ग र दलाल-नोकरशाही पुँजीपति वर्गको प्रतिक्रियावादी अधिनायकत्वलाई ध्वस्त पारी सर्वहारा वर्गको नेतृत्व र मजदुर, किसान एकताका आधारमा आमजनताको संयुक्त क्रान्तिकारी जनवादी अधिनायकत्वको स्थापना गर्ने ।
- स्वतन्त्र, धर्मनिरपेक्ष तथा कानुनी राजको स्थापना गर्ने एवम् बहुदलीय जनवादी शासन प्रणालीको स्थापना गर्ने ।
- क्रान्तिविरोधी तथा जनता र देशद्रोही तत्त्वहरूमाथि अधिनायकत्व लागू गर्ने ।
- आमजनतालाई राजनीतिक आस्थाअनुरूप पार्टी खोल्ने, सभासङ्गठन गर्ने, व्यावसायिक सङ्गठनहरू खोल्ने पूर्णस्वतन्त्रता प्रदान गर्ने। बोल्ने, लेख्ने र छाप्ने स्वतन्त्रता दिने, धार्मिक तथा व्यक्तित्व विकासका निम्ति औसर र स्वतन्त्रता दिने र सम्पूर्ण मौलिक, राजनीतिक अधिकारहरू उपभोग गर्ने निर्वाध स्वतन्त्रता दिने ।
- प्रतिक्रियावादी शासकहरूले गरेका सबै गुप्त-सन्धिहरू खुला गर्ने र सन् १९५० को सन्धिलगायत तमाम असमान तथा अपमानपूर्ण सन्धि-सम्झौताहरू रद्द गर्ने ।

- राजनीतिक बन्दीहरू तथा अन्यायपूर्ण ढङ्गले थुनिएका सम्पूर्ण बन्दीहरूको रिहाइ गर्ने र जनताको जीवनमा मानवअधिकार तथा नागरिक अधिकारको पूर्ण स्वतन्त्रता सुनिश्चित गर्ने ।

*(नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) द्वारा २५-३० अगस्ट १९८९ मा आयोजित नेपाल कम्युनिस्ट पार्टीको चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित)*

# राष्ट्रिय समस्याको समाधान र सहमतिसम्बन्धी प्रस्ताव

देश राजनीतिक, आर्थिक र सामाजिक सबै दृष्टिले गम्भीर र जटिल समस्याहरूबाट ग्रसित छ । निरङ्कुश शासन व्यवस्थाविरोधी २०४६ सालको आन्दोलनका क्रममा जनताले अपेक्षा गरेअनुरूप परिवर्तन र सुधारका काम हुन नसक्दा जनतामा निरासा उत्पन्न भएको छ । नेपाल अधिराज्यको संविधान- ०४७ ले परिकल्पना गरेका कुराहरू वास्तविक जीवनमा रूपान्तरित नहुँदा जनता असन्तुष्ट भएका छन् । बहुदलीय व्यवस्थामा जनताले लेख्ने, बोल्ने, सभा-सङ्गठन गर्नेजस्ता अधिकारहरू प्राप्त गरे पनि यी अधिकारहरूको निर्बाध प्रयोग गर्दै मुलुकलाई स्वाभिमानका साथ प्रगति र समृद्धिको मार्गतर्फ डोऱ्याउने काम आरम्भ हुन सकेको छैन । नेपाली समाजको प्रगति र समृद्धिका लागि प्रजातान्त्रिक हक-अधिकारको उपभोग बहुसङ्ख्यक जनताले गर्नसक्ने अवस्थाको सिर्जना हुन सकेको छैन ।

मुलुकलाई पुरानै संरचनामा उभिएको र मुट्ठीभर मानिसहरूको प्रजातन्त्र होइन, नयाँ जनमुखी प्रजातन्त्र चाहिएको हो । गरिबीको चपेटामा परेका नेपालीहरूलाई अधिकारसम्पन्न तुल्याउने र तिनको संरक्षण गर्ने प्रजातन्त्र चाहिएको हो । तर, देशमा कायम भएको प्रजातन्त्र विकास र परिवर्तनको आशाका साथ प्रतीक्षारत गरिब र साधनहीन बहुसङ्ख्यक नेपाली जनताका निम्ति सार्थक हुनसकेन । सरकार र समाजलाई पुरानै ढाँचा र शैलीमा घिसार्दै लगियो । संविधानले जनतालाई नै सार्वभौमसत्तासम्पन्न घोषणा गरेर सङ्गठन एवम् राजनीतिक सहभागिताको पूर्ण अधिकार प्रदान गरेको अवस्थामा पनि जनता वास्तविक रूपमा अधिकारसम्पन्न हुन सकेनन् । निर्वाचनमा निर्भयताका साथ स्वतन्त्रतापूर्वक मतदान गरेर चाहेको उम्मेदवारलाई विजयी तुल्याउन सकिन्छ भन्ने विश्वास क्षीण हुँदै गएको छ । राज्य र सरकारको सञ्चालन मुलुक र जनताको हिततर्फ निर्देशित नरहेको र संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको उद्देश्य ओझेलमा परेको सर्वत्र महसुस गरिएको छ । प्रशासनको सञ्चालन पक्षपात र निहित स्वार्थपूर्तितर्फ उन्मुख रहेको र न्याय प्रणालीमाथि पनि जनताको विश्वास नरहेको विडम्बनापूर्ण परिस्थिति सिर्जना भएको छ । शान्ति-सुरक्षाको जिम्मा दिइएका प्रहरीलगायतका सुरक्षा निकायहरूलाई सङ्कीर्ण दलगत स्वार्थमा लगाइएकाले तिनले आफ्नो पेसागत मर्यादा र जिम्मेवारी बहन गर्ने क्षमता तथा नैतिक बल गुमाएका छन् । देशको शाान्ति-सुव्यवस्थाको अवस्था अत्यन्त गम्भीर भएको छ । यसले मुलुकका सामु अनेकौं प्रकारका जटिलता र चुनौतीहरू थपिदिएको छ । अझै पनि अदूरदर्शी नीति अवलम्बन गरिरहने हो भने देश गृहयुद्धको भुमरीमा पर्ने खतरा छ ।

शिक्षाको क्षेत्रमा उत्पन्न अराजकता र विकृति तथा बढ्दो बेरोजगारीका कारण मुलुकको भविष्य अनिश्चित र दिशाविहीन बनेको छ । मुलुकको अत्यधिक जनसङ्ख्या आश्रित कृषिमा कुनै सुधार भएको छैन । यो क्षेत्र झन् सङ्कटग्रस्त भएको छ । राष्ट्रिय आवश्यकताअनुरूप उद्योग-व्यवसायको विकास हुनुपर्नेमा निरपेक्ष निजीकरण र उदारीकरणको फलस्वरूप उद्योगधन्धाहरू या त बन्द भएका छन्, या रुग्ण बनेका छन् । अर्थतन्त्रमा शिथिलता छाएको छ । ग्रामीण क्षेत्रमा गरिबी निरन्तर बढिरहेको छ । बेरोजगारी समस्या विस्फोटक बन्दै गइरहेको छ । काम-मामको खोजीमा नेपाली युवक-युवतीहरू विदेशतर्फ भौँतारिन बाध्य छन् । अत्यन्त निम्नस्तरका काम र पेसामा नेपाली स्वाभिमान झुकिरहेको छ । सामाजिक भेदभाव, छुवाछूत, शोषण र अन्याय कायमै रहेकाले पिछडिएका समुदाय एवम् क्षेत्रका जनताले प्रजातान्त्रिक अधिकारको अनुभूति गर्न सकेका छैनन् । विगत पाँच वर्षमा मात्रै चार हजारभन्दा बढी नेपालीहरू विभिन्न हिंसात्मक घटनामा मारिएका छन् । अरबौं रुपियाँ बराबरको क्षति भएको छ । देशको राष्ट्रियता र स्वाभिमानमाथि आँच पुऱ्याउने अनेक क्रियाकलापहरू भएका छन् । देशको भू-भाग तथा प्राकृतिक स्रोतमाथि बाह्य शक्तिको थिचोमिचोको दुःखद स्थिति हामीले भोगिरहेका छौँ तर यसतर्फ उचित सरकारी चासो र सरोकार छैन । जनसमुदायका माग, गुनासा र आकाङ्क्षाहरूप्रति सरकारको संवेदनहीनता र अनुत्तरदायी व्यवहारको फलस्वरूप सामाजिक असन्तुष्टि तथा अन्तरविरोधहरूमा व्यापक वृद्धि भएको छ । अर्कोतर्फ, देशको वैदेशिक सम्बन्ध राष्ट्रिय हित, स्वतन्त्रता र स्वाभिमानको रक्षा हुने गरी सञ्चालन गरिएको छैन । नेकपा (एमाले) सरकारमा रहेको अत्यन्त छोटो अवधिमा थालिएका केही प्रयासहरूले पनि सार्थक रूपमा निरन्तरता पाउन सकेनन् । यिनै सब कारणहरूले गर्दा सर्वत्र विश्वासको सङ्कट छाएको छ ।

देशको विकराल अवस्थालाई ध्यानमा राखेर नेकपा (एमाले) ले एक वर्षअघिदेखि नै समस्याहरूको निराकरणका निम्ति राष्ट्रिय सहमतिको आवश्यकतालाई महत्त्वका साथ उठाउँदै आएको छ । यस विषयलाई नेकपा (एमाले) को ०५७ साल कात्तिकमा सम्पन्न केन्द्रीय कमिटीको अठारौं बैठकले ठोस प्रस्तावका साथ जनसमक्ष राखेको थियो । प्रस्तावमा राष्ट्रिय समस्याहरूको समाधानका लागि संविधान संशोधनलगायत व्यापक, गहन र अग्रगामी सुधारका पक्षमा देशमा आमसहमति कायम हुनुपर्ने कुरामा जोड दिइएको थियो । त्यसबेलादेखि अहिलेसम्म नेकपा (एमाले) ले मुलुकलाई समस्या र सङ्कटको भुमरीबाट मुक्त गर्न राजनीतिक, नीतिगत र व्यावहारिक तहमा अनेकपटक विभिन्न पाइला चालिसकेको छ । सोहीअनुरूप सत्तापक्ष तथा अन्य विभिन्न राजनीतिक पार्टीहरूलाई गम्भीर एवम् फराकिलो सोचका साथ अग्रसर रहन आग्रह गर्दै आएको छ । फलस्वरूप देशमा समस्याहरूको समाधानका लागि राष्ट्रिय सहमतिको आवश्यकताप्रति व्यापक चासो र छलफल भएको छ । यसै क्रममा नेकपा (एमाले) ले अघि सारेका मागहरूलाई समेत दृष्टिगत गरी तत्कालीन प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापतिबाट १४ सूत्रीय सहमतिको प्रस्ताव आएको थियो । सोही १४ सूत्रीय प्रस्तावलाई परिमार्जन गरी नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका प्रतिनिधिहरूबीच ०५८ असार १८ गते १७ सूत्रीय सहमतिको प्रस्ताव तयार भएको थियो । शेरबहादुर देउवाले नयाँ प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हालेपछि समस्या समाधान गर्न वातावरण बनोस् र त्यसतर्फ ठोस पहल होस् भन्ने हाम्रो प्रयत्न रहँदै आएको छ । कुनै आग्रह र पूर्वाग्रह नलिई इमानदारीपूर्वक संवाद र सहमतिको वातावरण तयार गर्दै अघि बढ्ने हो भने समस्या समाधान गर्न उपयुक्त कदम चाल्न सकिनेछ ।

देशलाई गम्भीर समस्याको भुमरीतर्फ धकेल्ने क्रियाकलापहरू रोक्न र गल्तीहरू सच्याउन नेकपा (एमाले) ले विगतमा बारम्बार आग्रह र दबाबका दुवै उपाय अवलम्बन गरेको हो । देश गम्भीर सङ्कटमा रहेको, त्यो सङ्कटको समाधान हत्या-हिंसाको बाटोबाट नहुने, देश यथास्थितिमा रहन नसक्ने र पछाडि फर्कने प्रतिगमनकारी कार्य पनि हुन नदिन अग्रगामी सुधारका पाइला चाल्नैपर्ने आवश्यकता रहेकोतर्फ नेकपा (एमाले) ले बारम्बार औंल्याएको हो । मुलुकका साझा समस्याहरूको समाधान सामूहिक प्रयत्नबाट खोज्ने धारणाअनुरूप नेकपा (एमाले) ले संविधान संशोधनलगायत व्यापक सुधारको प्रस्ताव जनसमक्ष ल्याएको हो । अहिले पनि मुलुकलाई सङ्कटबाट मुक्त गर्न अधिकतम अग्रगामी सुधारका लागि राष्ट्रिय सहमति कायम गर्दै सोही आधारमा कार्ययोजना तयार गरी अघि बढ्नुपर्छ भन्ने नेकपा (एमाले) को धारणा रहेको छ । यसका लागि सबै राजनीतिक दलहरू र शक्तिहरूका बीचमा साझा सहमति कायम गरिनु आवश्यक छ । यस्तो सहमति निर्माण गर्न हामी सबैले सङ्कुचित सोच र स्वार्थको घेरा परित्याग गर्न सक्नुपर्छ । ०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै जनपक्षीय प्रजातान्त्रिक पद्धतिलाई अधिकतम् रूपमा विस्तारित र सुदृढ तुल्याउन एवम् जनताका आकाङ्क्षालाई ठोस रूप दिन व्यापक सुधारका कार्यलाई अगाडि बढाउनुपर्छ ।

**नेकपा (एमाले) द्वारा प्रस्तुत २२ बुँदे प्रस्ताव**

**राष्ट्रिय सहमतिका लागि ठोस प्रस्तावहरू**

**क) राजनीतिक र प्रशासनिक**

१. **सर्वदलीय वार्ताद्वारा माओवादी आन्दोलनबाट उत्पन्न समस्याको निराकरण** : नेकपा (माओवादी) द्वारा सञ्चालित आन्दोलन एउटा राष्ट्रिय राजनीतिक समस्याका रूपमा देखापरेको छ । यस आन्दोलनको आरम्भपश्चात् मुलुकमा हिंसा र प्रतिहिंसाको दुष्चक्र चलिरहेको छ । देश गृहयुद्धको सँघारमा उभिएको छ । राष्ट्रिय एकता र सार्वभौमिक अखण्डताकै सामु अनेकौं समस्याहरू देखिएका छन् । यस्तो अवस्थामा सरकार र माओवादीबीच सशस्त्र कारबाही स्थगन गर्ने कुरा सकारात्मक छ । वार्ता अवधिभर दुवै पक्षबाट आक्रमण र शत्रुतापूर्ण व्यवहारका सम्पूर्ण क्रियाकलाप बन्द गरिनुपर्छ । वार्तामा सरकार र नेकपा (माओवादी) का नेताहरू इमानदार हुनुपर्दछ । पुरानो सामाजिक-आर्थिक संरचनाबाट निःसृत, नेपाली काङ्ग्रेसको सरकारको गलत शासनबाट सिर्जित तथा माओवादी आन्दोलनबाट उत्पन्न समस्याको समाधान गर्न र वार्तालाई सार्थक निष्कर्षमा पुऱ्याउन सरकारले सबै राजनीतिक दलहरूको सहमति प्राप्त गर्नुपर्दछ । यसलाई सकारात्मक रूपमा अघि बढाउँदै सार्थक निष्कर्षमा पुऱ्याइनुपर्छ । सबै जिम्मेवार राजनीतिक पार्टी र शक्तिहरूले समस्याको समाधानका लागि प्राथमिकताका साथ लाग्नैपर्छ ।

२. **संविधान संशोधन** : ०४६ सालको जनआन्दोलनको उपलब्धिका रूपमा आएको नेपाल अधिराज्यको संविधान-०४७ लाई जनताको बढ्दो जागरूकता र परिवर्तनको भावनाअनुरूप तिनका मागसमेत समेट्ने गरी निम्नलिखित विषयमा संशोधन गर्नु आवश्यक छ :

- नेपाल अधिराज्यको संविधानले निष्पक्ष निर्वाचनको व्यवस्था गरे पनि ०४८ सालभन्दा ०५१ सालमा, ०५१ सालमा भन्दा ०५६ सालमा भएका निर्वाचनहरूमा धाँधली, अनियमितता बढ्दै गइरहेको र जनताको स्वतन्त्र निर्वाचन हुन्छ भन्ने विश्वास क्षीण भइरहेको छ । यस्तो स्थितिलाई समाप्त गर्न जनसहभागिता र जनउत्तरदायी जनप्रतिनिधि प्रणालीमा आधारित राष्ट्रिय राजनीतिप्रति जनताको विश्वास कायम गराउनु तत्कालीन महत्त्वपूर्ण काम बनेको छ । यसका लागि देहायबमोजिमको व्यवस्था गर्ने :
- स्वतन्त्र चुनावी सरकारको गठन गर्ने र त्यसमा संसद्मा रहेका राजनीतिक पार्टीहरूको समानुपातिक प्रतिनिधित्व रहने व्यवस्था गर्ने । सरकार सञ्चालनका लागि सर्वदलीय संयन्त्रको निर्माण गर्ने ।
- ०५२ सालको सर्वोच्च अदालतको फैसलाबाट कुण्ठित हुन गएको प्रधानमन्त्रीको अधिकारलाई पुनःस्थापित र सुदृढ गर्ने ।
- मन्त्रीहरूको सङ्ख्या संसद्को कुल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने व्यवस्था गर्ने ।

- प्रत्येक जनगणनापछि निर्वाचन क्षेत्र हेरफेर गरिने विद्यमान व्यवस्थामा परिवर्तन गरी आगामी २५ वर्षसम्म हालकै निर्वाचन क्षेत्रलाई कायम राख्ने र त्यसपछि निर्वाचन क्षेत्र पुनरावलोकन गर्न सकिने व्यवस्था गर्ने ।
- राष्ट्रियसभालाई विभिन्न जाति, जनजाति, महिला, विभिन्न उपेक्षित वा उत्पीडित समुदायहरू र पिछडिएको क्षेत्र तथा राष्ट्रिय जीवनमा ख्यातिप्राप्त व्यक्तित्वहरूसमेतको प्रतिनिधित्व हुने गरी पुनःसंरचना गर्ने ।
- जनप्रतिनिधिमूलक राजनीतिक निकायहरूमा विभिन्न जाति, जनजातिहरूको सहभागितालाई बढाउने, स्थानीय निकायमा विभिन्न जाति-जनजातिहरूलाई न्यायोचित प्रतिनिधित्व हुने व्यवस्था गर्ने र स्थानीय निकायलाई स्वायत्तताको अधिकार प्रदान गर्ने ।
- अर्थ विधेयकका सम्बन्धमा रहेको अस्पष्टता समाप्त गर्ने ।
- संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिको प्रक्रियामा संसदीय सुनुवाइको व्यवस्था गर्ने । संवैधानिक निकायका पदाधिकारीहरूको कार्यका सम्बन्धमा संवैधानिक परिषद्ले सोधपुछ र स्पष्टीकरण लिनसक्ने व्यवस्था गर्ने । संवैधानिक निकायका प्रमुखहरूलाई पुनः कुनै पनि सरकारी लाभका पदमा नियुक्त नगरिने व्यवस्था गर्ने । निर्वाचन आयोगलगायत सबै संवैधानिक निकायबाट संसद्मा वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सम्बन्धित संसदीय समितिमा छलफल गर्ने व्यवस्था गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रधानमन्त्री, मन्त्री, संवैधानिक निकायका पदाधिकारीहरू, सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीशहरू, उच्च ओहोदामा राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूलगायत सार्वजनिक पद धारण गरेका कुनै पनि व्यक्तिले गरेका अनियमित र भ्रष्टाचारपूर्ण कार्यको छानबिन गरी कारबाही चलाउन सक्ने व्यवस्था गर्ने । अख्तियार अनुसन्धान आयोगबाट आरोपित भएको व्यक्ति अदालतबाट अन्तिम फैसला नहुन्जेल आफ्नो पदबाट स्वतः मुक्त वा निलम्बित हुनुपर्ने व्यवस्था गर्ने ।
- अदालतको प्रभावकारिता, निष्पक्षता र विश्वसनीयतामा अभिवृद्धि गर्न न्याय परिषद्लाई प्रभावकारी बनाउने । न्याय परिषद्को सदस्यमा कानुन व्यवसायीका तर्फबाट नेपाल बार एसोसिएसनको अध्यक्ष रहने व्यवस्था गर्ने ।
- नैतिक पतन हुने फौज्दारी अभियोग प्रमाणित भई सजाय पाएका सांसदहरूको संसद् सदस्यता स्वतः समाप्त हुने व्यवस्था गर्ने ।
- अनियमित कार्य र भ्रष्टाचारबाट कमाएको भनी प्रमाणित सम्पत्ति श्री ५ को सरकारले जफत गर्ने ।

३. **स्वच्छ र निष्पक्ष निर्वाचन** : निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउनका लागि हालसम्म सम्पन्न निर्वाचनहरूको अनुभव तथा प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय आयोगको उपसमितिको सुझावका आधारमा आवश्यक सुधार गर्ने । निर्वाचनमा अपराधी र पैसाको प्रयोग गर्न नसकिने अवस्थाको सिर्जना गर्ने । यसका लागि निम्नलिखित कुराहरूमा विशेष ध्यान दिने :

- मतदाता नामावली तयार पार्नेदेखि मतगणनासम्मका प्रक्रियामा रहेका विसङ्गतिहरूलाई हटाउने ।
- आगामी आमनिर्वाचनभन्दा अगावै सबै निर्वाचन क्षेत्रहरूमा मतदाता परिचयपत्र वितरण गरिसक्ने र हालसम्म वितरित परिचयपत्रमा रहेका कमी-कमजोरीहरूलाई छ महिनाभित्र सच्याउने ।
- निर्वाचनमा राज्यकोषबाट चुनाव खर्च उपलब्ध गराउने । निर्वाचन खर्च न्यूनतम हुने व्यवस्था गर्ने र चुनावमा चन्दा लिने-दिने कार्य दण्डनीय अपराध हुने कानुनी व्यवस्था गर्ने ।
- निर्वाचन कार्यमा खटिएका प्रशासक, कर्मचारी तथा सुरक्षाकर्मीबाट खराब आचरण गरिएको प्रमाणित भएमा एक तह घटुवा गर्ने र १० वर्षसम्म बढुवा नगर्ने र कुनै पनि रूपमा पुरस्कृत नगर्ने व्यवस्था गर्ने ।
- प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक पार्टीहरूले कम्तीमा पनि ३३ प्रतिशत महिला उम्मेदवारहरू उठाउनुपर्ने व्यवस्था गर्ने ।
- निर्वाचनसम्बन्धी मुद्दा निर्वाचन अदालतको डिभिजन बेन्चको तहबाट मुद्दा परेको छ महिनाभित्र किनारा लगाइसक्नुपर्ने व्यवस्था गर्ने ।

४. **राजनीतिक दलहरूको स्वच्छ सञ्चालनसम्बन्धी कानुन र आचारसंहिताको निर्माण तथा त्यसको अवलम्बन** : राजनीतिक दलहरूलाई एउटा निश्चित मर्यादा र पद्धतिबाट सञ्चालन गर्ने परिपाटीलाई बलियो तुल्याउन तिनीहरूको सञ्चालनसम्बन्धी कानुन र आचारसंहिताको सर्वपक्षीय सहमतिका आधारमा निर्माण गर्ने । राजनीतिक दलहरूको व्यवहारलाई बढी उत्तरदायी र पारदर्शी तुल्याउन कानुन र व्यवहार दुवै पक्षलाई सवल तुल्याउने । यससँग सम्बन्धित संसद्मा विचाराधीन विधेयकलाई सहमतिपूर्ण किसिमले संसद्को चालू अधिवेशनबाट पारित गर्ने ।

५. **निष्पक्ष तथा पेसागत कर्तव्यमा समर्पित प्रशासन र सुरक्षायन्त्र** : देशको प्रशासन, सेना, प्रहरी तथा गुप्तचर सेवालाई निष्पक्ष र पेसागत कर्तव्यपरायण बाटोमा डोऱ्याउनका लागि धेरै सुधार र परिवर्तन गर्नु आवश्यक छ । यसका लागि कानुन र नीतिहरूमा परिवर्तन तथा परिमार्जन, तालिम, पुरस्कार तथा दण्डको उचित व्यवस्था गर्नुपर्दछ । हाल प्रशासनिक निकाय र सुरक्षायन्त्रमा विद्यमान विसङ्गति तथा पेसाप्रतिको उदासिनता र लापरबाहीको अन्त्य गर्न निम्नलिखित कार्य गर्ने :

- प्रशासन, प्रहरी, शिक्षा र संस्थानहरूमा नियुक्ति, बढुवा र सरुवामा राजनीतिक प्रभाव समाप्त गर्ने । लोकसेवा आयोग, प्रहरी सेवा आयोग, शिक्षा सेवा आयोग र संस्थान सेवा आयोगजस्ता संयन्त्रलाई निष्पक्ष र प्रभावकारी रूपमा सञ्चालन गर्ने । संस्थानहरूको प्रमुखमा राजनीतिक नियुक्ति नगर्ने ।
- सरकारी र संस्थानका कर्मचारी तथा शिक्षकहरूका पेसागत सङ्घ-सङ्गठनहरूलाई राजनीतिक दलहरूसँग कुनै पनि किसिमले आबद्ध नगर्ने । कर्मचारी र शिक्षकहरूले एक पेसा एक सङ्गठनको मान्यताअनुरूप पेसागत सङ्घ-सङ्गठन खोल्न र सञ्चालन गर्नसक्ने व्यवस्था गर्ने ।
- प्रशासनिक निष्पक्षताका लागि लोकसेवा आयोगबाट एकवर्षे जिल्ला प्रशासन सञ्चालनको विशेष तालिमप्राप्त व्यक्तिलाई मात्र प्रमुख जिल्ला अधिकारीमा पठाउन सकिने व्यवस्था गर्ने ।
- भ्रष्ट, अनैतिक, अयोग्य र कर्तव्यच्यूत कर्मचारीहरूमाथि कारबाही हुने र इमानदार तथा योग्य कर्मचारीहरू पुरस्कृत हुने प्रणालीलाई स्थापित गरी बलियो तुल्याउने ।
- योग्य र प्रतिभाशाली व्यक्ति सरकारी सेवामा भर्ना वा नियुक्त हुनका लागि आवश्यक कानुनी सुधार गर्ने ।
- उच्चस्तरीय आयोग गठन गरी प्रशासनिक क्षेत्रमा नक्कली प्रमाणपत्र, भ्रष्टाचार, विकृति र विसङ्गतिबारे छानबिन प्रतिवेदन तयार गर्ने तथा त्यसका आधारमा कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

६. **भ्रष्टाचारका विरुद्ध प्रभावकारी कार्य** : मुलुकमा बढ्दो भ्रष्टाचारका विरुद्ध कठोर पाइला चाल्नु अपरिहार्य भएको छ । यसका लागि निम्नलिखित कार्य गर्ने :

- भ्रष्टाचारका विरुद्ध कानुनी र प्रशासनिक दृष्टिबाट प्रभावकारी पाइला चाल्नका निम्ति भ्रष्टाचार नियन्त्रण कार्यमा संलग्न निकायहरूलाई सुदृढ र सक्षम तुल्याउने । विशेषतः अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कानुनी रूपमा अधिकारसम्पन्न बनाई प्रभावकारी तुल्याउने । कुनै पनि तह वा पदमा रहेको व्यक्ति भ्रष्टाचारमा संलग्न रहेमा निजलाई कारबाही गर्नसकिने व्यवस्था गर्ने ।
- सार्वजनिक पद धारण गर्ने व्यक्तिको सम्पत्ति विवरण राख्ने, अद्यावधिक गर्ने र निरन्तर अनुगमन गर्ने प्रयोजनका लागि कानुनबमोजिम संयन्त्र बनाउने । त्यस्ता व्यक्तिहरूको स्रोत नखुलेको सम्पत्तिबारे उजुरी आह्वान गर्ने र उजुरी बुझ्ने व्यवस्था गर्ने तथा कानुनअनुरूप स्रोत खुलाउन नसकेको सम्पत्ति जफत गर्ने ।
- भ्रष्टाचार तथा आर्थिक विकृतिको छानबिन गर्न विभिन्न समयमा गठित आयोग र समितिहरूले प्रस्तुत गरेका प्रतिवेदनहरूलाई अविलम्ब कानुनी रूपमा कार्यान्वयन गर्ने ।
- ०४७ सालयताका प्रधानमन्त्री, मन्त्री, सांसद, संवैधानिक निकायका पदाधिकारी, राष्ट्रियस्तरका आयोग, कूटनीतिक नियोगका प्रमुख तथा प्रशासन, प्रहरी र सेनाका प्रथम श्रेणीभन्दा माथिका पदमा रही काम गरेका व्यक्तिहरूको सम्पत्ति जाँचबुझ गरी स्रोत खुलाउन नसकेको सम्पत्ति जफत गर्ने ।

७. **विकेन्द्रीकरण र स्थानीय निकायको स्वायत्तता** : राजनीति र विकासमा जनसहभागिता वृद्धिका लागि स्थानीय निकायहरूलाई अधिकारसम्पन्न र सक्रिय तुल्याउनु आवश्यक छ । यसका लागि निम्न कार्यहरू गर्ने :

- विकेन्द्रीकरणलाई प्रभावकारी बनाउन संविधानमा स्वायत्त शासन र स्थानीय निकायसम्बन्धी व्यवस्था गर्ने ।
- हालसम्म विकेन्द्रीकरण र स्थानीय निकायको स्वायत्तताका सम्बन्धमा निर्मित कानुनलाई प्रभावकारी बनाउन आवश्यक संशोधन गर्ने ।
- स्थानीय निकायको अधिकार कटौती गर्ने किसिमका सबै ऐन-कानुन र सरकारी निर्णयहरू खारेज गर्ने ।
- स्थानीय निकायको भूमिका गौण गर्ने गरी स्थानीय विकासका कार्यक्रमहरू सञ्चालन नगर्ने ।
- स्थानीय निकायलाई अधिकार र साधनसम्पन्न तुल्याउने । वित्तीय आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने ।
- स्थानीय निकायमा निर्वाचित पदाधिकारी सम्बन्धित राजनीतिक दलबाट कारबाहीमा परेर निष्कासित भएमा वा दल त्याग गरेमा स्वतः निर्वाचित पदबाट हट्ने व्यवस्था गर्ने ।

८. **महिलाहरूको सशक्तीकरण र समानता :** महिलाहरूको उत्थान र अधिकारको स्थापनाबिना देशको उत्थान र विकास हुनसक्दैन । अतः महिलाहरूको सशक्तीकरण र समान हकका लागि निम्नलिखित व्यवस्था गर्ने :

- पैत्रिक सम्पत्तिमाथि महिलाको समान अधिकारलाई स्थापित गर्ने विधेयकलाई चालू अधिवेशनबाट पारित गर्ने ।
- महिलाविरुद्धका सबै भेदभावपूर्ण कानुनहरूलाई अविलम्ब खारेज गर्ने ।
- महिला बेचविखनसम्बन्धी अपराधमा कठोर सजायको व्यवस्था गर्दै महिला बेचविखनमाथि कडा नियन्त्रण गर्ने । महिलाहरूमाथि हुने घरेलु हिंसा, बलात्कारजस्ता अपराधमा कडा सजायको व्यवस्था गर्ने ।
- महिलाहरूमाथि लादिएका सम्पूर्ण सामन्ती संस्कृति, चलन र विद्यमान कुसंस्कार एवम् परम्परालाई हटाउने ।
- महिला उत्थान र विकासका लागि विशेष कानुन तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- प्रतिनिधिसभाको निर्वाचनमा ३३ प्रतिशत महिला उम्मेदवार उठाउनैपर्ने कानुनी व्यवस्था गर्ने ।
- महिलाहरूका लागि सेना तथा सुरक्षाका अन्य निकायहरूमा पनि प्रवेश खुला गर्ने ।
- दलित, पिछडिएका, टुहुरा, अपाङ्ग र हिमाली भेगका महिलाहरूका निम्ति शिक्षाको विशेष व्यवस्था गर्ने ।

९. **नागरिकतासम्बन्धी समस्याको समाधान** : राज्यले आफ्ना नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्ने काम एउटा निरन्तर चलिरहने प्रक्रिया हो । खुला सिमाना र अन्य कतिपय कारणहरूले गर्दा नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्य नेपालमा संवेदनशील विषय बनेको छ । यससम्बन्धी समस्या समाधान गर्न निम्नलिखित कार्य गर्ने :

- वास्तविक नेपालीले सहजै नागरिकताको प्रमाणपत्र पाउने र गैरनेपालीले कुनै पनि हालतमा नेपाली नागरिकता नपाउने कानुनी र प्रशासनिक व्यवस्था प्रभावकारी बनाउने ।
- तराई क्षेत्रमा लामो समयदेखि जटिल समस्याको रूपमा रहेको नागरिकता समस्या समाधान गर्ने उपयुक्त कदम चाल्न गम्भीरताका साथ लाग्ने ।
- विभिन्न समयमा सरकारबाट गठित नागरिकतासम्बन्धी आयोग र अदालतका फैसलाहरूको अध्ययन गरी उपयुक्त निर्णय गर्ने ।

१०. **सरकारी सञ्चार माध्यमहरूको निष्पक्षता** : सरकारी सञ्चार माध्यमहरूले राष्ट्रिय एकता, स्वाभिमान र प्रजातान्त्रिक मूल्य र मान्यताको संरक्षण एवम् सम्वर्द्धनका लागि निष्पक्ष रूपमा काम गर्नुपर्छ । यस मान्यतालाई व्यवहारमा उतार्न निम्नलिखित व्यवस्था गर्ने :

- समाचार र सूचना सम्प्रेषण त्यसको महत्त्वको आधारमा गर्ने ।
- संसद् गतिविधि र राज्य सञ्चालनसँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई महत्त्वका साथ प्रसार गर्ने ।
- सरकारी सञ्चार माध्यमअन्तर्गतका कार्यक्रमहरूको सञ्चालनमा जथाभावी राजनीतिक कार्यकर्ताहरूलाई नियुक्त गर्ने प्रथा बन्द गरी त्यहाँ कार्यरत कर्मचारीहरूले नै कार्यक्रम सञ्चालन गर्ने ।
- प्रतिपक्षीहरूका विरुद्ध तथ्यहीन, निराधार र लान्छनायुक्त प्रचार गरी सरकारी सञ्चार माध्यमको दुरुपयोग गर्ने कार्य बन्द गर्ने ।

**ख. आर्थिक**

११. **आर्थिक नीतिहरूको समीक्षा** : बहुदलीय व्यवस्थाको स्थापनापछिका १२ वर्षहरूमा देशले आर्थिक क्षेत्रमा अत्यन्त दुरावस्था भोगेको छ । आर्थिक अवस्थामा सुधार हुन नसक्नु र आर्थिक समस्याहरू जटिल हुँदै जानुका कारणको खोजी र राष्ट्रिय आर्थिक एवम् विकास रणनीतिको पुनरावलोकन गर्नु अत्यावश्यक भएको छ । आर्थिक सुधारका लागि निम्न कार्य गर्ने :

११.१. **भूमिसुधार** : देशका ९० प्रतिशत मानिसहरू ग्रामीण क्षेत्रमा बसोबास गरेको, ८३ प्रतिशत जनताको जीविका कृषिमा आधारित भएको, राष्ट्रिय आम्दानीको झन्डै ४० प्रतिशत कृषि क्षेत्रबाट आउने हुनाले अर्थतन्त्रमा सुधार र परिवर्तनका लागि कृषि र ग्रामीण क्षेत्रमा आमूल सुधार एवम् परिवर्तन गर्नु अत्यावश्यक छ। देशलाई औद्योगीकरणतर्फ अग्रसर गराउन पनि कृषि क्षेत्रमा त्यस्तो सुधार आवश्यक छ । भूमिहीन तथा गरिब किसान र मुक्त कमैयाका समस्याहरूको समाधानका लागि राष्ट्रिय रणनीति र कार्यनीति तय गरी त्यसको कार्यान्वयन गर्नु आवश्यक छ। यसका लागि उच्चस्तरीय भूमिसुधार आयोग (बडाल आयोग) को प्रतिवेदन सार्वजनिक गर्दै भूमिसुधारसम्बन्धी कार्यक्रमलाई एकीकृत ढङ्गले लागू गर्न निम्नलिखित कार्यहरू गर्ने :

- जग्गाको हदबन्दी घटाउने ।
- हदबन्दीभन्दा बढी भई प्राप्त हुन आएको जग्गा मुक्त कमैया, उत्पीडित जाति, जनजाति र भूमिहीन किसानमा वितरण गर्ने ।
- अनुपस्थित भू-स्वामित्वको अन्त्य गर्ने ।
- बीउविजन, मलखादलगायतका सुविधा उपलब्ध गराउने ।
- खण्डीकरण रोक्ने । चक्लाबन्दी कार्यक्रम लागू गर्ने ।
- जमिन निष्प्रयोजन बाँझो राख्न नपाइने कानुनी व्यवस्था गर्ने ।
- मोहीयानी पाउनुपर्ने तर नपाएकालाई मोहीयानी दिने र दोहोरो नियन्त्रण प्रणाली अन्त्य गर्ने ।
- प्रगतिशील भूमिकर लगाउने ।
- सम्पूर्ण गुठी जमिनलाई रैकर गर्ने ।
- दीर्घकालीन २० वर्षे कृषि योजनाको बर्सेनि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- भूउपयोग नीति लागू गर्ने ।
- कृषि सडक, कृषि सहकारी, कृषि उद्योग र कृषि श्रमिकहरूको सुव्यवस्थापनका लागि एकीकृत कार्यक्रम लागू गर्ने ।

११.२. **उद्योग**

- घरेलु तथा साना र मझौला उद्योगहरूलाई संरक्षण दिने ।
- पर्यटन क्षेत्रको चौतर्फी विकास गर्नका लागि स्पष्ट र ठोस योजना बनाएर लागू गर्ने ।
- देशको औद्योगीकरण गर्ने सुस्पष्ट नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- राष्ट्रिय उद्योगधन्दाहरूको संरक्षण र विकासका लागि आवश्यक सबै पाइला चाल्ने ।

११.३. **विविध**

- विदेशी अनुदान र ऋणको उपयोगसम्बन्धी नीतिको पुनरावलोकन गरी राष्ट्रिय आवश्यकताअनुरूप प्राथमिकताका क्षेत्रमा सदुपयोग गर्ने ।
- जलश्रोतलगायत प्राकृतिक साधन र श्रोतहरूको अत्यधिक रूपमा राष्ट्रिय हितअनुकूल मुलुकको विकास र उन्नतिका लागि उपयोग र परिचालन गर्ने ।
- स्वदेशी जनशक्ति नभएका ठाउँमा मात्र विदेशी जनशक्तिको सेवा लिने र विदेशीहरूका लागि श्रम अनुमतिपत्रको व्यवस्था गर्ने ।
- मुलुकमा अत्यधिक जनसङ्ख्यामा रहेका गरिब र साधनहीन जनताको उत्थान एवम् समृद्धिका लागि अहिलेसम्म गरिबी निवारणका नाममा अवलम्बन गरिएका कार्यक्रमहरूको सर्वदलीय समीक्षा गर्ने र लक्षित वर्ग र समुदायका निम्ति भनेर सरकारद्वारा लागू कार्यक्रमहरूलाई सर्वदलीय सहमतिका आधारमा सरकारी संस्थागत माध्यमद्वारा कार्यान्वयन गर्ने ।

१२. **पिछडिएका वर्ग, समुदाय र क्षेत्रका लागि ठोस पाइला चाल्ने** : पिछडिएका वर्ग, समुदाय र क्षेत्रहरूका लागि विकासमा तीव्रता ल्याउन बजेट विनियोजनको विशेष व्यवस्था गर्ने ।

१३. **कडा आर्थिक अनुशासन कायम गर्ने** : राज्य सञ्चालनका विभिन्न निकाय र क्रियाकलापहरूमा आर्थिक अनुशासनहीनता बढिरहेको छ । यस्तो अनुशासनहीनताको नियन्त्रणका लागि सबै राजनीतिक पार्टीहरूका बीच सहमति कायम गर्ने र सरकारले यसका लागि आवश्यक पाइला चाल्ने ।

१४. **भोकमरी र रोगको महामारीका विरुद्ध राष्ट्रिय नीति** : अहिले नेपालका विभिन्न भागहरूमा प्रत्येक वर्ष हजारौँ जनता भोकमरी र महामारीको चपेटामा पर्दछन् । यस्तो दुःखद स्थितिलाई समाप्त गर्न जनस्वास्थ्य सम्बन्धमा एउटा राष्ट्रिय नीति तयार गरी त्यसको कार्यान्वयन गर्ने ।

**ग) सामाजिक र सांस्कृतिक**

**१५. सामाजिक न्यायको प्रत्याभूति :**

- समाजमा विद्यमान छुवाछूत, लिङ्गभेद, कुरीति र अन्यायपूर्ण परिपाटीको अन्त्य र सामाजिक न्यायको स्थापनाका लागि र पिछडिएका समुदाय र वर्गका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्न निम्नलिखित कार्यहरू प्रभावकारी रूपमा गर्ने :
- छुवाछूत प्रथालाई व्यवहारमा समाप्त पार्न ठोस नीति बनाई कार्यान्वयन गर्ने ।
- संविधान र कानुनद्वारा निषेधित छुवाछूतजस्तो अपराधमा संलग्न व्यक्तिमाथि दण्ड-सजायको प्रभावकारी व्यवस्था गर्ने तथा यस्तो व्यवहारमा सरकारी ओहोदामा बस्ने कुनै व्यक्ति तथा निर्वाचित जनप्रतिनिधि संलग्न रहेछ भने निजलाई पदबाट मुक्त गर्ने कानुनी व्यवस्था गर्ने ।
- देवस्थललगायत सामाजिक-सांस्कृतिक स्थलहरूमा छुवाछूत गर्नेलाई कानुनबमोजिम दण्ड गर्ने ।
- भेदभाव र छुवाछूतपीडित दलित एवम् उत्पीडित समुदायको विकासका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्ने ।
- छुवाछूत प्रथा र व्यवहारका विरुद्ध विशेष सामाजिक अभियान सञ्चालन गर्ने ।
- ब्रतवन्ध, बिहेवारी आदिमा गरिने तडक-भडकलाई नियन्त्रण गर्ने । दाइजो प्रथालाई समाप्त गर्न ठोस पाइला चाल्ने र सामाजिक, सांस्कृतिक कार्यमा गरिने फजुल खर्चलाई नियन्त्रण गर्न आवश्यक कदम चाल्ने ।
- दलित उत्पीडित समुदायलाई नीति निर्माणदेखि सरकारी सेवाहरूमा सहभागिताका लागि विशेष व्यवस्था गर्ने ।

१६. **बेरोजगारी समस्याको समाधान** : देशमा बेरोजगारी समस्या गम्भीर बनिरहेको छ । यसलाई समाधान गर्न विशेष राष्ट्रिय कार्यक्रम तर्जुमा गरी प्राथमिकताका साथ लागू गर्ने ।

१७. **शैक्षिक अराजकता र विसङ्गतिको अन्त्य** : शिक्षापद्धति र शिक्षादीक्षाले देशको भविष्य निश्चित हुन्छ । वर्तमान अवस्थामा नेपालको शिक्षा क्षेत्रमा उत्पन्न अराजकता र विसङ्गतिले मुलुकको भविष्यलाई नै अनिश्चय तथा अन्धकारतर्फ धकेलिरहेको छ । अतः शिक्षा क्षेत्रमा रहेका समस्या र विसङ्गतिहरूको अन्त्यका लागि विभिन्न समयमा गठित आयोग र समितिहरूका प्रतिवेदनहरूको गहन अध्ययन गरी शिक्षा क्षेत्रका विशेषज्ञहरूसहित प्रतिनिधिसभाको सम्बन्धित समितिमा छलफल चलाई सहमति कायम गरी कार्यान्वयन गर्ने ।

- शिक्षामा व्यापारीकरण रोक्ने, पाठ्यक्रममा एकरूपता कायम गर्ने, निजी विद्यालयको शुल्क नियन्त्रण गर्ने तथा गरिब र उत्पीडित जाति, महिला र जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

१८. **आपराधिक गतिविधिमाथि प्रभावकारी नियन्त्रण र कारबाही** : विभिन्न प्रकारका अपराधमा संलग्न व्यक्तिहरूमाथि कुनै कारबाही नहुने वा फितलो रूपमा कारबाही हुने स्थितिले गर्दा देशमा आपराधिक गतिविधिमा धेरै वृद्धि भएको छ । अपराधीहरूले राजनीतिक संरक्षण पाउने र राजनीति अपराधीकरण हुँदै जाने प्रक्रिया आरम्भ भएको छ । यो अत्यन्त गम्भीर स्थिति हो । यस्तो स्थितिको अन्त्य गर्न र दण्डहीनताको वर्तमान अवस्था समाप्त पार्न ठोस र कडा कदम चाल्ने ।

१९. **सामाजिक सुरक्षा कार्यक्रम** : अपाङ्ग, असहाय, वृद्ध र सङ्कटमा परेका जनसमुदायका लागि विशेष शैक्षिक र सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने । दृष्टिहीन र बहिरालगायत सबै अपाङ्गहरूको उच्च शिक्षा हासिल गर्ने र काम पाउने अवसरका लागि ठोस रूपले योजना बनाएर तत्काल लागू गर्न सुरु गर्ने । योग्यता पुगेका अपाङ्गलाई सरकारी जागिरमा प्राथमिकता दिने ।

२०. **सुलभ र निष्पक्ष न्याय** : हाल विद्यमान महँगो र सर्वसाधारण जनताका लागि दुरूह न्याय प्रणालीमा सुधार र परिवर्तन गरी सर्वसुलभ एवम् निष्पक्ष न्याय पद्धतिको विकासका लागि आवश्यक पाइला चाल्ने । न्याय क्षेत्रमा हुने भ्रष्टाचार प्रभावकारी रूपमा नियन्त्रण गर्न प्रभावकारी कानुनी व्यवस्था गर्ने ।

२१. **राष्ट्रिय एकता र संस्कृतिको संरक्षण तथा विकास**

- बहुजाति, बहुभाषी र बहुसंस्कृति भएको नेपाली समाजमा सबै जाति, भाषा-भाषी तथा संस्कृतिको सन्तुलित र न्यायोचित विकास तथा संरक्षणका लागि ठोस कार्यनीति आवश्यक छ । यसका लागि निम्नलिखित कार्य गर्ने :
- पिछडिएका समुदायको भाषा र संस्कृतिको संरक्षण तथा विकासका लागि विशेष कार्यक्रम लागू गर्ने ।
- नेपालमा बोलिने विभिन्न मातृ भाषाका शिक्षण संस्थाहरू खोल्न र सञ्चालन गर्न स्वीकृति दिने, प्रोत्साहित गर्ने र सहयोग दिने ।
- साहित्य, कला, संस्कृति, विज्ञानप्रविधिका क्षेत्रमा राष्ट्रिय महत्त्वको विशेष योगदान पुऱ्याउने प्रतिभा र संस्थाहरूलाई सम्मान र सहयोग गर्ने ।
- विभिन्न भाषा र संस्कृतिको अध्ययन-अनुसन्धानलाई सहयोग दिँदै प्रोत्साहित गर्ने ।
- देशका सबै जाति वा जनजातिहरूका सामाजिक, आर्थिक, सांस्कृतिक र प्राज्ञिक विकासका निम्ति राष्ट्रिय जनजाति प्रतिष्ठानको स्थापना गर्ने ।

२२. **सन्तुलित विदेश नीति र राष्ट्रिय हितको संरक्षण**

- नेपालजस्तो भू-राजनीतिक अवस्थिति भएको मुलुकले आफ्नो विदेश नीति र सम्बन्धलाई सन्तुलित एवम् कुशलतापूर्वक सञ्चालन गर्नुपर्छ । विगतमा रहेका त्रुटिहरूलाई सच्याउँदै नेपालको विदेश नीतिलाई निम्नलिखित मान्यताका आधारमा सञ्चालन गर्ने :
- भूपरिवेष्ठित, अल्पविकसित राष्ट्रको हैसियतमा भूमिका बढाउने ।
- बङ्गलाबन्द-फूलवारी मार्गमार्फत बङ्गलादेशसित निर्बाध पारवहन सुविधा पाउन आवश्यक प्रयत्न गर्ने ।
- प्रवासी नेपालीको हितको संरक्षण गर्ने ।
- नेपालको हित, स्वतन्त्रता, सार्वभौमिकता तथा स्वाभिमानमा कुप्रभाव पार्ने सन्धि-सम्झौताहरू रद्द गर्ने ।
- सन् १९५० को नेपाल-भारत शान्ति र मैत्री सन्धि खारेज गरी समानता र पारस्परिक हितका आधारमा नयाँ सन्धि गर्ने ।
- नेपालको भारतसँग जोडिएको सिमाना आगामी तीन वर्षभित्र वैज्ञानिक रूपमा रेखाङ्कन गर्ने ।
- नेपाली क्षेत्रहरूलाई डुबानमा पारिरहेको र अन्तर्राष्ट्रिय कानुन एवम् मान्यताविपरीत नेपाली सिमानाको नजिकमा भारतले बनाएका बाँधहरू अविलम्ब हटाउन प्रभावशाली कदम चाल्ने ।
- दार्चुला जिल्लाको कालापानी क्षेत्रबाट भारतीय सेना फर्काउन भारत सरकारसँग अविलम्ब वार्ता गर्ने ।
- भुटानी शरणार्थी समस्या समाधान गर्न एकताबद्ध प्रयत्न गर्ने ।
- ब्रिटिस सेनामा कार्यरत वर्तमान र भूतपूर्व गोरखा सैनिकहरूलाई ब्रिटिससरह समान पारिश्रमिक, पेन्सन र अन्य सुविधा दिलाउन ब्रिटिस सरकारसग वार्ता सुरु गर्ने ।
- नेपालको भूमि कुनै पनि मित्रराष्ट्रका विरुद्ध प्रयोग हुन नदिने र मित्रराष्ट्रहरूबाट पनि सोहीअनुसारको व्यवहार माग गर्ने ।

बहुदलीय व्यवस्थाको १२ वर्षको अनुभवले अब मुलुक यथास्थितिमा अघि बढ्न नसक्ने देखिएको छ । देशलाई अग्रगतितर्फ लैजान उल्लिखित विषयहरूमा राष्ट्रिय सहमति कायम गर्नु अनिवार्य भएको छ । यो केवल नेकपा (एमाले) को मात्र माग र प्रस्ताव होइन । यो त वास्तवमा नेपाल तथा नेपाली जनताको भावना र आकाङ्क्षा समेट्ने जनताको माग र प्रस्ताव हो । हाल देशमा उत्पन्न गम्भीर अवस्थामा सबैले आ-आफ्नो स्थानबाट जिम्मेवारी बोध गरी राष्ट्रिय समस्याको समाधानार्थ उपयुक्त वातावरणको सिर्जना गर्न अग्रसर हुनु आवश्यक छ । नेकपा (एमाले) आफ्नो ठाउँबाट समस्याको निराकरणका लागि गम्भीर रूपमा अघि बढ्न तयार छ । यही उद्देश्यका साथ यो प्रस्ताव अघि सारिएको छ । यसमाथि राष्ट्रियस्तरमा व्यापक छलफल होस् भन्ने नेकपा (एमाले) को चाहना छ । वर्तमान अवस्थामा सबैले देश र जनताको सर्वोपरि हितलाई शिरोधार्य गरी अघि बढ्ने तत्परता देखाएमा राष्ट्रिय सवालमा राष्ट्रिय सहमति कायम हुनसक्छ र त्यस्तो सहमतिले मुलुकलाई विद्यमान सङ्कटबाट मुक्त गर्न सकिन्छ भन्ने कुरामा नेकपा (एमाले) को दृढ विश्वास रहेको छ । देश र जनतालाई आजको सङ्कटयुक्त अवस्थाबाट मुक्त गर्न र विकास तथा समृद्धिको बाटोमा डोऱ्याउन उपर्युक्त न्यूनतम कुराहरूमा सहमति एवम् सहकार्यका लागि अग्रसर रहन नेकपा (एमाले) सत्तापक्ष तथा अन्य सम्पूर्ण राजनीतिक दल एवम् शक्तिहरूसमक्ष हार्दिक आह्वान गर्दछ ।

***(नेकपा (एमाले) द्वारा २०५८ भाद्रमा जारी गरिएको राष्ट्रिय समस्याको समाधान र सहमतिको पूर्ण अंश)***

# cu|ufdL lgsf;sf nflu /fli6«o ;xdltsf] k|:tfj

मुलुकमा राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा ज्वलन्तरूपमा देखापरेका समस्याहरूको समाधानका लागि हाम्रो पार्टी नेकपा (एमाले) ले निकै पहिलेदेखि नै समग्र रूपले अग्रगामी सुधार तथा परिवर्तनको प्रस्ताव अगाडि सार्दै आएको छ । यस प्रस्तावको कार्यान्वयनका लागि हामीले संसद्मा निरन्तर आवाज उठाउनुका साथै राष्ट्रिय सहमति प्राप्त गर्ने प्रयास गरेका छौँ । वर्तमान संविधान जारी हुँदाका वखत हामीले अघि सारेको २७ सूत्रीय असहमति पनि मुलुकलाई अग्रगति दिने उद्देश्यसँग नै सम्बन्धित थियो । देशका समस्याहरूको यथास्थितिमा समाधान हुन नसक्ने ठहर गर्दै हामीले वर्तमान संविधानमा अग्रगामी संशोधनको ठोस प्रस्ताव पनि अघि सारेका थियौँ । अग्रगमनतर्फको यही प्रयासलाई निरन्तर जारी राख्दै देशलाई गम्भीर सङ्कटग्रस्त अवस्थाबाट मुक्त गर्न हामीले निम्न सवालप्रति प्रतिबद्धता व्यक्त गर्दै राष्ट्रिय सहमतिका लागि तपसिलका कार्यक्रमसहितको प्रस्तावलाई पुनः अघि सारेका छौँ-

क) २०४६ सालको जनआन्दोलनका उपलब्धिको रक्षा गर्दै थप उपलब्धिहरू हासिल गर्ने र विगतका अनुभवको समीक्षा गरी त्रुटि र कमजोरीहरू सच्याउने तथा जनअधिकारको विस्तार गर्दै प्रजातन्त्रको रक्षा, सुदृढीकरण र विकास गर्ने ।

ख) ०४६ सालको जनआन्दोलनबाट प्राप्त सफलताहरूलाई जनस्तरमा विस्तारित गर्ने, जनतालाई थप अधिकारसम्पन्न बनाउने, जनतामा अन्तर्निहित सार्वभौमसत्तालाई सुदृढ गरी राजकीय सत्ताको स्रोत जनतामा रहेको यथार्थलाई सुस्पष्ट रूपले स्थापित गर्ने । प्रजातन्त्रको लाभ आमजनताले पाउने कुरा सुनिश्चित गर्दै सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा यसलाई विस्तारित गर्ने । यसका लागि राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा रूपान्तरण गर्ने ।

ग) प्रजातन्त्रलाई औपचारिक र कार्यविधिगत कुरामा सीमित नराखी यसलाई वास्तविक र जनसहभागितामूलक प्रजातन्त्रका रूपमा रूपान्तरण गर्ने । राज्य र समाजको पूर्ण प्रजातान्त्रीकरण गर्दै जनउत्तरदायी र पारदर्शी नीतिको अवलम्बन गरी सुशासनको स्थापना गर्ने ।

घ) मुलुकमा सिर्जना भएको हत्या, हिंसा र अराजकताको शृंखलालाई समाप्त गर्ने । यसका लागि सरकार र माओवादीका बीच भएको युद्धविरामलाई सार्थकता प्रदान गर्दै शान्तिवार्तालाई देश र जनताको हितमा सफल र परिणाममुखी बनाउने ।

ङ) उपरोक्त मान्यताका आधारमा मुलुकको अग्रगामी सुधार, परिवर्तन तथा उन्नति र विकासका लागि आवश्यकताअनुसार संविधानमा समेत समेटिने गरी निम्नलिखित बुँदाहरू प्रस्तुत गरिएको छ :

१. जनतामा अन्तरनिहित सार्वभौमसत्ता र राजकीयसत्तालाई सुस्पष्ट, प्रभावकारी तथा सुदृढ तुल्याइनेछ। आवश्यकताअनुसार राष्ट्रिय महत्त्वको विषयमा जनमतसङ्ग्रह गर्नसकिने व्यवस्था गरिनेछ ।
२. राष्ट्र र देशभक्तिको भावनालाई समेट्ने राष्ट्रिय गानको व्यवस्था गरिनेछ ।
३. राजसंस्थालाई पारदर्शी र प्रजातान्त्रीकरण गरिनेछ ।
४. सेनालाई जननिर्वाचित सरकारअन्तर्गत राखिनेछ । यो देश र जनताप्रति वफादार हुनेछ । राजनीतिक हस्तक्षेपबाट मुक्त राखी यसको प्रजातान्त्रिक मान्यताअनुरूप व्यावसायीकरण गरिनेछ ।
५. निर्वाचन प्रणालीमा रहेका वर्तमान त्रुटिलाई सच्याउँदै उपयुक्त प्रणालीको अवलम्बन गरिनेछ । निष्पक्ष र धाँधलीरहित निर्वाचनलाई सुनिश्चित गर्न विगतमा निर्वाचनको सुधार सम्बन्धमा गठित उच्चस्तरीय समितिको प्रतिवेदनलाई लागू गरिनेछ ।
६. राष्ट्रियसभाको पुनःसंरचना गर्दै यसलाई जनजाति, दलित, महिला तथा राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरूसमेत समाविष्ट सदन बनाइनेछ ।
७. राज्यलाई धर्मनिरपेक्ष घोषित गरिनेछ । धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका भेदभावहरूलाई हटाइनेछ ।

८. माओवादी समस्यालाई समाधान गर्नका निम्ति मुलुकमा जारी द्वन्द्वलाई राष्ट्रिय सहमतिअनुरूप अग्रगामी परिवर्तनको कार्यक्रमका आधारमा समाधान र रूपान्तरण गर्दै दिगो शान्ति कायम गरिनेछ ।

९. वर्तमान स्थानीय निकायको प्रशासनिक ढाँचाको पुनःसंरचना गर्दै स्थानीय निकायलाई विकेन्द्रीकरणको भावनाअनुरूप स्वायत्त अधिकार प्रदान गरिनेछ । यसो गर्दा जातीय-भाषिक विशेषता र विविधतालाई ध्यानमा राखिने छ । यसलाई साधनस्रोत एवम् अधिकार सम्पन्न बनाउँदै स्थानीय सरकारको रूपमा स्थापित गरिनेछ ।

१०. मुलुकको विद्यमान राजनीतिक-प्रशासनिक ढाँचालाई सामाजिक र सांस्कृतिक विविधता र भौगोलिक यथार्थता एवम् आर्थिक अवस्थालाई ध्यानमा राखी पुनःसंरचना गरिनेछ ।

११. प्रतिनिधिसभामा महिला सहभागितामा बृद्धि गर्दै ३३ प्रतिशतको लक्ष्य लिई प्रत्येक राजनीतिक पार्टीले उम्मेदवार उठाउने व्यवस्था गरिनेछ ।

१२. महिलालाई सम्पत्तिमा समान अधिकार प्रदान गरिनेछ । महिलाविरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै उनीहरूमाथिको घरेलु हिंसा, बेचबिखनजस्ता अपराधमा कडा कारबाहीको व्यवस्था गरिनेछ ।

१३. छुवाछूतलाई अक्षम्य र कडा दण्डनीय अपराधका रूपमा लिँदै राजनीतिक, प्रशासनिक र जनप्रतिनिधिमूलक तहमा रहेका व्यक्तिले यस्तो कार्य गरेको पाइएमा तिनलाई तत्काल पदबाट बर्खास्त गरिनेछ ।

१४. सबै जनजातिका भाषा, धर्म र संस्कृतिको संरक्षण-सम्बर्द्धन तथा विकासका निम्ति विशेष नीति अवलम्बन गरिनेछ । सबै जातिका नेपालीलाई बिनाभेदभाव समान अवसर र सबै क्षेत्रमा समान पहुँचको नीति लिइनेछ ।

१५. तराईवासीहरूप्रति रहेका सबै विभेदहरूलाई समाप्त गरिनेछ । तराई क्षेत्रको द्रुततर विकासका लागि पूर्वपश्चिम रेलवे मार्ग र हुलाकी मार्गको निर्माणमा उच्चतम महत्त्व दिइनेछ ।

१६. समानुपातिक विकासको अवधारणालाई आत्मसात् गर्दै दुर्गम क्षेत्रको विकासका लागि विशेष कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१७. गरिबीको रेखामुनि रहेका जनताको पहिचान गरिनेछ । तिनको उत्थानका लागि योजनाबद्ध विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. बेरोजगारी समस्याको समाधानका लागि विशेष कार्यक्रमको तर्जुमा गरी लागू गरिनेछ । वैदेशिक रोजगारीलाई नियमित र व्यवस्थित बनाइनेछ ।

१९. पिछडिएका वर्ग, समुदाय र क्षेत्रको पहिचान गरिनेछ र तिनको विकासका लागि विशेष कार्यक्रम तयार गरी लागू गरिनेछ ।

२०. दलित, पिछडिएका, टुहुरा, अपाङ्ग, जनजाति, विपन्न परिवारका महिलाका निम्ति शिक्षा, सीप र रोजगारीको विशेष व्यवस्था गरिनेछ ।

२१. स्वच्छ र सक्षम प्रशासन संयन्त्रको निर्माण गरिनेछ । प्रशासन संयन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी प्रजातान्त्रीकरण र व्यवसायीकरण गरिनेछ

२२. सहज, सरल र सुलभ न्यायको व्यवस्था गरिनेछ । विवाद समाधानका वैकल्पिक परिपाटीको पनि अवलम्बन गरिनेछ ।

२३. राष्ट्रिय सहमतिका आधारमा एउटा आधारवर्ष तय गरी देशमा, खासगरी तराई क्षेत्रमा, विद्यमान नागरिकता समस्यालाई समाधान गरिनेछ ।

२४. सबै प्रकारका सामन्ती शोषण उन्मूलन गरिनेछ । क्रान्तिकारी भूमिसुधारको कार्यक्रम लागू गरी भूमिहीन, कमैया र सुकुमवासीहरूलाई जग्गा उपलब्ध गराइनेछ । कृषि क्षेत्रको विकासलाई उच्चतम प्राथमिकता दिँदै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकासको कार्यक्रम अवलम्बन गरिनेछ ।

२५. भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गरिनेछ । यस सम्बन्धमा कसैलाई उन्मुक्ति दिइने छैन तथा भ्रष्टाचार नियन्त्रणका संवैधानिक र कानुनी संयन्त्रलाई सशक्त बनाई क्रियाशील बनाइनेछ ।

२६. राजनीतिक पार्टीको सञ्चालन र हिसाबकिताब पारदर्शी हुने व्यवस्था गरिनेछ ।

२७. देशमा विद्यमान दण्डहीनताको स्थिति समाप्त गरी विधिको शासनलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

२८. राष्ट्रिय औद्योगीकरणका लागि सुस्पष्ट सोचका साथ कार्यक्रम लागू गरिनेछ । राष्ट्रिय हितमा विदेशी लगानीलाई आकर्षित गरिनेछ । मुलुकको हितअनुरूपको स्वतन्त्र आर्थिक नीति अवलम्बन गरिनेछ । निजी र सहकारी क्षेत्रको विकासमा विशेष जोड दिइनेछ ।

२९. देशको आर्थिक विकासको प्राथमिकता तोकिनेछ । कृषि, जलविद्युत्, पर्यटन, मानव संशाधन र भौतिक पूर्वाधारको विकासमा उच्चतम प्राथमिकता दिइनेछ । सरकारको साधारण खर्चमा नियन्त्रण गरी विकास खर्चमा वृद्धि गरिनेछ ।

३०. समाजका पिछडिएका, उपेक्षित एवम् गरिबीको मारमा परेका जनताका लागि सामाजिक सुरक्षाको विशेष कार्यक्रम लागू गरिनेछ ।

३१. व्यावसायिक, प्राविधिक र अनौपचारिक शिक्षामा विशेष जोड दिइनेछ । शिक्षालाई राष्ट्रिय हित र आवश्यकता तथा सामान्य जनताको पहुँचभित्र रहने व्यवस्था गरिनेछ । निरक्षरता उन्मूलनका निम्ति विशेष राष्ट्रिय अभियान सञ्चालन गरिनेछ ।

३२. आमजनताका लागि स्वास्थ्य सेवालाई सहज र सुलभ बनाइनेछ र यसका लागि सामुदायिक स्वास्थ्य नीति अवलम्बन गरिनेछ ।
३३. हत्या, हिंसा र अराजकताको परिणास्वरूप विस्थापित भएका जनताका लागि पुनः स्थापना तथा ध्वस्त भएका भौतिक संरचनाहरूको पुनःनिर्माणको विशेष कार्यक्रम लागू गरिनेछ ।
३४. असंलग्नता र पञ्चशीलमा आधारित सन्तुलित र राष्ट्रिय हितअनुरूपको विदेश नीति अवलम्बन गरिनेछ ।
३५. भारतसँग गरिएको सन् १९५० को सन्धि लगायत सबै असमान सन्धि-सम्झौताहरूको पुनरावलोकन, संशोधन वा खारेजी गरी समानता र पारस्परिक हितका आधारमा सन्धि-सम्झौता गरिनेछ ।

*नेकपा (एमाले) को केन्द्रीय कमिटीको बैठकबाट पारित प्रस्ताव)*
*- १४ वैशाख २०६०*

नेपालमा निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच गत ०६२ मङ्सिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन र राष्ट्रिय स्वाधीनताका ऐतिहासिक १२ बुँदे समझदारी कायम भएको कुरा सर्वविदितै छ । सो १२ बुँदे समझदारीपछि देशमा तीव्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणामस्वरूप निरङ्कुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्ण रूपले असफल भएबाट सो समझदारी आमजनसमुदायबाट अनुमोदित भइसकेको कुरामा कुनै शङ्का रहन्न । साथै, सो समझदारीप्रति अन्तर्राष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ । यो स्थितिमा यो समझदारीको सबै पक्षबाट दृढतापूर्वक क्रियान्वयन गर्नका निम्ति हामी पुनः दृढ प्रतिबद्धता व्यक्त गर्दछौं ।

यहाँ हामी पुनः स्मरण गराउन चाहन्छौं कि 'आन्दोलनको शक्तिले संसद्को पुनःस्थापना गर्ने र त्यसको निर्णयले अधिकारसम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्ण रूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।'

उक्त प्रक्रियागत आधारमा हुने संविधानसभाको निर्वाचनमार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्ण रूपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नका निमित्त चालू शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरूमा सक्रिय रूपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरू, नागरिक समाज, पेसागत समूह, जनवर्गीय सङ्गठनहरू, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरू र आमजनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

त्यसरी नै नेपालमा निरङ्कुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत १० वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरूको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपिल गर्दछौं ।

**गिरिजाप्रसाद कोइराला-** सभापति, नेपाली काङ्ग्रेस
**अमृतकुमार बोहरा-** कावा महासचिव, नेकपा (एमाले)
**शेरबहादुर देउवा-** सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)
**लीलामणि पोखरेल-** उपाध्यक्ष, जनमोर्चा नेपाल
**नारायणमान विजुक्छे-** अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
**राजेन्द्र महतो-** महासचिव नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
**नन्दकुमार प्रसाईं-** अध्यक्ष, संयुक्त वाममोर्चा - *चैत ६, २०६२*

# तेस्रो प्रतिनिधिसभाको विशेष बैठकद्वारा पारित छ प्रस्ताव

*प्रतिगमनका विरुद्ध पाँच दलद्वारा सञ्चालित संयुक्त आन्दोलनका क्रममा आह्वान गरिएको तेस्रो प्रतिनिधिसभाको विशेष बैठकले २०६० जेठ १५ गते महत्त्वपूर्ण विषयमा विभिन्न छवटा प्रस्तावहरू पारित गरेको छ । सो बैठकमा पारित*

*नेकपा (एमाले) का खड्गप्रसाद शर्मा ओलीद्वारा प्रस्तुत चालू संयुक्त जनआन्दोलनको समर्थनसम्बन्धी प्रस्तावको नेपाली काङ्ग्रेसका महन्थ ठाकुर, सद्भावना पार्टीका हृदयेश त्रिपाठी, जनमोर्चाका डिलाराम आचार्य र नेमकिपाका नारायणमान बिजुक्छेले समर्थन गर्नुभएको थियो। बैठकद्वारा पारित शान्तिवार्तासम्बन्धी अर्को प्रस्ताव नेपाली काङ्ग्रेसका सुशील कोइरालाले प्रस्तुत गर्नुभएको थियो भने त्यसको समर्थन एमालेका उर्मिला अर्याल र जनमोर्चाका परि थापाले गर्नुभएको थियो। त्यसैगरी आन्दोलनका क्रममा शाही सरकारद्वारा भए-गरिएका दमनको विरोधसम्बन्धी प्रस्ताव पनि बैठकले पारित गरेको छ। त्यस प्रस्तावका प्रस्तुतकर्ता जनमोर्चाका लीलामणि पोखरेल हुनुहुन्थ्यो र त्यसलाई काङ्ग्रेसका गोविन्दराज जोशी तथा एमालेका गोकर्ण विष्टले समर्थन गर्नुभएको थियो।*

*सोही बैठकले जनमोर्चाका नवराज सुवेदी प्रस्तावक रहनुभएको र काङ्ग्रेसका डा. रामशरण महत तथा एमालेका डा. डिल्लीराज खनाल समर्थक रहनुभएको जनहितविपरीतका अध्यादेशहरूको भर्त्सनासम्बन्धी प्रस्तावलाई पारित गरेको छ। त्यसैगरी सद्भावना पार्टीका राजेन्द्र महतोले बैठकमा मनोनीत स्थानीय निकाय सञ्चालन गर्ने कुत्सित चाहनाविरुद्धको प्रस्ताव पेस गर्नुभएको थियो। काङ्ग्रेसका रामचन्द्र पौडेल, एमालेका राजेन्द्रप्रसाद पाण्डे तथा जनमोर्चाका हरि आचार्यले समर्थन जनाउनुभएको उक्त प्रस्ताव पनि बैठकद्वारा पारित गरिएको छ।*

*बैठकद्वारा पारित अर्को प्रस्ताव राष्ट्रियताविरोधी कार्यको भर्त्सनासम्बन्धी रहेको छ। उक्त प्रस्तावका प्रस्तावक नेमकिपाका नारायणमान बिजुक्छे हुनुहुन्थ्यो भने समर्थकमा काङ्ग्रेसका चक्रप्रसाद बाँस्तोला र एमालेका डा. मङ्गलसिद्धि मानन्धर हुनुहुन्थ्यो। कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा आजको तेस्रो प्रतिनिधिसभाको विशेष बैठकको अध्यक्षता 'सभामुखको प्यानल' मा रहनुभएका भरतमोहन अधिकारी, नारायणमान बिजुक्छे, परि थापा र राजेन्द्र महतोले पालैपालो गर्नुभएको थियो। अर्को सूचना जारी भएपछि पुनः बस्ने गरी तेस्रो प्रतिनिधिसभाको विशेष बैठक स्थगित गरिएको छ।*

**प्रस्ताव नम्बर एक**

**जनआन्दोलनको समर्थनसम्बन्धी प्रस्ताव**

२०४६ सालको जनआन्दोलनले नेपालको संवैधानिक इतिहासमै पहिलोपटक राज्यशक्तिका स्रोत नेपाली जनता हुन् भन्ने यथार्थलाई स्थापित गर्दै सार्वभौमसत्ता तथा राजकीयसत्ता नेपाली जनतामा निहित रहनेछ भनी उल्लेख भएको नेपाल अधिराज्यको संविधान-०४७ देशले प्राप्त गरेकोमा विवाद छैन। जननिर्वाचित र जनउत्तरदायी सरकारमार्फत देश सञ्चालन गर्ने परिपाटी नेपाल अधिराज्यको संविधान-०४७ द्वारा स्थापित गरिएकोमा विवाद छैन। तर, ०५९ असोज १८ गतेको असंवैधानिक शाही घोषणा तथा त्यससँग सम्बन्धित वर्तमान मन्त्रिपरिषद्को गठन, विस्तार तथा कार्यसम्पादन नियमावलीको संशोधन लगायत सम्पूर्ण कामकारबाहीहरू ०४६ सालको संयुक्त जनआन्दोलनको भावना तथा नेपाल अधिराज्यको संविधान ०४७ ले नेपाली जनतालाई सार्वभौम बनाउन स्थापित गरेका मान्यताहरू र पञ्चायती निरङ्कुशता विरुद्धको सङ्घर्षमा भएको ज्ञातअज्ञात सहिदहरूको शहादत र नेपाली जनताको लामो त्याग, तपस्या र बलिदानबाट स्थापित गरिएका नेपाली जनताका अधिकारहरूमाथि नाङ्गो प्रहार भएको छ। नेपाली जनतालाई अधिकारविहीन बनाउने प्रतिगामी षड्यन्त्र अहिले पनि जारी रहेको छ। साथै संविधानलाई पूर्णतः समाप्त गरी देशलाई निरङ्कुशतातर्फ लैजाने थप गम्भीर षड्यन्त्रहरू भइरहेका छन्। ०५९ असोज १८ गतेको असंवैधानिक शाही घोषणा र त्यसलाई निरन्तरता दिँदै गरिएका प्रतिगामी शाही कदमहरूलाई परास्त गर्दै असंवैधानिक, अनुत्तरदायी र जनसमर्थन नभएको वर्तमान मन्त्रिपरिषद् विघटन गरी प्रतिनिधिसभको पुनःस्थापना वा तेस्रो प्रतिनिधिसभामा रहेका राजनीतिक दलहरूको परामर्श र सहमतिमा सर्वदलीय सरकारको गठन गरी संविधानलाई क्रियाशील गर्दै जनतालाई थप अधिकारसम्पन्न बनाउने र सेनालाई संसद्को अधीनमा ल्याउनेलगायत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक समग्र क्षेत्रमा देशलाई अग्रगामी दिशा प्रदान गर्दै पूर्ण रूपमा नेपाली जनताको सम्प्रभुत्ता स्थापित गर्नु आजको आवश्यकता भएको छ। देशलाई अग्रगमनतर्फ लैजाने आधार तथा वातावरणको सिर्जना गर्दै शान्ति र प्रजातन्त्रको स्थापना गर्नु आजको आवश्यकता भएको छ। यी सबै कार्यका लागि सञ्चालित शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई सार्थक र सफल तुल्याउनुको विकल्प छैन। वर्तमान जनआन्दोलन भनेको जननिर्वाचित संसद् र संसद्द्वारा निर्मित सरकारद्वारा देशको शासन सञ्चालन हुने वा राजाको स्वेच्छामा सञ्चालन हुने भन्ने मान्यताबीचको सङ्घर्ष हो। तसर्थ, यो विशेष बैठक ०५९ असोज १८ गतेको असंवैधानिक शाही घोषणा तथा त्यससँग सम्बन्धित सम्पूर्ण कामकारबाहीप्रति पूर्णतः असहमति व्यक्त गर्दै पाँचवटा राजनीतिक दलहरूद्वारा घोषित शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई न्यायोचित ठहऱ्याउँदै हार्दिक समर्थन गर्दछ र सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा जनआन्दोलनलाई समर्थन, सहयोग तथा सहभागिताका लागि आह्वान गर्दछ।

**प्रस्ताव नम्बर दुई**

**शान्तिवार्तासम्बन्धी प्रस्ताव**

दिगो शान्ति नेपाली जनताको चाहना हो। वार्ताविरोधी हठ त्याग गर्दै अविलम्ब युद्धविराम घोषणा गरिनुपर्छ र वार्ता सुरु गरी यसलाई देश तथा जनताको हितमा सफल एवम् परिणाममुखी बनाइनुपर्छ भन्ने आन्दोलनकारी राजनीतिक दलहरूको

लामो समयदेखिको माग र अडान हो । तर, युद्धविराम घोषणा भएको लामो समयपश्चात् पनि सार्थक वार्ताको सुरुवात हुन सकिरहेको छैन र शान्तिवार्ताविरोधी षड्यन्त्रका सङ्केतहरू देखा पर्न सुरु भएका छन् । वर्तमान अवस्थामा प्रतिगामी शक्तिहरू सरकार-माओवादी शान्तिवार्तालाई प्रतिगमन ढाकछोपको साधन बनाउन प्रयास गर्ने र यसो गर्न नसकिएमा शान्तिवार्तालाई कुनै पनि निहुँमा बिथोल्ने चेष्टा गरिरहेका छन् । सरकार-माओवादी शान्तिवार्ताको यो स्थितिप्रति हामी एकदमै जागरुक र गम्भीर छौँ । आमनेपाली जनताको व्यापक सहभागितामा सफलतापूर्वक सम्पन्न हुने शान्तिपूर्ण संयुक्त जनआन्दोलनले नै प्रतिगमनको शान्तिवार्ताविरोधी षड्यन्त्रलाई पराजित गर्न सक्छ र शान्तिवार्तालाई देश तथा जनताको हितमा सफल एवम् परिणाममुखी बनाउन सक्छ भन्ने तथ्य निर्विवाद छ । तसर्थ, यो विशेष बैठक लामो समयपश्चात् पनि सार्थक वार्ताको सुरुवात अहिलेसम्म हुन नसकिरहेको र वार्ता गर्न निरन्तर आलटाल भइरहेको वर्तमान अवस्थामा शान्तिवार्ताविरोधी सबैखाले षड्यन्त्रका विरुद्ध सजग रहँदै शान्ति र प्रजातन्त्रका लागि संयुक्त जनआन्दोलनमा समर्थन, सहयोग तथा सहभागिताका लागि आमनेपाली जनतामा हार्दिक आह्वान गर्दछ ।

**प्रस्ताव नम्बर तीन**

आन्दोलनका क्रममा शाही सरकारद्वारा भए-गरिएका दमनको विरोधसम्बन्धी प्रस्ताव :

जुलुस प्रदर्शन, आमसभा र विरोध कार्यक्रमलगायत शान्तिपूर्ण जनआन्दोलन नेपाली जनताको मौलिक अधिकार हो । तर, वर्तमान असंवैधानिक सरकार शान्तिपूर्ण संयुक्त जनआन्दोलनको सुरुवातदेखि नै नेपाली जनताको यो महत्त्वपूर्ण अधिकारमाथि निर्लज्जतापूर्वक प्रहार गर्दै आइरहेको छ। जनआन्दोलनको क्रममा शान्तिपूर्ण जुलुस प्रदर्शनमाथि कायरतापूर्वक दमनचक्र चलाउँदै यो असंवैधानिक सरकारले देशव्यापी रूपमा राजनीतिक दलका नेता, सांसदहरू, कार्यकर्ता र आमजनतामाथि लाठी, ढुङ्गा, अश्रुग्यासलगायत दमन, यातना, आन्दोलनकारीहरूसँग सम्बन्धित कार्यालयको तोडफोड, आन्दोलनकारीहरूका गाडी तथा सञ्चार साधनको तोडफोड, गिरफ्तारी, कुख्यात गुण्डा ऐनको प्रयोग र गिरफ्तारीपश्चात् यातनाजस्ता दमनकारी र घृणित काम- कारबाहीहरू गरिरहेको छ । यसक्रममा निरङ्कुश सरकारको दमनचक्रमा पत्रकार र मानव अधिकारवादी र महिला दिदी-बिहिनीहरूसमेत पीडित भएका छन् । तसर्थ, यो विशेष बैठक असंवैधानिक सरकारका यस्ता दमनकारी कार्यको घोर भर्त्सना, निन्दा एवम् खेद प्रकट गर्दछ र सरकारी दमनका विरुद्धमा जुझारु एकता र साहस प्रदर्शन गर्दै संयुक्त जनआन्दोलनलाई अरू सशक्त एवम् सबल ढङ्गले बढाउनुपर्छ भन्ने ठहर गर्दछ। प्रतिगामी शाही सरकारले गरेको ज्यादती, दमन र हिंस्रक क्रियाकलापका विरुद्धमा सबै राजनीतिक दल, आमजनसमुदाय, नागरिक समाजलगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरू एकजुट भएर अघि बढ्न हार्दिक आग्रह गर्दछ ।

**प्रस्ताव नम्बर चार**

**जनहितविपरीतका अध्यादेशहरूको भर्त्सनासम्बन्धी प्रस्ताव**

वर्तमान असंवैधानिक सरकारले निर्वाचित आफ्ना प्रतिनिधिहरूमार्फत आफ्नो सार्वभौम अधिकार प्रयोग गर्ने नेपाली जनताको चाहनामाथि कुठाराघात गरेको छ। शाही इच्छामुताविक जारी भएका 'राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश ०५९' 'सार्वजनिक सेवा सञ्चालन, अनुगमन र निरीक्षण अध्यादेश ०५९' र 'आर्थिक अध्यादेश २०५९' लगायत अध्यादेशहरू संसद्को कार्यक्षेत्रलाई छलेर जारी गरिएकाले ती अध्यादेशहरूद्वारा स्वेच्छाचारी र निरङ्कुश प्रवृत्तिलाई हाबी बनाइएको छ, उत्तरदायी सरकारको मर्ममाथि चोट पुऱ्याइएको छ । संसदीय मूल्य, मान्यतासमेतका विपरीत गएर स्वेच्छाचारी शासन सञ्चालन गर्ने मनसायका साथ ती अध्यादेश जारी गरेर वर्तमान सरकार लाचार र निरीह सावित भएको छ। उक्त अध्यादेशहरूमध्ये राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेशले एकातिर संवैधानिक राजतन्त्रको मान्यतालाई उल्लङ्घन गरेको, नेपाल अधिराज्यको संविधान ०४७ सँग बाझिएको छ भने अर्कोतिर स्वच्छन्द रूपले वृद्धि गरिने त्यो खर्च नेपाली जनताको आर्थिक अवस्थाले धान्न नसक्ने स्थिति समेत छ । सार्वजनिक सेवा सञ्चालन, अनुगमन र निरीक्षण अध्यादेशले देशमा सक्षम, सुदृढ, सेवामूलक र पारदर्शी निजामती प्रशासन सञ्चालन हुनमा बाधा पुऱ्याएको छ । त्यसैगरी आर्थिक अध्यादेशले उत्तरदायी सरकारको मर्ममाथि प्रहार गर्दै जनताको सार्वभौम अधिकारमाथि प्रहार गरेको छ । तसर्थ, नेपाली जनताका हितविपरीतका ती सबै अध्यादेशहरू जारी गर्ने कार्यको यो विशेष बैठक भर्त्सना गर्दै अध्यादेशहरूका आधारमा शासन गर्ने निरङ्कुश रवैयाको घोर भर्त्सना गर्दछ ।

**प्रस्ताव नम्बर पाँच**

**मनोनीत स्थानीय निकाय सञ्चालन गर्ने कुत्सित चाहनाविरुद्धको प्रस्ताव**

शाही प्रतिगामनको परिणामस्वरूप आएको वर्तमान असंवैधानिक सरकार स्थानीय निकायलाई पूर्णतः धरासायी बनाउँदै नेपाली जनतालाई कमजोर बनाउने प्रतिगामी षड्यन्त्रमा क्रियाशील छ। यसक्रममा जनसमर्थन नभएको वर्तमान अनुत्तरदायी, असंवैधानिक सरकारले जननिर्वाचित संसद्द्वारा निर्मित ऐनलाई संविधानविपरीत स्वेच्छाचारी ढंगले अध्यादेशमार्फत संशोधन गर्ने र जननिर्वाचित स्थानीय निकायको सट्टा ३० वर्षे निरङ्कुश पञ्चायती भूमिगत गिरोहद्वारा सञ्चालित मण्डलेहरूको मनोनीत स्थानीय निकाय सञ्चालन गर्ने कुत्सित चाहना हालसालै सार्वजनिक गरेको छ । नेपाली

जनता र निर्वाचित संसद्‌को अधिकारमाथि नाङ्गो प्रहार गर्दै स्थानीय निकायलाई पूर्णतः धरासायी बनाउने प्रतिगमनको यो गम्भीर षड्‌यन्त्रप्रति यो बैठक गम्भीर आपत्ति एवम् खेद प्रकट गर्दछ। निहित स्वार्थ प्रेरित उक्त थप प्रतिगामी कदम चालिएमा उत्पन्न हुने गम्भीर परिणामका लागि सरकार नै जिम्मेवार हुने चेतावनी दिन चाहन्छौँ।

**प्रस्ताव नम्बर छ**

**राष्ट्रियताविरोधी कार्यको भर्त्सनासम्बन्धी प्रस्ताव**

वर्तमान असंवैधानिक सरकारद्वारा हालै काठमाडौँमा सम्पन्न नेपाल-भुटान चौधौँ मन्त्रीस्तरीय बैठकले भुटान फर्कन नचाहने भुटानी शरणार्थीहरूलाई नेपाली नागरिकताका लागि आवेदन दिनसक्ने निर्णय गरेको छ। उनुत्तरदायी एवम् गैरजिम्मेवार वर्तमान सरकारको यस्तो संवेदनशील विषयप्रतिको उक्त निर्णय नेपाल अधिराज्यको संविधान-०४७, नेपालको राष्ट्रियता एवम् नेपाली जनताको हितविपरीत भएको हुँदा यो विशेष बैठक राष्ट्रियताविरोधी कार्यको भर्त्सना गर्दछ। ■

### राजा र राजपरिवारको सम्पत्ति सार्वजनिक गर्नुपर्ने नयाँ माग

# सर्वदलीय बैठकद्वारा जनआन्दोलनलाई अझ सशक्त पार्ने निर्णय

आन्दोलनरत पाँच प्रमुख पार्टीहरूको हाइकमान्डको २४ जेठमा सम्पन्न बैठकले राजाको निगाहमा प्रधानमन्त्री नियुक्त गरेर २०५६ सालको आमनिर्वाचनमा ८० प्रतिशतभन्दा बढी मत प्राप्त गरेका राजनीतिक पार्टीहरूलाई पुनः पन्छाउने काम भएको ठहर गरेको छ। नेपाल मजदुर किसान पार्टीको कार्यालय भक्तपुरमा सम्पन्न उक्त बैठकले- "नेपालको सार्वभौमसत्ता नेपाली जनता र तिनका प्रतिनिधि राजनीतिक दलद्वारा प्रयोग हुने वा राजाले आफ्नो ढङ्गले स्वेच्छामा प्रयोग गर्ने भन्ने सवाल नै अहिले प्रमुख सवालका रूपमा खडा भएको स्पष्ट गरेको छ।"

सर्वदलीय बैठकले स्वर्गीय श्री ५ वीरेन्द्र र वर्तमान श्री ५ महाराजाधिराजको सम्पत्ति सार्वजनिक गर्ने विषयलाई संयुक्त जनआन्दोलनको मागका रूपमा अघि बढाउने पनि निर्णय गरेको छ। साथै, नेपाली जनताको यो प्रजातान्त्रिक आन्दोलनलाई सौहार्द्रपूर्ण रूपमा लिई सहयोग र समर्थन प्रदान गर्नसमेत बैठकले अन्तर्राष्ट्रिय समुदायसँग हार्दिक आग्रह गरेको छ।

**शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सहभागी राजनीतिक दलहरूको सर्वदलीय बैठकले निम्नलिखित निर्णय गरेको छ :**

१. २०६० जेठ १६ गते श्री ५ सँगको भेटघाटका क्रममा संयुक्त जनआन्दोलनका सहभागी राजनीतिक दलहरूको सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्रीको सिफारिसमा अधिकारसम्पन्न सर्वदलीय मन्त्रिपरिषद् गठन गरी प्रतिनिधिसभाको पुनःस्थापना, संविधानको क्रियाशीलता, माओवादीसम्बन्धी समस्या समाधानका लागि शान्तिवार्ताको सफलता र देशलाई समग्रमा अग्रगामी दिशामा अघि बढाउने विषयहरू हामीले प्रस्ट र एकमतका साथ राखेका थियौँ। तर, सो भेटघाटलाई लिएर हामीले सार्वजनिक रूपमा नै केही आशङ्काहरू उठाएकोमा स्वीकार्य प्रक्रियाको विपरीत स्वेच्छापूर्वक प्रधानमन्त्रीमा सूर्यबहादुर थापालाई नियुक्त गरेको घटनाबाट उल्लेखित आशङ्काहरूको पुष्टि भएको छ। ०५६ को प्रतिनिधिसभाको आमनिर्वाचनबाट ८० प्रतिशतभन्दा बढी मत प्राप्त गरेका संयुक्त जनआन्दोलनका राजनीतिक दलहरूको परामर्श र सिफारिसलाई पन्छाएर राजाले आफ्नो निगाहमा प्रधानमन्त्री नियुक्त गर्नु असंवैधानिक एवम् अप्रजातान्त्रिक देखिएको छ। यस्तो नियुक्तिले ०४६ सालको जनआन्दोलनबाट प्राप्त देशको शासन सञ्चालन गर्ने जनताको अधिकार स्थापित हुन सक्दैन। ०५६ सालमा निर्वाचित तेस्रो प्रतिनिधिसभाका प्रमुख राजनीतिक दलहरूको परामर्श र सिफारिसलाई बेवास्ता गर्दै राजाबाट आफ्नै स्वेच्छामा गरिएको प्रधानमन्त्रीको नियुक्तिबाट संवैधानिक राजतन्त्रको मूल्य, मान्यता र आदर्शविपरीत कार्य भएको छ। राजाको निगाहमा निर्देशनसहित प्रधानमन्त्रीको नियुक्ति गरिएको घटनाले कार्यकारिणी अधिकार अझै पनि राजाले छोड्न नचाहेको प्रस्ट देखिएको छ। मन्त्रिपरिषद्‌मा कार्यकारिणी अधिकार संविधानतः प्राप्त हुने विषय हो, राजाको निगाहबाट प्राप्त हुने विषय होइन। ०४६ सालको जनआन्दोलनले राजाको निगाहबाट मन्त्रिपरिषद् गठन हुने र शासन सञ्चालन हुने व्यवस्थाको अन्त्य गरेको हो। आज पुनः राजाको निगाहबाट सरकार गठन हुने र शासन सञ्चालन हुने सक्रिय राजतन्त्रको परिपाटी सुरु भएको छ। त्यसैले प्रधानमन्त्रीको

नियुक्तिलाई प्रतिगमनकै अर्को गम्भीर शृङ्खलाका रूपमा हामीले लिएका छौँ। यथार्थमा जनतामा निहित हुनुपर्ने सार्वभौमसत्ता अपहरित अवस्थामा नै रहेको छ। नेपालको सार्वभौमसत्ता नेपाली जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरूद्वारा प्रयोग हुने वा राजाले आफ्नो ढङ्गले स्वेच्छाले प्रयोग गर्ने भन्ने सवाल नै हाम्रो सामुन्ने अहिले प्रमुख सवालका रूपमा खडा भएको छ। तसर्थ, प्रतिगमनलाई सदाका लागि अन्त्य गरी अपहरित जनताको अधिकार बहाली गरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा समग्रमा देशलाई अग्रगामी दिशा प्रदान गर्दै जनताको सम्प्रभुता पूर्णरूपले स्थापित गर्न संयुक्त जनआन्दोलनका कार्यक्रमहरूलाई अझ सशक्त, सबल एवम् जुझारु ढङ्गले अघि बढाउन हार्दिक आह्वान गर्दछौँ।

२. २०६० जेठ २३ गते दुईतिहाइ भन्दा बढी राष्ट्रियसभाका माननीय सांसदहरूको विशेष बैठकका लागि संसद् सचिवालयमा हल उपलब्ध गराइएन। साथै, संसदीय दलको कार्यालयमा जान र सिंहदरबारमा प्रवेश गर्नसमेतबाट सांसदहरूलाई श्री ५ को सरकारले जबर्जस्ती बल प्रयोग गरी रोक लगाएको छ। सरकार र संसद्का नेतृत्वकारी सञ्चालकहरूको यो कार्यबाट राष्ट्रियसभाका माननीय सांसदहरूको बैठक गर्ने, भेला गर्ने, छलफल गर्ने संवैधानिक हकमाथि गम्भीर प्रहार भएको छ। संसद्का नेतृत्वकारी सञ्चालक र सरकारको यो कार्य बहुदलीय प्रजातन्त्र र संसदीय परिपाटीविरोधी प्रतिगामीहरूको नियोजित षड्यन्त्रका रूपमा प्रकट भएको छ। संसद् सचिवालयभित्र राष्ट्रियसभाका माननीय सांसदहरूलाई हल उपलब्ध नगराउने तथा संसदीय दल तथा सिंहदरबारमा जान रोक लगाउने श्री ५ को सरकार र संसद्का नेतृत्वकारी सञ्चालकहरूको यस्तो दमनकारी कार्यप्रति यो सर्वदलीय बैठक खेद एवम् भर्त्सना गर्दछ।

३. स्वर्गीय श्री ५ वीरेन्द्र र वर्तमान श्री ५ महाराजधिराजको सम्पत्ति सार्वजनिक गर्ने विषयलाई संयुक्त जनआन्दोलनको मागका रूपमा अघि बढाइनेछ।

४. आन्दोलनरत राजनीतिक दलहरूले तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द सहभागी हुने सबै औपचारिक कार्यक्रमहरूलाई बहिष्कार गर्ने भनी गरेको निर्णय हाल नियुक्त असंवैधानिक प्रधानमन्त्री सूर्यबहादुर थापाका सम्बन्धमा पनि निरन्तर जारी रहनेछ।

५. शान्तिपूर्ण संयुक्त जनआन्दोलन जनताका अपहरित अधिकार बहाली गर्दै देशलाई समग्रमा अग्रगमन प्रदान गर्ने प्रजातान्त्रिक आन्दोलन हो। नेपाली जनताको यो प्रजातान्त्रिक आन्दोलनलाई सौहार्दपूर्ण रूपमा लिई नैतिक समर्थन प्रदान गर्न यो बैठक अन्तर्राष्ट्रिय समुदायसँग हार्दिक आग्रह गर्दछ।

६. सर्वदलीय बैठक आवश्यकताअनुसार बस्नेछ।

**– २४ जेठ २०६०**

# तेस्रो प्रतिनिधिसभाको दोस्रो विशेष बैठक

संयुक्त जनआन्दोलनको पाँचौं चरणको कार्यक्रमका क्रममा २० असार २०६० मा काठमाडौँको राष्ट्रिय सभागृहमा तेस्रो प्रतिनिधिसभा सदस्यहरूको दोस्रो विशेष बैठक सुरु भयो।

पाँचवटै दलका तर्फबाट प्रमुख सचेतक छानिनुभएका तेस्रो प्रतिनिधिसभाका माननीय सदस्य तथा एमाले केन्द्रीय सदस्य राजेन्द्रप्रसाद पाण्डेको प्रस्तावमा सो सभाका ज्येष्ठ सदस्य तथा नेपाली काङ्ग्रेसका सभापति माननीय गिरिजाप्रसाद कोइरालाले बैठकको सभापतित्व गर्दै प्रतिनिधिसभाको बैठक सञ्चालन गर्न सुशील कोइराला, भरतमोहन अधिकारी, राजेन्द्र महतो, नारायणमान विजुक्छे र परि थापा रहनुभएको स्पीकर प्यानलको घोषणा गर्नुभयो। बैठकको अध्यक्षता ग्रहण गर्दै माननीय कोइरालाले पाँच पार्टीको आन्दोलनलाई भाँड्न भ्रमपूर्ण कुरा चलाउने र कठपुतली सरकारका तर्फबाट फुटाउने अनेकौं गतिविधि भइरहेका छन् भन्दै उहाँले ती कुराबाट सतर्क रही आन्दोलनलाई सफलतापूर्वक सम्पन्न गराउन लागिरहन आग्रह गर्नुभयो।

तेस्रो प्रतिनिधिसभाका सदस्यहरूको सो बैठकमा पाँचवटै पार्टीका नेताहरूले मन्तव्य दिनुभएको थियो।

### बैठकद्वारा पारित प्रस्तावहरू

#### प्रस्ताव नम्बर एक

२०४६ सालको संयुक्त जनआन्दोलनको परिणमस्वरूप प्राप्त नेपाल अधिराज्यको संविधान-०४७ द्वारा नेपाली जनतामा निहित भएको सार्वभौमसत्ता र राजकीयसत्ता शाही प्रतिगमनका कारण अहिले पनि अपहरित अवस्थामा छ।

शाही प्रतिगमनको परिणामस्वरूप नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनताले प्रयोग गर्ने हो वा राजाले आफ्नो ढंगले स्वेच्छाले प्रयोग गर्ने हो भन्ने सवाल नै आजको प्रमुख सवाल भएको छ । अर्को शब्दमा देशको शासन सञ्चालन आफ्ना प्रतिनिधिमार्फत् जनताले गर्ने हो वा स्वेच्छामा राजाले गर्ने हो भन्ने आजको प्रमुख मुद्दा बन्न पुगेको छ । प्रस्तुत सन्दर्भमा प्रतिगमनलाई सदाका लागि अन्त्य गरी जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको बहाली गर्दै देशलाई अग्रगमनतर्फ डोऱ्याउनुबाहेक अर्को विकल्प छैन । यसका लागि २०४६ सालको संयुक्त जनआन्दोलनको उपलब्धिको रक्षा गर्दै संयुक्त जनआन्दोलनमा सहभागी राजनीतिक दलहरूद्वारा प्रस्तुत अग्रगामी साझा कार्यक्रमलाई व्यवहारामा उतार्ने आधार तथा वातावरणको सिर्जना गरी अविलम्ब कार्यान्वयनको दिशामा अगाडि बढ्नुपर्छ । तसर्थ, तेस्रो प्रतिनिधिसभाको यो दोस्रो बैठक प्रस्तुत प्रस्ताव तथा संलग्न 'संयुक्त जनआन्दोलनमा संलग्न राजनीतिक दलहरूका अग्रगामी सुधारसम्बन्धी साझा दृष्टिकोण र कार्यक्रम' लाई देश तथा जनताको हितमा भएको ठहर गर्दै अनुमोदन गर्दछ र यसको कार्यान्वयनमा आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नम्बर दुई**

२०५९ असोज १८ गतेको प्रतिगमामी शाही कदमपश्चात् देशको आर्थिक स्थिति अति गम्भीर बन्न पुगेको तथ्य प्रस्ट छ । सरकारको बजेट स्थिति गएका वर्षहरू भन्दा एकदमै नाजुक देखिएको छ । साधारण खर्च निरन्तर रूपमा तीव्र दरमा वृद्धि भइरहेको छ । सरकारको वित्त स्थिति नाजुक हुँदै जाने र विकास खर्च शून्यताको दिशातर्फ खस्कने स्थितिबीच पनि राजदरबारको खर्च भने निरन्तर रूपमा अत्यधिक मात्रामा वृद्धि हुँदै गएको छ । महँगी अति नै बढेको छ । भ्रष्टाचार र कमिसन व्याप्त छ । पारदर्शिता र जवाफदेहीपन समाप्त भएको छ । संक्षेपमा शाही प्रतिगमनपश्चात्को राजाको प्रत्यक्ष शासनअन्तर्गत देश समग्रमा ओरालो लागेको छ ।

तसर्थ, तेस्रो प्रतिनिधिसभाको यो विशेष बैठक आर्थिक वर्ष ०५९/६० को लागि ल्याइएको अध्यादेश बजेटमा उल्लेखित आय र खर्चसम्बन्धी सम्पूर्ण तथ्यतथ्याङ्कहरू सार्वजनिक गरियोस् भनी जोडदार माग गर्दछ ।

देशमा गरिबी बढ्दै गएको अवस्थामा संसद् नभएको मौका पारी राजदरबारका लागि पाँच दोब्बर खर्च बढाइएको कुरालाई पूर्णतः अनुचित ठहऱ्याउँछ र ०५८/५९ मा संसद्बाट पारित भई राजदरबारका लागि विनियोजित गरिएको ११ करोड ६२ लाख रुपियाँ रकममा वृद्धि गरिनुहुन्न भन्ने हाम्रो अडान छ ।

संसद् नभएको मौका पारी स्वेच्छाले राजदरबारको खर्च लगातार बढाउँदै जाने मनसायले राजदरबार खर्चसम्बन्धी अध्यादेश बेठीक भएको ठहर गर्दछौँ ।

निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको उत्थानका लागि, बेरोजगारी समस्याको समाधानका लागि महिला, दलित, आदिवासी जनजाति र पछाडि परेका क्षेत्र र समुदायको समग्र उत्थानका लागि राज्यले विशेष जिम्मेवार र संवेदनशील भएर बजेटको व्यवस्था गर्नुपर्दछ भन्ने हाम्रो मान्यता छ ।

देशलाई लामो समयसम्म प्रतिनिधिसभाविहीन अवस्थामा राख्दै फेरि पनि अध्यादेशबाट बजेट ल्याउने जुन तयारी गरिँदैछ, यो पूरै असंवैधानिक र अप्रजातान्त्रिक हुने कुरा ठहर गर्दै यो बैठक सार्वभौम जनताको व्यापक समर्थन भएको जनउत्तरदायी सरकारले संविधानबमोजिम बजेट ल्याउने र संसद्बाट अनुमोदित गराउने संवैधानिक व्यवस्थाबमोजिम काम-कारबाही हुनका लागि जोडदार माग गर्दछ ।

**प्रस्ताव नम्बर तीन**

०६० जेठ २४ गते सम्पन्न भएको राष्ट्रियसभा सदस्यहरूको विशेष बैठकले पारित गरेको यसै प्रस्तावसाथ संलग्न प्रस्ताव नम्बर एक, दुई र चारमा उल्लेखित प्रस्तावहरूलाई तेस्रो प्रतिनिधिसभाको यो दोस्रो विशेष बैठक अनुमोदन गर्दछ ।

*– २१ असार २०६०*

# अग्रगामी सुधारसम्बन्धी दृष्टिकोण र कार्यक्रम

असोज १८ गतेको असंवैधानिक प्रतिगामी शाही घोषणालाई सच्याउन र २०४७ सालको संविधानलाई क्रियाशील तुल्याउन आन्दोलनरत राजनीतिक दलहरूद्वारा राजासँग संवाद र सहमतिका विभिन्न प्रयासहरू भएका हुन् । तर, ०४६ सालको जनआन्दोलनका उपलब्धि र ०४७ सालको संविधानलाई पूर्णतः समाप्त गरी देशलाई निरङ्कुशतातर्फ लैजाने

गम्भीर षड्यन्त्रहरू एकपछि अर्को गरी देशमा जारी रहे । त्यस परिस्थितिमा प्रतिगमनको विरोध गर्दै जनताको सार्वभौम अधिकारलाई स्थापित गर्न अर्को विकल्प नरहेकाले गत वैशाख २१ गते शान्तिपूर्ण संयुक्त जनआन्दोलनको घोषणा गरिएको हो । ०५९ फागुन २८ गते जारी शान्तिपूर्ण संयुक्त जनआन्दोलनको दृष्टिकोण र अवधारणामा आन्दोलनको लक्ष्यबारे स्पष्ट गर्दै भनिएको थियो- "प्रतिगमनविरुद्धको हाम्रो आन्दोलन अपहरित प्रजातान्त्रिक अधिकार स्थापित गर्ने र युद्धविरामलाई सार्थक तुल्याउँदै वार्तालाई देश र जनताका हितमा परिणाममुखी बनाई देशमा शान्ति स्थापनातर्फ लक्षित हुनेछ । यसक्रममा जनविरोधी षड्यन्त्रलाई पराजित गर्दै ०४६ सालको जनआन्दोलनका उपलब्धिको रक्षा गरी देशलाई अग्रगमनतर्फ डोऱ्याउन र संविधानलाई क्रियाशील तुल्याउन प्रतिनिधिसभाको पुनःस्थापना वा विघटित प्रतिनिधिसभामा रहेका राजनीतिक दलहरूको परामर्श र सहमतिमा सर्वदलीय सरकारको गठन गरी जनतालाई थप अधिकारसम्पन्न बनाउने आधार तथा वातावरण तयार गर्नु आन्दोलनको लक्ष्य हुनेछ ।"

त्यसैगरी आन्दोलनरत पाँच पार्टीका शीर्षस्थ नेताहरूद्वारा शान्तिपूर्ण संयुक्त जनआन्दोलनको उद्घोष गरिएको दिन ०६० साल वैशाख २१ गते नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा गरिएको आह्वानमा 'जनआन्दोलनले प्रतिगमनलाई पराजित गरी जनताका अपहरित अधिकार स्थापित गर्ने, सरकार-माओवादी वार्तालाई देश र जनताका हितमा सफल र परिणाममुखी बनाउँदै देशलाई अग्रगमनतर्फ डोऱ्याउने र आन्दोलनले सेनालाई संसद्को अधीनमा ल्याउनेलगायतका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा देशलाई अग्रगामी दिशा प्रदान गर्दै जनताको सार्वभौमसत्ता पूर्ण रूपले स्थापित गर्ने' कुरा उल्लेख छ ।

प्रतिगामी षड्यन्त्रहरूलाई चिर्दै उपरोक्त उद्देश्यहरू प्राप्तिका निम्ति सुरु गरिएको शान्तिपूर्ण संयुक्त जनआन्दोलन जारी छ। संयुक्त जनआन्दोलन अहिले पाँचौं चरणमा अघि बढिरहेको छ। संयुक्त जनआन्दोलनले एकपछि अर्को गर्दै व्यापक जनताको समर्थन र सहभागिता प्राप्त गर्दै गइरहेको छ। प्रशासनिक दमन, हस्तक्षेप र आन्दोलनकारीहरूमाथि गरिएको अमानवीय एवम् कायरतापूर्ण साङ्घातिक आक्रमण र यातनाका बाबजुद आन्दोलनले लाखौंलाख जनतालाई प्रेरित गरेको छ। संयुक्त जनआन्दोलनको दबाबबाटै विगतको कठपुतली लोकेन्द्रबहादुर चन्दको सरकारले राजीनामा गरेको तथ्य पनि आफैँमा स्पष्ट छ। राजीनामापछि राजासँगको भेटघाटमा संयुक्त जनआन्दोलनमा सहभागी राजनीतिक दलका प्रमुखहरूले 'संयुक्त जनआन्दोलनका सहभागी राजनीतिक दलहरूको सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्रीको सिफारिसमा सर्वदलीय मन्त्रिपरिषद् गठन गरी प्रतिनिधिसभाको पुनःस्थापना, माओवादीसम्बन्धी समस्याको समाधानमा सफलता र देशलाई समग्रमा अग्रगामी दिशामा अघि बढाउने' विषयहरू प्रस्ट र एकमतका साथ प्रस्तुत गर्नुभएको थियो । तर, ०५६ को तेस्रो प्रतिनिधिसभाको आमनिर्वाचनमा ८० प्रतिशतभन्दा बढी मत प्राप्त गरेका संयुक्त जनआन्दोलनका राजनीतिक दलहरूको उक्त परामर्श र सिफारिसलाई पन्छाएर राजाले आफ्नै निगाह र स्वेच्छामा निर्देशनसहित प्रधानमन्त्री नियुक्ति गरेर संवैधानिक राजतन्त्रको मूल्य, मान्यता र आदर्शविपरीत कार्य गरेका छन् । यसबाट आज पुनः राजाको निगाहबाट सरकार गठन हुने र शासन सञ्चालन हुने सक्रिय राजतन्त्रको परिपाटी सुरु भएको देखिएको छ । त्यसैले सूर्यबहादुर थापालाई प्रधानमन्त्री पदमा गरिएको स्वेच्छाचारी नियुक्तिलाई षड्यन्त्र र प्रतिगमनको निरन्तरता मानी आन्दोलनरत हामी पाँच राजनीतिक दलहरूले संयुक्त जनआन्दोलनलाई अझ सशक्त पार्दै लगातार अगाडि बढाउने प्रण नेपाली जनतासामु गरेका छौं । हाम्रो आन्दोलन प्रतिगमनलाई पूर्ण रूपले परास्त गरी अग्रगामी राजनीतिक निकास ननिस्कुन्जेल जारी रहनेछ ।

नेपाली जनतामा निहित हुनुपर्ने सार्वभौमसत्ता र राजकीयसत्ता अहिले पनि अपहरित अवस्थामा छ। नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनताले प्रयोग गर्ने हो वा राजाले आफ्नो ढङ्गले स्वेच्छाले प्रयोग गर्ने भन्ने सवाल नै आजको प्रमुख सवाल हो। अर्को शब्दमा देशको शासन सञ्चालन आफ्ना प्रतिनिधिमार्फत जनताले गर्ने हो वा स्वेच्छामा राजाले गर्ने हो भन्ने आजको प्रमुख सवाल बन्न पुगेको छ। तसर्थ, प्रतिगमनलाई सदाका लागि अन्त्य गरी जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको बहाली गर्दै देशलाई अग्रगमनतर्फ डोऱ्याउनुबाहेक अर्को विकल्प छैन । यसो गरेर नै जनताको सार्वभौमसत्ता पूर्ण रूपले स्थापित गर्न सकिन्छ। अग्रगमनका सम्बन्धमा संयुक्त जनआन्दोलनमा सहभागी राजनीतिक दलहरूले आ-आफ्ना विस्तृत र महत्त्वपूर्ण प्रस्तावहरू अगाडि सारेका छन्। देशलाई तत्कालिक सङ्कटबाट मुक्त गर्ने अग्रगामी राजनीतिक निकासको प्रक्रियाका सम्बन्धमा छलफल जारी छ। राजनीतिक दलहरूद्वारा हालसम्म प्रस्तुत अग्रगमनसम्बन्धी विभिन्न प्रस्तावहरूको गम्भीर अध्ययनपश्चात् देशमा उत्पन्न जटील राजनीतिक परिस्थिति, माओवादीसँग सम्बन्धित समस्या, आन्दोलनका दौरान व्यक्त नेपाली जनताका सुझाव एवम् देशलाई आर्थिक, सामाजिक र राजनीतिक रूपले अग्रगामी दिशा प्रदान गर्न हामी आफैँले विगतमा पटक-पटक व्यक्त गरेका प्रतिबद्धतासमेतलाई दृष्टिगत गरेर अग्रगामी सुधारसम्बन्धी साझा दृष्टिकोण र कार्यक्रमलाई निम्नबमोजिम प्रस्तुत गर्दछौं :

१. जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्तालाई सुस्पष्ट, प्रभावकारी र सुदृढ तुल्याइनेछ। जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्तालाई सुदृढ गर्न संवैधानिक, राजनीतिकलगायत राष्ट्रिय महत्त्वका विषयहरूमा संसद्को निर्णयद्वारा जनमतसङ्ग्रह गर्न सकिने संवैधानिक व्यवस्था गरिनेछ ।

२. राजालाई पूर्णरूपमा संवैधानिक बनाउँदै राजसंस्थालाई पारदर्शी बनाइनेछ। यसक्रममा निम्न कार्य गरिनेछ :

२.१ श्री ५ को स्वविवेकमा कुनै पनि ऐन बन्ने व्यवस्था अन्त्य गर्ने,

२.२ राजदरबारको सम्पूर्ण व्यवस्थापन र राजप्रासाद सेवा राजदरबारसम्बन्धी मन्त्रालयको जिम्मा रहने व्यवस्था गर्ने,

२.३ श्री ५ बाट स्वविवेक प्रयोग गर्ने विद्यमान अवस्थाको अन्त्य गर्ने,

२.४ राजाको सम्पत्ति नियमित रूपमा सार्वजनिक गर्ने पद्धति निर्माण गर्ने,

२.५ श्री ५ को पदवी महाराजाधिराज, बडामहारानी र युवराजाधिराजले मात्र प्रयोग गर्न पाउने व्यवस्था गर्ने। त्यसपश्चात् मर्यादाक्रममा प्रधानमन्त्री रहने व्यवस्था गर्ने, र

२.६ राजपरिषद्को व्यवस्था खारेज गर्ने।

३. प्रजातान्त्रिक मान्यताअनुरूप नेपालको सेनालाई राष्ट्रिय स्वरूप प्रदान गरिनेछ र यो देश तथा जनताप्रति वफादार हुनेछ। नेपालको सेना संसद्प्रति उत्तरदायी जननिर्वाचित सरकारअन्तर्गत रहने व्यवस्था गरिनेछ।

४. वर्तमान राष्ट्रिय गानको सट्टामा राष्ट्रिय स्वाभिमान, एकता र देशप्रेमको भावनालाई प्रतिविम्बित गर्ने नयाँ राष्ट्रिय गानको व्यवस्था गरिनेछ।

५. नेपाली जनतामा निहित सार्वभौमसत्तालाई पूर्णतः स्थापित गर्न संसद्लाई थप सशक्त र प्रभावकारी बनाइनेछ। प्रधानमन्त्रीले प्रतिनिधिसभाको विघटन गरेकोमा नयाँ निर्वाचन हुन नसकेको अवस्थामा विघटित प्रतिनिधिसभाले नै निरन्तरता पाउने व्यवस्था गरिनेछ। निर्वाचन पद्धतिमा रहेको त्रुटिलाई सच्याउँदै निष्पक्ष एवम् धाँधलीरहित निर्वाचनलाई सुनिश्चित गर्न र महिला, दलित एवम् पछाडि परेका क्षेत्र तथा समुदायको प्रतिनिधित्वलाई वृद्धि गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजनीतिक दलहरूको संगठनात्मक प्रक्रिया र आर्थिक गतिविधिलाई प्रजातान्त्रिक र पारदर्शी बनाइनेछ। संवैधानिक नियुक्तिहरूको हकमा संसदीय सुनुवाइको व्यवस्था गरिनेछ।

६. माओवादीसम्बन्धी समस्यालाई राजनीतिक रूपबाट समाधान गर्न वार्तामार्फत राष्ट्रिय सहमतिअनुरूप अग्रगामी राजनीतिक निकासका आधारमा वार्तालाई सफल एवम् परिणाममुखी बनाइनेछ र देशमा दिगो शान्ति कायम गरिनेछ। साथै, मुलुकमा केही वर्षदेखि जारी यस्तो समस्याबाट उत्पन्न द्वन्द्वका क्रममा दुवै पक्षबाट मारिएका र पीडित बनाइएका निर्दोष व्यक्ति र परिवारलाई राहत, क्षतिपूर्ति र पुनःस्थापनाको व्यवस्था गरिनेछ।

७. राष्ट्रियसभाको पुनः संरचना गर्दै यसलाई जाति, जनजाति, दलित, महिला तथा राष्ट्रिय जीवनका ख्यातिप्राप्त व्यक्तिहरू समाविष्ट सदन बनाइनेछ।

८. मुलुकको परराष्ट्र सम्बन्धलाई संयुक्त राष्ट्रसङ्घको बडापत्र र असंलग्न नीतिअनुरूप देश तथा जनताको हितमा सञ्चालन गरिनेछ।

९. केन्द्रीकरणले गर्दा उत्पन्न समस्याको समाधानका लागि आवश्यकता र औचित्यका आधारमा शासन प्रणालीमा सुधार गर्दै विकेन्द्रीकरण र स्वायत्तताको भावनाअनुरूप स्थानीय निकायलाई साधनस्रोत र अधिकारसम्पन्न बनाउने गरी संवैधानिक व्यवस्था गरिनेछ।

१०. नागरिकतासम्बन्धी समस्याले देश आक्रान्त छ। अझ विशेष गरी तराई क्षेत्रमा धेरै ठूलो सङ्ख्यामा नेपाली जनता नागरिकताबाट वञ्चित छन्। यो समस्यालाई संवैधानिकलगायत सम्भव सबै उपाय अपनाउँदै राष्ट्रिय सहमतिअनुरूप एउटा आधार वर्ष तय गरी समाधान गरिनेछ।

११. महिलाविरुद्धका आर्थिक, सामाजिक, राजनीतिक र कानुनीलगायत सबैखाले विभेदहरूलाई समाप्त गरिनेछ। महिला विकास, समानता र अवसरको सिर्जनाका लागि विशेष कानुन र विशेष कार्यक्रमको निर्माण गरी कार्यान्वयन गरिनेछ। प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक दलले दिने महिला उम्मेदवारीको सङ्ख्या र स्थानीय निकायमा महिलाहरूको प्रतिनिधित्वलाई क्रमशः बढाउँदै ३३ प्रतिशत पुऱ्याइनेछ।

१२. राज्यले कुनै पनि धर्मलाई विशेष संरक्षण प्रदान गर्नेछैन। धर्म, भाषा र संस्कृतिको क्षेत्रमा रहेका सबै खाले भेदभावलाई समाप्त गरिनेछ। सबै जाति, जनजातिका धर्म, भाषा र संस्कृतिको संरक्षण सम्बर्द्धन तथा विकासका लागि विशेष नीति अवलम्बन गरिनेछ। सबै जातिका नेपालीलाई बिनाभेदभाव समान अवसर र सबै क्षेत्रमा समान पहुँचको नीति अवलम्बन गर्दै पिछडिएको वर्ग, समुदाय र क्षेत्रको आर्थिक-सामाजिक उत्थानका लागि विशेष कानुन तथा कार्यक्रमको निर्माण गरी लागू गरिनेछ। यसक्रममा अति पिछडिएका जाति-जनजातिको उत्थानका लागि विशेष ध्यान दिइनेछ।

१३. दलित उत्पीडितहरूको उत्थानका लागि विशेष व्यवस्था गरिनेछ। छुवाछूतलाई अक्षम्य र कडा दण्डनीय अपराधका रूपमा लिंदै तत्सम्बन्धी प्रभावकारी कानुनको निर्माण गरिनेछ।

१४. जाति, क्षेत्र, समुदाय, भाषा, संस्कृति र धर्मका आधारमा हुने सम्पूर्ण विभेदहरूलाई अन्त्य गरिनेछ।

१५. कर्णालीलगायत दुर्गम क्षेत्रको विकासका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१६. गरिबीको रेखामुनि रहेका जनताको पहिचान गर्दै तिनको उत्थानका लागि योजनाबद्ध रूपमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। बेरोजगारी समस्याको समाधानका लागि विशेष कार्यक्रमको तर्जुमा गरी लागू गरिनेछ। जग्गाविहीनको पहिचान गर्दै उनीहरूको संरक्षणका लागि उपयुक्त व्यवस्था गरिनेछ। साना किसानहरूको हितका निम्ति विशेष कार्यक्रम बनाई लागू गरिनेछ। कमैया, औद्योगिक तथा कृषि मजदुर, भूमिहीन किसान र हरूवाचरूवाको आर्थिक, सामाजिक उत्थानका लागि ठोस कार्यक्रम बनाई लागू गरिनेछ।

१७. प्रशासनलाई स्वच्छ, पादरदर्शी एवम् जनमुखी बनाइनेछ। सुशासनको प्रत्याभूति दिन प्रशासन संयन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी प्रजातान्त्रीकरण र व्यवसायीकरण गरिनेछ।

१८. भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गरिनेछ। यस सम्बन्धमा कसैलाई उन्मुक्ति दिइने छैन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी संवैधानिक तथा कानुनी संयन्त्रलाई सशक्त, प्रभावकारी र क्रियाशील बनाइनेछ।

**निष्कर्ष**

०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै देशलाई अग्रगामी दिशा प्रदान गर्न संयुक्त जनआन्दोलनका सहभागी राजनीतिक दलहरूको परामर्श र सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति र प्रधानमन्त्रीको सिफारिसमा सर्वदलीय सरकार गठन गरी प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभाको पुनःस्थापना गर्नु र नेकपा माओवादीसँगको शान्तिवार्तालाई सफल एवम् परिणाममुखी बनाउनु र राष्ट्रलाई समग्रमा अग्रगामी दिशामा बढाउनु शान्तिपूर्ण संयुक्त जनआन्दोलनको लक्ष्य हो । पुनःस्थापित प्रतिनिधिसभा र सर्वदलीय सरकारबाट चालिने कदमहरू अग्रगमनका लागि महत्त्वपूर्ण हुनेछन् भन्ने कुरा प्रस्ट छ । सरकार-माओवादी शान्तिवार्ताको निष्कर्षलाई प्रतिनिधिसभाको अनुमोदनले वैधानिकता प्रदान गर्नु र शान्तिवार्तालाई सफल र परिणाममुखी बनाउनु आजको राष्ट्रिय आवश्यकता भएको छ । प्रतिनिधिसभाबाट खोजिएका विकल्प र लिइएका निर्णहरूले ०४६ सालको जनआन्दोलनको उपलब्धिहरूको रक्षा गर्दै मुलुकलाई अग्रगामी निकास दिन सक्दछ भन्ने हाम्रो दृढ विश्वास छ । हामी मुलुकलाई सङ्कटमुक्त गर्न प्रतिनिधिसभामार्फत निर्णय गरिनुपर्ने उपयुक्त राजनीतिक निकाससम्बन्धी प्रक्रियालाई छिट्टै निश्चित निष्कर्षमा पुऱ्याउन प्रतिबद्ध छौँ । हामी मुलुक र जनताका हितमा अग्रगामी कार्यक्रम अगाडि बढाउँदा आइपर्ने जुनसुकै प्रकारका विघ्नबाधाहरूलाई पन्छाउँदै आपसी परामर्श र सहमतिको आधारमा अझ सशक्त र प्रभावकारी ढङ्गले अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौँ । आन्दोलनकारी दलहरूका तर्फबाट आज प्रस्तुत अग्रगामी सुधारसम्बन्धी साझा दृष्टिकोण र कार्यक्रम उल्लेखित दिशातर्फको महत्त्वपूर्ण कदम हो भन्ने हाम्रो विश्वास छ ।

*(असार, ०६० मा पाँच दलद्वारा जारी दृष्टिकोण र कार्यक्रम)*

# राष्ट्रिय समस्या समाधानका लागि प्रस्ताव

देशमा बहुदलीय व्यवस्था स्थापना भइसकेपछि नेपाली समाजका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक र अन्य विभिन्न क्षेत्रमा गर्नुपर्ने सुधार र परिवर्तनका गम्भीर चुनौतीहरू हाम्रासामु थिए । विभिन्न कारणवश ती चुनौतीहरूको सामना गर्न नपाउँदै देशमा २०५२ साल (सन् १९९६) देखि नै नेकपा (माओवादी) को हिंसात्मक सङ्घर्ष अर्को चुनौतीका रूपमा देखापऱ्यो । लामो कालसम्म देशमा विद्यमान निरङ्कुश तानाशाही शासनले सिर्जना गरेका शोषण, उत्पीडन, गरिबी, बेरोजगारी, सामाजिक भेदभाव र अपमान तथा सांस्कृतिक-भाषिक भेदजस्ता आधारभूत समस्याहरू नै समाधान गर्न बाँकी रहेको पृष्ठभूमिमा नेकपा (माओवादी) को 'जनयुद्ध' सुरु भयो । त्यसलाई सुरुमै जुन गम्भीरताका साथ लिनु पर्दथ्यो र राजनीतिक ढङ्गले समाधान गर्न कोसिस हुनु पर्दथ्यो, त्यो हुन सकेन । माओवादीहरूले सुरु गरेको हिंसा र राज्यले त्यसका विरुद्ध चलाएको प्रतिहिंसा निरन्तर फैलिँदै गयो र जटिल बन्दै गयो । त्यसको परिणामस्वरूप मुलुक झन्-झन् गहिरो सङ्कटमा फस्दै आजको जस्तो विकराल अवस्थामा आइपुगेको छ ।

माओवादीहरूले सुरु गरेको हिंसात्मक विद्रोहको अन्त्यका लागि अहिलेसम्म दुईपटक युद्धविराम र तीनपटक वार्ताका अभ्यासहरूसमेत भए । यी दुवै अभ्यासमा राज्य वा त्यसलाई प्रतिनिधित्व गर्ने सरकारले परिस्थितिलाई गम्भीरतापूर्वक लिएको र वार्ताका निम्ति राम्रो गृहकार्य गरेको देखिएन तथा वार्ता प्रक्रियालाई वस्तुवादी किसिमले ठोस उद्देश्यका साथ राजनीतिक समाधानको दिशातिर अघि बढाएको पनि देखिएन । त्यसरी नै माओवादी पक्षबाट पनि इमानदारीपूर्वक वार्तालाई अघि बढाएर शान्तिपूर्ण राजनीतिको मार्गमा आउन चाहेको देखिएन । यसरी राज्य र माओवादी दुवैका तर्फबाट शान्ति स्थापना गर्ने कामको महत्त्वलाई गम्भीरतापूर्वक लिएको देखिएन । अझ शान्ति प्रक्रियालाई सिङ्गो राष्ट्रको प्रक्रियाका रूपमा र द्वन्द्वका सबै पात्रहरूको सरोकार र संलग्नता रहनुपर्ने विषयका रूपमा हेर्ने काम पनि दुवै तर्फबाट भएन । खासगरी पछिल्लोपटक माओवादीहरू वार्तामा आएका बेला धेरैमा शान्तिको आशा जागेको थियो र देशका सामु शान्ति स्थापनाका सम्भावनाहरू देखापरेका थिए । त्यो जनता र राष्ट्रका सामु एउटा महत्त्वपूर्ण औसर पनि थियो । तर, त्यसबेलाका असंवैधानिक र गैरजिम्मेवार सरकारहरूले उक्त औसरको सदुपयोग गर्न सकेनन् ।

देशमा हिंसा र प्रतिहिंसाको सिलसिला सुरु भएपछि अहिलेसम्म झन्डै १० हजार नेपाली नागरिकको ज्यान गइसकेको छ । त्यसमध्ये करिब ७० प्रतिशत निहत्था मानिसहरू छन् । त्यसमा पनि सबैभन्दा ठूलो सङ्ख्या

राजनीतिक कार्यकर्ताहरूको छ । सयौँ मानिसहरू बेपत्ता पारिएका छन् । फलस्वरूप जनजीवन अत्यन्त त्रसित बन्न पुगेको छ । १८ असोज ०५९ को शाही घोषणापछि देशको समग्र परिस्थिति झन् जटिल बनेको छ । अझ पछिल्लोपटक युद्धविराम भङ्ग भएपछि हिंसा र प्रतिहिंसा झन् तीव्र र व्यापक बनेको छ । यस क्रममा हजारौं मानिसहरू अङ्गभङ्ग भएका छन् । नेपाली जनता इतिहासमै सबभन्दा बढी असुरक्षाको महसुस गरिरहेका छन् । समस्त गाउँहरू आतङ्कग्रस्त बनेका छन् । यो युद्ध जति लम्बिँदैछ, त्यो आतङ्क गाउँमा मात्र होइन सहरमा पनि फैलिँदै गएको छ । लाखौं मानिसहरू विस्थापित भएका छन् र हजारौंको सङ्ख्यामा विदेशिन वाध्य भएका छन् । यो निरन्तर चर्कंदो हिंसा र प्रतिहिंसाले राष्ट्रिय उद्योगधन्दाहरू बन्द हुँदै गइरहेका छन् र देशको अर्थतन्त्र डामाडोल बनेको छ । राष्ट्रलाई अरबौं रुपियाँको क्षति भइसकेको छ । ग्रामीण क्षेत्रमा सरकारी सुरक्षा संस्थाहरू केही पनि छैनन् । ठूलो सङ्ख्यामा विद्यालयहरू बन्द भएका छन्, धेरै बालबालिकाहरूको भविष्य अन्धकार बनेको छ र स्वास्थ्य चौकीहरूसमेत बन्द गरिएका छन् । गाउँमा खाद्यान्न र औषधि जाने क्रम रोकिँदो छ तथा त्यहाँका जनता भोकभोकै र अकालमै मर्ने स्थिति उत्पन्न भएको छ । विद्युत् योजनाहरू, दूरसञ्चारका टावरहरू, गाविस भवनहरू र अनेकौं सार्वजनिक संरचनाहरू ठूलो सङ्ख्यामा ध्वस्त बनाइएका छन् । मानवअधिकारको गम्भीर रूपमा उल्लङ्घन भइरहेको छ । मुलुकले धान्नै नसक्ने गरी सुरक्षा खर्च बढ्दो छ । वर्तमान हिंसा र प्रतिहिंसा जारी रहने हो भने हाम्रो मुलुक एउटा असफल राज्यमा परिणत हुन बेर लाग्ने छैन । यो हिंसा र प्रतिहिंसामा कुनै पनि पक्षले तत्काल विजय प्राप्त गर्नसक्ने स्थिति छैन । यसप्रकारको युद्ध लम्बिएर गएमा वैदेशिक हस्तक्षेपको खतरासमेत उत्पन्न हुनसक्छ ।

मुलुकको यस्तो अवस्था कसैको पनि हितमा छैन । त्यसैले अहिलेको अवस्थामा आमजनता शान्ति चाहन्छन्, नागरिक समाज शान्ति चाहन्छ, सबै राजनीतिक पार्टीहरू पनि औचित्यपूर्ण शान्ति चाहन्छन् । राज्यको सुरक्षा पङ्क्तिमा शान्तिको चाहना नै देखिन्छ र माओवादी पङ्क्तिमा पनि शान्तिकै चाहना बढिरहेको देखिन्छ । तर, त्यो शान्ति खाली कल्पना र सदिच्छाले मात्र प्राप्त हुनसक्दैन । त्यसका निम्ति राष्ट्र र जनताका हितहरूलाई प्रतिनिधित्व गर्ने र अग्रगतिको अनुभूति हुने समाधान चाहिन्छ । त्यस्तो समाधानका लागि सम्बद्ध सबै पक्षले सामूहिक रूपमा जिम्मेवारीपूर्वक अघि बढ्नुपर्छ । यो नै राष्ट्रिय सहमतिको बाटो पनि हो । त्यसैले देशमा जारी हिंसात्मक द्वन्द्वलाई समाधान गर्न हामी सबैले नयाँ उचाइबाट सोच्नु अत्यन्त जरूरी भएको छ ।

आखिर त्यस्तो समाधानको विन्दु के हुनसक्छ ? अहिलेसम्म विभिन्न शक्ति र पक्षहरूले विभिन्न प्रकारका प्रस्तावहरू अघि सारेका छन् । तर, समस्याको समाधान हुनसकेको छैन । नेकपा (एमाले) ले यसअघि पनि एकपटक २२ बुँदे र अर्कोपटक ३५ बुँदे प्रस्ताव अघि सारेको थियो । ती प्रस्तावका आधारमा हामीले राष्ट्रिय सहमति कायम गर्दै समस्या समाधानका लागि अग्रगमनको साझा आधार तयार गर्ने प्रयत्न गरेका हौं । हामी ती प्रस्तावका राजनीतिक, आर्थिक र सामाजिक सुधार एवम् परिवर्तनका पक्षहरूमा अहिले पनि कायम नै छौं । ०४६ सालको जनआन्दोलनका उपलब्धिहरूको रक्षा र विकास गर्दै यथाशक्य संविधानमा व्यापक संशोधन र सुधार गरी अग्रगामी राजनीतिक मार्गमा अग्रसर हुने हाम्रो दृष्टिकोण हो । तर, देशको राजनीतिक वस्तुस्थिति जुन दिशामा अघि बढिरहेको छ र द्वन्द्वले जसरी व्यापक रूप लिँदै गइरहेको छ, यस्तो अवस्थामा समस्याको समाधान गर्न अझ उचाइबाट राष्ट्रिय सहमतिका आधारहरू खोज्नु अत्यन्त आवश्यक भएको छ । समग्रतामा भन्नुपर्दा सम्बद्ध सबै पक्षका सकारात्मक विचारहरूलाई प्रतिविम्बित गर्नसक्ने र मुलुकलाई अग्रगतितिर लाने कुराको प्रत्याभूति दिने मार्ग हामीले पहिल्याउनु पर्छ । यही कुरालाई हृदयङ्गम गर्दै नेकपा (एमाले) मुलुकमा शान्ति स्थापना गर्ने, प्रजातान्त्रिक संवैधानिक-प्रक्रियालाई बहाल गर्ने र मुलुकलाई राष्ट्रिय सहमतिका साथ अग्रगमनतिर लाने उच्च जिम्मेवारीको भावनाका साथ राष्ट्रका सामु निम्नबमोजिमको प्रस्ताव अघि सार्दछ :

१. वर्तमान मनोनीत सरकारलाई खारेज गर्नुपर्छ र विघटित संसद्मा रहेका राजनीतिक दलहरूको सहमति र सिफारिसमा प्रधानमन्त्री नियुक्त गरी सर्वदलीय सरकारको गठन गर्नुपर्दछ तथा प्रतिनिधिसभालाई कायम गर्ने दिशातिर अग्रसर हुनुपर्दछ ।

२. सरकार र माओवादी दुवै पक्षबाट युद्धविराम गरी वार्ताको वातावरण तयार गर्नुपर्छ । युद्धविरामको अवधिमा राज्य तथा माओवादीले पालना गर्नुपर्ने मानवअधिकार संहिता र आचारसंहितामा सहमति कायम गरी त्यसको पूर्ण कार्यान्वयनका लागि प्रतिबद्धता जाहेर गर्नुपर्छ ।

३. सर्वदलीय सरकारमा संलग्न दलहरूका बीच सहमतिका आधारमा मुलुकको विद्यमान स्थितिमा परिवर्तन ल्याउन अग्रगमनको विस्तृत कार्यक्रमसहित अघि बढ्नुपर्छ र त्यस कार्यक्रमका आधारमा सर्वदलीय सरकारले माओवादी पक्षसँग वार्ता गर्नुपर्दछ ।

४. अग्रगामी साझा कार्यक्रममा दलित, महिला, जनजाति, तराईका पिछडिएका जाति र समुदाय, दुर्गम क्षेत्र, गरिबीको रेखामुनि रहेका र बेरोजगारीबाट आक्रान्त समुदायको हक-हितको संरक्षण, विकेन्द्रित शासन प्रणाली, सुशासन, जनमुखी लोकतन्त्र, भ्रष्टाचार नियन्त्रण, दण्डहीनताको अन्त्य एवम् समाज र राज्यको व्यापक प्रजातान्त्रीकरण एवम् राष्ट्रियताको सुदृढीकरणजस्ता विषयहरू समावेश हुनुपर्दछ ।

५. माओवादीहरूसँग सहमति भएपछि सर्वदलीय सरकारको आयोजनामा माओवादीहरूसमेत सम्मिलित गोलमेच सम्मेलनको आयोजना गर्नुपर्दछ । त्यस गोलमेच सम्मेलनमा विघटित प्रतिनिधिसभामा रहेका राजनीतिक दलका प्रतिनिधिहरू, नेकपा (माओवादी) का प्रतिनिधिहरू र गोलमेचमा सहभागी हुने राजनीतिक दलहरूको सहमतिमा अन्य अत्यावश्यक निश्चित व्यक्तिहरूलाई पनि सामेल गर्न सकिनेछ । गोलमेच सम्मेलनबाट अग्रगमनको कार्यक्रम र कार्यविधि तय गर्नुपर्दछ । यही नै राष्ट्रिय सहमतिको आधार हुनुपर्छ ।

६. गोलमेच सम्मेलनमा सहमत कार्यक्रमको कार्यान्वयनका लागि संविधान संशोधन वा नयाँ निर्माण कुन प्रक्रियामा जाने भन्ने विषयमा सहमतिमा पुग्नुपर्दछ । संविधानको संशोधन वा नयाँ निर्माण जुनसुकै विकल्पमा जाने कुरामा सहमति भए पनि त्यसका लागि प्रतिनिधिसभाको निर्वाचनको माध्यमबाट ताजा जनादेश लिएर अगाडि बढ्नु पर्दछ । यसरी निर्वाचनको प्रक्रियामा जाने सहमति भएपछि नेकपा (माओवादी) सहित सम्बद्ध सबै पक्ष सम्मिलित अन्तरिम सरकारको गठन गर्नुपर्दछ ।

७. प्रतिनिधिसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुव्यवस्थित रूपमा सञ्चालन गर्न तथा जनताले भय र त्रासमुक्त वातावरणमा मताधिकारको प्रयोग गर्ने कुरा सुनिश्चित गर्न संयुक्त राष्ट्रसङ्घको संलग्नता र सहयोगका लागि आग्रह गर्नुपर्दछ । निर्वाचनको अवधिमा शान्तिसुरक्षाको व्यवस्था संयुक्त राष्ट्रसङ्घका स्थापित मान्यता र प्रक्रियाअनुरूप हुनुपर्छ ।

८. निर्वाचित प्रतिनिधिसभाले गोलमेच सम्मेलनको निष्कर्षअनुरूप संविधानको संशोधन गर्नुपर्छ वा नयाँ संविधान निर्माणका लागि संविधान आयोगको गठन गर्नुपर्छ । नयाँ संविधान निर्माण गर्नुपर्ने अवस्थामा सो कार्य गर्न संविधानमा संशोधन गरी संविधान आयोगको गठन गर्नसकिनेलगायतका आवश्यक प्रावधानहरू राखिनुपर्छ । सोहीअनुरूप नयाँ संविधानको निर्माणका लागि संविधान आयोगको गठन गरिनुपर्दछ र संविधान आयोगले निर्धारित समयमा प्रतिनिधिसभामा संविधानको मस्यौदा प्रस्तुत गर्नुपर्छ । सो मस्यौदालाई यथासम्भव सर्वसम्मतिले र यसो हुन नसके दुईतिहाइ बहुमतले पारित गर्नुपर्छ। यसरी पारित नयाँ संविधानको विधिवत् घोषणा भएपछि नेपाल अधिराज्यको संविधान-०४७ खारेज गर्नुपर्छ ।

९. नयाँ संविधान घोषणा भई लागू भएपश्चात् गठित सरकारले नेकपा (माओवादी) का सशस्त्र लडाकूहरूलाई व्यवस्थित गर्नुपर्छ। यसका साथै सशस्त्र द्वन्द्वका कारण विस्थापित जनताको पुनःस्थापन तथा ध्वस्त भौतिक संरचनाहरूको पुनःनिर्माणको कार्य गर्नुपर्छ ।

देशको समग्र परिस्थितिलाई हेर्दा उपर्युक्त बाटो नै यतिबेला देशमा शान्ति स्थापना गर्ने र मुलुकलाई प्रजातन्त्र तथा विकासतर्फ अग्रसर पार्ने साझा बाटो हुनसक्छ । यो बाटोबाट अघि बढ्दा सबैको हित हुने कुरा निश्चित छ । यस बाटोमा अघि बढ्न सबै पक्षमा गहिरो सुझबुझ, समझदारी र आपसी विश्वासको आवश्यकता छ । अतः राष्ट्रिय स्वतन्त्रता, प्रजातन्त्र, विकास र समृद्धिको मार्गतिर अग्रसर हुनका निम्ति नेकपा (एमाले) राजा, माओवादीलगायत देशका सबै राजनीतिक पार्टी, प्रजातान्त्रिक व्यक्ति, नागरिक समाज र आमजनसमुदायलाई शान्तिको मार्गतिर अग्रसर हुन हार्दिक आह्वान गर्दै यो प्रस्ताव प्रस्तुत गर्दछ ।

*– २६ पुस २०६०*

# राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धता

देश र जनता यतिबेला गम्भीर सङ्कटबाट गुज्रिनुपरिरहेको कुरा सबैलाई विदितै छ। मुलुकमा बहुदलीय प्रजातन्त्र स्थापना भएको पाँच वर्ष नपुग्दै नेकपा (माओवादी) ले सुरु गरेको सशस्त्र द्वन्द्वले जन्माएको हिंसा र प्रतिहिंसाका क्रममा अहिलेसम्म १२ हजारभन्दा बढी नेपाली नागरिकहरूको ज्यान गइसकेको छ, सयौँ मानिसहरू बेपत्ता भएका छन्, हजारौँ मानिसहरू अपाङ्ग बनेका छन् र लाखौँको सङ्ख्यामा विस्थापित छन्। यो समस्याको राजनीतिक समाधान पहिल्याउनुपर्ने आवश्यकता विपरीत माघ १९, २०६१ मा राजाबाट बलात् शाही घोषणामार्फत प्रत्यक्ष रूपमा सम्पूर्ण सत्ता आफ्नो हातमा लिने काम भयो। त्यसपछि मुलुकको स्थिति झन् द्वन्द्वग्रस्त र जटिल बन्दै गएको छ। देश राजनीतिक रूपमा झन् बढी विभाजित हुँदै गएको छ। जनताका मौलिक हकहरू निलम्बित गरिएका छन्, राजनीतिक दलका नेता र कार्यकर्ताहरू, सञ्चारकर्मीहरू, मानवअधिकारवादीहरू र प्रजातन्त्रको पक्षमा आवाज उठाउनेहरू बन्दी बनाइएका छन्। भ्रष्टाचार नियन्त्रण गर्ने नाममा असंवैधानिक तबरले शाही आयोग गठन गरी राजनीतिक नेता, कार्यकर्तासमेतको तेजोबध गरिने क्रम सुरु भएको छ। प्रेस स्वतन्त्रतामाथि अङ्कुश लगाइएको छ। नेपाली नागरिकहरू राज्यको अवाञ्छित दबाब र बन्देजबाट पीडित पारिएका छन्। यही कारणले गर्दा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र प्रतिष्ठामा समेत गम्भीर क्षति पुग्न गएको छ। मुलुकमा लगाइएका सङ्कटकाल हाल आएर हटाउन बाध्य भए पनि देशको समग्र स्थितिमा कुनै सुधार भएको छैन।

१८ असोज ०५९ को असंवैधानिक र प्रतिगामी शाही घोषणाका विरुद्ध राजनीतिक दलहरू, पेसागत सङ्घसंस्थाहरू, नागरिक समाज र नेपाली जनता आ-आफ्ना ढङ्गले आन्दोलित रहँदै आएका थिए।

माघ १९, ०६१ को शाही घोषणा राजाद्वारा निरङ्कुश रूपमा प्रत्यक्ष शासन चलाउन गरिएको घोर अप्रजातान्त्रिक, असंवैधानिक र प्रतिगामी कदम हो। यसका विरुद्ध सात राजनीतिक दल शान्तिपूर्ण, संयुक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भएका छौँ। यसै पृष्ठभूमिमा हामी राजनीतिक दलहरू पूर्ण प्रजातन्त्र एवम् दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति गर्दै देशलाई अग्रगमनतर्फ डोऱ्याउन निम्नबमोजिमको साझा सहमति र प्रतिबद्धताका आधारमा एकताबद्ध भएको घोषणा गर्दछौँ।

**विगतको संक्षिप्त मूल्याङ्कन**

०४६ सालको संयुक्त जनआन्दोलनले मुलुकमा ऐतिहासिक परिवर्तन ल्याएको थियो। त्यसले देशमा प्रजातान्त्रिक र राष्ट्रिय विकासको प्रक्रियालाई एउटा नयाँ उचाइमा उठाएको थियो। देशमा लोकतान्त्रिक अभ्यासलाई अघि बढाउने, कानुनी राज्यको अवधारणा र विकेन्द्रीकरणको प्रक्रियालाई विस्तार गर्दै लाने, साधनको बाँडफाँट गर्ने परिपाटीमा परिवर्तन ल्याउने, विकासको भौतिक पूर्वाधारहरू निर्माण गर्ने र शिक्षा, स्वास्थ्य, सञ्चार, बिजुली र खानेपानीको विकास र विस्तार गर्ने क्षेत्रमा उल्लेखनीय प्रगति भएका छन्। त्यति हुँदाहुँदै पनि महिला, जनजाति, दलित, मधेसी समुदाय, पिछडिएका क्षेत्र, गरिब र विपन्न वर्गलाई परिवर्तनको व्यापक अनुभूति दिलाउने गरी प्रजातन्त्रलाई अझ गहिरो, व्यापक, उन्नत र समावेशी बनाउने तथा सामाजिक-आर्थिक रूपान्तरण गर्ने दिशामा कमी-कमजोरी रहन गए। यस अवधिमा संसद्द्वारा सुशासन र भ्रष्टाचार नियन्त्रणका दिशामा संस्थागत व्यवस्था गरियो तर पनि भ्रष्टाचारको समस्या हाम्रो समाजमा विद्यमान रह्यो। हिंसात्मक द्वन्द्वको व्यवस्थापन गर्ने र प्रतिगमनको खतरालाई समयमै महसुस गरेर त्यसका विरुद्ध सजग र सतर्क हुनुपर्ने कुरामा पनि कमी-कमजोरीहरू रहन गए।

आ-आफ्ना कमी-कमजोरीप्रति आत्मालोचित हुने र तिनीहरूलाई फेरि दोहोरिन नदिने सङ्कल्प गरी ०४६ सालको आन्दोलन तथा प्रजातन्त्र पुनःस्थापनापछिका वर्षहरूको उपलब्धिहरूको रक्षा गर्दै हामी प्रजातन्त्र र राष्ट्रिय विकासको प्रक्रियालाई अझ उन्नत बनाउन संयुक्त प्रयासलाई अघि बढाउने प्रतिबद्धता प्रकट गर्दछौँ।

**१. अतिवाद होइन, प्रजातान्त्रिक मार्गको अवलम्बन**

यतिबेला नेपाली जनता र राष्ट्र राजाको प्रत्यक्ष शासनबाट सुरु गरिएको दक्षिणपन्थी अतिवाद र नेकपा (माओवादी) ले सञ्चालन गरिरहेको उग्रवामपन्थी अतिवादबाट आक्रान्त बनेका छन्। यी दुवै अतिवादबाट मुलुकलाई मुक्त गरी संवैधानिक र जनप्रतिनिधिमूलक शासन र प्रजातान्त्रिक मार्गतर्फ नलगुन्जेल देश र जनताको कुनै पनि समस्याहरू समाधान गर्न सकिन्न। प्रजातन्त्र र जनप्रतिनिधिमूलक शासन नै राष्ट्रिय राजनीतिमा कार्यरत सबै शक्तिहरूबीचको राष्ट्रिय सहमतिको मूल आधार हो।

**२. राजाको निरङ्कुश शासनको अन्त्य : आजको आवश्यकता**

राजाको प्रत्यक्ष शासनले संविधान र संसद्को सर्वोच्चता र जनअधिकारलाई लत्याएर देशलाई निरङ्कुशतातर्फ डोऱ्याएको छ। एक्काइसौँ शताब्दीको नेपालमा पनि निरङ्कुशताको पुरातन र बर्बर प्रयोग हुनुले नेपाल र नेपाली जनताको राष्ट्रिय प्रतिष्ठालाई विश्व जनमतका सामु गम्भीर रूपमा क्षति पुऱ्याएको छ। त्यसैले मुलुकलाई संवैधानिक र प्रजातान्त्रिक राजनीतिक मार्गतर्फ उन्मुख गराउन सर्वप्रथम सम्पूर्ण राजनीतिक बन्दीहरूको रिहाइ, मौलिक हक तथा प्रेस स्वतन्त्रताको बहाली र सम्पूर्ण राजनीतिक दलहरूलाई निर्वाध रूपले क्रियाशील हुने उन्मुक्त वातावरणको निर्माण र

निरङ्कुश शासनको अन्त गरी संविधानलाई क्रियाशील बनाउने र जनप्रतिनिधि शासनको बहाली गर्दै अग्रगामी दिशातर्फ अघि बढ्नुपर्दछ ।

मुलुकको शासनाधिकार जनतामा रहनुपर्दछ र जनप्रतिनिधि संस्था क्रियाशील नरहेको अवस्थामा नेपालको समग्र परिवर्तन र विकासमा ऐतिहासिक भूमिका पूरा गरेका र जनअनुमोदित राजनीतिक दलहरू नै जनताका प्रतिनिधि हुन् भन्ने वास्तविकतालाई स्वीकार गरिनुपर्दछ । वर्तमान परिस्थितिमा जनताको शासनाधिकारको माग गर्ने राजनीतिक दलहरूको यो सहमति र प्रतिबद्धताले जनताको अधिकार र आकाङ्क्षालाई प्रतिनिधित्व गर्दछ ।

**३. जनप्रतिनिधि शासनका लागि प्रतिनिधिसभाको पुनःस्थापना**

देश जनप्रतिनिधिविहीन भएको मौका पारेर अहिले निरङ्कुशता थोपरिएको छ। राजाको प्रत्यक्ष शासनले समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको छ। यसका साथै विद्यमान असुरक्षाको भयावह स्थितिमा जनप्रतिनिधिहरूको स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन हुनसक्ने अवस्था छैन । यस्तो स्थितिबाट मुलुकलाई मुक्त गरी संविधानलाई पूर्ण रूपमा क्रियाशील गराउन, अवरुद्ध भएको प्रजातान्त्रिक एवम् विकास प्रक्रियालाई गतिशील बनाउन, हिंसात्मक द्वन्द्वलाई व्यवस्थापन गर्दै स्थायी शान्ति स्थापित गर्न तथा मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अग्रगमनतर्फ लैजाने जस्ता उद्देश्य प्राप्तिका लागि संसद्को उपस्थिति र क्रियाशीलता अपरिहार्य भएकाले विघटित प्रतिनिधिसभाको पुनःस्थापना अहिले देशको साझा माग र अनिवार्य आवश्यकता भएको छ भन्ने कुराप्रति हामी प्रतिबद्धता व्यक्त गर्दछौँ ।

**४. राष्ट्रिय सङ्कट समाधानका निम्ति केही प्रमुख कार्यसूची**

मुलुकको विद्यमान सङ्कट समाधान गर्ने दिशामा पुनःस्थापित संसद्ले राजनीतिक दल र नागरिक समाजको व्यापक शक्ति र समर्थन प्राप्त गर्दै निम्नबमोजिमका कार्य सम्पादन गर्नेछ :

(क) **संसद्प्रति उत्तरदायी सरकार** : मुलुकमा विद्यमान सबैखाले द्वन्द्वको समाधान गर्न, राजनीतिक स्थायित्व र अग्रगामी परिवर्तनलाई अघि बढाउन पुनःस्थापित प्रतिनिधिसभाद्वारा संसद्प्रति उत्तरदायी व्यापक सहमतिको सर्वदलीय सरकारको गठन गरिनेछ ।

(ख) **हिंसात्मक द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना** : माओवादी सशस्त्र द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना अहिलेको एउटा प्रमुख राष्ट्रिय आवश्यकता हो । अग्रगामी राजनीतिक निकासद्वारा जनतालाई पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउँदै हिंसात्मक द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना नै संसद् र सर्वदलीय सरकारको मूल एजेन्डा हुनेछ। मुलुकका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रश्नहरूको समाधानका लागि प्रजातान्त्रिक निकासको साझा प्रस्ताव निर्माण गरी माओवादीलाई शान्तिपूर्ण प्रक्रियामा सरिक हुन आवश्यक वातावरण सिर्जना गरिनेछ। यस सन्दर्भमा मानवअधिकार आचारसंहिताको निर्माण गरी द्वन्द्वरत सबै पक्ष सहमत हुने र शान्ति प्रक्रियामा क्रियाशील सबै जिम्मेवार राजनीतिक दल र नागरिक समाजले सकारात्मक योगदान गर्न सक्ने वातावरण तयार गरिनेछ ।

(ग) **अग्रगमनको कार्यक्रमसम्बन्धी प्रतिबद्धता** : प्रजातान्त्रिक प्रक्रियामा अघि बढ्दा वा द्वन्द्व व्यवस्थापन र दिगो शान्तिका लागि राजनीतिक समझदारी र प्रबन्धमा जाँदा जनतामा निहित सार्वभौमसत्ता, जनता नै राजकीय शक्तिको स्रोत रहने मान्यताको अक्षुण्णता, बहुदलीय संसदीय शासन प्रणाली, हिंसा एवम् त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन तथा न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षता कहिल्यै अपहरित नहुने गरी पूर्णतः सुनिश्चित गरिनेछ । यसका साथै राष्ट्रिय महत्त्वका विषयमा जनमतसङ्ग्रहको प्रावधान, सेना जननिर्वाचित सरकारप्रति जवाफदेही हुने व्यवस्था, राज्यको पुनःसंरचना गरी यसलाई थप सहभागितामूलक, प्रतिनिधिमूलक र मुलुकका सामाजिक, सांस्कृतिक, भौगोलिक, जातीय र भाषिक सुनिश्चितता, पूर्ण रूपले पारदर्शी आर्थिक प्रशासनको स्थापना, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, पिछडिएका जनजाति, मधेसी समुदाय, पिछडिएका क्षेत्र र जनताका निम्ति न्यायपूर्ण आरक्षणको व्यवस्था, उपयुक्त आधार वर्ष तय गरी नागरिकता समस्याको समाधान, समानुपातिक विकासको अवधारणा, प्रगतिशील भूमिसुधार, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य सुलभ र समुचित बन्दोबस्त, राजनीतिक दलहरूको पारदर्शी, प्रजातान्त्रिक एवम् उत्तरदायित्वपूर्ण सञ्चालनलगायतका विषयहरू पनि भावी संवैधानिक संरचनाका विषय बनाउने कुराप्रति हामी प्रतिबद्धता प्रकट गर्दछौँ ।

(घ) **संविधानसम्बन्धी प्रश्नको निरूपण** : नेपाल अधिराज्यको संविधान ०४७ ले जनतालाई राज्यशक्तिको स्रोत मान्नुका साथै सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा नै निहित रहेको तथा तिनको प्रयोग संविधानबमोजिम हुने व्यवस्था गरेको छ। ०४६ सालको आन्दोलनको यो मूल उपलब्धि कुनै पनि बहानामा नखोसिने गरी जनतालाई थप सबल तथा पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउन र देशलाई अग्रगमनतर्फ लैजान ठोस आधार तय गर्ने प्रतिबद्धता प्रकट गर्दछौँ ।

मुलुकका सबै राजनीतिक शक्तिहरूलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउनका लागि अग्रगमनको साझा कार्यक्रमका आधारमा संविधानसम्बन्धी प्रश्नको निरूपण गरिनुपर्दछ। मुलुकमा विद्यमान सबै द्वन्द्वलाई समाधान गर्न संविधानसभालगायत सबै प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तयार रहने प्रतिबद्धता व्यक्त गर्दछौँ।

(५) **अग्रगमनको आधार : नेपाल अधिराज्यको संविधान ०४७ :** नेपाल अधिराज्यको संविधान ०४७ लाई आधार मानी मुलुकको राजनीतिक सङ्कटको निकास र अग्रगमनतर्फ अघि बढ्ने प्रतिबद्धता प्रकट गर्दछौँ।

(६) **राष्ट्रिय निर्वाचनको आयोजना :** संवैधानिक प्रश्नको निरूपण गर्दै निश्चित अवधिभित्र राष्ट्रिय निर्वाचनको आयोजना गरिनेछ। यस्तो निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त र सुव्यवस्थित गर्न अन्तर्राष्ट्रिय अनुगमन र सहयोगसमेत सुनिश्चित गर्न सकिनेछ।

साझा सहमति र प्रतिबद्धताको यस प्रक्रियाबाट मुलुकको वर्तमान गम्भीर सङ्कटको निकास निस्कन सक्छ भन्ने हाम्रो विश्वास छ। यो प्रक्रियाबाट मुलुकको सङ्कट समाधान गरी पूर्ण प्रजातन्त्रको स्थापना गर्नु नै शान्तिपूर्ण जनआन्दोलनको लक्ष्य हो। यस्तो लक्ष्य लिएर संयुक्त जनआन्दोलनमा अघि बढेर मात्र निरङ्कुशतन्त्रलाई अन्त्य गर्न सकिनेछ। यो लक्ष्य प्राप्त गर्न हामी निम्नलिखित दलहरू आन्दोलनको साझा कार्यक्रम र आचारसंहिता निर्माण गरी शान्तिपूर्ण आन्दोलनका निम्ति प्रतिबद्ध भएको घोषणा गर्दछौँ।

*गिरिजाप्रसाद कोइराला, सभापति, नेपाली कांग्रेस*
*माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)*
*गोपालमान श्रेष्ठ, का.वा. सभापति, नेपाली कांग्रेस (प्र.)*
*चित्रबहादुर आले, का.वा. अध्यक्ष, जनमोर्चा नेपाल*
*नारायणमान बिजुक्छे, अध्यक्ष, नेपाल मजदुर किसान पार्टी*
*भरतविमल यादव, उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आ.)*
*सीपी मैनाली, अध्यक्ष, संयुक्त वाममोर्चा नेपाल*
**– २५ वैशाख, २०६२**

# विघटित तेस्रो प्रतिनिधिसभाको पुनःस्थापना गर्नुपर्दछ

**प्रस्ताव नं. १**

यो विशेष बैठक मुलुकमा थप निरंकुशता लाद्नका लागि आएको २०६१ माघ १९ गतेको शाही घोषणाको विरोध तथा भर्त्सना गर्दै निरंकुशतन्त्रको विरूद्ध पूर्ण प्रजातन्त्र तथा दिगो शान्ति स्थापनाका लागि आन्दोलनरत मुलुकका सातवटा प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपालद्वारा मिति ०६२ वैशाख २५ गते सार्वजनिक गरिएको 'राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा' लाई समर्थन तथा अनुमोदन गर्दछ।

**प्रस्ताव नं. २**

यो विशेष बैठक देश जनप्रतिनिधिविहीन भएको मौका पारेर राजाको प्रत्यक्ष शासनमार्फत थोपरिएको निरंकुशताले मुलुकको समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ। तसर्थ यो विशेष बैठक निरंकुशताको गम्भीर स्थिति र मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वका कारण उत्पन्न असुरक्षाका कारण जनप्रतिनिधिहरूको स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन हुनसक्ने अवस्था नभएकाले संविधानलाई पूर्ण रूपमा क्रियाशील बनाउँदै पूर्ण प्रजातन्त्र एवम् दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति र द्वन्द्वरत पक्षबीच वार्ता एवम् मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अग्रगमनतर्फ लैजाने आधार तयार गर्नका लागि विघटित तेस्रो प्रतिनिधिसभाको पुनःस्थापना गर्नुपर्दछ भन्ने ठहर गर्दछ।

**प्रस्ताव नं. ३**

यो विशेष बैठक राज्यशक्तिको स्रोत सार्वभौमसत्ता सम्पन्न नेपाली जनता हुन् भन्ने यथार्थमा जोड दिँदै जनादेश प्राप्त तेस्रो प्रतिनिधिसभाको पुनःस्थापनाबाट क्रियाशील हुने संसद् नै मुलुकमा देखिएका द्वन्द्व समाधानको प्रयोजनार्थ श्री ५, संवैधानिक राजनीतिक दलहरू र माओवादी पक्षसमेत सम्बन्धित सबैका लागि संवाद तथा सहमतिको प्रभावकारी र उपयुक्त थलो हो भन्ने कुरामा जोड दिन चाहन्छ। तसर्थ उल्लिखित आधारमा राष्ट्रिय संकट समाधानको निमित्त पुनःस्थापित संसद् वार्ता र सहमतिका लागि क्रियाशील हुनेछ र यसका लागि द्वन्द्वरत सबै पक्षलाई यो विशेष बैठक जोडदार आह्वान गर्दछ।

**प्रस्ताव नं. ४**

यो विशेष बैठक राष्ट्रिय संकट समाधानका लागि प्रतिनिधिसभाको पुनःस्थापना र नेपाल अधिराज्यको संविधान, ०४७ लाई प्रस्थानबिन्दु मान्दछ र प्रतिनिधिसभाको पुनःस्थापना भई क्रियाशील हुने संसद्मार्फत निरंकुशतन्त्रको अन्त्य, पूर्ण प्रजातन्त्र एवम् दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति तथा मुलुकलाई अग्रगमनतर्फ लैजाने प्रतिबद्धता व्यक्त गर्दछ। यसका लागि प्रतिनिधिसभाको पुनःस्थापनापश्चात् राजनीतिक निकासद्वारा जनतालाई पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउँदै वार्ता र सहमतिद्वारा

सशस्त्र हिंसात्मक द्वन्द्वको व्यवस्थापन एवम् दिगो शान्तिको स्थापनालाई मूल एजेन्डा बनाई संसद् तथा सर्वदलीय सरकारले काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

अग्रगमनको सन्दर्भमा जनतामा निहित सार्वभौमसत्ता, राज्यशक्तिको स्रोत जनतामा रहने मान्यता, बहुदलीय संसदीय शासन प्रणाली, हिंसा एवम् त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन तथा स्वतन्त्र न्यायपालिका, राष्ट्रिय महत्त्वको विषयमा जनमत संग्रहको प्रावधान, सेना जननिर्वाचित सरकारप्रति जवाफदेही हुने व्यवस्था, राज्य व्यवस्थासँग सम्बन्धित मामलाहरूमा सबै तह र तप्काका जनसमुदायहरूलाई निर्णय प्रक्रियामा सामेल गर्न राज्यको पुनःसंरचना गरी यसलाई थप सहभागितामूलक, प्रतिनिधिमूलक र मुलुकका सामाजिक, सांस्कृतिक, भौगोलिक, जातीय र भाषिक विविधता प्रतिविम्बित हुने गरी समावेशी बनाउने प्रबन्ध, स्थानीय स्वशासन र असल प्रशासनको सुनिश्चितता, पूर्ण रूपले पारदर्शी आर्थिक प्रशासनको स्थापना, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, जनजाति, मधेसी समुदाय, पिछडिएका क्षेत्र र जनताका निम्ति न्यायपूर्ण आरक्षणको व्यवस्था, उपयुक्त आधार वर्ष तय गरी नागरिकता समस्याको समाधान, समानुपातिक विकासको अवधारणा, प्रगतिशील भूमिसुधार, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य सेवाको सुलभ र समुचित बन्दोबस्त, मानवोचित एवम् न्यायपूर्ण जीविकोपार्जनको व्यवस्था, राजनीतिक दलहरूको पारदर्शी तथा प्रजातान्त्रिक एवम् उत्तरदायित्वपूर्ण सञ्चालन लगायतका विषयहरूलाई ठोस रूपमा सम्बोधन गरिनेछ भनी यो विशेष बैठक प्रतिबद्धता व्यक्त गर्दछ ।

०४६ सालको जनआन्दोलनको उपलब्धिको रक्षा गर्दै आवश्यक विषयहरूलाई संविधानमा समाहित गर्न र जनतालाई थप सबल तथा पूर्ण रूपले सार्वभौमसत्ता सम्पन्न बनाउन तथा देशलाई अग्रगमनतर्फ लैजान ठोस आधार तयार गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । यसका लागि मुलुकका सबै राजनीतिक शक्तिहरूलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन तथा मुलुकमा विद्यमान सबै द्वन्द्व समाधान गर्नका लागि अग्रगमनको साझा कार्यक्रमको आधारमा संविधानसभालगायत कुनै पनि सहमत प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तयार छौं भनी यो विशेष बैठक आफ्नो प्रतिबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ५**

यो विशेष बैठक प्रतिनिधिसभाको पुनःस्थापनापश्चात् प्रतिनिधिसभा सदस्यको हैसियतमा विघटित अवधिको पारिश्रमिक, भत्ता तथा सुविधाबापत कुनै पनि रकम लिने छैन भनी आफ्नो प्रतिबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ६**

यो विशेष बैठक भ्रष्टाचारविरुद्ध संविधानसम्मत तथा कानुनी शासनको अवधारणाबमोजिम सशक्त र प्रभावकारी अभियान सञ्चालन हुनुपर्छ भन्ने आफ्नो अविचलित मान्यतामा पुनः जोड दिँदै संविधानको धारा १२७ लगायतका प्रावधानहरूको विपरीत असंवैधानिक र प्राकृतिक न्याय सिद्धान्तको विरुद्ध स्थापित भई निरंकुश शाही कदमविरोधीहरूप्रति राजनीतिक दुराग्रहको आधारमा क्रियाशील देखिएको कथित भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई अविलम्ब खारेज गर्नुपर्छ भन्ने माग गर्दछ ।

**प्रस्ताव नं. ७**

यो विशेष बैठक स्वतन्त्र सञ्चार माध्यमहरू र सञ्चारकर्मीहरूमाथि भइरहेको दमन, आर्थिक नाकाबन्दी, एफएमहरूलाई समाचार प्रसारण गर्न लगाइएको बन्देज र कम्युनिकेसन कर्नर बन्द गर्न दिइएको आदेशको भर्त्सना गर्दै स्वतन्त्र प्रेसमाथि अझ कठोर स्वेच्छाचारी नियन्त्रण कायम गर्न सञ्चारसम्बन्धी ऐनमा गर्न लागिएको प्रतिगामी संशोधनको तीव्र विरोध गर्दछ र प्रेस स्वतन्त्रताका लागि सञ्चार माध्यमहरू र सञ्चारकर्मीहरूले सञ्चालन गरिरहेको आन्दोलनप्रति हार्दिक ऐक्यबद्धता व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ८**

यो विशेष बैठक सुशासनको आधारभूत मान्यताविपरीत कर्मचारीतन्त्रमाथि भइरहेको शाही हस्तक्षेप र यस क्रममा अध्यादेशमार्फत स्वेच्छाचारी ढंगले संसद्द्वारा निर्मित कानुनमा संशोधन गर्ने प्रयासको कडा शब्दमा भर्त्सना गर्दछ ।

**प्रस्ताव नं. ९**

यो विशेष बैठक विगत केही वर्षदेखि मुलुकमा सञ्चालित माओवादी हिंसात्मक द्वन्द्वका कारण आफ्नो घरगाउँ छोड्न बाध्य भई विस्थापित गाँस, बासविहीन अवस्थामा कष्टकर जीवन भोगिरहेका र सोका लागि आन्दोलनरत रहेका माओवादीपीडित र विस्थापित नागरिकहरूको आन्दोलनको समर्थन गर्दछ तथा संवेदनशीलतापूर्वक आन्दोलनका माग पूरा गर्न जोड दिन्छ ।

**प्रस्ताव नं. १०**

यो विशेष बैठक संसद्का पूर्वसदस्यहरू शेरबहादुर देउवा, अमिक शेरचन, रामचन्द्र पौडेल, लीलामणि पोखरेल, प्रकाशमान सिंह, ईश्वर पोखरेल, नरहरि आचार्य, तारिणीदत्त चटौत, तीर्थराम डंगोल, बालकृष्ण खाँड र वासुदेव भट्ट, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूलगायत सम्पूर्ण राजबन्दीहरूलाई तत्काल रिहा गर्न माग गर्दछ । साथै बन्दी रिहाइमा भइरहेको विभेदपूर्ण व्यवहारप्रति यो विशेष बैठक खेद व्यक्त गर्दछ ।

**प्रस्ताव नं. ११**

यो विशेष बैठक काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न भागमा देखिएको खानेपानीको गम्भीर समस्या, आधारभूत उपभोग्य वस्तुहरूमा भएको चर्को मूल्यवृद्धि, ग्रामीण क्षेत्रको टेलिफोन सेवा र देशव्यापी मोबाइल सेवालाई स्वेच्छाचारी ढंगले नियन्त्रण तथा बन्देज गरेबाट उत्पन्न समस्या र दुर्गम क्षेत्रमा खाद्यान्न अभावले भएको भोकमरीको समस्यालाई लिएर गम्भीर चिन्ता व्यक्त गर्दछ । साथै आमजनतालाई आक्रान्त बनाउने यी समस्याहरूको सम्बन्धमा राज्यको तर्फबाट देखाइएको उदासिनता तथा हेलचेक्र्याइँतिर यो विशेष बैठक क्षोभ व्यक्त गर्दछ ।

**प्रस्ताव नं. १२**

यो विशेष बैठक शाही निरंकुशताका विरुद्ध सञ्चालन भइरहेको संयुक्त जनआन्दोलनमा सहभागी हुने, समर्थन गर्ने र अन्य सहयोग पुऱ्याउने सम्पूर्ण समुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आन्दोलनका आगामी कार्यक्रमहरूमा समेत थप सहयोग, समर्थन र सहभागिताका लागि सबैमा आह्वान गर्दछ ।

**प्रस्ताव नं. १३**

यो विशेष बैठक राजाको निरंकुशताविरुद्ध प्रजातन्त्र र संयुक्त जनआन्दोलनको पक्षमा उभिने विभिन्न मित्रराष्ट्र र अन्तर्राष्ट्रिय जनसमर्थनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै थप समर्थनको अपेक्षा गर्दछ ।

***– २०६२ जेठमा, विघटित तेस्रो प्रतिनिधिसभाको मंगलबजार, ललितपुरमा बसेको विशेष बैठकद्वारा पारित प्रस्ताव***

# तेस्रो प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठक

**प्रस्तुत आलेख तेस्रो प्रतिनिधिसभा र राष्ट्रियसभाको विशेष बैठकमा हिजो नेकपा (एमाले) का तर्फबाट डा. मंगलसिद्धि मानन्धरद्वारा प्रस्तुत एवम् पारित प्रस्ताव हो। यसको समर्थकमा डा. रामशरण महत, वेदुराम भुसाल, सुशीला स्वाँर, कमला पन्त, उर्मिला अर्याल र राधेश्याम अधिकारीले बोल्नुभएको थियो।**

१. मुलुकमा विद्यमान निरङ्कुशतन्त्र थप नकारात्मक र प्रतिगामी दिशातर्फ उन्मुख छ। राजाका आजसम्मका काम-कारबाहीहरूले यो तथ्यको पुष्टि गरिरहेको छ। स्वेच्छाचारी अध्यादेशहरूको निरन्तरता, शान्तिपूर्ण सभा, जुलुस तथा प्रदर्शनकारीहरूमाथि शाही सरकारद्वारा भइरहेका दमनकारी हस्तक्षेप तथा गिरफ्तारी, असंवैधानिक सरकारको विस्तार, असंवैधानिक तथा जनविरोधी बजेट प्रस्तुति र २०६२ साउन ४ गतेको 'तेस्रो प्रतिनिधिसभा सदस्यहरूको विशेष बैठक' सम्बन्धी शान्तिपूर्ण कार्यक्रममा भएको निरङ्कुश शाही सरकारको हस्तक्षेपजस्ता उदाहरणहरू प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्। राजा अध्यक्ष रहेको असंवैधानिक मन्त्रिपरिषद्को कथित उपाध्यक्ष र राजपरिषद्का सदस्यजस्ताहरूको राजनीतिक दलविरोधी गैरजिम्मेवार र अप्रजातान्त्रिक अभिव्यक्तिलाई यस सम्बन्धमा थप आधार मान्न सकिन्छ। यस अवस्थामा पूर्ण प्रजातन्त्र स्थापनाका लागि सात राजनीतिक दलहरूद्वारा सञ्चालित निरङ्कुशतन्त्रविरोधी शान्तिपूर्ण संयुक्त जनआन्दोलनको विकल्प नरहेको यथार्थमा जोड दिँदै सम्पूर्ण जनसमुदायसमक्ष एकताबद्ध भएर अगाडि बढ्न यो बैठक पुनः हार्दिक आह्वान गर्दछ।

२. ०६२ साउन ४ गते राजकीय प्रज्ञा-प्रतिष्ठानमा सम्पन्न हुने भनिएको 'तेस्रो प्रतिनिधिसभा सदस्यहरूको विशेष बैठक' सम्बन्धी शान्तिपूर्ण कार्यक्रममाथि निरङ्कुश शाही सरकारले गरेको हस्तक्षेपबाट हामी क्षुब्ध भएका छौँ। यसबाट सार्वजनिक भाषणमार्फत बहुदलीय प्रजातन्त्रप्रति राजाद्वारा देखाइएको प्रतिबद्धता अन्तर्राष्ट्रिय र राष्ट्रिय जनमतलाई भ्रममा पार्न गरिएको देखावा मात्र हो भन्ने तथ्य पुनः एकपटक प्रमाणित भएको छ। निरङ्कुश शाही सरकारको उल्लिखित कार्य हतास, विचलित र पराजित मनस्थितिको परिणाम हो भन्ने हाम्रो ठहर छ। यो बैठक उल्लिखित असंवैधानिक र अप्रजातान्त्रिक कार्यको घोर भर्त्सना गर्दछ।

३. मुलुकमा विद्यमान शाही सरकार नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२७ को गलत व्याख्या र प्रयोगको परिणामस्वरूप स्थापित असंवैधानिक, अप्रजातान्त्रिक र निरङ्कुश कदमको परिणाम हो। असंवैधानिक शाही सरकारलाई मुलुक सञ्चालन गर्ने नेपाली जनताको जनादेश प्राप्त छैन। नेपाली जनताको नाममा कुनै पनि काम गर्ने हैसियत, क्षमता र अधिकार नभएको शाही सरकारलाई मुलुकको वार्षिक बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार पनि छैन। हालै असंवैधानिक शाही सरकारद्वारा सार्वजनिक गरिएको वार्षिक बजेट स्वाभाविक रूपमै मुलुक र जनताको हितमा छैन। वार्षिक बजेट निरङ्कुशतन्त्रलाई संस्थागत गर्ने उद्देश्यले प्रेरित छ। बजेट मुलुक र आमजनताप्रति गैरजिम्मेवार छ। सुरक्षाका नाममा अत्यधिक खर्च वृद्धि गर्दै मुलुकलाई पूर्णतः सैनिकीकरणतर्फ उन्मुख गरिएको छ। गरिब, विपन्न वर्ग तथा सामान्य जनताका लागि राहतको कुनै व्यवस्था छैन। क्षेत्रीय र सन्तुलित विकाससम्बन्धी कुनै सोचाइ छैन। महिला, जनजाति, मधेसी समुदाय र दलितलाई सम्बोधन गर्ने कुनै विशेष तथा प्रभावकारी कार्यक्रम छैन। मुलुकका प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको समस्यातर्फ बेवास्ता गरिएको छ। मुलुक र आमजनतालाई राहत नदिने बजेटले दरबारको खर्चमा भने ठूलो वृद्धि गरेको छ। कतिपय विनियोजित कार्यक्रमका क्षेत्र तथा शीर्षकहरू मूर्त रूपमा उल्लेख नगरी थप रकमहरू दरबार र सुरक्षाखर्चतर्फ पुऱ्याउने ठाउँ राखिएको छ। राजस्वको लक्ष्य तथा वैदेशिक सहयोग एवम् अनुदानका अनुमानहरू अत्यन्त अयथार्थवादी र भ्रमपूर्ण छन्। समग्रमा बजेट अपारदर्शिता र जवाफदेहीविहीनताका आधारमा खडा भएको छ। परिणामस्वरूप बजेटले भ्रष्टाचार र अनियमिततालाई संस्थागत गर्ने प्रस्ट छ। संक्षेपमा, गैरजिम्मेवार र अयथार्थवादी धरातलमा उभिएको बजेटले मुलुकको आर्थिक सङ्कटलाई झनै गम्भीर र भयावह बनाउने निर्विवाद छ। तसर्थ, असंवैधानिक शाही सरकारको जनविरोधी वार्षिक बजेटप्रति आफ्नो असहमति व्यक्त गर्दै प्रस्तुत बजेटलाई यो बैठक अस्वीकार गर्ने घोषणा गर्दछ।

४. मुलुक अहिले अपारदर्शिता र जवाफदेहीविहीनताको भयावह अवस्थाबाट गुज्रिरहेको छ। प्रतिनिधिसभा विघटन भएको र राष्ट्रियसभालाई निष्क्रिय तथा निष्प्रभावी बनाइएको वर्तमान अवस्थामा निरङ्कुश शाही सरकार मुलुकलाई अध्यादेशमार्फत स्वेच्छाचारी ढङ्गले सञ्चालन गरिरहेको छ। उदाहरणका लागि यस क्रममा अन्तर्राष्ट्रिय प्रतिबद्धता र प्रजातान्त्रिक मूल्य र मान्यताबमोजिम विगतमा स्थापित पेसागत सङ्घसंस्था खारेज गर्न तथा गैरसरकारी संस्थालाई निरङ्कुशताअनुकूल आफ्नो इच्छाअनुसार परिचालित गर्न हालै समाज कल्याण परिषद् र निजामती सेवासम्बन्धी

स्वेच्छाचारी अध्यादेश जारी भएको छ । कथित राष्ट्रवादी शिक्षाका नाममा निरङ्कुशतन्त्रको आधार तयार गर्ने प्रयास भइरहेको छ । निजामती सेवा, शिक्षा क्षेत्र तथा गैरसरकारी संस्थासम्बद्ध क्षेत्रमा मण्डलेकरणलाई बढावा दिने, निरङ्कुशतालाई संस्थागत गर्ने र अन्ततः नेपाली जनतालाई कमजोर तुल्याउने उद्देश्यले गरिएका उल्लेखित जनविरोधी काम-कारबाहीहरूको यो बैठक भर्त्सना गर्दछ र जारी गरिएका असंवैधानिक तथा जनविरोधी अध्यादेशहरूलाई अस्वीकार गर्ने घोषणा गर्दछ । साथै, निरङ्कुशतन्त्रका विरुद्ध आन्दोलनमा उत्रिएका राष्ट्रसेवक कर्मचारी, कानुन व्यवसायी, सञ्चारकर्मी, मानवअधिकारकर्मी, प्राध्यापक, शिक्षकलगायत सिङ्गो नागरिक समाजको आन्दोलनलाई यो बैठक समर्थन गर्दछ ।

५. निरङ्कुशतन्त्रविरोधी शान्तिपूर्ण र न्यायोचित आन्दोलनमा उत्रिएका विद्यार्थीहरू विरुद्ध निरङ्कुश शाही सरकारले अवलम्बन गरेको दमनकारी हस्तक्षेप तथा काम-कारबाहीप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यसक्रममा विद्यार्थीहरूका शान्तिपूर्ण विरोध प्रदर्शनहरूमा भएका हस्तक्षेप, धरपकड तथा गिरफ्तार गरिएका विद्यार्थी नेताहरू ठाकुर गैरे, प्रदीप पौडेल, सरोज थापा, नारायण भारती, बीपी रेग्मी र पुष्प शाहीविरुद्ध सार्वजनिक (अपराध र सजाय) ऐनअन्तर्गत षड्यन्त्रपूर्वक मुद्दा दायर गर्ने कार्यको यो विशेष बैठक भर्त्सना गर्दछ । साथै, यो बैठक उक्त मुद्दाको खारेज र गिरफ्तार विद्यार्थी नेताहरूको अविलम्ब रिहाइको जोडदार माग गर्दछ ।

६. निरङ्कुश शाही सरकार सञ्चारकर्मी र समग्र सञ्चारक्षेत्रविरुद्ध नाङ्गो दमनमा उत्रिएको छ । निरङ्कुशतन्त्रका सबै प्रकारका दमनकारी हथकण्डाहरूविरुद्ध अविचलित रही सङ्घर्षरत सञ्चारकर्मीहरूविरुद्ध हालै आएर सङ्गठन विभाजनको प्रतिगामी षड्यन्त्र सार्वजनिक भएको छ । यो बैठक निरङ्कुशतन्त्रका सबै प्रकारका दमनकारी षड्यन्त्रहरूका विरुद्ध सङ्घर्षरत सञ्चारकर्मीहरूको आन्दोलनप्रति हार्दिक समर्थन व्यक्त गर्दछ ।

७. निरङ्कुशतन्त्रअन्तर्गत सिङ्गो मुलुक अत्यधिक महँगीको पीडाले आक्रान्त बन्न पुगेको छ । अनुत्तरदायी र असक्षम शाही सरकारका कारण यो समस्या अझ गम्भीर बन्ने दिशातर्फ उन्मुख छ । शाही सरकारले कालाबजारिया तथा कमिसनखोरहरूसँग साँठगाँठ गरेको छ र दैनिक उपभोग्य वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी चर्को मूल्यवृद्धि गरेको छ । हालै सार्वजनिक भएको गैरजिम्मेवार बजेटले समेत महँगीलाई थप गम्भीर बनाउने निर्विवाद छ । तसर्थ, यो बैठक निरङ्कुश शाही सरकारका गैरजिम्मेवार निर्णय तथा काम-कारबाहीहरूको कडा शब्दमा भर्त्सना गर्दछ ।

८. निरङ्कुशतन्त्रको वास्तविक चरित्रलाई पुनः एकपटक मुलुकसमक्ष उदाङ्गो पार्दै ०६२ साउन १० गते प्रतिगामी शाही सरकारले काठमाडौँको रत्नपार्कमा आयोजित नागरिक समाजको शान्तिपूर्ण जुलुस प्रदर्शनमाथि नाङ्गो हस्तक्षेप गरेको छ । पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, लेखक, साहित्यकार, प्राध्यापक, शिक्षक, चिकित्साकर्मी, आदिवासी जनजाति र महिला, युवा तथा विद्यार्थीलगायतका संस्थाहरूको व्यापक सहभागिता रहेको उक्त शान्तिपूर्ण जुलुस प्रदर्शनमा भएको हस्तक्षेपमा कैयौँ सहभागीहरू घाइते भएका छन् र नागरिक समाजका कतिपय व्यक्तित्वहरू गिरफ्तार गरिएका छन् । यो बैठक निरङ्कुश शाही सरकारको उल्लिखित बर्बर दमनको कडा शब्दमा भर्त्सना गर्दछ र गिरफ्तारहरूको अविलम्ब रिहाइको माग गर्दछ । साथै, 'रत्नपार्कसमेत सिङ्गो मुलुक नेपाली जनताको हो' भन्ने नागरिक समाजको उद्घोषलाई यो बैठक जोडदार शब्दमा समर्थन जनाउँछ ।

९. कथित भ्रष्टाचार नियन्त्रणसम्बन्धी असंवैधानिक शाही आयोग सिङ्गो मुलुकबाट अस्वीकृत र बहिष्कृत भइसकेको छ । तर, असंवैधानिक शाही आयोगले राजनीतिक रूपले प्रवृत्त भावना राखेर गैरकानुनी रूपमा तेस्रो प्रतिनिधिसभा सदस्य श्री शेरबहादुर देउवा र पूर्वसांसद श्री प्रकाशमान सिंहलाई अहिले पनि थुनामा राखिरहेको छ । तसर्थ यो बैठक उहाँहरूलाई अविलम्ब रिहाइ गरियोस् भनी माग गर्दछ ।

**– ११ साउन, २०६२**

# सातदल-माओवादी आठबुँदे सहमति

आज मिति २०६३ असार २ गतेका दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न भएको छ । बैठकमा सहमति भएका बुँदाहरू निम्नप्रकार छन् :

१. २०६२ मङ्सिर ७ गते सात राजनीतिक दल एवम् नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र ०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचारसंहितालाई दृढता र इमानदारीसाथ कार्यान्वयन गर्ने ।

२. प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता, कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै तदनुरूप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने ।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घलाई अनुरोध गर्ने ।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिबद्धता र युद्धविराम आचारसंहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोहीअनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरू विघटन गर्ने ।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्त्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने ।

६. नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावबिना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुनपाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने । निर्वाचनमा आवश्यकताअनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने ।

७. संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिकलगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने । लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने ।

८. सरकार-माओवादी वार्ता टोलीलाई उल्लिखित विषयहरूसँग सम्बन्धित सबै कार्यहरू अविलम्ब सम्पन्न गर्न निर्देशन गरिएको छ ।

***नेकपा (माओवादी) का तर्फबाट***
***प्रचण्ड-*** *अध्यक्ष, नेकपा (माओवादी)*
***सात राजनीतिक दलका तर्फबाट***
***गिरिजाप्रसाद कोइराला-*** *प्रधानमन्त्री तथा सभापति, नेपाली काङ्ग्रेस*
***माधवकुमार नेपाल-*** *महासचिव, नेकपा (एमाले)*
***शेरबहादुर देउवा-*** *सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)*
***अमिक शेरचन-*** *उपप्रधानमन्त्री तथा अध्यक्ष जनमोर्चा नेपाल*
***नारायणमान विजुक्छे-*** *अध्यक्ष, नेपाल मजदुर किसान पार्टी*
***भरतविमल यादव-*** *उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)*
***प्रभुनारायण चौधरी-*** *मन्त्री तथा अध्यक्ष, वाममोर्चा नेपाल*

# सात दल-माओवादी समझदारी-पत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरङ्कुश राजतन्त्र र लोकतन्त्र (Democracy) बीचको सङ्घर्ष आज अत्यन्त गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दस वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसद्भित्रका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई समझदारी भएको कुरा सार्वजनिक गर्दछौं :

**समझदारी भएका बुँदाहरू**

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र र सार्वभौम नेपाल आमनेपाली जनताको प्रमुख चाहना हो । त्यसका निम्ति प्रमुख बाधक निरङ्कुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौँ । निरङ्कुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरङ्कुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरूले निरङ्कुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरङ्कुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसद्को पुनःस्थापना गर्ने र त्यसको निर्णयले अधिकारसम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्ण रूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लिखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा ( माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरङ्कुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न नेकपा (माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनका क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानवअधिकार, कानुनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य र मान्यताप्रति नेकपा (माओवादी) ले आफ्नो प्रतिबद्धता प्रस्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

५. नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्वका क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर स-सम्मान बसोवास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा, सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती-कमजोरीहरूको आत्मसमीक्षा र आत्मालोचना गर्दै भविष्यमा गल्ती-कमजोरी हुन नदिन नेकपा ( माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकारमा छँदा भएका गल्ती-कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती-कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरङ्कुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसद्को निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आमजनतालाई आह्वान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्ण रूपले प्रतिबद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू, खासगरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु, आफ्नो निरङ्कुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्नचिह्न खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन्, त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरङ्कुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय सङ्घसङ्गठनहरू, सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत्, बुद्धिजीवीहरू र आमनेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१२. विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दलविशेषले आपत्ति जनाएको र छानबिनको माग गरेका घटनाहरूका सम्बन्धमा छानबिन गर्ने र दोषीलाई कारबाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ । अब उपरान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ ।

गिरिजाप्रसाद कोइराला- सभापति, **नेपाली काङ्ग्रेस**
माधवकुमार नेपाल- महासचिव, **नेकपा (एमाले)**

गोपालमान श्रेष्ठ- कावा सभापति, **नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)**
अमिक शेरचन- अध्यक्ष, **जनमोर्चा नेपाल**
भरतविमल यादव- उपाध्यक्ष, **नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**
कृष्णदास श्रेष्ठ- अध्यक्ष, **संयुक्त वाममोर्चा**
प्रेम सुवाल- **नेपाल मजदुर किसान पार्टी**

***- ७ मंसिर २०६२***

# ;ft bnsf] k|lta4tf

सात राजनीतिक दलका शीर्ष नेताहरूको बैठक आज अपराह्न काठमाडौंमा सम्पन्न भयो। बैठकका निर्णयहरूलाई यो विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ :

१. निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाका लागि सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण जनआन्दोलन सशक्त र प्रभावकारी बन्दै गइरहेको छ। शान्तिपूर्ण र संयुक्त जनआन्दोलनबाट मात्रै चालू आन्दोलनको उद्देश्य पूरा हुन सक्छ भन्ने हाम्रो ठहर छ। यो आन्दोलनमा राजनीतिक पार्टीका नेता, कार्यकर्ता, जनसङ्गठन, सञ्चारकर्मी, पेसागत तथा सामुदायिक सङ्गठन, मानवअधिकारकर्मीलगायत आमजनताको सहभागिता बढ्दै गइरहेको छ। आन्दोलनका दौरानमा छ जना वीर तथा वीराङ्गनाहरूले शहादत वरण गर्नुभएको छ। हजारौंको सङ्ख्यामा घाइते र गिरफ्तार हुनुभएको छ। शहादत प्राप्त गर्ने अमर सहिदहरूप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र आन्दोलनका सम्पूर्ण सहभागीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। र, आन्दोलनमा अहिंसात्मक र शान्तिपूर्ण ढङ्गले अझ सशक्त रूपमा सहभागी हुन मजदुर, किसान, महिला, युवा, विद्यार्थी, बुद्धिजीवी, निजामती, सार्वजनिक तथा वित्तीय संस्थानका कर्मचारी, शिक्षक, प्राध्यापक, डाक्टर, इन्जिनियर, वकिल, पत्रकार, उद्योगपति, व्यापारी, मानवअधिकारकर्मी, लेखक, साहित्यकार, कलाकर्मी एवम् सबै जाति, भाषा, धर्म र क्षेत्रका नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक अपिल गर्दछौं।

२. हामी निरङ्कुश राज्यसत्ताबाट भएको बर्बर दमन र हत्याको घोर भर्त्सना गर्दछौं र जनआन्दोलनका अमर सहिदहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं। लोकतन्त्रको स्थापनापछि बन्ने सरकारले सहिदहरूको स्मारक निर्माण गर्ने, सहिद परिवारलाई शिक्षा तथा रोजगारीको व्यवस्था गर्ने र आन्दोलनका क्रममा अङ्गभङ्ग भएकाहरूको पनि उचित व्यवस्था गर्ने प्रतिबद्धता पुनः व्यक्त गर्दछौं।

३. हामी चालू जनआन्दोलनका क्रममा सरकारी दमनबाट घाइते हुनुभएका बिरामीहरूलाई निःशुल्क वा सहुलियतपूर्ण उपचार गरेर सहयोग पुऱ्याउन सम्पूर्ण अस्पताल, नर्सिङ्होम, स्वास्थ्य केन्द्रहरू तथा स्वास्थ्यकर्मीहरूसँग हार्दिक अपिल गर्दछौं। यस क्रममा स्वास्थ्यकेन्द्रहरूले बेहोर्नुपरेको आर्थिक भार भोलि बन्ने लोकतान्त्रिक सरकारले भुक्तानी गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छौं।

४. प्रतिगामी शाहीसत्ताले लोकतान्त्रिक आन्दोलनमा सामेल हुने कर्मचारीहरूलाई कारबाहीको धम्की दिइरहेको छ। हामी सम्पूर्ण कर्मचारीहरूलाई शाहीसत्ताका यस्ता अप्रजातान्त्रिक तथा जनविरोधी आदेशहरूलाई लत्याउँदै लोकतान्त्रिक आन्दोलनमा निर्धक्क भएर सरिक हुन आह्वान गर्दछौं। आन्दोलनमा संलग्न भएबापत निष्कासनलगायत कुनै पनि प्रकारको कारबाहीमा पर्ने कर्मचारीहरूलाई लोकतन्त्रको बहालीपछि बिनासर्त स-सम्मान पुनर्बहाली गर्ने र ट्रेड युनियन अधिकार स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

५. हामी, लोकतान्त्रिक आन्दोलनमा सरिक हुने उद्योगपति व्यापारीहरूको आन्दोलनको अवधिभरिको बैंक व्याज लोकतान्त्रिक सरकारले मिनाह गर्ने र सोको दायित्व सरकारले बेहोर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

६. हामी, आन्दोलनकारी सात राजनीतिक दलहरू सेना र प्रहरीको समेत हित, कल्याण र समृद्धिको पक्षमा छौं। उनीहरू जनताका सेवक हुन् भन्ने हाम्रो मान्यता छ। तर, अहिलेको प्रतिगामी शाहीसत्ताले आफ्नो निहित स्वार्थका निम्ति सुरक्षाकर्मीहरूलाई जनताको शान्तिपूर्ण आन्दोलनका विरुद्ध दमनमा उतारेर जनविरोधी सत्तालाई टिकाउने कोसिस गरिरहेको छ। तसर्थ, हामी सम्पूर्ण सुरक्षाकर्मीहरूलाई शान्तिपूर्ण जनआन्दोलनका विरुद्ध दमन नगर्न आग्रह गर्दछौं। जनआन्दोलनका विरुद्ध क्रूर दमनमा उत्रिने सबैको अभिलेख तयार गर्न र उनीहरूको नामावली सार्वजनिक गर्न सात राजनीतिक दलका स्थानीय कमिटीहरूलाई निर्देशन गर्दछौं। शान्तिपूर्ण जनआन्दोलनका सहभागीहरूमाथि दमन गर्नेहरूलाई लोकतन्त्र स्थापनापछि गठन हुने सरकारले कडा कारबाही गर्नेछ भन्ने पनि स्पष्ट पार्ने चाहन्छौं।

७. शान्तिपूर्ण जनआन्दोलन उत्कर्षमा पुगिरहेको वर्तमान अवस्थामा आन्दोलनलाई हिंसासँग जोड्ने उद्देश्यले निरङ्कुश शाही सरकार स्वयम्बाट सादा पोसाकमा सशस्त्र सुरक्षाकर्मी र राज्यसंरक्षित गुण्डाहरू घुसपैठ गराई आन्दोलनलाई हिंस्रक र रक्तपातपूर्ण बनाउने षड्यन्त्र अस्ति मात्र नेपालगन्जमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारकर्मीहरूबाट दसीसहित समातिएको घटनाबाट अझ सप्रमाण प्रस्टिएको छ। यस्ता घटनाहरू देशका धेरै भागहरूमा घटाइएको हामीलाई सूचना प्राप्त भएको छ। अतः ऐतिहासिक सफलतातिर उन्मुख जनआन्दोलनका क्रममा वर्तमान आमहडतालको कार्यक्रमबाट आमजनसमुदायमा पर्नजाने असुविधाका लागि क्षमा याचनासमेत गर्दै निरन्तर सहयोग गर्न अनुरोध गर्दछौं।

८. निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्णप्रजातन्त्रको स्थापना नभएसम्म देशमा स्थायी शान्ति कायम हुन सक्तैन। वर्तमान द्वन्द्वको अन्त्य गरी देशमा स्थायी शान्ति र लोकतन्त्र कायम गर्नका लागि हामीले नेकपा (माओवादी) सँग १२ बुँदे

समझदारी (मङ्सिर ७ र चैत ६ गते) गरेका छौँ, जसअनुरूप शान्तिपूर्ण जनआन्दोलनबाटै वर्तमान द्वन्द्वलाई समाधान गर्ने कुरामा हामी पूर्ण इमानदार र प्रतिबद्ध छौँ । सात राजनीतिक दलद्वारा घोषित लक्ष्य, कार्यक्रम र आचारसंहितामा आधारित भई सञ्चालित शान्तिपूर्ण संयुक्त जनआन्दोलनले नै यो उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

९. हाम्रो शान्तिपूर्ण जनआन्दोलनप्रति ऐक्यबद्धता जनाउने सम्पूर्ण मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायप्रति हामी धन्यवाद ज्ञापन गर्दछौँ र आगामी दिनमा पनि यसरी नै सहयोग, समर्थन र ऐक्यबद्धताका लागि हार्दिक अपेक्षा गर्दछौँ ।

१०. विक्रम सम्वत् ०६२ सदाका लागि बिदा हुँदैछ र नयाँ वर्ष ०६३ आरम्भ हुँदैछ । हामी नयाँ वर्ष ०६३ आरम्भ सँगै निरङ्कुश राजतन्त्रको अन्त्य, पूर्ण लोकतन्त्र एवम् दिगो शान्तिको स्थापना हुन सकोस् र यो वर्ष सबै नेपालीका लागि सुख, शान्ति र समृद्धिको वर्ष बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**गिरिजाप्रसाद कोइराला**- सभापति, नेपाली काङ्ग्रेस
**अमृतकुमार बोहरा**- कार्यवाहक महासचिव, नेकपा (एमाले)
**शेरबहादुर देउवा**- सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)
**अमिक शेरचन** - अध्यक्ष, जनमोर्चा नेपाल
**नारायणमान बिजुक्छे**- अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
**भरतविमल यादव**- उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
**प्रभुनारायण चौधरी**- अध्यक्ष, संयुक्त वाममोर्चा

**- ३० चैत २०६२**

# प्रतिनिधिसभाको घोषणा-२०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्य शक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कष्ट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सात दल-नेकपा (माओवादी) बीचको १२ बुँदे समझदारीअनुरूप नेपाली जनताले संविधानसभामार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनःसंरचनासहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अभिभाज्यता एवम् राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

'राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न' २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकारसम्पन्न रहेको स्वीकार गरिएको,

०४६ सालको जनआन्दोलनका उपलब्धिहरूलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न रहेको घोषणा गर्दछ र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ-

**१. व्यवस्थापिकाका सम्बन्धमा**

१.१. नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ । कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्नेछ ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहायबमोजिम हुनेछ ।

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाई सदस्यहरूले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक १५ दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ ।

१.४ प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ ।

**२. कार्यकारिणीका सम्बन्धमा**

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ । श्री ५ को सरकारलाई अबउप्रान्त नेपाल सरकार भनिनेछ ।

२.२. प्रतिनिधिसभा सदस्यमा नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनीत हुन सक्नेछन् ।

२.३. मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ । मन्त्रिपरिषद् र मन्त्रीहरू सामूहिक रूपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन् । प्रशासन, सेना, प्रहरीलगायतका सम्पूर्ण कार्यकारी अंगहरू प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन् ।

२.४. सरकारको कार्यविभाजन र कार्य सम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ ।

**३. सेनाका सम्बन्धमा**

३.१ 'शाही नेपाली सेना' को नाम परिवर्तन गरी 'नेपाली सेना' रहनेछ ।

३.२. राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४. सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५. सेना परिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

३.६. नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरूपको हुनेछ ।

**४. राजपरिषद्का सम्बन्धमा**

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ ।

**५. राजदरबारका सम्बन्धमा**

५.१. राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुन बमोजिम कर लाग्ने छ ।

५.४. श्री ५ बाट भए गरेका कामहरूको बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५ विद्यमान राजप्रसाद सेवालाई निजामति सेवाको अंग बनाइनेछ ।

५.६. राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ ।

**६. मुलुकमा रहेको नागरिकताको समस्यालाई सीघ्र समाधान गरिनेछ ।**

**७. प्रचलनमा रहेको राष्ट्रिय गानलाई वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।**

**८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।**

**९. विविध**

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान रही सबैले आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरूले प्रतिनिधिसभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(घ) उपर्युक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहनेछन् ।

**(सात राजनीतिक दलद्वारा तयार पारी अनुमोदन गरिएको 'प्रतिनिधिसभाको घोषणा–२०६३' प्रतिनिधिसभाको २०६३ जेठ ४ गतेको बैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले टेबुल गरेपछि सभामुख सुवास नेम्वाङले वाचन गर्नुभएको थियो । घोषणालाई सोही दिन प्रतिनिधिसभाले सर्वसम्मतिले पारित गरेको थियो ।)**

# pRr:t/Lo ;j{bnLo a}7ssf] lg0f{o

२०६३ वैशाख १२ गते बसेको उच्चस्तरीय सर्वदलीय बैठकले निम्नानुसार निर्णय गरेका छ :

'१. निरङ्कुश शाहीसत्ताका सबै प्रकारका दमनकारी काम-कारबाहीको सामना गर्दै नेपाली जनताले सञ्चालन गरी आएको ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलनले अन्ततः पूर्ण लोकतन्त्र तथा दिगो शान्तिको लक्ष्य प्राप्त गर्नेतर्फ अगाडि बढ्न एउटा ठोस आधार प्राप्त गरेको छ । हिजो ०६३ वैशाख ११ गते राजाबाट भएको सार्वजनिक घोषणाले राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा निहित रहेको र जनआन्दोलनका माध्यमबाट अभिव्यक्त जनभावना र सात राजनीतिक दलहरूद्वारा प्रस्तुत मार्गचित्रलाई स्वीकार्दै शान्तिपूर्ण संयुक्त जनआन्दोलनले उठाएका पूर्ण लोकतन्त्र, दिगो शान्तिलगायतका विषयहरूलाई सम्बोधन गरेको छ । शान्तिपूर्ण संयुक्त जनआन्दोलनको बलमा प्राप्त प्रारम्भिक चरणको यो महत्त्वपूर्ण र ऐतिहासिक उपलब्धि हासिल भएको छ र यसको आधारमा लक्ष्यसम्म पुग्ने मार्ग खुला भएको छ । हामी यो घोषणालाई सकारात्मक रूपमा लिँदै स्वागत गर्दछौँ ।

२. शान्तिपूर्ण संयुक्त जनआन्दोलनले प्राप्त गरेको सफलता जनआन्दोलनमा शहादत प्राप्त गर्नुहुने सहिदहरूको बलिदान, हजारौँ घाइतेहरूको योगदान र विभिन्न पेसा, व्यवसाय तथा तप्काका आदरणीय जनसमुदायको निरन्तर सहयोग, समर्थन तथा सहभागिताको परिणाम हो । यस अवसरमा हामी आदरणीय सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछौँ, सहिदका परिवारजनप्रति समवेदना प्रकट गर्दछौँ तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ र उहाँहरूको सम्बन्धमा हामीद्वारा व्यक्त सार्वजनिक प्रतिबद्धतालाई अविलम्ब कार्यान्वयन गर्ने घोषणा गर्दछौँ । हामी आन्दोलनलाई निरन्तर सहयोग, समर्थन तथा सहभागिता जनाउनुहुने मजदुर, किसान, पत्रकार, कानुन व्यवसायी, मानवअधिकारकर्मी, कर्मचारी, प्राध्यापक, डाक्टर, नर्स, इन्जिनियर, शिक्षक, कलाकर्मी, चलचित्रकर्मी, युवा, विद्यार्थी, खेलाडी, महिला, आदिवासी जनजाति, मधेसी, दलित, प्रबुद्ध नागरिक समाज, पेसाकर्मी, सामाजिक तथा सामुदायिक सङ्घसंस्था, उद्यमी, व्यापारी, प्रवासी नेपालीलगायत सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । यस अवसरमा हामी जनआन्दोलनमा सहयोग, समर्थन र सहभागिता जनाउनुहुने सबै राजनीतिक दल तथा यसका भ्रातृ सङ्गठनका नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूलाई पनि धन्यवाद दिन चाहन्छौँ । १२ बुँदे समझदारीका आधारमा शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई सहयोग र समर्थन गर्ने नेकपा (माओवादी) लाई हार्दिक धन्यवाद दिन चाहन्छौँ ।

३. प्रतिनिधिसभाको पुनःस्थापना हाम्रो प्रस्थानविन्दु मात्र हो । प्रतिनिधिसभामार्फत सर्वदलीय सरकारको निर्माण, संविधानसभाको निर्वाचन तथा समग्रमा मुलुकलाई अग्रगमनतर्फ लैजाँदै समावेशी तथा सहभागितामूलक पूर्ण लोकतन्त्र, राज्यको पुनःसंरचना र दिगो शान्ति कायम गर्ने हाम्रो लक्ष्य प्राप्त गर्न बाँकी छ । हामीले शान्तिपूर्ण संयुक्त जनआन्दोलनका क्रममा सात दलको 'राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणापत्र', विज्ञप्ति, प्रस्ताव तथा कार्यक्रमहरूमार्फत प्रतिबद्धताहरू सार्वजनिक गरेका छौँ र त्यसलाई कार्यान्वयनमा अविलम्ब लैजानुपर्ने चुनौतीसमेत छन् । पूर्ण लोकतन्त्र, शान्ति बहाली र अग्रगामी दिशामा कार्यक्रम र कार्यसूची जनआन्दोलनको जनादेश र राजनीतिक निर्णयका आधारमा निर्माण र कार्यान्वयन गर्ने हाम्रो प्रतिबद्धता छ । समग्रमा भन्नुपर्दा हाम्राअगाडि गम्भीर चुनौती र जिम्मेवारीहरू छन् । हामी उल्लिखित लक्ष्यप्राप्तिका लागि सात राजनीतिक दलको एकतामा आधारित भई निरन्तर क्रियाशील रहने र आफ्नो सार्वजनिक प्रतिबद्धताहरूलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने घोषणा गर्दछौँ । साथै, प्रस्तुत सन्दर्भमा सात राजनीतिक दल र नेकपा (माओवादी) बीच कायम भएको १२ बुँदे समझदारीलाई इमानदारीपूर्वक अविलम्ब कार्यान्वयनमा लैजाने कुरा पनि घोषणा गर्दछौँ ।

४. प्रस्तुत परिप्रेक्ष्यमा हामीद्वारा घोषित विरोध प्रदर्शनसहितको आमहडतालको कार्यक्रम तत्काल फिर्ता लिँदै नेकपा ( माओवादी) लाई पनि यसैबमोजिम गर्नका लागि आह्वान गर्दछौँ । आजको घोषित चक्रपथकेन्द्रित विरोध प्रदर्शनलाई संयमित र शान्तिपूर्ण विजय जुलुसमा रूपान्तरण गर्न तथा देशव्यापी रूपमा समेत यस्तो कार्यक्रम गर्न आह्वान गर्दछौँ । साथै, सात राजनीतिक दलका तर्फबाट समसामयिक विषयका सन्दर्भमा आफ्ना दृष्टिकोण प्रस्तुत गर्नका लागि वैशाख १४ गते दिनको दुई बजे काठमाडौँको खुलामञ्चमा बृहत् आमसभाको आयोजना गर्ने घोषणा गर्दछौँ ।

५. जनआन्दोलनप्रति समर्थन जनाउने मित्रराष्ट्र, कूटनीतिक नियोग, दातृ संस्थालगायतका अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । मुलुकलाई स्थिरता, शान्ति, निर्माण र समृद्धितर्फ लैजान सम्पूर्ण देशवासी, मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आह्वान गर्दछौँ ।

६. विगत शान्तिपूर्ण जनआन्दोलनका क्रममा राज्यपक्षद्वारा भए/गरिएका ज्यादतीहरूको अविलम्ब छानबिन गरी दोषीलाई दण्डित गर्ने घोषणा गर्दछौँ ।

७. विगत प्रतिगमन र निरङ्कुशताको कार्यकालमा निरङ्कुश सत्ताद्वारा भएका सम्पूर्ण प्रतिगामी निर्णय तथा कारबाहीहरूलाई अविलम्ब खारेज गरिनेछ भन्ने घोषणा गर्दछौँ ।

८. शान्तिपूर्ण संयुक्त जनआन्दोलनका क्रममा गिरफ्तार गरिएका सम्पूर्ण राजबन्दीहरूलाई तत्काल मुक्त गर्ने घोषणा गर्दछौँ ।'

**गिरिजाप्रसाद कोइराला- सभापति, नेपाली कांग्रेस**
**माधवकुमार नेपाल- महासचिव, नेकपा** (**एमाले**)
**शेरबहादुर देउवा- सभापति, नेपाली कांग्रेस** (**प्रजातान्त्रिक**)
**अमिक शेरचन- अध्यक्ष, जनमोर्चा नेपाल**
**नारायणमान विजुक्छे- अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**
**भरतविमल यादव- उपाध्यक्ष, नेपाल सद्भावना पार्टी** (आ.)
**विष्णुबहादुर मानन्धर- कावा अध्यक्ष, संयुक्त वाममोर्चा, नेपाल**
१२ **वैशाख**, २०६३

# परिवर्तित परिस्थितिमा पार्टीको दायित्व

नेकपा (एमाले) केन्द्रीय कमिटीको आकस्मिक रूपमा बोलाइएको एघारौँ बैठक ०६३ वैशाख १५-१६ गते महासचिव माधवकुमार नेपालको अध्यक्षतामा बस्यो । बैठकमा जनआन्दोलनको सफलतापछि विकसित नयाँ परिस्थिति र हाम्रो पार्टीको काँधमा आएको जिम्मेवारीका सम्बन्धमा गम्भीरतापूर्वक छलफल भयो ।

बैठकपछि निकालिएका निष्कर्षहरूको सारसंक्षेप प्रस्तुत गरिएको छ :

**जनआन्दोलनको सफलता र हाम्रासामु उपस्थित कार्यभार**

०५९ असोज १८ गतेको प्रतिगामी घोषणामार्फत राजाले थोपरेको निरङ्कुश एवम् स्वेच्छाचारी शासनका विरुद्ध मुलुकका प्रमुख राजनीतिक दलहरूले लामो समयदेखि सञ्चालन गर्दै आएको शान्तिपूर्ण संयुक्त जनआन्दोलनले यही वैशाखको दोस्रो सातामा आएर जनउभारको रूप लिन पुग्यो र त्यसले दुई सय ३८ वर्षदेखि नेपाली जनताको थाप्लोमा बुर्कुसी मार्दै आएको निरङ्कुश राजतन्त्रलाई जगैदेखि हल्लाई दियो । शान्तिपूर्ण जनआन्दोलनले देशव्यापी जनविद्रोहको रूप लिएपछि राजा जनताका सामु झुक्न, राज्यशक्तिको स्रोत जनता नै हुन् भन्ने यथार्थलाई स्वीकार गर्न र मुलुकको सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार नेपाली जनतामै रहेको पुनःपुष्टि गर्न र मुलुकको समस्या समाधानका लागि सात दलको मार्गचित्रलाई स्वीकार गर्दै संसद् पुनःस्थापनाको घोषणा गर्न बाध्य भए । नेपाली जनताले आन्दोलनको बलमा प्राप्त गरेका यी उपलब्धिहरू ऐतिहासिक र दूरगामी महत्त्वका छन् । अब हाम्रो काँधमा जनआन्दोलनले पराजित गरेका प्रतिगामी तत्त्वहरूको षड्यन्त्रलाई चिर्दै प्राप्त उपलब्धिहरूलाई संस्थागत एवम् सुदृढ गर्ने र आन्दोलनमा अभिव्यक्त जनताको इच्छाबमोजिम मुलुकलाई संविधानसभाको निर्वाचनमार्फत लोकतान्त्रिक गणतन्त्रतर्फ अघि बढाउने जिम्मेवारी आएको छ । हाम्रो पार्टीको केन्द्रीय कमिटीले आफ्नो नवौँ बैठकबाटै चालू जनआन्दोलनलाई शान्तिपूर्ण रूपले लोकतान्त्रिक गणतन्त्रको दिशातर्फ अघि बढाउने निर्णय गरेको थियो । त्यसैगरी केन्द्रीय कमिटीको दसौँ बैठकले पनि युवा, विद्यार्थी, बुद्धिजीवी, नागरिक समाजलगायत आमजनताको ठूलो हिस्सामा उठिरहेको लोकतान्त्रिक गणतन्त्रको मागसम्बन्धी उन्नत चेतनालाई पक्रनुपर्दछ र मुलुकलाई अग्रगामी परिवर्तनको दिशातर्फ अघि बढाउनुपर्दछ भन्ने निर्णय गरेको थियो । अहिले जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाको बैठकले सर्वसम्मतिबाट संविधानसभाको निर्वाचनमा जाने निर्णय गरिसकेको परिप्रेक्ष्यमा संविधानसभामार्फत मुलुकलाई शान्तिपूर्ण रूपले लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउने सम्भावनाको ढोका खोलिदिएको छ । यसपटकको आन्दोलनमा विभिन्न वर्ग, तह, पेसा र समुदायका जनताले लोकतान्त्रिक गणतन्त्रको

माग जुन व्यापकता, सशक्तता र दृढताका साथ उठाए, त्यसबाट यो नारा अब क्रियात्मक चरणमा प्रवेश गरेको पुष्टि भएको छ। जनताको त्यही भावनालाई कदर गर्दै हाम्रो पार्टी केन्द्रीय कमिटीको एघारौँ बैठकले "संविधानसभाको निर्वाचन गरौँ, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौँ" भन्ने मूल कार्यनीतिक नारा अघि सार्दै चालू आन्दोलनलाई गुणात्मक रूपमै नयाँ उचाइमा उठाउने र मुलुकलाई राजाबिनाको लोकतन्त्रतर्फ अघि बढाउने निर्णय गरेको छ। सङ्घर्षलाई सडक, संसद् र सरकारको मोर्चाबाट समन्वयात्मक रूपमा अघि बढाउँदै मुलुकलाई यथाशीघ्र संविधानसभाको निर्वाचनमा लैजानु र संविधानसभाको निर्वाचनबाट लोकतान्त्रिक गणतन्त्रतर्फ अघि बढाउनु अहिलेको हाम्रो प्रमुख कार्यभार हो। पार्टीको यो ऐतिहासिक महत्त्वको निर्णयलाई सिङ्गो पार्टी पङ्क्तिले तदनुरूप नै आत्मसात गर्न, यसलाई योजनाबद्ध ढङ्गले व्यापक जनताको बीचमा पुऱ्याउन र कार्यान्वयनका निमित्त अनुकूल परिस्थिति निर्माण गर्न दृढताका साथ अघि बढ्नु जरुरी छ।

**संयुक्त सरकारमा पार्टीको सहभागिता**

हाम्रो पार्टीले लोकप्रिय अभिमतका आधारमा सरकारमा सहभागी हुन सकिने र अधिरचनाको तहबाट पनि आन्दोलनका कार्यभारहरू सम्पन्न गर्न सकिने मान्यता अघि सार्दै आएको छ। यसैका आधारमा हाम्रो पार्टी अलग-अलग समयमा विभिन्न पार्टीहरूसँग संयुक्त सरकारमा सहभागी हुँदै आएको छ। अहिले आन्दोलनको बलमा प्रतिनिधिसभा पुनःस्थापित भएको परिप्रेक्ष्यमा हाम्रो काँधमा सात दलको पूर्वघोषित मार्गचित्रबमोजिम गठन हुने अधिकारसम्पन्न सर्वदलीय सरकारमा संलग्न भएर आन्दोलनको लक्ष्यप्राप्तिको दिशामा बाँकी रहेका कार्यहरू पूरा गर्ने जिम्मेवारी आएको छ। वर्तमान सर्वदलीय सरकारमा संलग्न भएर हामीहरू आन्दोलनबाट पराजित प्रतिगामी तत्त्वहरूले सिर्जना गर्न सक्ने बाधा-अवरोधहरूलाई पन्छाउने, आन्दोलन दबाउन शक्तिको दुरूपयोग गर्ने तत्कालीन शाही सरकारका पदाधिकारीहरूमाथि कारबाही गर्ने, माओवादीसँग सार्थक वार्ता गरी अन्तरिम सरकार गठन गर्ने र संविधानसभाको निर्वाचन गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै मुलुकलाई दिगो शान्ति र समृद्धिको दिशातर्फ अघि बढाउने ऐतिहासिक कार्यभार पूरा गर्न चाहन्छौँ। हाम्रो पार्टीले आन्दोलनको अग्रभागमा उभिएर निर्वाह गरेको भूमिका र मुख्य रूपमा उपरोक्त उद्देश्य पूरा गर्नका लागि पार्टीले सर्वदलीय सरकारमा सहभागी हुने निर्णय गरेको हो। पार्टी केन्द्रीय कमिटीले हाम्रो पार्टीका तर्फबाट सरकारमा सहभागी हुने टोलीको नेतृत्वको जिम्मेवारी स्थायी कमिटीका सदस्य कमरेड केपी शर्मा ओलीलाई दिएको छ। टोलीका अन्य सदस्यहरूको छनोट गर्ने जिम्मेवारी स्थायी कमिटीलाई दिइएको छ।

आन्दोलनमा अभिव्यक्त जनताको चाहनाबमोजिम मुलुकलाई अघि बढाउन सर्वदलीय सरकारले अविलम्ब निम्न कार्यहरू गर्न जरुरी छ :

- जनआन्दोलनका सहिद परिवारका लागि जनही १० लाख रुपियाँको आर्थिक सहायता गर्ने। जनआन्दोलनका सहिदहरूको स्मारक निर्माण गर्ने। सहिदका छोराछोरीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने। सहिद परिवारमा रोजगारीको व्यवस्था गर्ने।
- जनआन्दोलनमा अङ्गभङ्ग भएकाहरूलाई नोक्सानीको प्रकृति हेरी क्षतिपूर्ति र रोजगारीको व्यवस्था गर्ने।
- जनआन्दोलनमा घाइते भएका बिरामीहरूको औषधोपचारको व्यवस्था गर्ने।
- जनआन्दोलनमा लागेबापत खोसुवा, सरुवा र कारबाहीमा परेका निजामती र संस्थानका कर्मचारीहरूमाथिको सबै कारबाही रद्द गरी साविक पदमा पुनःस्थापना गर्ने।
- जनआन्दोलनमा सरिक हुने उद्योगपति, व्यापारी, व्यवसायीहरूको आमहडतालका बखतको बैंक ब्याज मिनाह गर्ने। सोको पुर्ताल सरकारले गर्ने। कर नतिरेबापत लागेको दण्डजरिवाना मिनाह गर्ने।
- ०६१ माघ १९ गतेको निरङ्कुश कदमपछिका राजदूत, क्षेत्रीय प्रशासक, अञ्चल प्रशासकलगायत सबै राजनीतिक नियुक्तिहरू खारेज गर्ने।
- जनआन्दोलन दबाउन उद्दण्डतापूर्वक लागेका सरकारका मुख्यसचिवलगायत सरकारी पदाधिकारीहरूलाई पदमुक्त गर्ने।
- जनआन्दोलन दबाउन जनतामाथि दमन गर्न निर्देशन दिने प्रतिगमनका मतियारहरूलाई जनताविरुद्ध राजनीतिक अपराध गरेबापत कारबाही गर्ने।
- जनआन्दोलनमा अधिकारको दुरूपयोग गरी जनतामाथि दमन गर्नेहरूहरूको अपराधको छानबिन गरी कारबाही गर्नका लागि प्रतिवेदन पेस गर्न आयोग गठन गर्ने।
- ०६१ माघ १९ गतेपछि राष्ट्रको ढुकुटीमा ब्रम्हलुट मच्चाउनेहरूले गरेका अपराधको छानबिन गरी तथ्य-सत्य सार्वजनिक गर्ने। अनियमित प्रकारले सरकारी धन लिने र खानेबाट सो रकम फिर्ता गराउने।
- मानवताविरोधी अपराध गर्नेहरूलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चलाउन सक्ने गरी त्यस्तो सन्धि-सम्झौतामा नेपाल सरिक हुने गरी आवश्यक कारबाही सुरु गर्ने।

- ०६१ माघ १९ गतेपछि प्रतिगमनलाई टेवा दिने र जनतामाथि निरङ्कुशता लाद्ने हिसाबले जारी गरिएका सबै आदेश, अध्यादेशहरू खारेज गर्ने ।
- प्रतिगामी सरकारको कार्यकालमा प्रशासन, सेना, प्रहरीमा दरबारबाट गएका आदेश, निर्देशन अबउपरान्त कार्यान्वयन नगर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिने । प्रहरी, सेना, प्रशासनमा दरबारको हस्तक्षेप पूर्णतः अन्त्य गर्ने ।
- मन्त्रिपरिषद्को सञ्चालनसम्बन्धी कार्यविधिलाई परिमार्जन गरी यसमा रहेका दरबारका सबै प्रकारका हस्तक्षेपको अन्त्य गर्ने ।
- संसद्को पहिलो बैठकले सात आन्दोलनकारी पार्टीहरूको मार्गचित्रलाई अङ्गीकार गर्ने । सोअनुरूप संसद् र मन्त्रिपरिषद् सञ्चालन गर्ने प्रतिबद्धताको घोषणा गर्ने ।
- माओवादीमाथिको रेडकर्नर नोटिस तथा आतङ्ककारी बिल्ला खारेज गर्ने, सरकारका तर्फबाट युद्धविरामको घोषणा गर्ने र माओवादीलाई शान्ति वार्तामा आउन आह्वान गर्ने ।
- सात आन्दोलनकारी दलहरूले माओवादीहरूसँग गरेको १२ बुँदे समझदारीको आधारमा शान्ति वार्ता गर्ने, सहमति निर्माण गरी माओवादीहरूलाई समेत सामेल गराई अन्तरिम सरकारको गठन गर्ने र संविधानसभाको निर्वाचन गर्ने आधारमा वार्ता गर्ने कुराको सार्वजनिक प्रतिबद्धता गर्ने ।
- संसद्को बैठकले सुशासन, कानुनी राज्य, शान्ति सुरक्षाको व्यवस्था, स्वच्छ र छरितो प्रशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, मानवअधिकारको ग्यारेन्टी, नागरिक स्वतन्त्रताको पूर्ण सम्मान, व्यापक राष्ट्रिय हितमा अन्तर्राष्ट्रिय सम्बन्ध र जनतालाई तत्कालीन राहत पुऱ्याउने विषयमा प्रतिबद्धता व्यक्त गर्ने ।
- निरङ्कुश शाहीसत्ताले गराएको तथाकथित निर्वाचनबाट गठित सबै नगरपालिकाको खारेजी गर्ने । मनोनीत जिल्ला विकास समितिको खारेजी गर्ने । गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समितिको ०५४ सालको निर्वाचनबाट निर्वाचित स्थानीय निकायहरूको पुनःस्थापना गर्ने । देशमा जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य गर्ने ।
- विगत चार वर्षदेखि राष्ट्रियसभाका लागि सदस्यहरूको निर्वाचन हुन नसकी राष्ट्रियसभाको सदस्य सङ्ख्या घट्दै गई अब १८ जना मात्र बाँकी रहेको अवस्था छ । यसका ऐन नियममा आवश्यक संशोधन गरेर भए पनि ०६३ सालमा नै प्रतिनिधिसभा र स्थानीय निकायहरूबाट राष्ट्रिय सभाका सदस्यको निर्वाचन सम्पन्न गर्ने । राष्ट्रियसभालाई पूर्णता दिने । संसद्का दुवै सदनलाई चलायमान गराउने ।
- संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्नुअगावै पनि संसद्लाई बलियो बनाउनुपर्ने, प्रभावकारी भूमिका खेल्न सक्षम बनाउने र प्रतिगमनले पुनः टाउको उठाउन नसकोस् भन्ने कुरा सुनिश्चित गर्न वर्तमान संविधानमा निम्न विषयहरूमा परिवर्तन गर्ने :
- संविधानसभाका प्रतिनिधिसभाको निर्वाचन भई तिनले शपथग्रहण गरी कार्य गर्न सुरु नगरुञ्जेल वर्तमान प्रतिनिधिसभा कायम नै राख्ने ।
- सेनाको व्यवस्थापन, सञ्चालन गर्ने सम्बन्धमा हाल कायम रहेको सुरक्षा परिषद्को व्यवस्थालाई संशोधन गरी सेना संसद्प्रति उत्तरदायी र मन्त्रिपरिषद्को मातहतमा रहने किटानी व्यवस्था गर्ने ।
- सेनालाई प्रजातान्त्रिक, जनउत्तरदायी र पारदर्शी राष्ट्रिय चरित्रको सेनामा रूपान्तरण गर्ने ।
- सरकार र सेनाको नाम फेर्ने । श्री ५ को सरकारको ठाउँमा नेपाल सरकार र शाही सेनाको ठाउँमा नेपाली सेना नामकरण गर्ने । राष्ट्रिय गीत परिवर्तन गर्ने ।
- राजपरिषद्को व्यवस्था खारेज गर्ने ।
- संविधानको धारा ३५ लाई फेरेर कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहनेछ भन्ने प्रस्ट व्यवस्था गर्ने ।
- संविधानको धारा १२७ प्रधानमन्त्रीको सिफारिसमा प्रयोग हुने प्रस्ट उल्लेख गर्ने ।

- प्रतिनिधिसभाको बैठकसँगै राष्ट्रियसभाको बैठक सुरु गर्ने ।
- संसद्को अनुमोदनमा मन्त्रिपरिषद्ले माओवादीसँग वार्ता गर्ने टोली गठन गर्ने । माओवादीसँग वार्ताको प्रगतिको अनुगमन गर्न र संसदीय निर्देशन दिन दुवै सदनको प्रतिनिधित्व हुने गरी संयुक्त संसदीय विशेष समितिको गठन गर्ने ।
- संसद्को अनुमोदनमा मन्त्रिपरिषद्ले दुईवटा सर्वदलीय, सर्वपक्षीय समितिहरू बनाउने । एक राज्यको पुनःसंरचना र समावेशी प्रजातन्त्रका विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवदेन पेस गर्न, दोस्रो त्यसै गरी आगामी संविधानको मूल स्वरूपको विषयमा अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेस गर्न । यी दुवै समितिहरूले तीन महिनाभित्र आफ्नो प्रतिवेदन पेस गर्ने । यो संसद्मा टेबुल गर्ने र राष्ट्रिय छलफलको लागि सार्वजनिक गर्ने ।
- आन्दोलनकारी सात दलको पूर्वनिर्णयअनुरूप विघटित अवस्थाको तलब-भत्ता संसद्ले नलिने घोषणा गर्ने । दुवै सदनका सदस्यहरूले देशको आर्थिक स्थितिलाई विचार गरी बैठकभत्ताबापतको आधा रकम मात्र लिने, बाँकी आधा

रकम आन्दोलनमा घाइते भएका, अङ्गभङ्ग भएकाहरूको सेवामा खर्च गर्न सरकारलाई अनुरोध गर्ने। यसप्रकार संसद् सचिवालयले पनि आफ्नै खर्चमा कटौती गरी मितव्ययिता गर्ने ।

➤ अविलम्ब उपरोक्त कार्यहरू सम्पन्न गर्दै मुलुकलाई निःसर्त संविधानसभामा पुऱ्याउन र संविधानसभाको निर्वाचनबाट लोकतान्त्रिक गणतन्त्रलाई सुनिश्चित तुल्याउन दबावमूलक जनपरिचालन गरिनुपर्छ। प्रतिनिधिसभा र राष्ट्रियसभाबाट दबाबपूर्ण सहयोगका निमित्त योजनाबद्ध प्रयत्न हुनुपर्दछ ।

**दबाबमूलक जनपरिचालन र सङ्गठन विस्तार एवम् सुदृढीकरण**

विगत लामो समयदेखि हाम्रो पार्टी निरङ्कुश राजतन्त्रविरोधी जनआन्दोलनमा केन्द्रित भएर लाग्नु परेको कारणले सङ्गठन विस्तार एवम् सुदृढीकरणको काममा जुट्न सम्भव भएको छैन। सुदृढ सङ्गठन र फराकिलो जनाधारबिना हामीले जनआन्दोलनका उपलब्धिहरूलाई संरक्षण, विस्तार र संविधानसभा हुँदै लोकतान्त्रिक गणतन्त्रमा पुग्ने उद्देश्यलाई साकार तुल्याउन सम्भव हुने छैन। तसर्थ, अब हामीले एकैसाथ दबाबमूलक जनपरिचालनका साथै पार्टी सङ्गठन, जनसङ्गठन, सामुदायिक सङ्गठन तथा पेसागत सङ्गठनहरूको सुदृढीकरण एवम् विस्तारको काममा केन्द्रित भएर लाग्न जरुरी छ। यस निम्ति सम्पूर्ण पार्टी शक्तिलाई केन्द्रीकृत योजनाअन्तर्गत परिचालित गर्न जरुरी छ। स्थानीय कमिटीहरू ( खासगरी पार्टीका अञ्चल समन्वय कमिटी तथा जिल्ला कमिटी) को योजना र पहलमा निम्नानुसारका कार्यहरू सम्पन्न गर्नु जरुरी छ :

यो काममा आजैदेखि सम्पूर्ण पार्टी शक्तिलाई एकीकृत र केन्द्रीकृत योजनाअन्तर्गत परिचालन गर्नु पर्दछ र यो कामलाई संविधानसभाको घोषणा नभएसम्मका लागि जारी राख्नुपर्दछ ।

**गर्नुपर्ने कामहरू :**

- प्रारम्भिक कमिटीदेखि अञ्चल समन्वय कमिटीसम्म सबै तहका पार्टी कमिटीहरू र पार्टी सेलहरूको बैठक बस्ने। पार्टी कमिटीहरूलाई नियमितता प्रदान गर्ने। आधार तयार भएका स्थानहरूमा पार्टी कमिटी वा पार्टी सेलहरू निर्माण गर्ने ।
- जनआन्दोलनमा निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गरी विधानको व्यवस्थालाई ख्याल गर्दै पार्टी कमिटी र जनसङ्गठनहरूको पुनर्व्यवस्थापन गर्ने ।
- पार्टी तथा जनसङ्गठनका अगुवा कार्यकर्ताहरूको उपस्थितिमा अनिवार्य रूपमा एक-एकवटा जिल्लास्तरीय, नगर/इलाकास्तरीय र गाविस/नगरका वार्डस्तरीय कार्यकर्ता भेला सम्पन्न गर्ने ।
- पार्टीको सङ्गठित सदस्यता नवीकरण गर्ने। साधारण सदस्यता विस्तार तथा नवीकरण गर्ने। अभिलेख दुरुस्त गर्ने र अञ्चल समन्वय कमिटी हुँदै केन्द्रमा पठाउने ।
- सबै गाविस र नगरका प्रत्येक वार्डहरूमा त्यसअन्तर्गतका पार्टी कार्यकर्ता, सदस्य, जनसङ्गठनका सदस्य तथा समर्थकहरूको सहभागितामा पार्टीको झन्डा, ब्यानर र अपिलका साथ घरदैलो गर्ने, पर्चा वितरण गर्ने, टोल, वार्ड र गाविसस्तरमा ऱ्याली तथा जनभेलाहरू सम्पन्न गर्ने ।
- घरदैलो, जनभेला र स्थानीय सभाहरूमा केन्द्रीय कार्यालयबाट उपलब्ध गराइएको नमुनाअनुरूपको पार्टीको प्रवेशपत्र, जनसङ्गठनहरूको सदस्यतापत्र वितरण गर्ने र सम्बन्धित स्थानीय पार्टी कमिटीमा सो सम्बन्धमा व्यवस्थित अभिलेख राख्ने। पार्टीको प्रवेशपत्र तथा जनसङ्गठनहरूको सदस्यतापत्र ग्रहण गर्न जनपङ्क्तिका हरेक व्यक्तिसँग अनुरोध गर्ने ।
- पार्टी, जनसङ्गठन, सामुदायिक सङ्गठन, पेसागत सङ्गठनका सदस्यहरू, समाजका अगुवा र इच्छुक व्यक्तिहरूलाई लिएर गाविस तथा नगरका वार्डस्तरमा 'लोकतान्त्रिक गणतन्त्रका लागि संविधानसभाको निर्वाचन अभियान समिति, नेकपा (एमाले)' निर्माण गर्ने। यस्ता समितिहरूले संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनमत निर्माण गर्न जुलुस, सभा, ऱ्याली, पदयात्रा, गोष्ठी, छलफल, पर्चा वितरणलगायतका कार्यहरू सम्पन्न गर्ने ।
- निःसर्त संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको मार्गमा अवरोध बन्न खोज्ने प्रतिगामी वा प्रतिक्रियावादी तत्त्वहरूका विरुद्ध गाविस, नगर, इलाका र जिल्लास्तरमा 'खबरदारी जनसभा' हरू आयोजना गर्ने ।

**कमिटीका बैठक, कार्यकर्ता भेला तथा जनसभाहरूमा निम्न विषयहरूमा केन्द्रित भएर पार्टीको नीति, विचार तथा दृष्टिकोण प्रस्तुत गर्ने :**

- सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण संयुक्त जनआन्दोलनले प्राप्त गरेको उपलब्धि तथा यसलाई रक्षा गर्न र संविधानसभा हुँदै लोकतान्त्रिक गणतन्त्रमा पुग्नका लागि केन्द्रीय र स्थानीयस्तरमा गर्नुपर्ने कामहरूका बारेमा बताउने,
- संविधानसभा, पूर्ण लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रका सम्बन्धमा संसद् र सरकारबाट गरिने प्रयत्न र यस सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायको भूमिकाका बारेमा जानकारी दिने,

♦ सात राजनीतिक दलको एकताको महत्त्वका बारेमा जानकारी दिने र यो एकतालाई जोगाइरहन स्थानीय पार्टी कमिटी तथा आमजनसमुदायका तर्फबाट खेल्नुपर्ने भूमिका सम्बन्धमा प्रशिक्षित गर्ने,
♦ नेकपा (माओवादी) का गलत विचार एवम् प्रवृत्तिसँग वैचारिक सङ्घर्ष गर्दै दिगो शान्ति स्थापनका लागि उनीहरूको शान्तिपूर्ण रूपान्तरणको महत्त्व बताउने र त्यसनिम्ति गरिएका प्रयत्नहरूका सम्बन्धमा उल्लेख गर्ने,
♦ अभियान सम्पन्न भएपछि सम्बन्धित स्तरका पार्टी कमिटीको बैठक आयोजना गरी समीक्षा गर्ने र समीक्षा प्रतिवेदन ठीक माथिल्लो पार्टी कमिटीसमक्ष पठाउने । जिल्लास्तरीय समीक्षा प्रतिवेदन अञ्चल समन्वय कमिटी र केन्द्रीय कार्यालयमा पठाउने ।

■

# ०४७ को संविधानमा वाममोर्चाका असहमतिहरू

*(०४७ को संविधान निर्माणका क्रममा सुझाव आयोगमा वाममोर्चाका तर्फबाट प्रतिनिधित्व गर्नुहुने माधवकुमार नेपाल, भरतमोहन अधिकारी र निर्मल लामाले दर्ता गर्नुभएका ६ बुँदे असहमतिहरूलाई यहाँ प्रकाशित गरिएको छ) - सं.*

संविधान सुझाव आयोगका हामी संयुक्त वाममोर्चाका तीन प्रतिनिधिहरूले यस संविधानको मस्यौदालाई नेपालका तीन राजनीतिक शक्तिहरूको सन्तुलनको अभिव्यक्ति र तीन राजनीतिक शक्तिहरूबीच सम्झौताको राजनीतिक दस्तावेज हो भनेर मानेका छौँ । यो मस्यौदामा कैयौँ कमजोरीहरू रहँदारहँदै पनि मूलरूपमा यो प्रजातान्त्रिक छ र यसले नेपालमा प्रजातान्त्रिक अभ्यासलाई बढाउन संवैधानिक आधार दिएको छ । यस रूपमा हामीले यस संविधानको मस्यौदाको समर्थन गर्दछौँ । तथापि, यस संविधानमा केही गम्भीर त्रुटिहरू रहन गएका छन्, ती त्रुटिहरूलाई पनि हटाउन सकेको भए यो संविधानको मस्यौदाले अझै नेपाली जनताको आकाङ्क्षालाई प्रतिविम्बित गर्न सक्ने थियो । हाम्रो विचारमा संविधानको मस्यौदामा रहेका कमजोर पक्षहरू निम्नलिखित छन् :

१. संविधान मस्यौदाको भाग १, प्रारम्भिक धारा ३ मा सार्वभौमसत्ता विषयमा चर्चा छ । सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने व्यवस्था अत्यन्त राम्रो छ । यसको प्रयोगका सम्बन्धमा त्रुटि रहन गएको छ । संविधानमा 'यसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ' भन्ने उल्लेख छ । तर, वास्तवमा यसको प्रयोग नेपाली जनताको निर्वाचित प्रतिनिधि र यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ भनी उल्लेख हुनुपर्ने थियो । सार्वभौमसत्ताको प्रयोग नेपाली जनताका निर्वाचित प्रतिनिधिहरूले गर्नेछन् भन्ने वाक्यसमेत समावेश हुन सकेको भए सार्वभौमसत्ताको प्रयोग जहिले पनि प्रजातान्त्रिक पद्दतिबाट हुने कुराको ग्यारेन्टी हुने थियो । यसको अभावमा कुनै बखत कुनै तानाशाहले नेपाली जनताका नाममा सार्वभौमसत्ताको प्रयोग गरेको छु भन्ने सक्ने छ । प्रजातान्त्रिक युगमा सार्वभौमसत्ताको प्रयोग पनि प्रजातान्त्रिक परिपाटीबाट हुनुपर्दछ ।

२. संविधान मस्यौदाको भाग ५ को 'धारा २७ देखि ३८' सम्म श्री ५ को विषयमा छ । हाम्रो विचारमा प्रजातान्त्रिक नेपालमा राजसंस्था र गद्दीनसीन राजालाई छुट्याउनु आवश्यक थियो । राजमुकुटले राजसंस्थालाई बोध गराउने, यो एउटा संस्थाको प्रतीकका रूपमा रहने र श्री ५ ले गद्दीनसीन राजालाई बोध गराउने गरी अलग-अलग व्यवस्था हुनुपर्दथ्यो । श्री ५ को अङ्ग्रेजीमा ज्भ्क :बवभकतथ हो । यसको प्रयोग गद्दीनसीन राजाले मात्र गर्न पाउँछन् । त्यसैले श्री ५ को सम्बोधन गद्दीनसीन
राजाले मात्र प्रयोग गर्नुपर्दछ भन्ने हाम्रो अडान रहेको छ ।

३. संविधान मस्यौदाको भाग ८, व्यवस्थापिकाको धारा ४९ मा 'संसद्' भन्नाले राष्ट्रियसभा र प्रतिनिधिसभा यी दुई सदनहरूलाई जनाउनुपर्ने व्यवस्था हुनुपर्ने थियो । संसद्भित्र अनावश्यक रूपमा श्री ५ समेतलाई समावेश गरिएको छ । जुन कुरा संसदीय व्यवस्था र आधुनिक संवैधानिक राजतन्त्रको मूल भावनाको विपरीत छ । हाम्रो विचारमा संवैधानिक राजाको स्थान राष्ट्राध्यक्षको हो । राजाको काम राष्ट्राध्यक्षको काम हो । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकामा राजालाई अनावश्यक रूपमा समावेश गराउनु हुँदैन । यस्तै बमोजिमको व्यवस्था जापान, स्पेन र स्वीडेन तथा अन्य देशका संविधानमा रहेका तथ्यहरू यहाँ विशेष रूपमा उल्लेखनीय छ ।

४. सरकारको नाम 'श्री ५ को सरकार' बाट 'नेपाल सरकार' फेरिनुपर्दछ भन्ने हाम्रो दरो अडान रहेको छ । प्रजातान्त्रिक नेपालमा सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेपछि सरकारको नाम कुनै व्यक्ति वा संस्थासँग जोडिनु हुँदैन । यो सरकार नेपाल र नेपाली जनताको सरकार हो । यसकारण यस सरकारको नाम नेपाल सरकार रहनुपर्दछ । अझै ०१४ सालअघि सरकारको नाम नेपाल सरकार नै थियो, त्यस बखतदेखि सरकारको नाम फेरिएर श्री ५ को सरकार

बनाइयो, त्यस बेलादेखि निरङ्कुश राजतन्त्रको पिसाइमा नेपाली जनता पर्दै आइरहेका छन् । विगत ३० वर्षमा श्री ५ को सरकार जनविरोधी, जनताको साधारण मौलिक हक छिन्ने अन्यायी, अत्याचारी सरकारको रूपमा देखिँदै आएको छ । यसरी श्री ५ को सरकार भन्ने शब्द जनताबीच बदनाम भएको छ । अब प्रजातन्त्र आएपछि नेपाली जनताले परिवर्तन आएछ भनी बुझ्न पनि सरकारको नाउँ फेरि 'नेपाल सरकार' राखिनुपर्थ्यो । संविधान सुझाव आयोगले राय सङ्कलन गर्दा पनि लगभग सम्पूर्ण सुझावकर्ताहरूले 'नेपाल सरकार' नामकरण गर्नुपर्दछ भनी माग गरेका थिए । त्यसैगरी 'शाही' शब्द नामकरण गरिएका सबै सरकारी र सार्वजनिक संस्थाको नाम फेरिनुपर्दछ । यस शब्दबाट निश्चित परिवारको निजत्व झल्किन्छ । प्रजातन्त्रको स्थापना भइसकेपछि र देशभरिबाट प्राप्त सुझावलाई समेत हेर्दा उही शाही शब्दको प्रयोग जारी रहनुले परिवर्तन र जनभावनाको अपमान हुन गएको छ । यसअनुरूप 'शाही सेना' को नाम बदली 'नेपाल राष्ट्रिय सेना' हुनुपर्दछ भन्ने हाम्रो स्पष्ट अडान रहेको छ ।

५. राष्ट्राध्यक्षले संवैधानिक मर्यादाभित्र रही गरेको क्रियाकलापबारे संसद्मा कुरा उठाउन नहुने कुरा हामी बुझ्न सक्छौँ । तर राजा, रानी र उत्तराधिकारीले संविधानको मर्यादा र संवैधानिक आचरणको विपरीत कार्य गर्दा पनि जनताले कुरा उठाउन नपाउने कुरासँग हामी सहमत छैनौँ । त्यसमा जनताका निर्वाचित प्रतिनिधिहरूले यस्तो गैरसंवैधानिक आचरणबारे कुरा उठाउनु उनीहरूको अधिकार र दायित्व हो । हाम्रो विचारमा कुनै सार्वजनिक महत्त्वका ओहदाको पदमा रहने संस्था वा व्यक्ति आलोचनाभन्दा माथि हुन सक्दैन । हाम्रो देशमा त अझै राजपरिवारबाट समयसमयमा संवैधानिक मर्यादाको उल्लङ्घन भएको पृष्ठभूमिमा यो अधिकार जनताका निर्वाचित प्रतिनिधिहरूलाई हुनुपर्दछ भन्ने हाम्रो अडान रहेको छ, जसले गर्दा प्रजातान्त्रिक अभ्यास सुदृढ हुने र सबैले आ-आफ्नो निर्धारित गरेको मर्यादाभित्र रहनुपर्ने स्थिति बस्न सक्छ ।

६. संविधान मस्यौदाको धारा १२५ मा 'शाही नेपाली सेना' को सञ्चालन गर्न एक राष्ट्रिय सुरक्षा समिति रहने र राष्ट्रिय सुरक्षा समितिको सिफारिसमा राजाबाट सेनाको सञ्चालन गर्ने व्यवस्था भएको छ । सेनाको सञ्चालन कार्यकारिणी कार्य हो । देशको सम्पूर्ण कार्यकारिणी अधिकार जनताबाट निर्वाचित मन्त्रिपरिषद्को जिम्मा रहेपछि सेना पनि मन्त्रिपरिषद्को मातहतमा रहनुपर्दछ । राष्ट्रिय सुरक्षा समितिको जवाफदेही मन्त्रिपरिषद्प्रति हुने व्यवस्थासमेत उल्लेख हुनुपर्थ्यो । यो नहुँदा ठूलो गल्ती हुन गएको छ जसले गर्दा जननिर्वाचित मन्त्रिपरिषद्को समानान्तरमा सेना जहिले पनि रहने खतरा रहन्छ र प्रजातन्त्रमाथि जहिले पनि खतरा भई नै रहनेछ ।

***स्रोत : मुकुन्द रेग्मी,*** *संवैधानिक विकास : नेपाल अधिराज्यको संविधान २०४७, पेज नं. १७३९-१७४१*

# संयुक्त जनमोर्चाका चालीस सूत्रीय मागहरू

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौँ

विषय : ज्ञापन-पत्र ।

महोदय,

२०४६ सालमा जनआन्दोनलको परिणामस्वरूप निरङ्कुश राजतन्त्रात्मक निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भएर राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको स्थापना भएको छ वर्ष पूरा हुँदैछ । यसबीचमा त्रि-पक्षीय अन्तरिम सरकार, नेपाली काङ्ग्रेसको एकमना सरकार, एमालेको अल्पमतको सरकार र हाल काङ्ग्रेस-राप्रपा-सद्भावना गठबन्धन सरकारले राज्यसत्ताको सञ्चालन गरिरहेका छन् । परन्तु देश र जनताको स्थिति उँभो लाग्नुको सट्टा दिनहुँ उँधो लाग्दै गएको कुराको पुष्टि नेपाल संसारको दोस्रो सबभन्दा गरिब देशमा झरेको, निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपातमा ७१ प्रतिशत पुगेको, पूर्ण बेरोजगारहरूको सङ्ख्या १० पुगेको, विदेशी ऋण र व्यापार घाटा प्रतिवर्ष चुलिँदै गएर देश टाट पल्टने स्थितिमा पुगेको, देशभित्र विदेशीहरू र खासगरी भारतीय विस्तारवादीहरूको आर्थिक र सांस्कृतिक अतिक्रमण दिनहुँ बढ्दै गएको, धनी र गरिब तथा सहर र गाउँबीचको फाटो झन्-झन् फराकिलो हुँदै गएको आदिबाट (थाहा) हुन्छ । अर्कोतिर यसबीचमा कुनै न कुनै रूपले सरकारमा पुगेका संसदीय पार्टीहरू देश र जनताको हितप्रति समर्पित रहनुको सट्टा विदेशी साम्राज्यवादी तथा विस्तारवादी मालिकहरूको आशीर्वाद प्राप्त गरेर कुर्सीमा टिकिरहने प्रयासमा नै निर्लिप्त रहेको कुरा उनीहरू सबैले साम्राज्यवादीहरूले आफ्नो स्वार्थसिद्ध गर्न तयार गरेको कथित निजीकरण र उदारीकरणको आर्थिक नीति आँखा चिम्लेर स्वीकार गरेको र हालै आएर भारतीय विस्तारवादलाई नेपालको जलसम्पदाको एकाधिकार सुम्पनु कथित 'राष्ट्रिय सहमति' कायम गरेकोबाट पुष्टि हुन्छ । यसैक्रममा संयुक्त जनमोर्चा नेपालले ०४८ चैत २४

गतेदेखि कहिले एक्लै र कहिले अन्य पक्षहरूसँग संयुक्त भएर राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित तात्कालिक मागहरू पूरा गराउन विभिन्न प्रकारका सङ्घर्षहरू गर्दै आएको छ। तर, विभिन्न समयमा बनेका सरकारहरूले ती मागहरू पूरा गर्नुको सट्टा उल्टै आन्दोलनकारीहरूमाथि भीषण दमन गर्ने र सयौँ जनाको ज्यान लिने काम गर्दै आए, जसको सबभन्दा नाङ्गो रूप केही महिना पहिले रोल्पामा भएको सशस्त्र प्रहरी अपरेसनमा देखापर्‍यो। यसै सन्दर्भमा कतिपय हामीले पहिलेदेखि उठाउँदै आएका र कतिपय तत्कालीन सन्दर्भमा अत्यावश्यक हुन गएका राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित मागहरू वर्तमान गठबन्धन सरकारसमक्ष पुनः एकपटक निम्नबमोजिम प्रस्तुत गरेका छौँ।

**राष्ट्रियतासँग सम्बन्धित मागहरू**

१. सन् १९५० को नेपाल-भारत सन्धिलगायत सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज गरिनुपर्छ।
२. राष्ट्रघाती टनकपुर सम्झौतालाई ढाकछोप गर्न र नेपालको सम्पूर्ण जनसम्पदामाथि भारतीय विस्तारवादलाई एकाधिकार सुम्पन ०५२ माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकाले उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ।
३. नेपाल-भारत सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ। नेपालभित्र भारतीय नम्बर प्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनुपर्छ।
४. गोर्खा भर्तीकेन्द्र रद्द गरिनुपर्छ र नेपालीहरूलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ।
५. नेपालभित्र विविध क्षेत्रमा कामका निम्ति स्वदेशी कामदारहरूलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरूलाई काममा लगाउनुपर्दा 'वर्क परमिट' लागू गरिनुपर्छ।
६. नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ।
७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ।
८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमणको अन्त्य गरिनुपर्छ। देशभित्र छाडा हिन्दी सिनेमा, भिडिओ र पत्रपत्रिकाहरूको आयात र वितरणमा रोक लगाइनुपर्छ।
९. एनजीओ/आईएनजीओ आदिको नाउँमा देशभित्र साम्राज्यवादी/विस्तारवादी घुसपैठको अन्त्य गरिनुपर्छ।

**जनतन्त्रसँग सम्बन्धित मागहरू**

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधानको निर्माण गरिनुपर्छ।
११. राजा र राजपरिवारका सबै विशेषाधिकार निर्माण गरिनुपर्छ।
१२. सेना, प्रहरी प्रशासन पूर्णरूपले जनताको नियन्त्रणमा हुनुपर्छ।
१३. सुरक्षा ऐनलगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनुपर्छ।
१४. राजनीतिक प्रतिशोधका कारणले झुट्टा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछापलगायतका जिल्लाहरूमा सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ र सबै झुट्टा मुद्दाहरू खारेज गरिनुपर्छ।
१५. जिल्ला-जिल्लामा भइरहेको सशस्त्र प्रहरी अपरेसन, दमन र राज्यआतङ्क तुरुन्त बन्द गरिनुपर्छ।
१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूका बारेमा निष्पक्ष छानबिन गरी अपराधीहरूलाई कडा कारबाही गरिनुपर्छ र पीडित परिवारहरूलाई उचित क्षतिपूर्ति प्रदान गरिनुपर्छ।
१७. जनआन्दोलनका क्रममा मारिएकाहरूलाई सहिद घोषणा गरिनुपर्छ, सहिदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनुपर्छ र हत्याराहरूमाथि कडा कारबाही गरिनुपर्छ।
१८. नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरिनुपर्छ।
१९. महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ। छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ।
२०. सबैखाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ। जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ।
२१. दलितहरूमाथि भेदभाव अन्त्य गरिनुपर्छ। छुवाछूत प्रथा पूर्ण रूपले बन्द गरिनुपर्छ।
२२. सबै भाषा-भाषीहरूलाई समान अवसर र सुविधा दिइनुपर्छ। उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ।
२३. वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ। सरकार सञ्चारमाध्यमहरू पूर्णरूपले स्वायत्त हुनुपर्छ।
२४. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिककर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ।
२५. पहाड र तराईका क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ, पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता प्रदान गरिनुपर्छ। गाउँ र सहरबीच सन्तुलन कायम गरिनुपर्छ।

**जनजीविकासँग सम्बन्धित मागहरू**

२७. जमिन जोत्नेको हुनुपर्छ। सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुमवासीहरूमा वितरण गरिनुपर्छ।

२८. दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरेर भूमिहीन तथा सुकुमवासीहरूमा वितरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ ।
२९. सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ । रोजगारी नपाउन्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ ।
३०. उद्योग, कृषिलगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ ।
३१. सुकुमवासीहरूलाई बसोवासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोवासको व्यवस्था नगरी सुकुमवासीहरूलाई उठीबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ ।
३२. गरिब किसानहरूलाई पूर्ण रूपले ऋणमुक्त गरिनुपर्छ । कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाह गरिनुपर्छ । साना उद्योगहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ ।
३३. मल, बीउ सस्तो र सुलभ हुनुपर्छ । किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ ।
३४. बाढीपीडित र सुक्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ ।
३५. सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ ।
३६. महँगी नियन्त्रण गरिनुपर्छ । महँगीको अनुपातमा ज्यालावृद्धि गरिनुपर्छ । दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।
३७. गाउँ-गाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ ।
३८. कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ ।
३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घूसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्छ ।
४०. अनाथ, अपाङ्ग, बृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।

नेपाली राष्ट्र र जनताको जीवनसँग अत्यावश्यक रूपले जोडिएका उपरोक्त मागहरू यथाशीघ्र पूरा गर्नेतर्फ पहल गरियोस् भन्ने वर्तमान गठबन्धन सरकारसमक्ष हाम्रो हार्दिक अनुरोध छ । आगामी ०५२ फागुन ५ गतेसम्म सरकारका तर्फबाट यसबारे कुनै सकारात्मक पहल नभएमा हामी विद्यमान राज्यसत्ताको विरोधमा सशक्त सङ्घर्षको बाटोमा उत्रन बाध्य हुनुपर्ने जानकारी पनि गराउन चाहन्छौँ ।

धन्यवाद !

**(डा. बाबुराम भट्टराई)**

**अध्यक्ष, केन्द्रीय समिति, संयुक्त जनमोर्चा, नेपाल**

**(नेकपा (माओवादी) ले 'जनयुद्ध' सुरु गर्नुअघि आफ्नो खुल्ला मोर्चा संयुक्त जनमोर्चा, नेपालमार्फत् २१ माघ २०५२ मा प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष बुझाएको ज्ञापनपत्र ।)**

# २०५९ असोज १८ को शाही घोषणा

**प्यारा देशवासीहरू !**

नेपाल र नेपालीको बृहत्तर हित नै हाम्रो लक्ष्य हो । नेपालको राजसंस्था सदा लोकसम्मतिबाट सञ्चालित भएको इतिहास साक्षी छ । प्रजातन्त्रप्रतिको हाम्रो प्रतिबद्धता हामीले दोहोऱ्याई आएका छौँ । हामी यसका आदर्शबाट सदा अनुप्राणित रहिरहने कुरा देशवासीलाई आश्वस्त गराउन चाहन्छौँ ।

नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि सदा समर्पित रहने शाहवंशीय परम्पराअनुसार विक्रम सम्वत् २०४६ मा जनचाहनाअनुरूप देशमा प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनःस्थापना भएको सबैमा विदितै छ । यस व्यवस्थाको १२ वर्षको अवधिमा प्रजातन्त्रको सुदृढीकरणका लागि विभिन्न राजनीतिक प्रयोगहरू हुँदै आएको कुरा सबैका सामु छर्लङ्गै छ । यसै क्रममा प्रधानमन्त्रीको सिफारिसमा हामीबाट गत जेठ ८ गते प्रतिनिधिसभा विघटन गरिबक्सी आगामी कात्तिक २७ गते नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन गर्ने मिति तोकिबक्सेका थियौँ । निर्वाचन सम्पन्न गराउने अभिभारा बोकेको प्रधानमन्त्रीले विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गर्दा तोकिएको मितिमा नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन हुनसक्ने अवस्था नदेखिएबाट संविधानको धारा ५३ को उपधारा (४) को कार्यान्वयन गर्नमा बाधा-अड्काउ परेको हुँदा नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२७ बमोजिम बाधा-अड्काउ फुकाउन हाम्रा हजुरमा जाहेर गरेबाट संवैधानिक गतिरोध वा रिक्तताको असहज अवस्था देखापरेको छ ।

राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्तिसुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले हामीबाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान ०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी संविधानबमोजिम निर्वाचन समयमै सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी मन्त्रिपरिषद् विघटन गर्न र आगामी कात्तिक २७ गते प्रतिनिधिसभाका लागि हुने निर्वाचनसमेत स्थगित गर्नुपर्ने परिस्थिति आइपरेको छ । तसर्थ, नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२७ बमोजिम देहायका आदेशहरू जारी गरिबक्सेका छौँ ।

निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज ०५९ असोज १८ गतेदेखि पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौँ । प्रतिनिधिसभाका लागि आगामी कात्तिक २७ गते हुने निर्वाचन स्थगित गरिबक्सेका छौँ । अर्को व्यवस्था गर्न केही समय लाग्ने हुँदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहित राखी मुलुकको शासनाभार हामीबाटै स्वयम् ग्रहण गरिबक्सेका छौँ। नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नामहरू सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुनेछ भन्ने विश्वास हामीबाट लिइबक्सेका छौँ ।

संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता एवम् निष्ठामा हामी आँच आउन दिनेछैनौँ । अब बन्ने सरकारले यथाशीघ्र शान्तिसुरक्षाको व्यवस्था मिलाई निर्वाचन सम्पनन गराउनेछ । यस व्यवस्थाबाट जङ्गी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफू जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अल्मलिनुपर्दैन र सबैले आ-आफ्ना स्थानबाट आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र साथै सबै देशवासीहरूको सदिच्छा नै देशमा सबै कुराको सुव्यवस्था हुनेछ भन्ने हामीबाट पूर्णविश्वास लिएका छौँ ।

*श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।*

*जय नेपाल ।*

# जनताको अभिमत नै निर्णायक हो

नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम राजकीयसत्ता र सार्वभौम अधिकार नेपाली जनतामा निहित रहेको र यसको प्रयोग जनताले निर्वाचित जनप्रतिनिधिमार्फत गर्ने व्यवस्था हाम्रो स्थापित संवैधानिक यथार्थ हो । यही अनुरूप मुलुक संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रअन्तर्गत मानवअधिकारको पूर्ण प्रत्याभूतिसहितको प्रजातान्त्रिक मार्गमा अग्रसर रहँदै आएको हो । तर, यस सन्दर्भमा घोषित मध्यावधि निर्वाचनको सिलसिलामा अप्रत्यासित र अस्वाभाविक रूपमा यही आश्विन १८ गते आएको शाही घोषणाबाट हामी स्तब्ध भएका छौँ । उक्त घोषणाबाट संवैधानिक तथा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको मर्म र भावनामा आघात पुगेको छ । त्यसबाट मुलुकमा थप विश्वासको सङ्कट सिर्जना हुनसक्ने सम्भावनासमेत देखिनाले नेकपा (एमाले) लाई झन् चिन्तित तुल्याएको छ। यसबाट मुलुकले जनअभिमतका माध्यमबाट सङ्कटको निकास खोजिरहेको वर्तमान अवस्थामा प्रजातान्त्रिक प्रक्रियाका सामु हठात् गम्भीर चुनौती उपस्थित हुन गएको छ र मुलुकमा थप अन्योल सिर्जना भएको छ। यस्तो अन्योल यथाशीघ्र समाप्त गर्न श्री ५, संसद्मा रहेका तथा राष्ट्रिय मान्यताप्राप्त सम्पूर्ण प्रजातान्त्रिक राजनीतिक पार्टी र व्यक्तिहरूले आपसी समझदारी, सहमति, सहकार्य एवम् एकता कायम गर्दै अग्रसर हुनु आवश्यक छ ।

उल्लिखित सन्दर्भमा सबै प्रकारका सङ्कटबाट उपयुक्त निकासका लागि नेपाल अधिराज्यको संविधान ०४७ को भावना र उद्देश्यअनुरूप राष्ट्रिय सहमतिका आधारमा सरकार गठन गर्दै स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि मार्ग प्रशस्त गर्न नेकपा (एमाले) र श्री ५, सम्पूर्ण प्रजातान्त्रिक राजनीतिक पार्टीहरू तथा नागरिक समाजलाई सकारात्मक पहलका साथ अग्रसर रहन हार्दिक आह्वान गर्दछ। नेकपा (एमाले) मुलुकमा विद्यमान समस्याहरूलाई शान्तिपूर्ण र सकारात्मक रूपमा समाधान गर्नका निम्ति सहमतिका साथ अघि बढ्न सधैँ तयार रही आएको छ। साथै, हाम्रो पार्टी शाही सम्बोधनमा उल्लिखित संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र तथा समयमै आमनिर्वाचन सम्पन्न गरिने कुराहरूप्रतिको प्रतिबद्धता शीघ्र कार्यान्वयन हुनुपर्दछ भन्ने धारणा राख्दछ। वास्तवमा मुलुकलाई स्थिरताको दिशामा अघि बढाउन र समस्याहरूको स्थायी समाधान गर्न निर्वाचनको माध्यमबाट प्रकट हुने जनताको अभिमत नै निर्णायक हो भन्ने कुरामा कुनै बिमति हुन सक्दैन। सर्वविदित कुरा के हो भने जनशक्ति र प्रजातान्त्रिक प्रणाली नै समस्या समाधानका बलिया आधारहरू हुन् ।

आजको जटिल अवस्थामा ०४६ सालको जनआन्दोलनको उपलब्धिको रक्षा गर्दै सार्वभौमसत्ता सम्पन्न जनतालाई थप सबल तुल्याउनका निम्ति एकताबद्ध भएर अगाडि बढ्न सबै प्रजातान्त्रिक पार्टी र जनसमुदायमा नेकपा (एमाले) हार्दिक आह्वान गर्दछ ।

**– माधवकुमार नेपाल**

**महासचिव**
**- १९ असोज २०५९**

**प्यारा देशवासीहरू !**

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट प्रारम्भ गरिबक्सेको एकीकरण अभियानबाट निर्माण भएको नेपाल अधिराज्यमा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउन हाम्रा पूर्वजहरूबाट ऐतिहासिक महत्त्वका क्रान्तिकारी पाइलाहरू चालिबक्सेर देश र जनतालाई उज्ज्वल भविष्यप्रति आलोकित गरिबक्सेको सर्वविदितै छ । नेपालको एकीकरण, प्रजातान्त्रीकरण र आधुनिकीकरणको प्रत्येक मोडमा नेपाली जनता र राजा दुवै मिलेर निर्णायक भूमिका खेलेको इतिहास स्वयम् साक्षी छ ।

२. आज जनचाहनाबमोजिम देश र जनताका लागि शान्ति पुनःस्थापना गरी बहुदलीय प्रजातन्त्रको रक्षाका लागि फेरि एकपटक ऐतिहासिक निर्णयको घडीमा हामी आइपुगेका छौं । हत्या, हिंसा र विध्वंसले देशलाई विनाशको भिरालोमा पुऱ्याउँदा पनि, देश र जनताको नाममा राजनीति गर्नेहरूले देश र जनताको हितप्रति आँखा चिम्लिन छाडेनन् । सत्ताका लागि हानाथाप, सत्ता पाएपछि राज्य संयन्त्रको दुरूपयोग तथा देश र जनताको मूल्यमा व्यक्तिगत वा समूहगत स्वार्थ पूरा गर्ने प्रतिस्पर्धाले परिस्थिति निरन्तर बिग्रने क्रम चली नै रह्यो । राजनीतिको नाममा कानुनी राज्यको सर्वमान्य मर्यादा पनि भङ्ग गर्ने प्रयासहरू भए । बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यासद्वारा हाम्रा प्यारा जनताले सामाजिक, राजनीतिक एवं आर्थिक न्याय पाऊन् भन्ने हाम्रो चाहनाले मूर्त रूप लिन सकेन । जनहितमा निर्माण गरिएका विकासका पूर्वाधारहरूसमेत ध्वस्त पार्नेजस्ता देश र जनविरोधी अपराधहरू निरन्तर बढ्दै गए । आतङ्कवादविरुद्ध सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरू सङ्गठित रूपमा प्रस्तुत हुनुपर्नेमा सत्ताको हानाथापमा लागेर सोझा कार्यकर्ताहरूलाई जनहितका लागि बनेका सुविधाहरू ध्वस्त पार्न उक्साउनुमा नै नेताहरूले राजनीतिको नाम दिन थाले । यसरी निरन्तर बिग्रँदै गएको अवस्थामा आतङ्ककारी गतिविधिमा पूर्णविराम लगाएर शान्ति सुरक्षाको पुनःस्थापनाद्वारा जनचाहना पूरा गर्ने सङ्कल्प लिनुपरेको छ ।

**प्यारा देशवासीहरू !**

३. प्रजातन्त्र र प्रगति एकअर्काका परिपूरक हुन् । तर, नेपालको विगत केही वर्षको तीतो अनुभवले यसलाई असङ्गति साबित गर्ने चेष्टा गऱ्यो । सत्ताको लागि केन्द्रित राजनीतिमा नै अलमल्याएर बहुदलीय प्रजातन्त्रलाई अवमूल्यन गरियो । सरकार टिकाउने र फाल्ने होडमा संसद्मा विकृतिहरू भित्र्याइयो । कुनै पनि प्रतिनिधिसभालाई आफ्नो अवधि पूरा गर्न दिइएन । प्रजातान्त्रिक प्रक्रिया बेथितिको निरन्तरताले अवरुद्ध हुन थाल्यो । जनताको आशा भङ्ग गर्ने, भरोसा भत्काउने र प्रजातन्त्रमा नै वितृष्णा फैलाउने क्रम बढ्दै गयो । चुनाव गराउन नसकेपछि कसैप्रति पनि उत्तरदायी हुनु नपर्ने अप्रजातान्त्रिक सरकारको अभ्यास सुरु गर्ने तारतम्य मिलाउन खोजियो । जनप्रतिनिधिहरूको शून्यता सिर्जना गर्न सबै दलहरू लिखित रूपमा एकजुट भए । तर, यो शून्यता हटाउन मिलेर काम गर्न भने सहमत भएनन् । राजनीतिक दलहरूको संलग्नता र सहमतिमा भएको जनप्रतिनिधित्वबिनाको शासन व्यवस्थाको चाँजोपाँजो जनचाहना तथा बहुदलीय प्रजातन्त्रको मर्यादाअनुकूल थिएन । त्यसैले शीघ्रातिशीघ्र जनप्रतिनिधित्व प्रणालीलाई क्रियाशील तुल्याउने उद्देश्यले प्रजातन्त्रमा निष्ठा राख्ने सबैलाई हामीबाट आह्वान गरेका थियौं । आमजनता, जेठा नागरिकहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा राजनीतिक दलका नेताहरूलाई पटक-पटक भेटेर जनमत बुझ्ने र जनचाहना तथा देशको आवश्यकता सम्झाउने प्रयास पनि गरिएकै हो । नेपाल र नेपाली जनताले भोग्नु परिरहेको अशान्ति र ध्वंसात्मक गतिविधिको अन्त्य गरी देशलाई शान्तिपूर्ण अवस्थामा फर्काउन अब ढिलो गर्नुहुँदैन भन्ने नेपाली जनता र नेपालका हितैषीहरूको एक मात्र चाहना भएको तथ्य पनि सम्झाइएकै हो । शान्तिसुरक्षा कायम गरी आमचुनाव गराउन विभिन्न राजनीतिक दलहरूका नेताहरूलाई कार्यकारिणी अधिकारसहित मन्त्रिपरिषद् गठन गर्ने अवसरहरू पनि पटक-पटक दिइएकै हो । तर, परिस्थितिमा सुधार आउन सकेन । मिलेर सरकार नचलाउने, सत्ताबाहिर जानेबित्तिकै सरकारको विरोधमा उत्रने सङ्क्रामक रोगले राष्ट्रिय राजनीतिलाई सिकिस्त बनायो । प्रजातन्त्रसमक्ष आतङ्कवादले तेर्साएको एकदलीय निरङ्कुशताको चुनौतीलाई निस्तेज तुल्याउने गम्भीर प्रयास हुनैसकेन । राष्ट्रिय सुरक्षाका विषयमा हलुका टिप्पणी गर्ने बानी हटेन । देश र जनताको सुरक्षाका लागि रातदिन क्रियाशील रहने सुरक्षा निकायहरूका कर्तव्यनिष्ठ अधिकारी तथा जवानहरूको देशभक्तिको सत्प्रयासमा बल पुऱ्याउने जिम्मेवारीपन राजनीतिक दलहरूमा देखिएन । देश र जनताविरुद्ध चलिरहेको विनाशको दुष्कर्मलाई सदाको लागि अन्त्य गर्न बहुदलीय प्रजातन्त्रवादीहरूबीच देशहितको बिन्दुमा निष्ठापूर्ण एकता कायम हुनसकेन । दलहरूले जनचाहनाअनुसार राष्ट्रिय प्राथमिकता ठम्याउन पनि सकेनन् ।

४. नेपाली जनताले इतिहासमा यस्तो आतङ्क, सास्ती र शोषण कहिल्यै भोग्नुपरेको थिएन । अपराधीहरूबाट नै दण्डित हुनुपर्ने, आफ्नो वैध सम्पत्ति अपराधीहरूले कब्जा गर्दा पनि, निर्दोष बालबालिका, महिला र वृद्धहरूको निर्मम हत्या गर्दा पनि जनताको नाममा सत्तामा पुगेकाहरूबाट संरक्षण पाउन नसक्ने, जनताको प्रतिनिधित्व गर्छु भन्ने दलहरू जनताको पक्षमा नउभिने दुरावस्था कुनै पनि प्रजातन्त्रले कहिल्यै पनि भोग्नुपरेको थिएन । नेपाली जनताको चाहना र राष्ट्रहितलाई बेवास्ता गरी प्रायोजित भीडलाई अघि सारेर व्यक्ति वा झुन्डको दुराग्रहलाई राष्ट्रिय एजेन्डा बनाउन सकिँदैन । देश र जनताको भविष्यप्रतिको दायित्वबोधले धेरैपटक घच्घच्यायो । परिस्थिति एउटा यस्तो नाजुक मोडमा आइपुग्यो, जब देश र जनताको हितमा जनभावनाबमोजिम निर्णय लिन हामी बाध्य हुनैपऱ्यो ।

**प्यारा देशवासीहरू !**

५. राजा र जनताबीचको घनिष्ट सम्बन्ध नै नेपालको स्वतन्त्रता, राष्ट्रिय एकता र निर्बाध सार्वभौमसत्ताको मुख्य कवच हो । देश र जनताको हितमा सदा समर्पित रहने राजसंस्था र देशभक्तिको संस्कार भएका जनता नै नेपाल अधिराज्यको इतिहासको गौरवमय अतीत हो, यही नै वर्तमान र भविष्य पनि हो । यही गौरवमय परम्पराको निरन्तरतामा लोकसम्मतिअनुसार चल्नु नै राजसंस्थाको अपरिवर्तनीय प्रतिबद्धता रहँदै आएको छ । अधिनायकवाद वा निरङ्कुशता शाहवंशीय राजतन्त्रात्मक संस्कारकै असङ्गति हुन् । सामाजिक न्यायमा हामी विश्वास गर्छौं । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र नै सबै नेपालीको अटल विश्वास तथा अपरिवर्तनीय प्रतिबद्धता भएको तथ्यसँग हामीले आफूलाई आत्मसात गरेका छौं । शक्तिको केन्द्रीकरण प्रजातान्त्रिक मूल्यविपरीत हो भन्ने हाम्रो ठहर छ । माथिल्लो तहदेखि तल्लो तहसम्म निर्वाचित जनप्रतिनिधिहरूका निकायहरूलाई शक्ति विकेन्द्रीकरणको सिद्धान्तअनुसार राज्य सञ्चालनको सच्चा हकदार बनाएर मात्रै प्रजातन्त्रको सार्थक अभ्यास गर्न सकिन्छ भन्ने हामीलाई लाग्छ । कुनै पनि नेपालीले दुःखकष्ट भोग्नु नपरोस्, सबैले सामाजिक, आर्थिक र राजनीतिक न्याय निर्बाध रूपमा पाऊन् भन्ने हाम्रो चाहना छ । शासन सञ्चालनमा आफ्नो चाहनाको पूर्ण मान्यता तथा आफ्नो हितको पूर्ण संरक्षण भएको अनुभूति जनताले सधैं गर्न पाउनैपर्छ भन्ने हाम्रो अडान छ । सबै देशभक्त प्रजातन्त्रवादीहरूको संयुक्त निर्क्योल, समझदारी र दूरदृष्टिबाट नेपाल अधिराज्यलाई परिपक्व प्रजातन्त्र र लोककल्याणकारी समाज निर्माणको फराकिलो राजमार्गमा उन्मुख गराउने हाम्रो चाहना छ । प्रजातन्त्रवादीहरूबीच राष्ट्रिय हितको मूल नीतिमा द्वन्द्व हुनै सक्दैन भन्ने हाम्रो ठहर छ ।

६. नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुनःस्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक हाम्रो अरू कुनै स्वार्थ छैन । राजसंस्था सस्तो लोकप्रियताबाट होइन, नेपाल राष्ट्र र नेपाली जनताको सर्वोत्तम हित र निरन्तर उन्नतिबाट मात्रै निर्देशित रहन्छ । जनताको प्रभावकारी सुधारहरूको चाहनालाई सबैले सम्मान गर्नैपर्छ भन्ने हामीलाई लाग्छ । कसैलाई पनि आफ्नो असहमति व्यक्त गर्न, निराशा प्रदर्शन गर्न हतियार उठाउने बाध्यता महसुस गर्नु नपरोस् । जनताको शान्ति नखल्बलाइकन प्रभावकारी ढङ्गमा असहमति प्रदर्शन गर्ने अवसरको सुनिश्चितता होस् भन्ने हाम्रो चाहना छ । प्रजातन्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त विधिको शासन नै जनताको स्पष्ट चाहना हो । प्रजातन्त्रको माध्यमबाट जनतालाई सुखी बनाउनु, युवा पुस्तालाई उज्ज्वल भविष्यप्रति आश्वस्त तुल्याउनु र नेपाललाई विश्वसमुदायमा सम्मानपूर्ण स्थान दिलाउनु नै हाम्रो एक मात्र चाहना हो । हाम्रा सबै भाषा, सबै जाति, सबै संस्कृतिको समान उन्नतिबाट नै नेपाल अधिराज्यको विशिष्ट चाहना कायम रहन्छ, सुदृढ हुन्छ ।

७. सार्वभौमसत्ता निहित नेपाली जनताको चाहनाबमोजिम देशमा सकेसम्म शान्तिसुरक्षा कायम गरी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्ने दायित्व निर्वाहको गम्भीर प्रयास हुन सकेन, मतदाताहरू र दलहरूलाई निर्वाचनमा सहभागी हुन तयार पारेर कानुनी, व्यवस्थापकीय, प्राविधिक तयारीमा जुट्नुपर्नेमा चुनावको शाब्दिक रट लगाएर, मौखिक तत्परता र आतुरता देखाउनमा नै समय खेर फालियो । राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्तिसुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले नेपाल अधिराज्यको संवैधानिक रीतिथिति र हामीबाट प्रयोग भई आएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी देशमा शान्ति सुरक्षाको पुनःस्थापना तथा प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र क्रियाशील तुल्याउने जनताको चाहना पूरा गर्न हामीबाट वर्तमान मन्त्रिपरिषद् आजैबाट विघटन गरिबक्सेका छौं । अब गठन हुने मन्त्रिपरिषद् हाम्रै अध्यक्षतामा हुनेछ । आगामी तीन वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरू गरेर बहुदलीय प्रजातन्त्रलाई पुनः सक्रिय तुल्याउन अब गठन हुने मन्त्रिपरिषद् प्राथमिकताका साथ लाग्नेछ ।

**प्यारा देशवासीहरू !**

८. सार्थक बहुदलीय प्रजातन्त्र नै जनताको प्रभावकारी शासन प्रणाली हो । सफल प्रजातन्त्र नै सक्कली जनवाद हो । यस्तो जनहितकारी, परिपक्व एवं सुसंस्कृत र सभ्य व्यवस्थालाई खल्बलाएर, निर्दोष जनतालाई आतङ्कित तुल्याएर, जनतालाई त्रसित पारी जबर्जस्ती चन्दा सङ्कलन गरेर, असहमत हुनेहरूको निर्मम हत्या गरेर, विद्यार्थीहरूलाई अपहरण तथा गुरुहरूलाई पाशविक व्यवहार गरेर, सीधा जनतालाई झूठो आश्वासन र सपना बाँडेर, जनताको हितमा बनेका विकास योजनाहरू ध्वस्त पारेर चलाइएको देश र जनताविरोधी अपराधहरू अब बन्द हुनैपर्छ । अब यस्ता देश र जनताविरोधी अपराधहरूलाई कानुनबमोजिम कडा कारबाही गरिनेछ । हाम्रा सुरक्षाकर्मीहरूलाई देश र जनताको हितमा अझै बढी सशक्त भई आतङ्कवाद समाप्त गरी शान्तिसुरक्षा पुनःस्थापना गर्न खटाइएको छ । मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अङ्गहरू विशेष रूपमा सतर्क र सजग रहनुपर्छ । तर, राज्य र आतङ्ककारीलाई एउटै तराजुमा तौलिनु न्यायोचित हुँदैन । प्रजातन्त्रमा विश्वास गर्ने सबै शान्तिप्रेमी नेपाली जनताले शान्तिसुरक्षा कायम गर्ने कार्यमा सुरक्षाकर्मीहरूलाई साथ दिएका छन् र दिने नै छन् ।

९. बाटो बिराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध आपराधिक कार्यमा संलग्न रहेकाहरूलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिको मूलप्रवाहमा समाहित हुन हामी आह्वान गर्छौं । देशभक्तिको मिलनबिन्दुमा आफ्नो विचार मुखरित गर्न, आकाङ्क्षा पूरा गर्न तथा देश र जनताको हितमा योगदान दिनसक्ने अवसरको सुनिश्चितता नै बहुदलीय प्रजातन्त्रको विशेषता हो । यो मौकाको उपयोग गरी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा आउनेहरूका लागि राज्यका तर्फबाट सबै नागरिकहरूसरह अवसर र अधिकार बिना भेदभाव प्राप्त हुने आश्वासन दिन चाहन्छौं । देश र जनताविरुद्ध आतङ्ककारी गतिविधि कायमै राखेमा जनताले सहने छैनन्, कानुनले छाड्ने छैन ।

**प्यारा देशवासीहरू !**

१०. आतङ्कवादविरुद्ध नेपालको सङ्कल्पलाई सराहना गर्दै उदारतापूर्वक साथ दिइरहेका मित्रराष्ट्रहरू, विकास प्रयासहरूलाई अगाडि बढाइराख्न सहयोग गरिरहेका अन्तर्राष्ट्रिय दातृ तथा वित्तीय संस्थाहरूलाई हामी धन्यवाद दिन चाहन्छौं ।

भौगोलिक रूपमा परिभाषित हुनै नसक्ने आतङ्कवादको जोखिमलाई आज विश्व प्रजातन्त्रले समेत भोग्नुपरेको छ । वास्तवमा सानो देश जति सुरक्षित रहन्छ, जति स्थायित्व अनुभव गर्छ, जति सम्पन्न हुन्छ, त्यति नै त्यस क्षेत्र र स्वयम् विश्वको सुरक्षा, स्थायित्व र सम्पन्नता सुनिश्चित हुन्छ भन्ने अनुभूति विश्व समुदायले गरी नै सकेको छ । यसै अनुकूल नेपाल आफ्नो हितमा र विश्व प्रजातन्त्रको हितमा आतङ्कवादलाई निस्तेज तुल्याउन कटिबद्ध भएको छ । नेपाल आफ्नो लागि शान्ति चाहन्छ, छिमेकीहरू र दक्षिण एसियाको लागि शान्ति चाहन्छ, विश्व शान्तिमा टड्कारो भइसकेको जोखिम हटाउन शान्ति चाहन्छ ।

११. यसै क्रममा बहुदलीय प्रजातन्त्रमा हाम्रो प्रतिबद्धता अपरिवर्तनीय रहेको तथा आर्थिक र संस्थागत सुधारहरू जारी रहने, सार्वजनिक खर्चको उपयोग तथा सार्वजनिक सेवा प्रणालीमा सुधारका प्रयासहरू अझै प्रभावकारी ढङ्गमा कायमै राखिने, ब्याङ्किङ अनुशासन पुनर्बहाली गरिने, गरिबी न्यूनीकरणसम्बन्धी रणनीति तथा भ्रष्टाचारविरुद्ध प्रभावकारी कदम चालिने कुरा पनि उल्लेख गर्न चाहन्छौं । दिगो विकास अब नेपालको राष्ट्रिय एजेन्डा भएको छ । अब जनताको सुरक्षा र प्रजातन्त्रको भविष्यलाई जोखिममा पार्न दिइने छैन । नेपालविरुद्ध वा मित्रराष्ट्रविरुद्ध आतङ्कवादलाई नेपाली माटोमा आश्रय दिइने छैन । मित्रराष्ट्रहरूसँग वास्तविक र व्यावहारिक रूपमा आपसी हितका लागि सकारात्मक सम्बन्धमा जोड दिइनेछ ।

१२. निरन्तर झाँगिँदै गएको भ्रष्टाचारले राजनीति र प्रशासनलाई दूषित बनाएको मात्र होइन, प्रगतितर्फ अग्रसर हुनुपर्ने देशको पाइला पनि अवरुद्ध पारेको छ । भ्रष्टाचार हाम्रो समाजका लागि धमिरासिद्ध भइसकेको छ । परिणामस्वरूप कानुनमा आम जनताको विश्वास धरमराउन थालेको छ । यसैले जनताको चाहना र सुशासनको प्रमुख आवश्यकता पूरा गर्न न्यायको सिद्धान्त उल्लङ्घन नहुने गरी भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम अविलम्ब चालिनेछ ।

१३. प्रजातन्त्र जीवनशैली बनोस्, राजनीति प्रजातान्त्रिक मूल्य र मान्यताबमोजिम चलून्, सबैले सबै क्षेत्रमा प्रजातान्त्रिक विचार पद्धतिलाई इमानदारीपूर्वक अनुशरण गरुन्, देश र जनताको हितले मात्रै सबैलाई सधैं निर्देशित गरोस् भन्ने नै हाम्रो चाहना हो । शान्तिपूर्ण वातावरणमा प्रजातान्त्रिक मूल्यहरूलाई जीवन्त तुल्याएर एक उन्नतशील एवं विश्व समुदायमा सम्मानित नेपाल नै सबै नेपालीहरूको भविष्यको परिकल्पना हो । मानवअधिकारको सम्मान र रक्षाले प्रजातान्त्रिक मूल्यको संरक्षण तथा प्रबर्द्धन गर्ने मात्र होइन, २१औं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास छ ।

**प्यारा देशवासीहरू !**

१४. हामीबाट गरिबक्सेको निर्णयबाट जङ्गी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफ्नो जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अलमलिनु पर्दैन । आज नेपाल र नेपालीको भविष्यको लागि सर्वप्रथम हामी आफैंले कम्मर कसी अघि बढ्नुपरेको छ । स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन् । राष्ट्रिय हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहन्छ । शासनशैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं । यसै कुरालाई मनन गरेर बहुदलीय प्रजातन्त्रमा निष्ठा राख्ने सबैले आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र सबै देशवासीहरूको साझा प्रयासबाट जनताको चाहना र देशको आवश्यकता पूरा हुनेछ भन्ने हामीबाट पूर्ण विश्वास लिएका छौं ।

१५. आज देशले स्पष्ट अठोट गरेको छ । यस अनुकूल निर्णय पनि भएको छ । अशान्ति, असुरक्षा र द्वन्द्वग्रस्त अवस्थालाई बिसाएर देशले प्रजातन्त्र र प्रगतिको पक्षमा अग्रसर हुन पाइला सारेको छ । देश आतङ्कवादको चपेटामा परेको बेलामा सम्पूर्ण शान्ति तथा प्रजातन्त्रप्रेमी जनता एक हुनैपर्छ । यसैले अब हामी सामूहिक विवेकबाट प्रभावित हौं, राष्ट्रिय दृष्टिकोणबाट परिचालित हौं । देश र जनताको शान्ति सुरक्षामा खलल पार्ने, प्रजातन्त्रलाई सार्थक बनाउने प्रयासमा छेकबार हाल्ने दुष्प्रयासलाई देश र जनताले सहने छैनन् । तर, उदारताको नाममा हामीले हाम्रो

जीवनपद्धतिको उच्चतम पक्ष अनुशासनलाई कहिल्यै पनि बिर्सनु हुँदैन । एक्काइसौँ शताब्दीको विचारपद्धति पनि यही नै हो । नेपालप्रति न्याय गर्न नसक्ने, जनताको सामूहिक विवेकमा विश्वास गर्न नसक्ने र शान्तिको पक्ष लिन नसक्नेलाई मातृभूमिको भार लाग्छ भन्ने कुरा हामी फेरि दोहोऱ्याउन चाहन्छौँ ।

**श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।**

जय नेपाल !

## शाही घोषणाको विरोध

नेपाल अधिराज्यको संविधान २०४७ तथा बहुदलीय व्यवस्थाको दुहाइ दिँदै नेपाली जनताको सार्वभौमसत्ता तथा उनीहरूको त्याग र बलिदानबाट प्राप्त राजनीतिक अधिकारहरूमाथि प्रहार गरी राजा ज्ञानेन्द्रबाट गरिएको शाही घोषणाको नेकपा (एमाले) तीव्र विरोध र भर्त्सना गर्दछ । मुलुकमा शान्ति र स्थिरता कायम हुन नदिन हुँदै आएका दरबारिया षड्यन्त्रहरूमाथि पर्दा हाल्ने दुस्चेष्टा गर्दै राजनीतिक दलहरू सम्मिलित संयुक्त सरकारलाई हटाउने, नागरिक अधिकारहरू निलम्बन गर्ने र मुलुकमा सङ्कटकालको घोषणा गर्ने राजाको तानाशाही कदमलाई नेपाली जनताले कदापि स्वीकार गर्ने छैनन् । शान्ति, प्रजातन्त्र र अग्रगमनका लागि मुलुकले संवाद एवम् सहमति खोजिरहेका बेला सैनिक शक्तिको आडमा स्वेच्छाचारी रूपमा सत्ता कब्जा गरी मुलुकलाई झन् ठूलो सङ्कटतर्फ धकेलिएको छ । यस्तो तानाशाही कदमबाट शान्ति झन् बिथोलिने, प्रजातन्त्रको अपहरण हुने र राष्ट्रिय एकतामा नै आघात पुग्नेछ । राजाको यस्तो तानाशाही र स्वेच्छाचारी कदमका विरुद्ध एकजुट हुन नेकपा (एमाले) मुलुकका सम्पूर्ण प्रजातान्त्रिक, प्रगतिशील एवम् देशभक्त राजनीतिक पार्टी तथा जनसमुदायमा हार्दिक आह्वान गर्दछ । साथै, राजाको यस्तो तानाशाही र स्वेच्छाचारी कदमको विरोध र नेपाली जनताको प्रजातान्त्रिक अधिकारको पक्षमा उभिन विश्वका सम्पूर्ण प्रजातान्त्रिक मुलुक र अन्तर्राष्ट्रिय समुदायमा नेकपा (एमाले) हार्दिक आह्वान गर्दछ ।

**माधवकुमार नेपाल**
**महासचिव**
१९ माघ २०६१

# वैशाख ११ को शाही घोषणा

प्यारा देशवासीहरू !

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा नेपाल अधिराज्यको संविधान-२०४७ बमोजिम ०५९ जेठ ८ गते विघटन भएको प्रतिनिधिसभालाई यसै घोषणामार्फत पुनःस्थापित गरिबक्सेका छौँ । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरूलाई आह्वान गर्दछौँ । पुनःस्थापित प्रतिनिधिसभाको बैठक ०६३ वैशाख १५ गते शुक्रबार दिनको १ बजे संसद्भवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेका छौँ ।

नेपाल र नेपालीको बृहत्तर हित यो संसद्बाट हुनेछ भन्ने हामीलाई विश्वास छ । जनआन्दोलनमा जीवन गुमाएका प्रति समवेदना र घाइते एवम् आहत भएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौँ ।

***श्री पशुपतिनाथले कल्याण गरुन् ।***
***जय नेपाल !***

# आन्दोलन जारी राख्न माओवादीको अपिल

आधुनिक नेपालमा ००७ सालको दिल्ली सम्झौतादेखि शाही सामन्ती राजतन्त्रबाट पटक-पटक धोका पाएको कटु अनुभवबाट शिक्षा लिएर यसपटक नेपाली जनताले संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्रका पक्षमा विश्वलाई नै चकित पार्ने पहलकदमीको प्रदर्शन सडकबाट गरिरहेका छन् । निःसर्त संविधानसभामार्फत दस वर्ष लामो गृहयुद्धको शान्तिपूर्ण र अग्रगामी समाधान गरिने नेकपा (माओवादी) र सात संसदीय राजनीतिक दलका बीचको १२ बुँदे समझदारीले आमनेपाली जनतामा राजनीतिक विश्वास र ऊर्जा प्रदान गऱ्यो । त्यही विश्वास र ऊर्जाको बलमा जनसमुदायले सामन्ती राजा र राजतन्त्रका विरुद्ध आफ्नो अपार घृणा र आक्रोशलाई छताछुल्ल रूपमा गाउँ-सहर, पहाड-मधेस र स्वदेश-विदेश सबैतिर व्यक्त गरिरहेका छन् ।

तर, ००७ सालमा झैँ फेरि एकपटक नेपाली जनतालाई फुटाउने र आफ्नो निरङ्कुशतन्त्रलाई बचाउने नयाँ चाललाई वैशाख ११ गतेको ज्ञानेन्द्रको सम्बोधनले अभिव्यक्त गरेको छ । त्यो कथित सम्बोधनले न जनताले सडकमा संविधानसभा र गणतन्त्रका पक्षमा घन्काइरहेको नारालाई सम्बोधन गरेको छ, न १२ बुँदे समझदारीलाई नै सम्बोधन गरेको छ । त्यो सम्बोधनको सारतत्त्व भनेको राजतन्त्रका विरुद्ध दन्किरहेको जनआन्दोलनको ज्वालामा पानी खन्याएर आफ्नो 'रक्षा' गर्ने षड्यन्त्र रहेको कुरा स्पष्ट छ । प्रक्रियागत दृष्टिले शाही घोषणामार्फत संसद्को पुनःस्थापना गरेर प्रधानमन्त्रीको नियुक्ति र खारेजी मात्र होइन, अब गैरकानुनी ढङ्गले संसद्कै नियुक्ति खारेज गर्ने निरङ्कुश शासकको नयाँ नजिर ज्ञानेन्द्र शाहीबाट स्थापित गरिएको छ । यसले लोकतान्त्रिक पद्धति र जनताको सर्वोच्चताका विरुद्ध घोर अपमान र उपहासलाई व्यक्त गर्दछ । अतः सार र रूपमा दुवै दृष्टिले कथित शाही घोषणा नेपाली जनताका विरुद्ध धोका र षड्यन्त्र भएकाले हाम्रो पार्टी त्यसलाई दृढतापूर्वक खारेज र अस्वीकार गर्दछ ।

हामी यहाँ यो कुरा पनि स्पष्ट गर्न चाहन्छौँ कि सात संसद्वादी राजनीतिक दलहरूमध्ये जुनजुन दलले यो कथित शाही सम्बोधनको स्वागत र समर्थन गरेका छन्, उनीहरूले वस्तुतः १२ बुँदे समझदारीलाई तोड्ने तथा नेपाली जनताको भावना र मर्ममाथि विश्वासघात गर्ने काम गरेका छन् । किनकि १२ बुँदे समझदारीको प्रमुख राजनीतिक चुरो संविधानसभाको निर्वाचन हो । निश्चय नै संविधानसभासम्म पुग्ने प्रक्रियामा रहेको अन्तर समझदारीपत्रमा स्पष्ट उल्लेख मात्र गरिएको छैन, अपितु छलफल गर्दै गएर प्रक्रियालाई समेत एउटै बनाउने कुरा स्पष्ट शब्दमा राखिएको छ । त्यो अवस्थामा जुन राजनीतिक दलका नेताहरूले 'शाही सम्बोधन' को स्वागत गरेका छन्, उनीहरूले एकातिर परम्परागत राजकीय अधिकारको प्रयोगद्वारा संसद् पुनःस्थापना गर्ने राजाको निरङ्कुश कदमको समर्थन गर्न पुगेका छन् भने अर्कातिर नेकपा (माओवादी) सँग प्रक्रियागत विषयमा छलफल नै नगरी एकपक्षीय रूपमा संसद् पुनःस्थापनामा गएर १२ बुँदे समझदारीको मर्मलाई तोडेका छन् । अब राजाले अभयदान दिएको संसद्ले निःसर्त संविधानसभाको निर्वाचनको घोषणा गर्ने अधिकार राख्छ भनेर जनताले विश्वास गर्ने आधार कहाँ रहन्छ ?

उपरोक्त सन्दर्भमा हाम्रो पार्टी, निःसर्त संविधानसभाको निर्वाचन गर्ने घोषणा नहुँदासम्म चलिरहेको शान्तिपूर्ण जनआन्दोलनलाई जारी राख्न लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षधर सबै तह, तप्काका जनसमुदायसँग जोडदार अपिल गर्दछ । यो ००७ साल होइन, ०६३ साल हो र संविधानसभामार्फत जनताको सार्वभौमिकता सुनिश्चित नहुँदासम्म आन्दोलन रोकिने छैन । कथित शाही सम्बोधनलाई स्वागत गरेर प्रमुख संसद्वादी दलका प्रमुख नेताहरूले फेरि एकपटक ठूलो ऐतिहासिक भूल अवश्य गरेका छन् । तैपनि, उनीहरूलाई संविधानसभाको निर्वाचनसम्म जान बाध्य पार्नका लागि समेत जनआन्दोलन जारी राख्न जरुरी छ । १२ बुँदे समझदारीप्रति पार्टीको प्रतिबद्धता दोहोऱ्याउँदै हामी सात राजनीतिक दललाई त्यसअनुसार आचरण गर्न विशेष आग्रह गर्दछौँ । हामी चालू शान्तिपूर्ण जनआन्दोलनलाई सहयोग पुऱ्याउन निम्न कार्यक्रमको घोषणा गर्दछौँ :

क) देशव्यापी जनपरिचालन : प्रदर्शन र सभा,
ख) जनआन्दोलनको दमन गर्ने तथा प्रतिकारमा आउने तत्त्वका विरुद्ध जनकारबाही,
ग) निःसर्त संविधानसभाको निर्वाचनको घोषणा नहुँदासम्म राजधानीलगायत जिल्ला सदरमुकामहरूको नाकाबन्दी ।

*मिति : १२ वैशाख ०६३*

***बाबुराम भट्टराई***
*संयोजक*
*बृहत् राष्ट्रिय राजनीतिक सम्मेलन आयोजक समिति*
*संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल*
***प्रचण्ड,*** *अध्यक्ष, नेकपा (माओवादी)*
*सुप्रिम कमाण्डर, जनमुक्ति सेना, नेपाल*

# कपिलवस्तुमा छैटौं अधिवेशन

कपिलवस्तु । नेकपा (एमाले) कपिलवस्तुको छैटौं अधिवेशन गत जेठ २७ र २८ गते सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन पार्टी स्थायी समिति सदस्य तथा उपप्रधानमन्त्री केपी ओलीले गर्नुभएको थियो ।

अधिवेशनले बलराम अधिकारीलाई पुनः सचिव निर्वाचित गर्दै नयाँ कमिटी चयन गरेको छ । कमिटीको उपसचिवमा डम्बर शर्मा डुम्रे रहनुभएको छ भने सदस्यहरुमा झविलाल पोखेल, बाबुराम खनाल, कृष्ण पौडेल, टेकराज पौडेल, चक्रपाणी अर्याल, बाबुराम आचार्य, दानबहादुर चौधरी, विमला घिमिरे, भेषराज पाण्डे, टीकाराम अर्याल, धर्मराज भुसाल, विश्राम चौधरी, पिताम्बर खनाल, डम्बर शर्मा चपाईं, उपेन्द्र खनाल, कृष्ण भण्डारी, नेत्रराज अधिकारी, प्रभा पौडेल, हिरालाल पौडेल, कुलबहादुर पाण्डे र सुशीला दर्लामी रहनुभएको छ । बैकल्पिक सदस्यहरुमा सुशीलकुमार श्रीवास्तव, सहसराम यादव, मो. हुसेन चौधरी र युवराज पोखेल निर्वाचित हुनुभएको छ ।

# महोत्तरीमा जिल्ला अधिवेशन

महोत्तरी । नेकपा (एमाले) महोत्तरीको चौथो अधिवेशन गत जेठ २१-२३ गते सम्पन्न भएको छ । पार्टीका केन्द्रीय कमिटी सदस्य तथा जनकपुर अञ्चल इन्चार्ज रामचन्द्र झाले उद्घाटन गर्नुभएको सो अधिवेशनले कालिचन्द्र साह सचिव रहनुभएको नयाँ नेतृत्व चयन गरेको छ ।

कमिटीका उपसचिवमा शारदाप्रसाद ढुंगाना निर्वाचित हुनुभएको छ भने सदस्यहरुमा रामदयाल मण्डल, ध्रुवनारायणलाल कर्ण, जामुन मण्डल, राजकिशोर यादव, सौखीलाल यादव, मदन साह, रामप्रकाश मण्डल, दीपनारायण मण्डल, रामगुलाम पासवान, रामललित पासवान, बलवीरप्रसाद गुप्ता, महमूद आलम अन्सारी, रमेश यादव, शंकर साह, माधव श्रेष्ठ, भिमबहादुर आले, धनलाल साशंकर, सियाशरण यादव, गंगाधर चौधरी, मोहन महतो, सुरेशप्रसाद सिंह, शिवपुजन राय, इलियास अन्सारी, तपेश्वर साह, नरबहादुर थापा, रामकिनकिन चौधरी, रामसुनर देवी, दानादेवी नेपाली र देवनी देवी निर्वाचित हुनुभएको छ ।

# लोकतान्त्रिक गणतन्त्रका लागि जागरण अभियान

*(प्रस्तुत सामग्री नेकपा (एमाले) केन्द्रीय सचिवालयले 'लोकतान्त्रिक गणतन्त्रका लागि जागरण अभियान'का लागि तयार पारेको हो ।)*

नेपाली जनताले लोकतन्त्रका लागि निकै लामो सङ्घर्ष गरेका छन् । लोकतन्त्रका लागि सञ्चालन गरिएको सङ्घर्षमा विभिन्न समयमा ठूलठूला उपलब्धिहरू पनि प्राप्त नभएका होइनन् । तर, समयक्रममा त्यस्ता उपलब्धिहरू सबै खोसिने घटना हाम्रो मुलुकमा बारम्बार दोहरिँदै आयो । त्यसैले यसपटक आन्दोलनमा आमजनताका तर्फबाट लोकतन्त्रका लागि पटकपटक लडिरहनुपर्ने स्थितिको अन्त्य गर्दै यसपटकको आन्दोलनलाई अन्तिम बनाइनुपर्छ भन्ने आवाज जोडदार रूपमा आयो । हाम्रो देशमा लोकतन्त्रमाथि जहिले पनि राजतन्त्रबाट आक्रमण हुने गरेको छ । जनता बलियो भएका बेला पछि हट्ने र जनता अप्ठ्यारोमा परेका बेला निरङ्कुशता लाद्न तम्सिने राजतन्त्रको प्रवृत्तिमा कहिल्यै परिवर्तन आएन । नेपाली जनता अब लोकतन्त्रमाथि पटकपटक सङ्कट खडा गर्ने स्थिति स्वीकार गर्न तयार छैनन् । उनीहरू दुई सय ३७ वर्षदेखि नेपाल राष्ट्रको अग्रगतिमा बाधक बन्दै आएको सामन्तवादको प्रतिनिधि राजतन्त्रलाई सदाका लागि अन्त्य गर्न चाहन्छन् र देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहन्छन् । यसपटकको आन्दोलनमा सडकमा उत्रेका पचासौं लाख जनताबाट यही भावना अभिव्यक्त भएको छ । संविधानसभामार्फत अब बन्ने संविधानमा जनताको यो भावना समेटिनुपर्छ । यही यथार्थलाई हृदयाङ्गम गर्दै पार्टी केन्द्रीय कमिटीको एघारौं बैठकले 'संविधानसभाको निर्वाचन गरौं, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं' भन्ने मूल कार्यनीतिक नारा अघि सारेको छ । हाम्रो पार्टीद्वारा अघि सारिएको यो नाराले लोकतान्त्रिक आन्दोलनलाई गुणात्मक रूपमै नयाँ उचाइमा उठाउने काम गरेको छ । यो नारामा अन्तरनिहित भावनालाई देशव्यापी रूपमा फैलाउन र लोकतान्त्रिक गणतन्त्रका पक्षमा व्यापक जनमतको निर्माण गर्न 'लोकतान्त्रिक गणतन्त्रका लागि जागरण अभियान' सञ्चालन गर्ने निर्णय गरिएको छ ।

हाम्रो पार्टी निकै लामो समयदेखि आन्दोलनमा केन्द्रित हुँदै आएको हुनाले यसबीच पार्टीका सङ्गठनात्मक गतिविधि र सञ्चालनमा समेत केही मात्रामा अस्तव्यस्तता पैदा भएको छ । त्यसैले यस अभियानका दौरानमा सङ्गठनलाई व्यवस्थित तुल्याउने र विस्तार एवम् सुदृढीकरण गर्ने काममा पनि महत्त्वका साथ लाग्न जरुरी छ ।

**जागरण अभियान किन ?**

(क) अभूतपूर्व जनआन्दोलनद्वारा प्राप्त राजनीतिक उपलब्धिहरू अझै संस्थागत र सुदृढ हुन सकेका छैनन् । महान् जनआन्दोलनबाट केही उपलब्धिहरूको रूपरेखा मात्र कोरिएको छ । यी रूपरेखाहरूबारे जनतालाई स्पष्ट पार्न र जनआन्दोलनले अघि सारेको लक्ष्यको वरिपरि व्यापक रूपमा लाखौँलाख जनतालाई गोलबन्द पार्नु यो जागरण अभियानको एउटा प्रमुख उद्देश्य हो ।

(ख) जनआन्दोलनमा भाग लिन स्वतस्फूर्त रूपमा सडकमा उत्रेका लाखौँलाख जनसमुदायलाई नेकपा (एमाले) मा सङ्गठित गर्न, राजनीतिक विचार र चेतनाले सुसज्जित बनाउन, क्रान्तिकारी र अग्रगामी राजनीतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक रूपान्तरणको माध्यमबाट देशमा आमूल परिवर्तन ल्याउन व्यापक जनसमुदायलाई परिचालन गर्नु र नेकपा (एमाले) को पक्षमा व्यापक जनलहर सिर्जना गर्नु यस अभियानको अर्को लक्ष्य हो ।

(ग) नेकपा (माओवादी) र अन्य पार्टीहरूद्वारा हाम्रो पार्टीका विरुद्ध फैलाइएका भ्रमहरू चिर्नु, माओवादीहरूका गलत राजनीतिक, सैद्धान्तिक र वैचारिक मान्यताहरूको खण्डन गर्नु र जनताको बहुदलीय जनवादको राजनीतिक अन्तरवस्तु र सहीपनाबारे कार्यकर्ता एवम् आमजनसमुदायलाई सुशिक्षित पार्नु पनि यस अभियानको उद्देश्य हो ।

(घ) आन्दोलनका क्रममा पार्टीपङ्क्तिलाई अझ क्रियाशील बनाउनु र सिङ्गो पार्टीलाई परिवर्तित परिस्थितिअनुरूप पुनर्गठित गर्नु आजको महत्त्वपूर्ण पार्टी काम हो । पार्टीमा क्रियाशील रहेका आमपार्टी कार्यकर्ताहरूको वैचारिक स्तर उकास्नु पनि यस अभियानको उद्देश्य हो ।

यो अभियानका क्रममा तल उल्लिखित विषयहरूका सम्बन्धमा पार्टीपङ्क्तिलाई स्पष्ट पार्ने काम गर्नुपर्दछ ।

**अभियानका विषयहरू**

१. **प्रतिनिधिसभाको ऐतिहासिक घोषणा** : आन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाको बैठकले राजामा रहेका सम्पूर्ण विशेषाधिकार खारेज गरी आफू मुलुकको राजकीय अधिकार प्रयोग गर्न सार्वभौमसत्तासम्पन्न भएको ऐतिहासिक घोषणा गरेको छ । सो घोषणासँग बाझिने संविधान र कानुन अमान्य हुने, सरकार र सेनाको नाम परिवर्तन गर्ने, सेना संसद्को मातहत रहने, परमाधिपतिको व्यवस्था खारेज गर्ने, राजपरिषद् खारेज गर्ने, राज्य धर्मनिरपेक्ष रहने, राजगद्दी उत्तराधिकारीको व्यवस्था प्रतिनिधिसभाले गर्ने, राजाको सम्पत्तिमा कर लाग्ने, राजाविरुद्ध संसद् र अदालतमा प्रश्न उठाउन पाउने, राजाको खर्च प्रतिनिधिसभाले निर्धारण गर्ने, दरबारको सुरक्षा व्यवस्था मन्त्रिपरिषद्ले गर्ने, राज्यका सम्पूर्ण संरचनाहरू प्रतिनिधिसभाप्रति जवाफदेही हुने, हालको राष्ट्रिय गान खारेज गर्नेजस्ता ऐतिहासिक एवम् दूरगामी महत्त्वका निर्णयहरू यसमा समाविष्ट छन् । यसबाहेक प्रतिनिधिसभाको बैठकले लैङ्गिक र जातीय विभेद हटाउने सम्बन्धमा पनि महत्त्वपूर्ण प्रस्तावहरू पारित गरेको छ ।

प्रतिनिधिसभा जनआन्दोलनबाट पुनःस्थापित सार्वभौमसत्तासम्पन्न जननिर्वाचित निकाय हो। यसको अनुपस्थितिमा जनताका अधिकारहरू खोसिएको र उपस्थितिमा जनताका अधिकारहरू सुरक्षित र विस्तारित भएको हाम्रो विशिष्ट अनुभव छ । यस्तो अवस्थामा अब प्रतिनिधिसभाले छिटोभन्दा छिटो आफ्ना घोषणाहरूलाई कार्यान्वित गर्न आवश्यक पाइला चाल्नुपर्दछ । यसको क्रियाशीलताले सात दल र नेकपा (माओवादी) लाई राजनीतिक सहमतिमा पुग्न र अग्रगामी निर्णयहरूलाई व्यावहारिक रूप दिन मद्दत गर्नेछ ।

२. **संविधानसभा** : २०६२/६३ को जनआन्दोलनले अभूतपूर्व सफलता प्राप्त गरेपछि अब हाम्रो काँधमा यसका उपलब्धिहरूलाई संस्थागत गर्ने र आन्दोलनमा अभिव्यक्त जनताको इच्छाबमोजिम मुलुकलाई अग्रगमनतर्फ अघि बढाउने ऐतिहासिक अभिभारा आएको छ । आन्दोलनको बलमा प्रतिनिधिसभा पुनःस्थापना भएको छ र त्यसले आफ्नो पहिलो बैठकबाट मुलुकको प्रमुख कार्यसूची बन्न पुगेको संविधानसभामा जाने निर्णय गरिसकेको छ । त्यो अहिले सर्वदलीय सरकार गठन गर्ने, राजाका विशेषाधिकारहरू खारेज गर्ने, ऐतिहासिक महत्त्वका घोषणाहरू गर्ने र विद्रोही पक्षसँग वार्ता आरम्भ गर्नेजस्ता महत्त्वपूर्ण कामहरू गर्दै अघि बढिरहेको छ । हामीले जबसम्म संविधानसभाको माध्यमबाट निर्माण गरिने नयाँ संविधानमा आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न सक्तैनौँ, तबसम्म प्रतिगमनको खतरा टड्कारो रूपमा रहिरहनेछ । त्यसैले अहिले पनि आन्दोलनको सान्दर्भिकता समाप्त भएको छैन, यसको स्वरूपमा मात्र परिवर्तन भएको छ । यसलाई सडक, संसद् र सरकारको माध्यमबाट समन्वयात्मक रूपमा अघि बढाउँदै माओवादीसहितको अन्तरिम सरकार गठन गरी मुलुकलाई शीघ्र संविधानसभाको निर्वाचनमा पुऱ्याउनु र संविधानसभाको माध्यमबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु अहिलेको हाम्रो प्रमुख कार्यभार हो ।

जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई दीर्घकालीन रूपले सुरक्षित गर्ने, तिनलाई अझ विस्तारित गरेर अघि बढाउने, लोकतन्त्रलाई समावेशी रूप दिने र राज्यको पुनःसंरचनाको कार्यलाई संस्थागत गर्ने माध्यमका साथसाथै जनताको व्यापक सहभागिताका आधारमा संविधान बनाउने लोकतान्त्रिक तरिकाका रूपमा हामीले संविधानसभाको निर्वाचनलाई ग्रहण गरेका छौँ । लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने र गणतन्त्रात्मक संविधान निर्माण गर्ने शान्तिपूर्ण प्रक्रियाका रूपमा पनि हाम्रो पार्टीले संविधानसभाको निर्वाचनलाई लिएको छ। जनताको सर्वोच्चतालाई स्थापित गर्ने एउटा लोकतान्त्रिक विधिका रूपमा संविधानसभाको निर्वाचनलाई हामीले स्थापित गर्नुपर्दछ ।

२०६३ असार २ गते सात दल र नेकपा (माओवादी) का शीर्षस्थ नेताहरूबीच भएको बैठकमा यथाशीघ्र अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचन गर्ने निर्णय भएको छ । सोही बैठकले अन्तरिम विधान तयार गर्ने सहमति भएअनुसार मस्यौदा समितिसमेत गठन हाम्रो पार्टीले अत्यन्त लचिलो भएर वार्ता र सहमतिका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । यस सम्बन्धमा पार्टी कार्यकर्ता र आमजनसमुदायलाई पनि स्पष्ट पार्नुपर्ने आवश्यकता छ ।

३. **शान्तिवार्ता र दिगो शान्तिको स्थापना** : जनआन्दोलनको सफलतापछि युद्धविराम भई सरकार र माओवादीको बीचमा शान्ति वार्तासमेत आरम्भ भएको छ। यसपटकको वार्ताका क्रममा पहिलो दिनमै सरकार र माओवादीबीच युद्धविराम

आचारसंहितामा सहमति भएको छ । उक्त आचारसंहितामा भयमुक्त नागरिक जीवनको सुनिश्चितता, जनतामा विश्वासको वातावरण निर्माण, जनताका आधारभूत सेवा र विकास निर्माण, शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसञ्चालन, सञ्चार माध्यमबाट शान्ति वार्तालाई सहयोग, बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने, रिहाइ र पुनःस्थापन, वार्ता सहजीकरण, अग्रगमनजस्ता विषयहरू समाविष्ट छन् । शान्ति वार्तालाई सहज, प्रभावकारी र परिणाममुखी बनाउनका निम्ति युद्धविराम, मानवअधिकार तथा मानवीय कानुन पालनासम्बन्धी सम्झौतामा पनि द्वन्द्वरत दुवै पक्षको हस्ताक्षर हुनु जरुरी छ ।

०६३ जेठ १२ गते नेपाल सरकार र नेकपा (माओवादी) को वार्ता टोलीबीच भएको २५ बुँदे आचारसंहितालाई हामीले व्यापक रूपमा कार्यकर्ता र जनताका बीच पुऱ्याउनुपर्छ र सम्बन्धित सबै पक्षले बिनासर्त तत्काल कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुपर्दछ । यो आचारसंहिता उल्लङ्घन गर्नु भनेको माओवादीहरूले आफ्नै हस्ताक्षरलाई नकार्नु हो भन्ने कुरामा स्पष्ट हुँदै ठाउँठाउँमा माओवादीहरूले गरेका आचारसंहिता उल्लङ्घनका घटनाहरूको जनताबीच आलोचना गर्नुपर्छ । माओवादीहरूसँग भएका विभिन्न सहमति र आचारसंहितालाई जनताबीच व्यापक प्रचार गर्दै त्यसलाई पार्टीका प्रशिक्षण कार्यक्रमहरूको विषय बनाउनुपर्छ । आचारसंहिता हामीले पनि राम्रोसँग पालना गर्नुपर्दछ । वार्ताका क्रममा असार २ गते भएको सात दल र नेकपा (माओवादी) का शीर्षस्थ नेताहरूबीचको बैठक महत्त्वपूर्ण छ र यस्तो बैठक आवश्यकताअनुसार गर्नुपर्छ । हाम्रो पार्टीले वार्ता सफल पार्न र वार्तालाई निर्णायक चरणमा पुऱ्याउन अग्रगामी ढङ्गले भूमिका खेल्नुपर्छ ।

**४. राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र :** हाम्रो राज्यको परम्परागत ढाँचा केन्द्रीकृत र एकात्मकतावादी चरित्रको छ । आन्दोलनमा अभिव्यक्त जनताको इच्छा र हाम्रो मुलुकको विशिष्टतालाई ध्यान दिँदै यसमा आमूल र अग्रगामी परिवर्तन गर्न जरुरी छ । अब हामीले राज्यको व्यापक पुनःसंरचनासहितको समावेशी लोकतन्त्र स्थापनालाई केन्द्रविन्दुमा राखेर नयाँ लोकतान्त्रिक राज्यको स्वरूप र संरचनाका बारेमा छलफल चलाउनुपर्छ । यसरी छलफल चलाउँदा विखण्डनवादी प्रवृत्तिहरू देखा पर्न पनि सक्छन् । त्यस्ता प्रवृत्तिहरूविरुद्ध जुध्दै नेकपा (एमाले) सबै जाति, जनजाति, भाषा र विभिन्न क्षेत्रका जनताबीच समानताको पक्षमा रहेको र सबैलाई अधिकारसम्पन्न बनाउन लागिरहेको कुरामा जोड दिनुपर्दछ ।

जनता पूर्ण रूपमा सार्वभौम छन् । देश स्वतन्त्र, स्वाधीन र सार्वभौमसत्तासम्पन्न हुने मार्गमा अवरोध सबै असमान सन्धि-सम्झौताको खारेजी गरिनुपर्छ । संयुक्त राष्ट्रसङ्घको वडापत्र पञ्चशील र राष्ट्रिय हितका आधारमा विदेश सम्बन्धको सञ्चालन गरिनुपर्दछ ।

**सञ्चालन प्रक्रिया**

यस अभियानका दौरानमा अञ्चल, जिल्ला, इलाका, नगर, गाउँ र वडासम्मका पार्टी कमिटीका बैठकहरू सम्पन्न गर्नुपर्नेछ । पार्टी कमिटीहरूका साथसाथै विभिन्न जनसङ्गठनका स्थानीय कार्यकर्ता र कमिटीहरूको भेला, बैठक, विचार गोष्ठी र छलफल कार्यक्रमहरू गरेर पार्टीको नीति, कार्यक्रम र योजनाबारे स्पष्ट पार्नुपर्दछ । बैठकले आफ्नो कार्यक्षेत्रभित्रको वस्तुस्थितिलाई ध्यानमा राखेर अभियानको योजना बनाउनेछ । प्रत्येक कमिटीले आफ्नो तहको कार्यक्षेत्रभित्र अभियान सञ्चालनको नेतृत्व गर्नुपर्छ । केन्द्रबाट पार्टी केन्द्रीय सचिवालयले यसको समन्वय गर्नेछ ।

**अभियानको समयावधि**

यस अभियानको अवधि २०६३ साउन १ देखि भाद्र मसान्तसम्म दुई महिनाको हुनेछ ।

**अभियानका क्रममा गर्नुपर्ने कामहरू**

❑ प्रारम्भिक कमिटीदेखि अञ्चल समन्वय कमिटीसम्म सबै तहका पार्टी कमिटीहरू र पार्टी शाखा कमिटीहरूको बैठक बस्ने । पार्टी कमिटीहरूलाई नियमितता प्रदान गर्ने । आधार तयार भएका स्थानहरूमा पार्टी कमिटी वा पार्टी सेलहरू निर्माण गर्ने ।

❑ जनआन्दोलनमा निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गरी विधानको व्यवस्थालाई ख्याल गर्दै पार्टी कमिटी र जनसङ्गठनहरूको गठन/पुनर्गठन गर्ने ।

❑ पार्टी तथा जनसङ्गठनका अगुवा कार्यकर्ताहरूको उपस्थितिमा अनिवार्य रूपमा एक-एकवटा जिल्लास्तरीय, नगर/इलाकास्तरीय, गाविस र नगरका वडास्तरीय कार्यकर्ता भेला सम्पन्न गर्ने ।

❑ पार्टीको सङ्गठित सदस्यता नवीकरण गर्ने । साधारण सदस्यता विस्तार तथा नवीकरण गर्ने । अभिलेख दुरुस्त गर्ने र अञ्चल समन्वय कमिटीमार्फत तोकिएको ढाँचामा केन्द्रमा पठाउने । व्यापक रूपमा पार्टी प्रवेशपत्र वितरण गर्ने ।

❑ सबै गाविस र नगरका प्रत्येक वडाहरूमा त्यसअन्तर्गतका पार्टी कार्यकर्ता, सदस्य, जनसङ्गठनका सदस्य तथा समर्थकहरूको सहभागितामा पार्टीको झन्डा, व्यानर र अपिलका साथ घरदैलो गर्ने, पर्चा वितरण गर्ने, टोल, वडा र गाविसस्तरमा ऱ्याली तथा जनभेलाहरू सम्पन्न गर्ने ।

❑ घरदैलो, जनभेला र स्थानीय सभाहरूमा केन्द्रीय कार्यालयबाट उपलब्ध गराइएको नमुनाअनुरूपको पार्टीको प्रवेशपत्र, जनसङ्गठनहरूको सदस्यतापत्र वितरण गर्ने र सम्बन्धित स्थानीय पार्टी कमिटीमा सो सम्बन्धमा व्यवस्थित अभिलेख राख्ने । पार्टीको प्रवेशपत्र तथा जनसङ्गठनहरूको सदस्यतापत्र ग्रहण गर्न जनपङ्क्तिका हरेक व्यक्तिसँग अनुरोध गर्ने ।

❑ पार्टी, जनसङ्गठन, सामुदायिक सङ्गठन, पेसागत सङ्गठनका सदस्यहरू, समाजका अगुवा र इच्छुक व्यक्तिहरूलाई लिएर गाविस तथा नगरका वडास्तरमा 'लोकतान्त्रिक गणतन्त्रका लागि संविधानसभाको निर्वाचन अभियान समिति, नेकपा (एमाले)' निर्माण गर्ने । यस्ता समितिहरूले संविधानसभा र लोकतान्त्रिक गणतन्त्रका पक्षमा जनमत निर्माण गर्न जुलुस, सभा, ऱ्याली, पदयात्रा, गोष्ठी, छलफल, पर्चा वितरणलगायतका कार्यहरू सम्पन्न गर्ने ।

❑ संविधानसभा र लोकतान्त्रिक गणतन्त्रका पक्षमा र प्रतिगामी वा प्रतिक्रियावादी तत्त्वहरूका विरुद्ध गाविस, नगर, इलाका र जिल्ला स्तरमा '**जागरण सभा**' हरू आयोजना गर्ने ।

❑ कमिटीका बैठक, कार्यकर्ता भेला तथा जनसभाहरूमा निम्न विषयहरूमा केन्द्रित भएर पार्टीको नीति, विचार तथा दृष्टिकोण प्रस्तुत गर्ने :

❑ शान्तिपूर्ण संयुक्त जनआन्दोलनले प्राप्त गरेको उपलब्धि तथा यसलाई रक्षा गर्न र संविधानसभा हुँदै लोकतान्त्रिक गणतन्त्रमा पुग्नका लागि केन्द्रीय र स्थानीयस्तरमा गर्नुपर्ने कामहरूका बारेमा बताउने,

❑ संविधानसभातर्फ जान र राजाको अधिकार खोस्दै लोकतान्त्रिक गणतन्त्रतर्फ अघि बढ्ने सम्बन्धमा संसद्बाट भएका कामका बारेमा जानकारी दिने,

❑ सात राजनीतिक दलको एकताको महत्त्वका बारेमा जानकारी दिने र यो एकतालाई जोगाइरहन स्थानीय पार्टी कमिटी तथा आमजनसमुदायका तर्फबाट खेल्नुपर्ने भूमिका सम्बन्धमा प्रशिक्षित गर्ने ।

❑ नेकपा (माओवादी) का गलत विचार एवम् प्रवृत्तिसँग वैचारिक सङ्घर्ष गर्दै दिगो शान्ति स्थापनाका लागि उनीहरूको शान्तिपूर्ण रूपान्तरणको महत्त्व बताउने र त्यस निम्ति गरिएका प्रयत्नहरूका सम्बन्धमा उल्लेख गर्ने ।

❑ जनताको बहुदलीय जनवादका कतिपय प्रस्थापनाहरूलाई स्वीकार्ने ठाउँमा माओवादी आइपुगेको, सशस्त्र सङ्घर्ष, हत्या र हिंसाको उनीहरूको कार्यनीति असफल भएको र बहुदलीय जनवादको वैचारिक श्रेष्ठता पुनः स्थापित भएको तथ्यलाई सैद्धान्तिक-वैचारिक व्याख्याका साथ व्यापक रूपले कार्यकर्ता र जनताको बीचमा लैजाने ।

❑ शान्ति प्रक्रियालाई प्रभावकारी बनाउन र स्वतन्त्र, निष्पक्ष तथा शान्तिपूर्ण रूपमा संविधानसभाको निर्वाचन गर्ने राय-सुझाव सङ्कलन गर्ने । ■

# माओवादी नेतृत्वको असङ्गत अभिव्यक्ति

❑ **विष्णु रिजाल**

एक दशकदेखिको हत्या, हिंसा र आतङ्कबाट मुलुकलाई मुक्त गर्न जिम्मेवार प्रयत्न भइरहेका बेला माओवादी नेतृत्वद्वारा प्रदर्शित व्यवहार र व्यक्त धारणाले विभिन्न आशङ्का र प्रश्नहरू जन्माएको छ। खासगरी माओवादी विद्रोहको शान्तिपूर्ण राजनीतिक समाधानमा निरन्तर जोड दिइरहेको नेकपा (एमाले) का विरुद्ध माओवादीको उच्च नेतृत्वले व्यक्त गरेको धारणाले माओवादीका बारेमा थप अन्यौल र प्रश्नहरू जन्माएको छ। शान्तिपूर्ण राजनीतिमा अवतरण गर्न लागेको माओवादीले मनोगत विश्लेषणलाई आधार बनाएर एमालेका विरुद्ध जे धारणा अभिव्यक्त गरेको छ, त्यो गलत र अपरिपक्व छ। लोकतान्त्रिक विधि, पद्धति र प्रक्रियाद्वारा हुने जस्तासुकै प्रतिष्पर्धालाई पनि स्वीकार्ने हिम्मत, साहस र आँटका साथ राजनीतिमा होमिएको एमालेलाई कमजोर बनाउन माओवादीले अघि सारेका विचारहरू अपरिपक्व र कच्चा मात्र छैनन्, धेरै हदसम्म गैरजिम्मेवार र अराजनीतिक छन्।

**प्रतिस्पर्धा एमालेको विश्वास हो**

नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले आफ्नो पार्टी शान्तिपूर्ण राजनीतिमा आउँदा एमाले डराएको धारणा सार्वजनिक गर्नुभएको छ। *'नेपाल'* साप्ताहिकलाई दिएको अन्तर्वार्तामा उहाँले भन्नुभएको छ- 'उहाँहरूलाई हामी शान्तिपूर्ण राजनीतिमा आयौँ भने उहाँहरूको 'ग्राउन्ड' सिद्धिन्छ भन्ने लागेको हुनसक्छ। हाम्रो विचारमा त त्यो सङ्कीर्ण सोच हो।..... पहिलो वार्ताकालमा हाम्रो वार्ता टोली काठमाडौँमा थियो। ...... संविधानसभाका सवालमा तत्कालीन प्रधानमन्त्री देउवाजी केही गर्न सक्ने स्थितिमा थिएनन्। दरबारलाई 'कट' गर्न सक्ने स्थितिमा कोही थिएन। वार्ता अघि नबढ्ने भएपछि हामीले दाङमा हमला गर्ने योजना बनायौँ। ६ गते वार्ता 'ब्रेक' भएको घोषणा भयो र दुई दिनपछि दाङमा हमला भयो। त्यो हमलापछि एमाले नेताहरू धेरै खुसी भए। हामी शान्तिपूर्ण राजनीतिमा आयौँ भने एमालेलाई ठूलो घाटा हुन्छ भन्ने हिसाब रहेछ उनीहरूको। हामीले त त्यस्तो हिसाब गरेका थिएनौँ। हामीलाई त देशलाई कसरी निकास दिन सकिन्छ र कसरी अगाडि लैजान सकिन्छ भन्ने चिन्ता थियो। तर, एमालेमा माओवादी खुला राजनीतिमा आउने भए बर्बाद हुने भइयो भन्ने डर रहेछ। झन् हामीले दाङमा हमला गरेपछि त 'हे भगवान् बचाउनुभयो' भन्ने लागेछ उनीहरूलाई।'

प्रचण्डको यो धारणा सरासर गलत छ। उहाँले भ्रमपूर्ण प्रचार गरेर एमालेलाई वार्ता र निकासविरोधी देखाउने असफल प्रयत्न गर्नुभएको छ। माओवादी समस्याको समाधानका लागि सुरुदेखि नै गम्भीर र तर्कपूर्ण प्रयास गर्दै आइरहेको एमालेलाई कमजोर नबनाई राजनीति गर्न सकिँदैन भन्ने माओवादीको पराजित मानसिकता र सङ्कीर्ण सोचको उपजका रूपमा उहाँको यो अभिव्यक्ति आएको छ। जतिबेला शेरबहादुर देउवाको सरकार र माओवादीबीच वार्ता हुँदैथ्यो,

त्यतिबेला एमाले निर्णायक तहमा थिएन, प्रमुख प्रतिपक्षमा थियो । तर, माओवादी नेतृत्व त्यसको दोषसमेत घुमाइफिराइ एमालेको टाउकोमा थोपर्न चाहन्छ । के माओवादी एमालेका कारण जङ्गल फर्किएको हो ? त्यसो भए एमालेले माओवादीलाई कुन मुद्दामा जङ्गल फर्किन बाध्य बनायो ? के माओवादीले एमालेका लागि दाङको व्यारेकमा आक्रमण गरेको हो ? फेरि पनि सच्चाइ के हो भने सुरुदेखि नै माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउनुपर्छ र उसका मागलाई राजनीतिक रूपले समाधान गर्नुपर्छ भन्ने मूलधारको पार्टी एमाले नै हो ।

माओवादी शान्तिपूर्ण राजनीतिमा आयो भने एमालेको 'ग्राउन्ड' सिद्धिन्छ भन्दै माओवादीले मनको लड्डु घिउसँग जति खाए पनि जनतामा भिजेको एमाले कुनै हालतमा त्यसबाट तर्सिंदैन । किनभने, एमालेले बन्दुकको बलमा आफ्नो पार्टीमा लाग्न कसैलाई बाध्य बनाएको छैन । आफ्नो पार्टीमा नलागेबापत ज्यानै लिने अपराधमा एमाले कहिल्यै विश्वास गर्दैन । विचार र आस्थाका आधारमा राजनीति गर्ने एमाले प्रतिस्पर्धाबाट कहिल्यै डराउँदैन । माओवादीले भगवान् पुकारे पनि जननेता मदन भण्डारीले भनेझैँ एमालेका भगवान् सार्वभौम नेपाली जनता हुन् । माओवादी जङ्गल फर्केपछि एमाले खुसी भएको ठान्ने प्रचण्डलाई थाहा हुनुपर्ने हो, माओवादीलाई राजनीतिक शक्तिका रूपमा स्वीकारेर तदनुरूपको व्यवहारका लागि निरन्तर आवाज उठाउने पार्टी एमाले नै हो ।

**बुर्जवासँग एकता** !

आफूबाहेक सबैलाई संशोधनवादी देख्ने माओवादी अध्यक्ष प्रचण्डले दुनियाँका सबै कम्युनिस्टलाई आश्चर्यमा पार्ने गरी नयाँ दर्शन प्रतिपादन गर्नुभएको छ। उहाँले कम्युनिस्टसँग नभई बुर्जुवासँग एकता हुने प्रचण्डपथीय नयाँ धारणा सार्वजनिक गर्नुभएको छ। उहाँले भन्नुभएको छ- 'एमाले जो अहिले सत्तामा पनि छ, यसले जनताको विश्वास गुमाइसकेको छ। त्योसँग हाम्रो सम्बन्ध छैन। बरु, बुर्जुवा प्रजातन्त्रवादीहरू जसले अलि मौलिक चिन्तन राख्छन्, त्यस्तासँग हाम्रो एकता हुन्छ । नयाँ चीज बनाउनुपर्छ भन्ने हाम्रो मान्यता हो । नयाँ कुराको सोच जसले राख्छ, त्यस्तासँग हाम्रो एकता हुनसक्छ ।...'

अहिले नेकपा (एमाले) लाई किनारा लगाउने प्रयत्न किन हुँदैछ भन्ने कुरा बुझ्न प्रचण्डको यो धारणा पर्याप्त छ । प्रचण्ड एमालेसँग कति भयभीत र त्रसित हुनुहुन्छ भन्ने कुराको उदाहरण हो-उहाँको यो अभिव्यक्ति । अहिले मुख्यतः नेपाली काङ्ग्रेससँग कसिएको उहाँको लगनगाँठोको उद्देश्य पनि यही नै हो। उहाँ एमालेलाई समाप्त पार्नका लागि काङ्ग्रेसलगायतका बुर्जुवा पार्टीहरूसँग एकता गर्न तयार हुनुहुन्छ, जसरी हिजो बहुदलीय व्यवस्थाका विरुद्ध राजतन्त्रसँग अघोषित कार्यगत एकता भएको थियो । एमालेले 'जनताको विश्वास गुमाइसकेको' माओवादी विश्लेषणको आधार के हो ? अहिलेसम्मका सबै वैधानिक निर्वाचनमा एमालेले हासिल गरेको मत मात्र होइन, एमालेले एक्लै आयोजना गरेका निरङ्कुशताविरोधी जनसभाहरूमा देखिएको विशाल उपस्थितिले पनि एमालेको लोकप्रियता प्रमाणित गर्दछ । त्यति मात्र होइन, माओवादीको बन्दुकको छायाँमा उनीहरूले आफैँ गराएको निर्वाचनमा समेत एमालेले जितेको वास्तविकतासँग माओवादी परिचित छ। त्यही मनोविज्ञान र विश्लेषणका आधारमा माओवादीले अहिलेदेखि नै योजनाबद्ध रूपमा एमालेमाथि आक्रमण सुरु गरेको छ। माओवादीलाई आफूसँग जनमत छ भन्ने लाग्छ भने यति अत्तालिएर किन हतारहतारमा अभिव्यक्ति दिनुपर्‍यो ?

**राजतन्त्रबारे विरोधाषयुक्त धारणा**

जनवादी गणतन्त्रका लागि 'जनयुद्ध' को घोषणा गरेको बताउने माओवादीले दस वर्षको अवधिमा राजतन्त्रबारे थुप्रै विरोधाभाषयुक्त अभिव्यक्ति र असङ्गतिपूर्ण व्यववहारहरू प्रदर्शन गरेको छ । राजतन्त्रविरोधी सशस्त्र युद्धमा राजतन्त्रसँगै 'अघोषित कार्यगत एकता' गरेर माओवादीले कही नभएको जात्रा मात्र देखाएन, नेपालको बहुदलीय शासन व्यवस्थालाई नै प्रकारान्तरले कमजोर पार्‍यो । कसका विरुद्ध तत्कालीन राजा वीरेन्द्रसँग 'अघोषित कार्यगत एकता' भएको थियो ? माओवादीले त्यसको रहस्य अझै उद्घाटन गरेको छैन ।

राजदरबार हत्याकाण्डपछि गणतन्त्रको स्थापना भइसकेको र संस्थागत गर्न मात्र बाँकी रहेको हावादारी निष्कर्ष निकाल्ने माओवादीले त्यसपछि राजा भएका ज्ञानेन्द्रसँग कसरी साँठगाँठ गरेको रहेछ भन्ने रहस्यहरू विस्तारै खुल्दै जान थालेका छन् । त्यतिबेला माओवादीका पूर्वपोलिटब्युरो सदस्य रहेका रवीन्द्र श्रेष्ठले असार ७ गतेको *'जनआस्था'* साप्ताहिकलाई दिएको अन्तर्वार्तामा भन्नुभएको छ- 'त्यस (धीरेन्द्रले लेखेका चिट्ठी-ले.) मा देशलाई यसरी चलाउँ भन्ने धीरेन्द्रको मार्गचित्र छ, वीरेन्द्रको होइन । धीरेन्द्रले वार्तामा भनेका कुरा के छन् भने 'हामी (दरबार) र माओवादी मिलौँ, संसदीय दलहरू सबैलाई ठीक पारौँ र सत्ता भागबण्डा गरौँ ।' धीरेन्द्रसँग हाम्रो जिम्मेवार साथीको भेटघाट भएको हो । ....धीरेन्द्रले के भनेका थिए भने यो प्रस्तावमा माल्दाइ (ज्ञानेन्द्र) सहमत हुनुहुन्छ, दीपेन्द्र पनि सहमत छ तर ठूल्दाइ ( वीरेन्द्र) ले मानेका छैनन् । अब भन्नुहोस्-उहाँहरूको कार्यगत एकता ज्ञानेन्द्रसँग भयो कि वीरेन्द्रसँग भयो ?' त्यति मात्र होइन, बालुवाटारमा सार्वजनिक हुनेबित्तिकै प्रचण्डले दिएको अन्तर्वार्तामा पनि धीरेन्द्र र आफ्ना केन्द्रीय सदस्यहरूबीच वार्ता भएको सार्वजनिक रूपमा स्वीकार गरिएको छ ।

शेरबहादुर देउवाको नेतृत्वमा संयुक्त सरकार बनेका बेला माओवादीले 'नोकरसँग होइन, मालिकसँग वार्ता गर्छौं' भन्दै अत्तो थापेको कुरा कसैले बिर्सेको छैन । राजाले कार्यकारी अधिकार आफैँसँग राखेर बनाएको लोकेन्द्रबहादुर चन्द र

सूर्यबहादुर थापाको सरकारसँग वार्ता गर्ने माओवादीले कार्यकारी अधिकारसहितको संयुक्त सरकारसँग वार्ता गर्न किन अस्वीकार गऱ्यो ? माओवादीले जनताका बीचबाट स्थापित भएका पार्टीहरूको सरकारसँग वार्ता गर्न ठाडै किन अस्वीकार गऱ्यो ? बहुदलीय प्रजातन्त्र समाप्त पार्नमा राजा ज्ञानेन्द्रले माओवादीको आड लिएका रहेछन् भन्ने कुरा माओवादीकै नेता, कार्यकर्ताले पनि बुझ्न थालेका छन् । अहिले एमालेमाथि अनेक आरोप लगाइरहँदा माओवादीले बुझ्नुपर्छ- सिसाको घरमा बसेर ढुङ्गा हान्नु आत्मघातीसिवाय केही होइन ।

**वार्ता र समझदारीप्रति अविश्वास**

आफूलाई मात्र अब्बल दर्जाको क्रान्तिकारी र जनपक्षीय शक्ति दाबी गर्ने क्रममा माओवादी अध्यक्ष प्रचण्डले सात दल र माओवादीबीच सम्पन्न ऐतिहासिक १२ बुँदे समझदारीको पनि अपव्याख्या र अवमूल्यन गर्नुभएको छ । निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनका क्रममा भएको १२ बुँदे समझदारीमाथि हिलो छ्याप्ने कोसिस गर्नु वास्तवमा जनआन्दोलनप्रतिकै अपमान हो । १२ बुँदे समझदारीबारे प्रचण्डको भनाइ छ- '... केही विदेशी शक्तिहरूले, मुख्यतः भारतले, यसपटक तिमीहरूले केही गर्नुपर्छ नभनेको भए सायदै परिवर्तन हुन्थ्यो जस्तो लाग्छ मलाई । सात दलका नेताहरूमा स्वतन्त्रतापूर्वक सोच्ने कोही भइदिएको भए दरबार हत्याकाण्डपछि नै देश अर्को ठाउँमा पुग्थ्यो । अरूको दिमागले सोच्नेभन्दा पनि आफ्नै दिमागले सोच्ने राजनेताहरू भइदिएको भए सम्भवतः देशले यति धेरै दुःख पनि पाउने थिएन । यसपटक भारतले सकारात्मक ढङ्गले १२ बुँदे सहमतिका लागि सहयोग गरेको हो ।' आफू स्वयम् सहमत भएको समझदारीप्रतिको यो नकारात्मक धारणाले प्रचण्डमा आत्मविश्वास र इमानदारीको कमी रहेको देखाउँछ । त्यसैगरी उनी भन्छन्- 'यो १२ बुँदे सहमतिमा सात राजनीतिक दलको दिमागले त्यति काम गरेको छैन । यो सहमतिको निर्माण उनीहरूको आफ्नै 'भिजन' मा भएको भए धेरै ठूलो कुरा हुने थियो । ज्ञानेन्द्रको नकारात्मक कदम र भारतको सकारात्मक ढङ्गले जाने सल्लाहको बीचबाट सात पार्टी सहमतिमा आएको हुनाले यसको गहिराइ त्यति छैन ।' जुन समझदारीका आधारमा ऐतिहासिक जनआन्दोलनले सफलता प्राप्त गऱ्यो भन्ने कुरा माओवादीले पनि स्वीकार गरेको छ, त्यही समझदारीप्रति यत्रो अविश्वास र कुदृष्टि ?

यसैगरी चालू वार्ता सफल हुनेमा पनि प्रचण्डले अविश्वास प्रकट गर्नुभएको छ । उहाँले शान्तिप्रतिको जनताको आशा र उत्साहमा पानी खन्याउँदै भन्नुभएको छ- '...सात पार्टीका प्रमुख नेताहरू वार्ता सफल पार्ने पक्षमा भएजस्तो मलाई लाग्दैन । अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरू पनि वार्तालाई सफल बनाएर नेपाल र नेपालीलाई अग्रगामी निकास दिने पक्षमा छन् जस्तो मलाई लाग्दैन । मैले तपाईंसँग सीधै भन्नुपर्दा वार्ता सफल हुने लक्षण देखेको छैन ।' यो जनताले रगत बगाएर प्राप्त गरेको सरकारप्रतिको अविश्वास मात्र होइन, माओवादीमा रहेको इमानदारी र प्रतिबद्धतामा रहेको कमी पनि हो ।

**निष्कर्ष**

माओवादीले बहुदलीय प्रतिस्पर्धा स्वीकार गर्ने प्रतिबद्धता जनाएको छ । यदि यो सत्य हो भने माओवादीले तदनुकुलको आचारण र व्यवहार देखाउनुपर्छ । बन्दुकका बलमा जबर्जस्ती तथाकथित सत्ता स्थापना गर्न जति सजिलो छ, जनताको मन जितेर उनीहरूको मत प्राप्त गर्नु त्यसभन्दा कैयौं गुणा जटिल र चुनौतीपूर्ण छ । ज्यानको आशाले जनताले मागेजति चन्दा त देलान् तर आफ्नो आस्था दिन सक्दैनन् । यस तथ्यलाई समयमै बुझेर माओवादीले अग्रगामी चिन्तन राख्ने दलहरूप्रति तीतो पोख्नुभन्दा त्यसबाट सिक्नु उसैका लागि हितकर हुनेछ । घुमाइफिराइ जननेता मदन भण्डारीले १४ वर्षपहिले अगाडि सारेको जनताको बहुदलीय जनवादमा आइपुगेको माओवादीले एमालेबाट सिक्नुपर्ने कुरा धेरै छन् । शान्तिपूर्ण राजनीतिमा कसरी समाहित हुने र आलोचना, विरोध तथा असहमतिलाई कसरी ग्रहण गर्ने भन्नेबारे माओवादी करिबकरिब अनभिज्ञ नै छ । एक्काइसौं शताब्दीको जनवाद नाम दिए पनि जनताको बहुदलीय जनवादकै प्रतिलिपिका रूपमा माओवादीले अघि सारेको विचार व्यवहारमा लागू हुन बाँकी छ । विद्रोहको समाधान नहुँदै हेलिकप्टर भाडामा लिएर सपरिवार यात्रा गर्ने माओवादी अध्यक्ष प्रचण्डले एमालेसँग डराएर अहिल्यै तीतो पोख्नुभन्दा पनि व्यवहारमा आफूलाई खारेर एमालेसँग प्रतिस्पर्धा गर्न आफू र आफ्ना कार्यकर्तालाई तयार पार्नुपर्दछ । प्रतिस्पर्धामार्फत अरूलाई पराजित गर्न माओवादीले सधैंका लागि हतियार त्यागेर प्रतिस्पर्धाको मैदानमा आउनुपर्दछ । ■

# जीवनको यथार्थ तस्बिर *धरहराको सहर*

कत्ति पनि फुँदा र फुर्काहरू नगाँसीकनै सपाट रूपमा भनिने कुराहरूले साधारण जनजीवनलाई खासै प्रभाव पार्न सक्दैनन् । जब तिनै कुराहरू एउटा शब्दशिल्पीका कुशल हातबाट कोरिन्छ, त्यसपछि त्यो निबन्ध बन्छ । त्यो कथा बन्छ । त्यो काव्य बन्छ, अन्य धेरै कुराहरू बन्छन्, जसलाई साहित्य भनेर एकमुष्ट रूपमा परिभाषित गर्न सकिन्छ । अहिले त्यस्तै शब्दशिल्पी प्रदीप नेपालको नयाँ कथासङ्ग्रह *'धरहराको सहर'* नामक कथासङ्ग्रह पढ्ने सुअवसर पाएँ । मैले यो कथासङ्ग्रहलाई कुनै योजनाबद्ध ढङ्गले समालोचकीय आँखाबाट हेर्नुभन्दा पनि प्राथमिक प्रतिक्रियाका रूपमा केही भन्नु उपयुक्त ठानेँ । सोही प्रसङ्गमा प्रदीप नेपालको यस रचनाप्रति मेरा केही प्राथमिक प्रतिक्रियाहरू यसप्रकार छन् :

२०३४ सालदेखि साहित्यकार शब्दशिल्पी प्रदीप नेपालसँग मेरो चिनजान भएको हो । त्यो पनि उहाँको साहित्यकार व्यक्तित्व छ भन्ने थाहा पाएर होइन । उहाँले *सङ्कल्प, भिसमिसे, वेदना* जस्ता साहित्यिक पत्रिकामा लेख्नुहुँदो रहेछ सञ्जय थापाका नामबाट । मैले सधैँ भेट्ने र भेटिरहेको साहित्यिक उच्च चेतना भएको मानिस प्रदीप नेपाल हो भन्ने पूर्वानुमानसम्म पनि थिएन । मैले चिनेको सिन्धु या गौरव भनेको मानिस नै साहित्यकार सञ्जय थापा भन्ने मानिस नै प्रदीप नेपाल रहेछन् भन्ने कुरा ०४७ सालमा बहुदल आएपछि मात्र थाहा भयो । मैले उहाँका लगभग सबै उपन्यास र केही संस्मरणहरू पढेको छु । फाट्टफुट्ट रूपमा कथाहरू पनि पढियो होला । लामो समयपछि कथाकृतिका रूपमा उहाँको यो *'धराहराको सहर'* कथासङ्ग्रह पढेपछि यस रचनामा जीवनका भोगाइहरूको यति सुन्दर चित्रण भएको पाएँ । किन हो कुन्नि, उहाँसँगको व्यक्तिगत प्रगाढ परिचयले गर्दा हो या अन्य कुनै कारणले गर्दा हो ? उहाँसँग प्रत्यक्ष रूपमा बसेर कुराकानी गरेजस्तो अनुभूति भयो । कतिपय घटनाहरू उहाँले नै प्रत्यक्ष रूपमा मलाई नै सुनाइरहनुभएजस्तो लाग्यो । त्यो पनि जीवन्त र मार्मिक ढङ्गबाट ।

अहिले प्रदीप नेपालसँग सशरीर मेरो भेटघाट निकै पातलिएको छ । खास गरेर २०४६ सालको जनआन्दोलनपछि । कहिले दुई-चार वर्षै भेट भएन होला, कहिले वर्ष-वर्ष दिनमा पनि भयो होला । व्यक्तिगत रूपमा भेटघाट हुनुको अर्थ हालचाल जान्नु न हो, त्यो त अहिले विभिन्न खालका सञ्चारमाध्यमहरूबाट परिचय पाई नै रहिन्छ । उहाँका लेखरचना, कृति एवम् वक्तव्यहरू एवम् गतिविधिहरूबाट हालचाल कस्तो छ भन्ने कुरा अवगत भएकै छ । मलाई उहाँसँग भेट्न र सम्पर्क स्थापित गर्न कुनै अप्ठेरो छैन । किनभने, हाम्रो लक्ष्य पनि एउटै हो, गति र दिशाबोध पनि एउटै हो ।

अहिले उहाँको एउटा कथासङ्ग्रह *'धरहराको सहर'* लाई साझा प्रकाशनले प्रकाशित गरेको रहेछ । प्रलेसको राष्ट्रिय सम्मेलनमा आउँदा उक्त पुस्तक फेला पारेँ । काठमाडौँबाट बुटवलसम्म पुग्दानपुग्दै आधाजसो कथासङ्ग्रह पढिएछ । १३ वटा कथाहरूको यस सङ्कलनमा कथाको सामान्य मापदण्डभन्दा पनि उच्चस्तरका कथाहरू रहेका छन् । यी कथाहरूमध्ये मलाई सबभन्दा प्रभावित पारेको कथा भनेको 'थैले खत्रीको इतिहास' नै हो ।

०२४ सालतिर पश्चिम नेपालमा जनअधिकारप्राप्तिका कतिपय नाटक खेलिएको थियो । त्यसको कथावस्तु पनि थैले खत्रीको इतिहास जस्तैजस्तै थियो । जबसम्म शोषित, सर्वहारा र श्रमजीवी वर्गको मानिस आफू शोषित भएको, आफ्नो अधिकार खोसिएको र त्यसको प्राप्तिका निम्ति उठ्नुपर्छ भनेर अग्रसर हुँदैन, तबसम्म ऊ सचेत सर्वहारा नै होइन । सचेत सर्वहारा नभईकन अधिकारका लागि लड्नै सक्दैन । त्यस्तै खालको सचेत सर्वहाराको नायक थैले खत्री हो । जसको इतिहास लेख्न विश्वविद्यालयका स्वनामधन्य इतिहासकारहरूलाई कत्ति फुर्सद हुँदैन, चासो हुँदैन र महत्त्व पनि हुँदैन । थैले खत्री नेपालका ती भूमिहीन बनाइएकाहरू, अत्याचारको पराकाष्टालाई सहन गर्न नसकेर प्रतिकार गर्न खोज्नेहरूको इतिहासगाथा हो । जसलाई एउटा संवेदनशील शक्तिशिल्पीका आँखाले मात्रै हेर्न सक्छ । अनुभव गर्न सक्छ र त्यसलाई वाणी प्रदान गर्नसक्छ । यस कथाले सिङ्गो शोषित पीडित मानिसको प्रतिनिधित्व गर्दछ । यसमा कथाकारको कथाशिल्पले पनि एकस्तरको उचाइ प्राप्त गर्न सकेको छ ।

हाम्रो समाज कति आडम्बरी र खोक्रो छ भन्ने कुराको मूर्तरूप स्वयम् यो कथासङ्ग्रहको शीर्षकथा *'धरहराको सहर'* ले नै प्रस्ट पारेको छ । फोहोरमैला व्यवस्थापन विशेषज्ञहरू यसको समाधान गर्न भनेर विदेशतर्फ गएको कुरा यति उराठलाग्दो र हास्यास्पद रहेको छ, त्यस विषयलाई प्रस्तुत कथाले बेजोडसँग चित्रण गरेको छ । यसै कोटीमा 'विद्वत्सभाका विचारहरू' र 'डाक्टर साहेबका सिल्ली गफ' रहेका छन् । विद्वान् भनिने र भनाइनेहरू सतहमा जे-जस्ता देखिन्छन्, सारमा त्यस्ता हुँदैनन् भन्ने कुरालाई यी कथाहरूले छर्लङ्ग पारेका छन् ।

यदि समर्पित शिक्षाविद्हरू, कथाकारका मोशाय मास्टरहरूजस्ता शिक्षाप्रेमी व्यक्तिहरू हुँदैनथे भने नेपालका सुदूर ग्रामीण क्षेत्रहरूमा शिक्षाको जग बस्नै सक्ने थिएन । नेपालका यी ग्रामीण क्षेत्रहरूमा खास गरेर पश्चिमका गाउँहरूमा शिक्षाको प्रचार-प्रसार गर्ने लेकाली बौद्ध भिक्षु जयवर्द्धनलाई राहुल सांकृत्यायनले जसरी आफ्ना संस्मरणसम्बन्धी रचनामा उल्लेख गर्नुभएको थियो, ठीक त्यस्तै गरी उहाँले पनि त्यस्तो चरित्रलाई कथासङ्ग्रहमा स्थापित गर्नुभएको छ ।

'परिचयको खोजी' र 'नमस्कार माननीयज्यू' यी दुवै कथामा कथाकारका राजनीतिक अनुभूतिको यथार्थ चित्रण रहेको छ । मानिसहरूले बुझेको राजनीति कस्तो हो, राजनीतिका नाममा हुने गरेका विकृतिहरूले यस क्षेत्रलाई कति ठूलो नकारात्मक प्रभाव पारिरहेको छ भन्ने कुरालाई यी कथाहरूको अन्तर्वस्तुले ज्यादै प्रस्ट पारेका छन् । एउटा राजनीतिक पदलाई कसरी दुरुपयोग गरिन्छ, त्यसो गर्न किन बाध्य पारिन्छ भन्ने कुरालाई 'नमस्कार माननीयज्यू' ले प्रस्ट पारेको छ ।

विगत दस वर्षमा माओवादी 'जनयुद्ध' ले पनि समाजको शान्ति र सुरक्षाको विषयलाई नराम्ररी प्रभावित पारेको छ । एउटा माओवादी युवक उसले नचाहँदा नचाहँदै कसरी 'जनयुद्ध' मा होमिनुपऱ्यो । त्यहाँ उसले कस्ताखालको व्यवहारमा अल्झिनुपऱ्यो र पछि शान्तिपूर्ण जीवन बिताउँछु भनेर प्रशासनसमक्ष पुग्दा कसरी उसको हत्या भयो भन्ने कुरालाई बडो मर्मस्पर्शी ढङ्गबाट 'तीनवास' नामक कथाले प्रस्ट पारेको छ । समग्रतामा यो कृति विचार सम्प्रेषणका हिसाबले पनि आफ्नो आदर्शबाट कत्ति पनि

नहल्लिएको, शिल्पपक्षका हिसाबले पनि परिस्कृत एवम् माझिएको रचना रहेको अनुभव छ । प्रदीप नेपालको लेखनयात्रा अझै परिस्कृत बन्दै जानुपर्छ भन्ने अपेक्षा राख्नु बेमुनासिव हुनेछैन ।

‘ **गोपीरमण उपाध्याय**